# पहिलो अध्याय

# शोधपरिचय

## १.१. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "घामको छहारीमा गजल सङ्ग्रहको कृतिपरक अध्ययन" रहेको छ ।

## १.२. शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३. विषयपरिचय

गजललाई आजको विश्वसाहित्यले आफ्नो अध्ययनको सीमा क्षेत्रभित्र समावेश गरिसकेको छ। आजको परिवेशमा एउटा लोकप्रिय विधाका रूपमा गजल स्थापित भइसकेको छ । नेपाली साहित्यअन्तर्गत पर्ने कथा, नाटक, उपन्यास, जीवनी, खण्डकाव्य, महाकाव्य आदि विधाहरू जस्तै गजल पनि साहित्यको बलियो शाखाका रूपमा रहेको पाइएको छ । आजभोलि यो विधा धेरै साहित्यकार तथा पाठकहरूको रुचि र अध्ययनको विषय पनि बन्न पुगेको छ ।

प्रस्तुत शोधपत्रको विषय "घामको छहारीमा गजल सङ्ग्रहको कृतिपरक अध्ययन" रहेको हुँदा उनको कृतिको अध्ययन विश्लेषण गर्नु सान्दर्भिक हुन आउँछ । 'परिश्रमी' यथार्थवादी गजलकार हुन् । यथार्थ जस्ताको तस्तै वा भनौं शाश्वत कुराहरू हो भन्ने बुझिन्छ । यस्ता यथार्थ कुराहरू जुन हाम्रै घर, समाजमा घटिरहेका हुन्छन् । यस्तै-यस्तै सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, नैतिक, राजनैतिक आदि विविध क्षेत्रको विकृति र विसङ्गतिका साथै संरचनाको सैद्धान्तिक धरातलमा उभिएर 'परिश्रमी' सफल गजल प्रस्तुत गर्न सक्षम छन् भन्ने कुरामा दुई मत छैन । समाजका विविध क्षेत्रमा घटिरहेका समसामयिक घटनाहरूको यथार्थताको चर्को आवाज आफ्नो गजलमा अभिव्यक्त गर्ने कलाका पारखी 'परिश्रमी' एक सफल यथार्थवादी गजलकार हुन् । उनका गजल सङ्ग्रहहरू **यो मौसम** (२०५०) **घामको छहारीमा** (२०५३) र **जून चुहेको रात** (२०६०) सङ्ग्रह **जुनुमामा** (२०६०), **राम्रा चाचा मीठा पापा** (२०६३) रहेका छन् । यिनका अधिकांश गजलका शब्द शब्दमा यथार्थता अभिव्यक्त भएको छ । यत्ति

मात्र नभएर यिनको गजलकारितामा साना साना बालबालिकाको कोमल मनको भावना पनि अभिव्यक्त भएको छ । यसरी 'परिश्रमी' बालबालिका प्रेमी पनि रहेछन् भन्ने कुरा प्रष्ट हुन्छ । प्रस्तावित शोधपत्रमा 'परिश्रमी'को **घामको छहारीमा** गजल कृतिको विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्दै उनको यस गजलकृतिको मूल्याङ्कन गरिएको छ ।

## १.४ समस्याकथन

साहित्यका अन्य विधाहरू कथा, नाटक, कविता, उपन्यास, खण्डकाव्य, महाकाव्य आदिमा घर, समाज, राष्ट्र र विश्वकै समसामयिक यथार्थ कुराहरू साथै सामाजिक, राजनीतिक क्रियाकलापहरूको शाश्वत् कुराहरू समावेश गरिएका हुन्छन् । जसको पाठकवर्गले चाखपूर्वक अध्ययन गर्दछ । आज गजल पनि आफ्नो छुट्टै अस्तित्त्व, कायम राख्न सफल भइसकेको छ । गजल साहित्यको एक लोकप्रिय विधा हो । यस कुरालाई नकार्न सकिन्न । गजलका अनेक कृतिहरू प्रकाशित छन् । त्यसमध्ये 'परिश्रमी'का पाँच गजलकृतिहरू प्रकाशित छन् । उनका सबै गजलकृतिको पूर्ण अध्ययन भएको पाइँदैन । तसर्थ त्यसबारेमा ध्यानाकर्षण गर्नुपर्ने कुरा महत्त्वपूर्ण हुन जान्छ । उनको गजलकृतिको अध्ययन हुनु पनि आवश्यक देखिन्छ । गजलहरूको अध्ययन आधारमा घनश्याम न्यौपाने 'परिश्रमी'का गजलहरूको अध्ययन भएको देखिँदैन । यस अभावलाई परिपूर्ति गर्न यहाँ औपचारिक रूपमा घनश्याम न्यौपानेका **घामको छहारीमा** गजलकृतिको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । अतः प्रस्तुत शोधकार्य यी मुख्य समस्याको विवेचनामा केन्द्रित रहेको छ ।

(क) **घामको छहारीमा** गजल सङ्ग्रहका गजलहरुको विषय शैली र संरचना के कस्तो रहेको छ ?

(ख) घामको छहारीमा गजल सङ्ग्रहका गजलहरूको सैद्धान्तिक स्वरूप के कस्तो रहेको छ ?

(ग) घामको छहारीमा गजल सङ्ग्रहका गजलहरूको मूल चिन्तन के हो ?

## १.५ शोधकार्यका उद्देश्यहरू

धेरै लामो यात्रा पार गरिसकेको गजल विधालाई नेपाली साहित्यको एउटा सबल विधाका रूपमा हेर्दै घनश्याम न्यौपाने 'परिश्रमी'का कृतिहरूमा **घामको छहारीमा** गजलकृतिको अध्ययन, विश्लेषण गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य रहनेछ । माथि प्रस्तुत गरिएका समस्यामा केन्द्रित रही यस शोधकार्यका प्रमुख उद्देश्यहरू बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिनेछः

(क) घामको छहारीमा गजल सङ्ग्रहका गजलहरूको विषय, शैली र संरचनाको विश्लेषण गर्नु,

(ख) घामको छहारीमा गजल सङ्ग्रहका गजलहरुको सैद्धान्तिक स्वरुपको निरुपण गर्नु,

(ग) घामको छहारीमा गजल सङ्ग्रहका गजलहरूको मूल चिन्तनको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

डा.घनश्याम न्यौपाने 'परिश्रमी'का विभिन्न साहित्यिक कृतिहरूका बारेमा समीक्षा गरिएका तथा यिनका गजलकारितालाई आधार बनाएर विभिन्न शोधार्थीहरूले शोधपत्र पनि तयार गरेको देखिन्छ तर उनको गजलको कृतिगत अध्ययन विश्लेषण भने भएको पाइँदैन । तसर्थ गजलका सम्बन्धमा प्राप्त समीक्षाहरू निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ ।

धरणीधर गौतमले **यो मौसम** २०५० को पश्च आवरणमा घनश्याम न्यौपाने 'परिश्रमी'लाई गजलको सैद्धान्तिक पक्षलाई हृदयङ्गम गरी गजल लेख्ने ललिजन रावल, ज्ञानवाकर पौडेल, मनु ब्राजाकी जस्ता चर्चित गजलकारहरूको पङ्क्तिमा राख्दै विश्वमानवतावादी भावना, राष्ट्रप्रेम, समाजमा विद्यमान अन्याय-अत्याचार, शोषण, उत्पीडन एवम् थिचोमिचो आदिको तीव्र विरोध नै यिनका गजलहरूको विषयवस्तु भएको उल्लेख गरेका छन् ।

मनु ब्राजाकीले **यो मौसम** २०५० गजल सङ्ग्रह (लेखकः डा. घनश्याम न्यौपाने 'परिश्रमी' नवलपरासीः सौदामिनी प्रकाशन, पृ. १३) 'यो मौसमको स्वागत गर्दा' शीर्षकमा ''परिश्रमी'लाई नेपाली गजलकारिताको क्षेत्रमा गजल विधामा आफ्नो वैशिष्ट्य प्रदान गर्ने थोरै गजलकारहरूभित्रका एक गजलकारहरूका रूपमा उभ्याएका छन् ।

रमेश गोर्खालीको **घामको छहारीमा** २०५३ को घनश्याम 'परिश्रमी' र नेपाली गजलको आकाश नामक भूमिकामा 'परिश्रमी'को गजलमा विशेषतः प्रगतिवादी यथार्थवादको ऊर्जा भेटिन्छ र यिनले प्रगतिवादी चिन्तनलाई विस्तारित गरेका छन् भनेका छन् ।

दुबसु क्षेत्रीले **घामको छहारी** २०५३ को पश्च आवरणमा 'परिश्रमी'लाई नेपाली गजलको फाँटमा प्रगतिवादी संरचनात्मक मूल्य र मान्यताप्रति सजग र सचेत भई गजल लेखनमा अगाडि बढ्ने गजलकारका रूपमा मूल्याङ्कन गरेका छन् ।

धर्मेन्द्र भट्टराईले मिर्मिरे २०५३ वर्ष २५, अङ्क ६ मा 'परिश्रमी'लाई नेपाली साहित्यको क्षेत्रमा चर्चित साहित्यकार तथा गजलकारक रूपमा चर्चा गरेका छन् ।

मधुसूदन गिरीले मिर्मिरे (२०५३, वर्ष १०, अङ्क ९) मा प्रकाशित **घामको छहारीमा** तुसारोको अनुभूति शीर्षकको कृति समीक्षामा 'परिश्रमी'लाई नेपाली कविताका यात्रामा

गतिमय, तरललय विधानको थप प्रवृत्ति सहित पुनर्जागृत गजल विधालाई रुचिकर बनाई स्थापित गराउने नेपाली साहित्यकै महत्त्वपूर्ण हस्ताक्षरका रूपमा मूल्याङ्कन गर्ने प्रयास गरेका छन् ।

रामप्रसाद ज्ञवालीले सुनकोशी (२०५३ काठमाडौंः सुनकोशी साहित्य प्रतिष्ठान, पूर्वाञ्चल, पृ. १२९)मा सामाजिक यथार्थको धरातलमा **यो मौसम** शीर्षकमा नेपाली कविताको आधुनिक कालको सुरुवातासँग बिलाउन पुगेको कविता विधाकै उपविधाको रूपमा रहेको गजललाई आफ्नो साहित्यिक यात्राको निरन्तरताका निम्ति पुनर्जागृत गजलको रूपलाई परिष्कृत शैलीमा डोऱ्याउँदै सङ्ख्यात्मक गजल लेखनभन्दा गुणात्मक गजल लेख्ने सचेत गजलकारका रूपमा डा.घनश्याम न्यौपाने 'परिश्रमी'लाई साहित्यिक धरातलमा परिचित गराएका छन् ।

ललिजन रावलले **घामको छहारीमा** (२०५३ लेखकः डा.घनश्याम न्यौपाने 'परिश्रमी') सम्पतिमा शाब्दिक ढोंगद्वारा चमत्कार गरे जस्तो अभिनय गर्ने तथा कथित मूर्धन्य कविहरू, जो विचार शून्य भएर काव्य रचना गर्छन् । त्यस्तालाई आफ्नो वैचारिक गजलहरूले चोटिलो जवाफ दिने गजलकारमा 'परिश्रमी'लाई चिनाएका छन् ।

खेम दाहालले सगर (२०४५ वर्ष २, अङ्क ३, पूर्णाङ्क ७, पृ. १५) मा **घामको छहारीमा** न्यानो ताप्दा शीर्षकमा 'परिश्रमी'को गजल क्षेत्रमा रहेको योगदानलाई औंल्याउँदै कविता, खण्डकाव्य र समालोचनाका क्षेत्रमा पनि उनलाई सशक्त हस्ताक्षरका रूपमा चिनाएका छन् ।

अमर त्यागीले वन्दना (साहित्यिक त्रैमासिक माघ-चैत्र, २०५५ मा वर्ष १७ अङ्क ३, पूर्णाङ्क ४१) मा नेपाली गजल र डा.घनश्याम न्यौपाने 'परिश्रमी'को गजलकारिता शीर्षकमा 'परिश्रमी'लाई नेपाली गजलको वर्तमानकाल खण्डमा नयाँ आयाम दिने सचेष्ठ गजलकारकार रूपमा मूल्याङ्कन गर्दै उनलाई हिन्दीका प्रसिद्ध गजलकार दुश्यन्तकुमारसँग तुलना गरेका छन् ।

अमर त्यागीले (मधुपर्क वर्ष ३१, अङ्क ४, काठमाडौं गोरखापत्र संस्थान, २०५५, पृ. १४१) मा नेपाली गजलको परम्परा र प्रवृत्ति शीर्षकमा नेपाली गजल परम्पराको फाँटमा २०३६ पछिको पुनर्जागरणकालमा परम्परागत प्रवृत्तिबाट वैचारिक धरातलमा ओर्लेर नवीन मूल्य र मान्यता तथा नयाँ भावभङ्गिमा गजल क्षेत्रमा योगदान गर्ने गजलकारहरूको स्थानमा डा.घनश्याम न्यौपाने 'परिश्रमी'को नाम पनि उल्लेख गरेका छन् ।

माधव काफ्लेले (नव प्रज्ञापन २०५५ वर्ष ६, पूर्णाङ्क २८, पृ. ३७) मा 'परिश्रमी'लाई नेपाली साहित्यको गजल विधामा स्वस्थशैलीको खोजी गर्दै नयाँ नयाँ मान्यता, कलात्मक

सोच एवम् परिमार्जित परम्परालाई अङ्गीकार गरी नेपाली साहित्यमा गजल विधालाई समुन्नत तुल्याउँदै यसलाई विकासको अग्रसरतातिर उन्मुख गराउन र हरितिमामय पार्न तरक्क पसिना काढ्ने साधकका रूपमा उभ्याएका छन् ।

रमेश गोर्खालीले साहित्य सन्दर्भ समालोचना सङ्ग्रहको आवरणको अन्तिम पृ. ( लेखकः घनश्याम न्यौपाने ‘परिश्रमी’, वीरगञ्ज, नारायणी बुक्स एण्ड स्टेशनर्स २०५५)मा पचासको दशकमा स्थापित भइसकेका गजलकार ‘परिश्रमी’लाई गजलकारका रूपमा मात्र नभई नेपाली साहित्यका क्षेत्रमा देखा परेका समालोचकहरूमध्ये सशक्त एवम् समर्थ युवा समालोचकका साथै निर्णयोन्मुख समालोचकका विशेषताहरूलाई पहिल्याउन सक्ने र दक्ष समालोचकका रूपमा पनि मूल्याङ्कन गरेका छन् ।

ठाकुर पराजुलीले साहित्य सन्दर्भ समालोचना सङ्ग्रहको (लेखकः डा.घनश्याम न्यौपाने ‘परिश्रमी’ २०५५ नारायणी बुक्स एण्ड स्टेशनर्स) मन्तव्यमा ‘परिश्रमी’को समालोचनात्मक कार्यबाट नेपाली समालोचनाका फाँटमा विशिष्ट योगदान पुऱ्याउन सक्छन् भन्ने आशा नेपाली साहित्यलाई भएकोले तथा समालोचनात्मक कार्यमा उनले देखाएको कुशलता र सक्रियताले युवा समालोचकका रूपमा स्थापित भइसकेको हुँदा ‘परिश्रमी’ अब गजलकार मात्र नभई युवा समालोचक हुन् भन्ने सन्दर्भमा उनको मूल्याङ्कन गरिएको पाइन्छ ।

गोविन्द गिरीले गरिमा (२०५६ वर्ष १८, अङ्क ३, पूर्णाङ्क २०७, पृ. ११३-११५ फाल्गुण)मा ‘परिश्रमी’को सिद्धान्तपरक, कृतिपरक एवम् प्रभावपरक शैलीका दृष्टिकोण सम्बन्धी विशेषता प्रकाश पार्दै उनलाई प्रखर समालोचकका रूपमा लिएका छन् ।

कुसुम शर्माले समकालीन (२०५६ नेपाली द्वैमासिक, वर्ष ४, क्रमाङ्क ७) मा घामको छहारीमा उभिएका गजलहरूको गाँठो फुकाउँदा शीर्षकमा ‘परिश्रमी’लाई आधुनिक नेपाली गजल साहित्यको वि.सं. २०४६ परिवर्तित समयकालअन्तर्गत गजलगत मान्यताको गहन अध्ययनसाथ प्रगतिवादी दृष्टिकोणबाट अश्लील प्रेम, वर्णनदेखि अलग रहेर पनि गजल लेख्न सकिन्छ भन्ने मान्यताका अगुवा गजलकारका रूपमा चिनाएका छन् ।

अर्जुनप्रसाद पौडेलको २०५८ त्रिभुवन विश्वविद्यालय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा नेपाली विषयको स्नातकोत्तर तह दोस्रो पत्रको आठौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको शोधपत्र (अप.) मा घनश्याम न्यौपाने ‘परिश्रमी’को जीवनी, व्यक्तित्व, कृतित्वमा ‘परिश्रमी’को जीवनी र व्यक्तित्वको चर्चा सहित उनको साहित्यिक योगदानको मूल्याङ्कन तथा प्रकाशित कृतिहरूको अध्ययन र विश्लेषणसहित चर्चा गरेका छन् ।

देवी पन्थीले जुनुमाया (२०६० को भूमिका)मा नेपाली गजल क्षेत्रमा पहिलो बालगजल प्रकाशित गर्ने डा. घनश्याम न्यौपाने 'परिश्रमी' हुन् र उनको पहिलो बालगजल ज्ञान उदासको सम्पादनमा प्रकाशित नानी बालपत्रिकामा प्रकाशित छ भनी उल्लेख गरेका छन् ।

कृष्णप्रसाद बस्यालले अनुराग (२०६१ वर्ष १, अङ्क ४, पृ. ५८) मा जुन चुहेको रातः एक विश्लेषण शीर्षकमा डा. घनश्याम न्यौपाने 'परिश्रमी'को जून चुहेको रात गजल सङ्ग्रहको समीक्षा गर्दै 'परिश्रमी'लाई आधुनिक गजल क्षेत्रका हस्ती मान्दै प्रगतिशील चिन्तनको एक आयामका रूपमा जून चुहेको रात गजल सङ्ग्रहलाई लिएका छन् ।

यादव भट्टराईले छलफल साप्तहिक (२०६१ वर्ष २२, अङ्क २१, पृ. ५) मा जून चुहेको रातमा 'परिश्रमी' शीर्षकमा 'परिश्रमी'लाई आधुनिक गजल विधाका सफल हस्तीका रूपमा मूल्याङन गर्दै जून चुहेको रातका गजलहरू प्रगतिशीलताका दृष्टिले पनि सबल रहेको भनी प्रष्ट्याएका छन् ।

विजय सुब्बाले ज्योति साहित्यिक पत्रिका (२०६१ वर्ष १, अङ्क १, भाद्र प्रकाशकः नेपाल विद्युत् प्राधिकरण विद्युत्कर्मी साहित्यिक समाज, पृ., ५७-६४) मा जुनुमामा बालसङ्ग्रहका केही सन्देशहरू शीर्षकमा 'परिश्रमी'लाई नेपाली बालगजलका प्रवर्तक तथा प्रणेताका रूपमा लिइएका छन् र उनका बालगजलहरूको विभिन्न कोणबाट अति सङ्क्षिप्त अध्ययन र विश्लेषण गरी चर्चा गरेका छन् ।

होमशङ्कर बास्तोलाले पूर्वको पशुपति साप्ताहिक मासिक पत्रिका (वर्ष १, अङ्क १, पृ. १८ २०६१) मा कृति समीक्षा जून चुहेको रात शीर्षकमा 'परिश्रमी'लाई नेपाली साहित्य एवम् गजल क्षेत्रका सफल एवम् सशक्त गजलकारका साथै गजल विधाको परम्परावादी नारी, प्रेम, वासना, यौन आदि विषयवस्तु प्रवृत्तिको अन्त्य गर्दै नवीन विषयवस्तुलाई गजलका सेरहरूमा व्यक्त गरेको देखिन्छ । प्रेम-प्रणयका अतिरिक्त जुनसुकै विषयमा पनि सशक्त गजल लेख्न सकिन्छ भन्ने मान्यतालाई उक्त गजल सङ्ग्रहभित्रका गजलरूपी सेरहरूको पुष्टि गरेका छन् । समाजका यथार्थ पक्षको चित्रण गर्दै नवीन मूल्य र मान्यताको प्रस्तुतिले उक्त गजल सङ्ग्रहलाई रुचिपूर्ण पठनीय र प्रभावकारी रूपमा देखाउन सकिने गजलकार व्यक्तित्वको रूपमा डा.घनश्याम न्यौपाने 'परिश्रमी'लाई प्रस्तुत गरेको पाइन्छ ।

कपिल लामिछानेले, यथार्थवादी नेपाली समालोचना, सम्पादन घनश्याम ढकाल २०६२ मा घनश्याम न्यौपाने 'परिश्रमी'का गजलको अन्तर्वस्तु शीर्षकको समालोचनामा साहित्यका माध्यमले जनतालाई प्रशिक्षित गर्दै क्रान्तिका पक्षमा गोलबद्ध हुनुपर्छ भन्ने प्रगतिवादी मान्यता समावेश गर्नुका साथै निरङ्कुश पञ्चायती व्यवस्थाको पतन बहुदलीय व्यवस्थाको पुनर्स्थापना, सत्ता सङ्घर्ष, दलहरूबीचको तानातानी, अन्याय,

अत्याचार, शोषण, दमन, कालो व्यापार, भ्रष्टाचार, रुढिबादी मान्यता, सामाजिक, आर्थिक, राजनैतिक एवम् धार्मिक आदि विकृति, विसङ्गति नै 'परिश्रमी'को गजलको अन्तर्वस्तुका रूपमा रहेको देखाई युगानुकूल विभिन्न पक्षहरूलाई गजलका विषयवस्तुका रूपमा आत्मसात् गरी गजल विधालाई गतिशीलता प्रदान गर्ने गजलकारहरूका रूपमा 'परिश्रमी'लाई मूल्याङ्कन गरेका छन् ।

जगदीश गैरेले सगुन स्याङ्जा विशेषाङ्क (२०६३ वर्ष ४, अङ्क १०, सम्पादन : अनन्तराज अर्याल/प्रेमराज लुइँटेल, प्रकाशकः आधिखोला, साहित्य सदन, वालिङ स्याङ्जा, पृ. २८२) मा जूच चुहेको रात शीर्षकमा गजलको सैद्धान्तिक मूल्य र मान्यता जून चुहेको रात गजल सङ्ग्रहभित्र गजलहरूमा सचेत र सजग रूपमा प्रयोग गर्नुका साथै लेखनको परिपक्वताको सफल उदाहरणका रूपमा रहेको देखाएका छन् ।

नारायणप्रसाद शर्माले सत्यपत्र नेपाली दैनिक २०६३ वैशाख ३० गते शनिवार, वर्ष १, अङ्क ७५ मा जून चुहेको रातः छोटो चर्चा शीर्षकमा 'परिश्रमी'लाई गजलका स्रष्टा एवम् गजल सिद्धान्तका ज्ञाताका रूपमा उभ्याएका छन् ।

उपर्युक्त अध्ययनहरूबाहेक पनि घनश्याम न्यौपाने 'परिश्रमी'का जीवनी व्यक्तित्व र साहित्यिक सम्बन्धी विभिन्न टीकाटिप्पणी तथा लेखहरू प्रकाशित छन् तापनि 'परिश्रमी'का प्रस्तुत गरिएका कुनै पनि अध्ययनहरूले उनका गजलकृतिको कृतिगत अध्ययन हुन सकेको छैन । उनका गजलकृतिको समग्र विश्लेषण र मूल्याङ्कन पनि हुन सकेको छैन । त्यसैले यस्तो अभावलाई परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोधपत्रमा गजलकार घनश्याम न्यौपाने 'परिश्रमी' र उनको घामको छहारीमा गजलकृतिको अध्ययन शीर्षकमा उनका यस कृतिभित्रका गजलहरूको विस्तृत अध्ययन, विश्लेषण र मूल्याङ्कन यस शोधपत्रमा गरिएको छ ।

## १.७ शोधकार्यको महत्त्व र औचित्य

आधुनिक नेपाली साहित्यमा गजल एक स्वतन्त्र काव्य विधाका रूपमा स्थापित भइसकेको छ । यस परिप्रेक्ष्यमा गजल अवश्य ने साहित्यिक अध्ययनको विषय हो । घर, समाज, राष्ट्र र विश्वमा घटिरहेको कुराहरूको यथार्थता गजलमा रूपान्तरण हुने हुँदा यसमा यथार्थताको प्रतिविम्बिन गजलकृतिको अध्ययनबाट निरूपण गर्न सकिन्छ । आफ्नो कलाको विशिष्टताबाट गजलमा मानवीय भोगहरूलाई खरोपनलाई औल्याउनु र केलाउनु सम्भव पनि हुन्छ । गजल कृति लस्करमा थप प्रतिस्पर्धाको लागि घनश्याम न्यौपाने 'परिश्रमी'का घामको छहारी गजलकृतिका अन्तर्निहित विषय, रस, भाव, विम्ब, अलङ्कार आदिको अध्ययन, विश्लेषण हालसम्म औपचारिक रूपमा नभएकाले यस शोधले उक्त अभाव पूर्तिमा प्रकाश पारेको छ । यस शोधकार्यले उनका यस कृतिको

अध्ययनको प्रभावलाई चित्रण गर्ने हुँदा यो स्वतः महत्त्वपूर्ण सिद्ध हुनेछ र यसको औचित्य पनि प्रष्टिन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

घनश्याम न्यौपाने 'परिश्रमी'का हालसम्म प्रकाशित गजल सङ्ग्रहहरू **यो मौसम** (२०५०) **घामको छहारीमा** (२०५३) र **जून चुहेको रात** (२०६०) मध्ये **घामको छहारीमा** कृतिको मात्र कृतिगत अध्ययन विश्लेषण मूल्याङ्कन गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ शोधविधि

यो शोधपत्र तयार गर्ने क्रममा सामग्री सङ्कलन गर्नका लागि मूलतः पुस्तकालयीय पद्धतिको प्रयोग गरिनेछ । त्यस्तै शोधनायक र सम्बन्धित विधाका स्रष्टा तथा समालोचकहरूबाट पनि लिखित र मौखिक अन्तर्वार्ता लिइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको अध्यायगत रूपरेखा यसप्रकार रहेको छ । आवश्यकताअनुसार विभिन्न शीर्षक उपशीर्षकसमेत दिइएको छ ।

| | | |
|---|---|---|
| पहिलो अध्याय | : | शोधपरिचय |
| दोस्रो अध्याय | : | घनश्याम न्यौपाने 'परिश्रमी'को जीवनी र व्यक्तित्व |
| तेस्रो अध्याय | : | गजलको सैद्धान्तिक स्वरूप |
| चौथो अध्याय | : | घामको छहारीमा गजल सङ्ग्रहका गजलहरूको विश्लेषण |
| पाँचौ अध्याय | : | घामको छहारीमा गजल सङ्ग्रहका गजलहरूको सैद्धान्तिक अध्ययन |
| छैटौं अध्याय | : | सारसङ्क्षेप र शोध निष्कर्ष |

# दोस्रो अध्याय

# घनश्याम न्यौपाने 'परिश्रमी'को जीवनी र व्यक्तित्व

## २.१ घनश्याम न्यौपाने 'परिश्रमी'को जीवनी

### २.१.१ पृष्ठभूमि

नेपाली साहित्यको विधाले प्रारम्भिक साहित्यको आधार पाए पनि आजको यस आधुनिक युगमा साहित्यले लिएको आधुनिक गतिले परम्परागत सङ्कुचनलाई त्याग्दै नयाँ शैलीलाई पहिल्याएको छ । साहित्यका विविध विधाहरूले परम्परागत शैलीलाई तोडे पनि यसको शैली पक्षमा अझै निखार ल्याउनु जरुरी छ, तर यस बाहेक यसको प्रगतिको बारेमा पनि अनुभव गरिँदै छ । त्यसैले साहित्य रसिलो, नुनिलो र पोसिलो साथै सामाजिक हितको लागि हुनुपर्दछ भन्ने पूर्व विद्वान्हरूबाट उद्गारित स्तुत्य, पूज्य र अतुलनीय सन्दर्भलाई मूलमन्त्रको रूपमा आत्मसात गरेर साहित्यलाई नवीनतम मूल्य र मान्यतामा स्विकार गरी अघि बढ्न प्रेरित गरेको छ ।

साहित्यले मानवलाई स्वच्छ, निर्मल र शुद्ध आशक्तिका माध्यमबाट सिर्जनको मुग्धता फैलाइरहेको छ । यसै मुग्धताको तपोभूमिबाट सुगन्धको सुवास कहिल्यै अन्त नहुने यात्रामा लम्किरहेको छ । यसै यात्रामा हाम्रा साहित्यिक वीरहरूको जन्म भएको मात्र छैन कि, यिनी हाम्रा सामु विश्वका ठूलाठूला कवि बनेर प्रस्तुत भएका छन् । नेपाली साहित्यको विविध विधा, उपविधाहरूमा कलम चलाउँदै वर्तमान आधुनिक नेपाली गजल फाँट र समालोचनात्मक क्षेत्रमा प्रतिष्ठित भएका नेपाली स्रष्टा एवम् द्रष्टा डा. धनश्याम न्यौपाने 'परिश्रमी'को जीवनका पक्षसँग सम्बन्धित विविध कुराहरूको अध्ययन यस शोध पत्रमा छर्लङ्ग पार्न खोजिएको छ ।

यसरी साहित्यको फाँटमा असङ्ख्य फुटकर रचना तथा अनेक कृतिहरू प्रकाशन गराएर साहित्य साधनामा आफूलाई अर्पित गर्ने धनश्याम न्यौपाने 'परिश्रमी' प्रखर प्रतिभा एवम् गहन अध्ययन क्षमता भएका कारण अनुसन्धाता बनेका हुँदा यिनको सम्पूर्ण पक्षको अध्ययन हुनु समसामयिक युगमा उनीप्रतिको सम्मान गरिएको बुझिन्छ ।

### २.१.२ जन्म तथा पुर्ख्यौली

घनश्याम न्यौपाने 'परिश्रमी' को जन्म वि.सं. २०१५ साल असार १४ गते विहिबारका दिन अर्थात् तदअनुसार १८ जुन, १९५८ इस्वीमा गण्डकी अञ्चल, स्याङ्जा

जिल्ला, श्री कृष्णगण्डकी, गाउँ विकास समिति वडा. नं. २ बलाम, नित्यडाँडामा भएको हो ।[१] यिनका पिताको नाम रुक्माङ्गद न्यौपाने र माताको नाम तारादेवी न्यौपाने हो ।[२]

'परिश्रमी' का पिताले वि.सं. २०२५ सालमा नर्मल शिक्षक तालिम लिएर वि.सं. २०५० सालसम्म शिक्षण कार्य गरी वि.सं. २०५१ सालबाट अवकाश र निवृत्तिभरण प्राप्त गर्नुभएको हो ।[३] उहाँ ज्योतिषी सम्बन्धी कार्यमा पनि संलग्न हुनुभएको थियो । उहाँले ज्योतिषसम्बन्धी ज्ञान पर्वत जिल्ला दाङका रमाकान्त ज्योतिष र पं. मोतिलालबाट प्राप्त गर्नु भएको थियो ।[४]

### २.१.३ बाल्यावस्था र पारिवारिक स्थिति

'परिश्रमी'का पिताले २० वर्षको सानै उमेरमा मातृवियोग सहनुपऱ्यो र अंशमा परेको अंश भाग लिएर अलग्गै बस्दाखेरिबाटै आर्थिक समस्या भोग्नुपरेको थियो । यसरी पेसाको क्रममा घनश्यामका पिताले शिक्षण पेसा गरेका हुँदा घनश्याम न्यौपानेको बाल्यकाल अवस्था पनि अभावको चरम विन्दु मै पुगेर बितेको हो ।[५] आफ्ना पिता जागिरका क्रममा घरदेखि प्रायः बाहिरै बस्नुपर्ने हुँदा घनश्याम न्यौपाने पितासँग भन्दा मातासँग बढी घुलमिल हुनपुगे तर जस्तोसुकै अभावमा पनि उनले परिवारलाई दुःख दिँदैनथे, बरु सानै उमेरदेखि सृजनात्मक कार्यमा व्यस्त रहनु, आफू तलका भाइ, बहिनी र अन्यलाई राम्रा कार्यमा प्रेरित गर्नु मै लागिरहन्थे ।

बाल्यावस्थादेखि कर्तव्यप्रति अडिग एवम् अरुको दुःखलाई आत्मसात् गर्ने घनश्याम न्यौपानेको बाल्यकाल घरका साथै मावली (स्याङ्जा अर्थले गा.वि.स. विर्घा) मा बितेको देखिन्छ । घनश्याम न्यौपानेको चिनाको नाम पनि घनश्याम न्यौपाने नै राखेका पिताले घनश्याम न्यौपानेको ९ वर्षको उमेरमा उपनयन गरी गुरुमन्त्र दिएका थिए ।[८]

घनश्याम न्यौपाने 'परिश्रमी'को पुर्ख्यौली पारिवारिक स्थिति सम्पन्न भए पनि पिताले सानै उमेरमा मातृवियोग भोग्नुपरेको तथा हजुरबाको कुटिलता सहनुपरेको र १९ वर्षकै उमेरमा छुट्टिभिन्न भई बस्नुपरेको [७] कारण घनश्याम न्यौपानेको पिताको

---

१ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

२ ऐजन ।

३ ऐजन ।

४ ऐजन ।

५ ऐजन ।

६ ऐजन ।

७ ऐजन ।

पारिवारिक स्थिति दयनीय बन्दै गएको र यही आर्थिक दयनीतामा नै घनश्यामको बाल्यकाल बितेको देखिन्छ । दयनीय पारिवारिक स्थिति सुधार्न उनका पिता शिक्षण कार्यमा संलग्न भए पछि ज्योतिष कार्य पनि गरेको पाइन्छ ।[८]

### २.१.४ शिक्षा-दीक्षा र सेवा प्रवेश

शिक्षा-दीक्षाको क्रममा घनश्याम न्यौपानेको प्रारम्भिक शिक्षा आफ्ने घरमा पिताबाट शुरु भएको थियो । ज्योतिष र संस्कृतका ज्ञाता उनका पिताबाट घनश्याम न्यौपाने पनि आकृष्ट भए । पाँच वर्षको उमेरदेखि औपचारिक विद्यालयीय अध्ययन आरम्भ गरेका न्यौपानेले आफ्नै जन्म थलो वीरेन्द्र प्रा.वि. बाट एक दुई कक्षाको अध्ययन पूरा गरे ।[९] साथै मावली (स्याङ्जा अर्चले गा.वि.स. विर्धा) को चन्द्रोदय प्रा.वि.बाट तीनदेखि कक्षा पाँचसम्मको अध्ययन पूरा गरे ।[१०] मावलीमा हजुरमामा र ठूली माइज्यूको आशक्तिबाट ओतप्रोत भएका घनश्याम न्यौपाने उहाँहरूको असामयिक निधनले कलिलो उमेरमा नै मर्माहत हुन पुगे ।[११] त्यसपछि घनश्याम न्यौपानेले सात कक्षा सम्मको अध्ययन आफ्ना पिता वि.सं. २०२५ सालमा नर्मल शिक्षक तालिम लिई स्याङ्जा, बराहचौर प्रा.वि.को प्रधानानध्यापक भई जाँदा पितासँगै कोल्मा गई उक्त प्रा.वि.बाट पूरा गरेका हुन् ।[१२]

फेरि कक्षा आठ भने उनले स्याङ्जाकै शिवालय मा.वि. बलामगुठीबाट अध्ययन गरी उत्तीर्ण गरे ।[१३] यसरी आठ कक्षामा पढ्दादेखि नै उनले आफ्नो नाम (घनश्याम न्यौपाने) पछि 'परिश्रमी' सार्थक उपनाम लेख्न पुगेका हुन् । यसै नामबाट यिनले साहित्यिक यात्रा र अध्ययन शुरु गरे । उनले फेरि आफ्नो नौ र दशको अध्ययनका लागि पुनः मावली (स्याङ्जा अर्चले वीर्धा) को जनता मा.वि.मा पुगे, त्यहीँबाट उनको टेष्ट सम्मको अध्ययन पूरा गरे।[१४] यसै बीच उनलाई विभिन्न आर्थिक समस्याले सताएको

---

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] ऐजन ।

[१४] अर्जुनप्रसाद पौडेल, घनश्याम न्यौपाने 'परिश्रमी'को जीवनी, व्यक्तित्व र कृतिस्त्वको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र
(भरतपुर, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग २०५८) पृ. १०,१० ।

हुनाले उनलाई प्रवासी बन्न विवश तुल्यायो ।[१५] घनश्याम न्यौपानेका पिता आफ्नो एक्लो छोरालाई चिकित्सक बनाउन चाहन्थे ।[१६] तर गरिबीका कारण बुबाको उद्देश्य सार्थक हुन सकेन । अतः घनश्याम आफ्नो शिक्षार्जनको लागि आफन्तका साथ गोरखपुर जान परिवारबाट मञ्जुरी पाएपछि उनी नयाँ सपना र दृढ विश्वासका साथ गोरखपुरतर्फ लागे ।[१७] त्यहाँ गएर न्यौपाने सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय बनारसअन्तर्गत गोरक्षनाथ विद्यापीठ, गोरखपुरमा सन् १९७३ ई.मा भर्ना भई घनश्याम न्यौपानेले १९७५ ई. मा पूर्वमध्यमा र १९७७ ई. मा उत्तरमध्यमाको परीक्षा उत्तीर्ण गरे ।[१८] साथै सन् १९८० ई. मा थप एक विषय अंग्रेजीको जाँच दिई आफ्नो योग्यतालाई प्रखर गराउँदै लगे । यसैको फलस्वरूप घनश्याम न्यौपाने वि.सं. २०४० सालमा त्रि.वि.वि.बाट प्राइभेट विद्यार्थीको रूपमा नेपालीमा एम.ए. र त्यसपछि संस्कृत साहित्यमा ई. १९८६ मा आचार्य उत्तीर्ण गरे ।[१९] त्यसपछि शैक्षिक उच्चता विन्दुमा पुगेर बाबा भीमराव अम्बेडकर विहार विश्वविद्यालयबाट नेपाली र हिन्दी गजलको विश्लेषणात्मक अध्ययन शीर्षकमा विद्यावारिधि उपाधि हासिल गरे । उनले शैक्षिक अध्ययनको क्रममा अनेक ठाउँमा स्थानान्तरण भएको र जागिरसँगै अध्ययनलाई अगाडि बढाएको देखिन्छ ।

यसबीच, उनी अग्रज साहित्यकार लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित प्रश्नोत्तर कविताको अन्तिम श्लोकमा रहेको 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' भन्ने काव्य उद्‌गारबाट पनि निकै प्रभावित भएका थिए ।[२०]

'परिश्रमी'को अध्ययनका क्रममा पूर्व मध्यमाको अध्ययन समाप्तिपछि उत्तरमध्यमाको अध्ययनारम्भका लागि यिनी आर्थिक स्रोतको सङ्कलनार्थ घर फर्केर औपचारिक रूपमा आफ्नो सेवा प्रवेश शिक्षण पेसाबाट आरम्भ गर्न पुगे ।[२१]

उनले आफ्नै गाउँको वीरेन्द्र प्रा.वि. (हाल मा.वि.को अस्याथी शिक्षणको दरबन्दीमा वि.सं. २०३३ साल पौष २ गतेबाट शिक्षण कार्य थालेका हुन् ।[२२] यसै क्रममा उनले अस्थायी दरबन्दी अन्तर्गत वि.सं. २०४२ पौष अघिसम्म स्याङ्जा र नवलपरासीका

---

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] ऐजन ।

[२०] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[२१] ऐजन ।

[२२] ऐजन ।

विभिन्न विद्यालयहरूमा नेपाली, अंग्रेजी एवम् संस्कृत विषयको शिक्षकका रूपमा समेत शिक्षण कार्य गरे ।[२३] तर आफ्नो शिक्षण कार्यलाई पनि सेवाको क्रममा अघि बढाउँदै लगे । शिक्षक हुने क्रममा यिनी प्रशासनिक र निर्माणसम्बन्धी कार्यमा पनि सक्रिय रहन्थे । यसै अन्तर्गन उनले वि.सं. २०३५ देखि २०३८ पौषसम्म शिवालय मा.वि. बालमुठी, स्याङ्जामा र वि.सं. २०३८ साल माघ देखि २०४२ साल आषाढसम्म दीपेन्द्र मा.वि. सर्दी बगैँचा, नवलपरासीमा कार्यरत छँदा त्यहाँ विद्यालयहरूको प्रधानाध्यापकको रूपमा विद्यालय प्रशासन र भवन निर्माणका कार्यमा योगदान पुऱ्याएको देखिन्छ ।[२४] यसरी वि.सं. २०४२ आषाढसम्म शिक्षण कार्य रहेको देखिन्छ र त्यस उपरान्त उनको जागिरे जीवन क्याम्पस स्तरीय प्राध्यापन पेसाबाट अगाडि बढेको देखिन्छ ।

यसरी अध्यापनको क्रम बढ्दै जाँदा उनले क्याम्पस स्तरीय प्राध्यापन कार्य वि.सं. २०४२ साल श्रावण १ गतेदेखि बन्दीपुर क्याम्पस तनहूँको नेपाली विभागको सहायक प्राध्यापक पदबाट प्रारम्भ गरेका हुन् ।[२५] वि.सं. २०४५ अघिसम्म त्यस क्याम्पसमा सेवारत रही उनी त्यस क्याम्पसको नि.क्याम्पस प्रमुखसमेत बनेका थिए । वि.सं. २०४५ सालमा केही महिना काठमाडौंको पिपल्स क्याम्पसमा कार्यरत न्यौपाने वि.सं. २०४५ साल मंसीर १२ गतेदेखि वि.सं. २०४७ साल मंसीर १५ गतेसम्म भानुभक्त बहुमुखी क्याम्पस, दमौली र वि.सं. २०४७ मंसीर १६ गतेदेखि वि.सं. २०५० साल आषाढ महिनाको मध्यसम्म दिव्यज्योति बहुमुखी क्याम्पस, बर्दघाट, नवलपरासीमा सेवारत रहन पुगे ।[२६] यस अवधिमा त्रि.वि. सेवा आयोगमा सफलता प्राप्त गरी उनी वि.सं. २०५० साल आषाढ २२ गतेदेखि स्थायी सरकारी सेवाअन्तर्गत वि.सं. २०५० साल श्रावण १९ गतेसम्म तेह्रथुममा कार्यरत रहेका घनश्याम न्यौपाने 'परिश्रमी' वि.सं. २०५० साल श्रावण २० गतेदेखि महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाममा कार्यरत रहन पुगेका थिए ।[२७]

यसरी इलाममा कार्यरत रहेका घनश्याम न्यौपाने वि.सं. २०५२ साल वैशाख ७ गते स्थानान्तरण भई ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्जमा सेवारत रहन पुगे भने वर्तमानसम्म भैरहवा बहुमुखी क्याम्पस, सिद्धार्थनगरमा सहायक क्याम्पस प्रमुख पदमा

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] ऐजन ।

[२७] ऐजन ।

कार्यरत रहेका छन् ।[२८] मिति २०५२/३/१३ मा सहायक प्राध्यापकबाट उप-प्राध्यापक पदमा पदोन्नति पनि भएको देखिन्छ ।[२९] यसरी कहिले विद्यालयीय शिक्षण सेवा एवम् कहिले क्याम्पस स्तरीय प्राध्यापन सेवाअन्तर्गत विभिन्न स्थानमा कार्यरत रहँदै, सेवा गर्दैन न्यौपाने जहाँ रहे पनि शिक्षण पेसामा मात्र सीमित नरही विभिन्न साहित्यिक संघ-संस्थामा सम्बद्ध रहेर साहित्य सिर्जना र उन्नतिका निम्ति आफ्नो पक्षबाट सक्रिय योगदान पुऱ्याउँदै 'परिश्रमी' उपनामलाई सार्थक पार्दै आइरहेका देखिन्छन् ।

### २.१.५ लेखन र प्रकाशन प्रारम्भ

घनश्याम न्यौपाने 'परिश्रमी'को लेखन कार्य भने उनको जागिरे जीवनसँगसँगै भएको देखिन आउँछ । स्रष्टाका रूपमा अर्को सृजनात्मक लेखन वि.सं. २०३० सालमा छन्दोबद्ध रूपमा रचिएको (आप्रान्त) आयो वसन्त कविता प्रथम रचनाका रूपमा देखिन्छ भने प्रकाशनका दृष्टिले उनको पहिलो रचना सन् १९७४ ई. तिर नेपाली छात्रसंघ, गोरखपुरको मुखपत्र 'सिम्रिक' मा छापिएको (जाग-जाग शीर्षकको हाल अप्राप्य) कवितालाई लिन सकिन्छ ।[३०] कृति प्रकाशनका दृष्टिले उनको पहिलो कृति '**अन्त्यमा**' खण्डकाव्य (२०३६) देखिन्छ भने त्यसपछि हालसम्म प्रकाशित कृतिमा क्रमशः दुई गजल सङ्ग्रहहरू **यो मौसम** (२०५०), **घामको छहारी**मा (२०५३) र समालोचनात्मक कृति साहित्य सन्दर्भ (२०५५) रहेको देखिन्छ । यसरी नै **जून चुहेको रात** (२०६२) पनि प्रकाशित भएको देखिन्छ भने **जुनु मामा** (२०६०), **राम्रा चाचा मीठा पापा** (२०६३), गजलभूमिकावली (२०६३), गजल सौन्दर्य मीमांसा (२०६४) र तीनवटा पाठ्यपुस्तकहरू पनि परिश्रमीका प्रकाशित भएका छन् ।[३१]

यसबाहेक विभिन्न साहित्यिक पत्र-पत्रिकामा प्रशस्त गजल, कविता, कथा र एकाङ्की र समालोचनात्मक लेखहरू फुटकर रूपमा प्रकाशित हुँदै आइरहेको देखिन्छ । यसरी साहित्यका सबै विधाहरूमा कलम चलाउन जान्ने साहित्यिक पारखी 'परिश्रमी'को साहित्यिक साधना अझैसम्म पनि यथावत् नै रहेको पाइन्छ । नेपाली भाषाका साथसाथै हिन्दी भाषामा पनि रचना प्रकाशन गरेका 'परिश्रमी' साहित्यमा निकै गतिशील देखिएका छन् ।

---

[२८] ऐजन ।

[२९] ऐजन ।

[३०] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[३१] ऐजन ।

### २.१.६ सम्मान, अभिनन्दन र पुरस्कार

डा. घनश्याम न्यौपाने 'परिश्रमी' सानै उमेरदेखि सृजना साहित्य क्षेत्रमा लागेका पाइन्छन् । वि.सं. २०३० सालबाट साहित्यिक सिर्जनाको प्रस्फुटनलाई सघन बनाउँदै लगेका 'परिश्रमी' गुरुवर्गहरूबाट प्राप्त प्रोत्साहन नै आफ्नो साहित्यिक स्तम्भ अटल रहेको बताउँछन् । यसरी साहित्यिक सृजनशीलताको गतिशील प्रवाहमा बग्दै जाँदा वर्तमानमा उनी नेपाली साहित्यका विविध विधा र उपविधामा कलम दौडाउँदै चारचार वटा गजलका पुस्तकाकार कृति र असङ्ख्य कविता, गीत, गजल, कथा, समीक्षात्मक लेख, एकाङ्की एवम् समालोचनात्मक रचनाहरू प्रकाशित गराउँदै नेपाली साहित्यको क्षेत्रमा जाज्वल्यमान भई छाइरहेका छन् । यसरी उनको साधनाको कदर स्वरूप उनलाई विभिन्न संघसंस्था एवम् साहित्यिक संलग्नता र निरन्तर साधनाको कदर स्वरूप उनलाई विभिन्न संघसंस्था एवम् साहित्यिक परिवार र पत्रिकाबाट सम्मानित, पुरस्कृत एवम् अभिनन्दित गरिएको पाइन्छ, जुन यसप्रकार छ ।[३२]

१. राष्ट्रिय शिक्षा पुरस्कार, २०४६ ।
२. महेन्द्र विद्याभूषण (क), २०६२ ।
३. रत्न पुरस्कार, २०५४, समता साहित्य परिवार, इलामबाट ।
४. कालीगण्डकी कला साहित्य पुरस्कार, २०५५, स्याङ्जा साहित्य प्रतिष्ठानबाट ।
५. कृष्णजङ्ग डम्बरजङ्ग पुरस्कार, २०५९, त्रिवेणी साहित्य परिषद्, नवलपरासीबाट ।
६. भवानी भिक्षु पुरस्कार २०६४ रूपक स्मृति प्रतिष्ठान, काठमाडौं र नव कपिलवस्तु - साहित्यिक प्रतिष्ठानबाट ।
७. सुसु लामिछाने बाल साहित्य पुरस्कार २०६५, सिद्धार्थ बालसाहित्य परिषद्बाट ।
८. सिद्धार्थ साहित्य पुरस्कार २०६८ सिद्धार्थ साहित्य परिषद्बाट ।
९. अभिनन्दन २०५५, मेदिनी साहित्यिक पत्रिका, सिन्धुलीबाट ।
१०. अभिनन्दन २०६०, सुदूरपश्चिमाञ्चल गजलमञ्च, कैलालीबाट ।
११. अभिनन्दन २०६०, राइजिङस्टार सामुदायिक विकास प्रतिष्ठान, भुमही, नवलपरासीबाट ।
१२. अभिनन्दन २०६१, नवलपरासी साहित्य प्रतिष्ठानबाट ।
१३. अभिनन्दन २०६१, मोतीराम गजलमञ्च, मोरङबाट ।
१४. अभिनन्दन २०६१, सिद्धार्थ साहित्य कोसेली, भैरहवाबाट ।

---

[३२] ऐजन ।

१५. अभिनन्दन २०६२, अनुराग साहित्य समाज, देवदह रूपन्देहीबाट ।

१६. अभिनन्दन २०६३, गजल सागर नेपाल तथा युरोसिया रेयूकाई १६ औं शाखा, बुटवलबाट ।

१७. अभिनन्दन २०६३, नवज्योति युवा क्लव, रामनगर नवलपरासीबाट ।

१८. अभिनन्दन २०६४, ५०औं वर्ष प्रवेशका अवसरमा १३ साहित्यिक संस्थाहरूबाट - संयुक्तरूपमा ।

१९. अभिनन्दन २०६४, गजलमञ्च, मकवानपुरबाट ।

२०. सम्मान २०५४, दीपेन्द्र मा.वि. सर्दी नवलपरासीबाट ।

२१. सम्मान २०५८, कलाकुञ्ज पुस्तकालय तथा रौतहट रश्मिबाट ।

२२. सम्मान २०५८, देवकोटा स्मृति सभा कलैयाबाट ।

२३. सम्मान २०५८, वीरगन्ज जेसिसबाट ।

२४. सम्मान २०५८, नव सृजना साहित्य समूह, मकवानपुरबाट ।

२५. सम्मान २०५९, मृगतृष्णा साहित्य डबली, मकवानपुरबाट ।

२६. सम्मान २०५९, मकवानपुर साहित्य सङ्गमबाट

२७. सम्मान २०५९, सूर्योदय प्रतिष्ठान चन्द्रनिगाहपुरबाट ।

२८. गजलश्री सम्मान २०६०,  वसुन्धरामान प्रज्ञाप्रतिष्ठान, काठमाडौंबाट ।

२९. तन्नेरी प्रतिभा सम्मान २०६०, तन्नेरी प्रकाशनबाट ।

३०. सम्मान २०६०, भेरी साहित्य समाज नेपालगन्जबाट ।

३१. गजलज्ञानमणि उपाधिसहित सम्मान २०६१, नमुना साहित्यिक समाज, नवलपरासीबाट ।

३२. सम्मन २०६२, कालिका एफ.एम.प्रा.लि. चितवनबाट ।

३३. सम्मान २०६४, अन्तर्राष्ट्रिय नेपाली समाज, कतारशाखाबाट ।

३४. सम्मान २०६६, वर्दघाट विकास समितिबाट ।

३५. सम्मान २०६७, पर्वत साहित्य सङ्गमबाट ।

३६. सम्मान २०६४, शुक्ला साहित्य सङ्गम, तनहुँबाट ।

३७. सम्मान २०६५, काली गण्डकी साहित्य समाज, स्याङ्जाबाट ।

३८. रत्न श्रेष्ठ पुरस्कार २०६५, बाग्लुङबाट ।

### २.१.७ दर्शन र विशेष रुचि

जीवन सम्बन्धीको परिभाषामा जजसले पनि आफ्नो अनुभव अनुसारको परिभाषा प्रस्तुत गरेका हुन्छन् । यसमा पनि डा. घनश्याम न्यौपाने 'परिश्रमी' जीवनलाई आफ्नै

सिद्धान्तबाट परिभाषा गर्छन् । जीवनलाई उनले गतिशील यात्राको नाम दिएका छन् । जसमा जति बेला पनि मृत्युको भयले छोप्न सक्छ साथै केही भइहाल्यो भने गर्छु भन्ने कुरा पनि गर्न नपाइने हो कि ? भन्ने शङ्काले घनश्याम न्यौपाने 'परिश्रमी' मृत्युलाई भयावह मान्दछन् तर अवश्यम्भावी मृत्युको शाश्वतलाई स्विकार्दै यसलाई प्रतिस्पर्धाको रूपमा पनि हेर्छन् ।[३३] मृत्यु अवश्य नै सबैले भोग्नुपर्ने भएकोले "जीवन नै साहित्य र साहित्य नै जीवन हो" भनेर जीवनलाई असल मार्गतिर प्रेरित गर्दै लाग्नुपर्छ भन्ने भनाई 'परिश्रमी' को रहेको देखिन्छ ।

साहित्यकारहरूको बालगुणबाट नै साहित्यकार हुने छवि भेटिन्छ, यसरी नै बाल्यकालदेखि नै 'परिश्रमी' काव्य गुनगुनाउँथे । उनलाई साहित्यमा रुचि भएकै कारण वर्तमानसम्म आइपुग्दा चारचारवटा गजल पुस्तकाकार कृति लगायत (एक खण्डकाव्य, तीन समालोचना एवं प्रशस्त, गीत, कविता, कथा, निबन्ध, एकाङ्की र समालोचनात्मक रचनाहरू फुटकर, प्रकाशनका रूपमा विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आइरहेका छन् भने एक एकवटा गजल सङ्ग्रह एवम् कविता सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा तयार रहेका छन् । गजल लेखनमा आधुनिक नेपाली गजलको पुनर्जागृतकालका प्रतिनिधि गजलकार मनु ब्राजाकीको गजल मोहनीबाट प्रभावित भएर[३४] यस क्षेत्रमा कलम चलाउँदै प्रतिस्थापित न्यौपाने पचास दशक यता नेपाली समालोचनाको क्षेत्रमा समेत चर्चित रहेको तथ्य गजल र समालोचनाका क्षेत्रमा योगदान पुऱ्याए बापत उनलाई प्राप्त पुरस्कार सम्मान र अभिनन्दनले पनि पुष्टि गरेको छ, तर उनी साहित्यिक रुचिमा गजललाई नै प्राथमिकता दिन्छन् भने विधागत रुचिमा संरचनागत हिसाबमा गजल र समालोचना अनि अध्ययनगत रुचिमा कविता र कथालाई लिइन्छ ।

'परिश्रमी'का सबै रचनाहरूमा प्रगतिशील विचारधाराको प्रभाव परेको पाइन्छ । आफ्ना कृतिहरूमा मानवतावादी स्वर प्रकट गर्नु समसामयिक विकृति र विसङ्गतिप्रति तीक्ष्ण व्यङ्ग्य प्रहार गर्नु यिनको साहित्यिक विशेषता हो । कविता, गजल, या अन्य कुनै सिर्जना होस् त्यसमा परिष्कारवादी सचेतता र भावमा स्वच्छन्दतावादी विशेषता राख्दछन् । कुनै अप्ठ्यारो बानी नरहेको 'परिश्रमी' सादा खानामा पनि सन्तुष्ट हुन्छन् । उनको रुचिको खाना तरकारी, मासु र मासुभन्दा पनि मासुको झोल हो भने पहिरनमा

---

३३ ऐजन ।

३४ ऐजन ।

प्यान्ट सर्ट साथै फूलबुट्टा भएको कपडा मनपर्छ भने सेतो रङ्गको कपडा मननपर्ने कपडाअन्तर्गत पर्दछ, त्यस्तै रङ्गहरूमा अलिअलि रातो, निलो र खैरो रङ्ग रहेको छ ।[३५]

समालोचकमा ताना शर्मा, राजनेतामा मदन भण्डारी र बी.पी. कोइरालाका दर्शनबाट निकै प्रभावित 'परिश्रमी' अन्याय र अत्याचारको विरोधसहित दीन दुःखीलाई सहयोग गर्न रुचि राख्दै आफूलाई व्यस्त हुन निकै रुचाउँछन् । उनको साहित्यमा चोरी, चाकरी, चाप्लुसी, विश्वासघाती, कुरौटे र उपद्रवी व्यवहारप्रति व्यङ्ग्य पाइन्छ ।[३६]

## २.२ धनश्याम न्यौपाने 'परिश्रमी'को व्यक्तित्व

### २.२.१ पृष्ठभूमि

डा. घनश्याम न्यौपाने 'परिश्रमी'को व्यक्तित्व निकै आकर्षक एवम् खाइलाग्दो छ । पाँच फिट तिन इञ्च उचाइ, चौडा छाती र त्रिहत्तर किलोग्राम वजन भएका ५३ वर्षका 'परिश्रमी'को गहुँगोरो वर्ण, उज्यालो र बाटुलो अनुहार, ठूलो र चौडा निधार भएका, केश अलिअलि फुलेका, ठूला ठूला आँखा, ठूला गला एवम् खास व्यक्तित्व भएका 'परिश्रमी'को व्यक्तित्वले जो कोहीलाई पनि आकर्षित तुल्याउँछ ।[३७] साथै ५३ वर्षको आयुमा पनि अझै जोश, जाँगर र परिश्रमका धनी 'परिश्रमी' सरल, सहज, विनम्र, मिलनसार, सहयोगी एवम् ठट्टा गर्ने स्वभावका पनि देखिन्छन् । उनको व्यक्तित्वबाट जो कोही पनि प्रभावित हुन्छन् । यिनी साहित्यको पुजारी भएकाले शायद साहित्यिक प्रभावबाट पनि उनको व्यक्तित्व संरचित भएको मान्न सकिन्छ ।

#### २.२.२.१ पारिवारिक व्यक्तित्व

हाल बर्दघाट, नवलपरासीमा बस्दै आएका घनश्याम न्यौपाने मातापिताका एक्ला छोरा हुन् । घनश्याम न्यौपानेका दुईवटी बहिनीहरू छन् । जेठी बहिनी खगिसरा भट्टराई ( गलकोट, स्याङ्जा) हाल अरुणखोला नवलपरासीमा बसोबास गर्दै आएको छन् भने कान्छी बहिनी पम्फा नेपाल (नुवाकोट, त्रिशुली) हाल लाजिम्पाट, काठमाडौंमा बसोबास गर्दै आएका छन् ।[३८]

अभिभावकको इच्छानुसार न्यौपानेले वि.सं. २०३४ साल मार्ग २२ गते स्याङ्जा श्रीकृष्ण गण्डकी गा.वि.स. वार्ड नं. २, मिर्मिका भट्टराई कुलकी १३ वर्षकी किशोरी कन्या

---

[३५] ऐजन ।

[३६] ऐजन ।

[३७] प्रत्यक्ष अवलोकनबाट ।

[३८] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

राधासँग परम्परागत विधिबाट विवाह गरेका हुन् ।[३९] वि.सं. २०३६ सालमा जेष्ठ सुपुत्र सुवर्ण न्यौपाने र वि.सं. २०३८ सालमा कान्छो सुपुत्र सुशील न्यौपानेको जन्म भएको हो । यिनको जेठा छोरा अलि क्रान्तिकारी स्वभावको भएकाले र कान्छा छोरा सरल स्वभाव भएकाले क्रमशः साहित्यक नाम सङ्ग्राम र सौरभ उपनाम राखिदिएका छन् ।[४०]

'परिश्रमी'की पत्नी राधाको मिलनसार व्यवहारले 'परिश्रमी'लाई अध्ययन, अध्यापन र साहित्य सिर्जनाको लागि आवश्यक समय पनि मिलेको देखिन्छ । पत्नी राधाले परिवारमा कुशल गृहिणीको भूमिका निभाउन सफल रहेकी छन् । समग्रमा भन्दा 'परिश्रमी'को परिवारमा चारैतिर सहज, शान्त र कलहमुक्त वातावरणको अनुभव जो कोहीलाई पनि  हुन्छ ।[४१] उनी पत्नीका एक आदर्श पति, छोरा, बुहारी र नातिका एक सचेत अभिभावक रहेका छन् ।

### २.२.२.२ सामाजिक व्यक्तित्व

'परिश्रमी' समाजप्रेमी छन् । यही हेतुले शिक्षाको ज्ञाता भएर यिनले सही र स्वस्थ शिक्षालाई साहित्यको रूप लिएर समाजमा रहेका विविध अज्ञानता, असमानता, सामन्तवर्ग र अँध्यारोपनलाई हटाउन शिक्षाका क्षेत्रमा विद्यालय, पुस्तकालय र क्लब-निर्माण एवम् संस्कृतिको संरक्षणमा यिनको ठूलो योगदान रहेको देखिन्छ । शैक्षिक चेतना र सामाजिक सुसङ्गठनका पक्षमा एवम् असहायताप्रति मानवताको परिचयद्वारा सहानुभूति र सहयोगको सेवा प्रदान गर्नु 'परिश्रमी'को सामाजिक व्यक्तित्वको उदाहरण बनेको प्रमाणमा मानवअधिकार संरक्षण मञ्च एवम् नेपाल बुद्धिजीवी परिषद् नवलपरासीको क्रमशः अध्यक्ष, उपाध्यक्षका रूपमा भएका कार्यहरूलाई पनि लिन सकिन्छ ।[४२] यस माथिको विश्लेषणले 'परिश्रमी'को सामाजिक व्यक्तित्वको छाप गहन रहेको मान्न सकिन्छ ।

### २.२.२.३ सम्पादक-पत्रकार व्यक्तित्व

व्यक्तिको रुचिको क्षेत्र फरकफरक हुने र रुचिक्षेत्र अनुसार विभिन्न क्रियाकलापमा संलग्न हुने गर्दछ । त्यस्तै घनश्याम न्यौपाने 'परिश्रमी'को रुचिक्षेत्र साहित्यबाहेक साहित्यिक पत्रकारिता पनि रहेको देखिन्छ । उनी अध्ययन, अध्यापन र प्राध्यापनकै क्रममा

---

[३९] ऐजन ।

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] ऐजन ।

साहित्यिक संघसंस्था स्थापना, सञ्चालन र पत्रपत्रिका सम्पादन प्रकाशन कार्यमा समेत सङ्लग्न भएको पाइन्छ । यस क्रममा भानुभक्त क्याम्पस दमौलीको मुखपत्र मधुश्रीको सम्पादक, साहित्य सृजना परिवार दमौलीको मुखपत्र सासृपको प्रधान सम्पादक लालीगुँरास साहित्यिक पत्रिका दमौलीको सहसम्पादक सौदामिनी साहित्यिक पत्रिका नवलपरासीको प्रधान सम्पादक, सेवा पत्रिकाको प्रतिनिधि सगर साहित्यिक पत्रिका वीरगन्जको कार्यकारी सम्पादक, मनपल्लव पत्रिका वीरगञ्जको प्रधान सम्पादक, प्रतीक दैनिक समाचारपत्रको शनिबार बाटिकाको संयोजकका विहानीको सम्पादक, नव आदर्शको प्रधान सम्पादक[४३] जस्ता पदहरूमा रहेर कुशल सम्पादकीय कार्य सम्पन्न गरेका परिश्रमीको सम्पादक पत्रकार व्यक्तित्व पनि उच्च र प्रशंसायोग्य रहेको देखिन्छ ।

### २.२.२.४ शिक्षक-प्राध्यापक व्यक्तित्व

हरेक व्यक्तिले जीविकोपार्जनका लागि कुनै न कुनै पेसा अपनाउने गर्दछ । कतिपय व्यक्तिले एउटै पेसाबाट जीवन निर्वाह गरेका हुन्छन् भने कतिपय व्यक्तिले पेसा परिवर्तन गरी जीवननिर्वाह गरेका हुन्छन् । कतिपयको पेसा लोककल्याणकारी हुन्छ भने कतिपयको पेसा स्वउन्नतिशील मात्र हुन्छ । शिक्षक प्राध्यापक पेसा लोकहितकारी राष्ट्रिय उन्नतिको परिचायक पेसा हो । घनश्याम न्यौपाने परिश्रमीले यही पेसालाई जीवननिर्वाहको क्षेत्र बनाएका छन् । उनले पूर्वमध्यमाको अध्ययनपश्चात् २०६३ पौष २ गते शिक्षणपेसामा आबद्ध भई २०४२ आषाढसम्म विभिन्न प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयमा शिक्षण पेसा अँगालेको देखिन्छ ।[४४] शिक्षण पेसामा रहँदा उनले बालबालिकालाई बडो दक्षतापूर्वक शिक्षा प्रदान गरेको तथ्य स्पष्ट हुन्छ । तत्पश्चात् २०४२ साल श्रावणदेखि सहायक प्राध्यापकका रूपमा अध्यापन क्षेत्रमा प्रवेश गरे र २०५० आषाढ २२ गते त्रिविको स्थायी सेवा उत्तीर्ण गरेर स्थायी प्राध्यापन पेसालाई अगाडि बढाए । उनले बन्दीपुर क्याम्पस, तनहुँ, पिपल्स क्याम्पस, काठमाडौं, भानुभक्त क्याम्पस, दमौली, दिव्यज्योति क्याम्पस, नवलपरासी, तेह्रथुम क्याम्पस, चुहानडाँडा, महेन्द्र रत्न क्याम्पस, इलाम, ठाकुरराम क्याम्पस, वीरगञ्ज हुँदै हाल भैरहवा बहुमुखी क्याम्पस, सिद्धार्थनगरमा सहप्राध्यापक पदमा कार्यरत छन् भने त्यस क्याम्पसको सहायक क्याम्पस प्रमुख पद पनि सम्हालेका छन् ।[४५]

---

[४३] ऐजन ।

[४४] ऐजन ।

[४५] ऐजन ।

### २.२.३ साहित्यिक व्यक्तित्व

घनश्याम न्यौपाने 'परिश्रमी'को साहित्यिक व्यक्तित्व सशक्त रहेको देखिन्छ । समाजसँगै दायित्वलाई पूरा गर्ने साहित्यिक पत्रपत्रिका गठन, सम्पादन, दर्ता एवम् प्रकाशनसम्मको उनको क्रियाशील भूमिकालाई दृष्टिगत गर्दा न्यौपानेका साहित्येत्तर व्यक्तित्वलाई सम्पादक र पत्रकार दुवै मानिएको देखिन्छ। कुनै न कुनै रूपमा जीवन र साहित्य एक अर्काबाट अभिप्रेरित हुने हुँदा जीवन नै साहित्य र साहित्य नै जीवन हो भन्ने दृष्टिकोण व्यक्त गर्ने न्यौपाने रहर र प्रतिभामध्ये प्रतिभाबाट प्रस्फुटित साहित्यतर्फ अभिरुचि राख्दछन् । साहित्यका सुन्दरता, मोहनी, यौवन, रूप आदि उपमाहरूको प्रयोग मात्र साहित्य होइन, साहित्यले मानव कल्याणकारी, चेतना प्रदान गर्नुपर्छ भन्ने मान्यता राख्ने न्यौपानेका कतिपय प्रकाशित रचनाहरू मानवतावादका पक्षमा रहेका देखिन्छन् ।

यसरी साहित्यलाई सबल माध्यम बनाउँदै आफ्ना दृष्टिकोणहरू साहित्यद्वारा नै अभिव्यक्ति गर्ने 'परिश्रमी'को पहिलो रचना 'जाग-जाग' कविता भए पनि सन् १९७० अर्थात् वि.सं. २०३१ बाट रचना प्रकाशित गराई साहित्यमा स्थापित हुन पुगेका हुन् । उनको वि.सं. २०३२ मै लेखन प्रारम्भ भई पूरा भएको अन्त्यमा खण्डकाव्य पहिलो प्रकाशित कृति हो जुन वि.सं. २०३६ मा प्रकाशित हुन पुगे पनि वि.सं. २०४३ सम्मको अवधि काव्यकृति लेखन र प्रकाशनको अभ्यासकालका रूपमा देखिन्छ ।[४६]

कविता विधाबाट आरम्भ भएको उनको साहित्यिक यात्रा वि.सं. २०४४ पछि गतिशील बन्दै विविध विधा, उपविधाअन्तर्गत क्रमशः गजल, समालोचना, कथा, एकाङ्की र टिप्पणीमूलक लेख रचनासम्म फैलिएको पाइन्छ ।[४७] यसरी लगभग दुई अढाई दशकभन्दा बढी समयदेखि साहित्य सिर्जनामा साधनार त न्यौपाने यस बीचमा पुनर्जागृत् नेपाली गजल फाँटका स्तरीय गजलकार र पचासको दशकका सशक्त युवा समालोचकमा प्रतिस्थापित हुँदै पुरस्कृत, सम्मानितदेखि एवम् अभिनन्दित समेत भएको देखिन्छ । वर्तमानसम्म उनका प्रशस्त फुटकर रचनाका अतिरिक्त चारवटा विविध विधा उपविधाका पुस्तकाकार कृति पनि प्रकाशित भइसकेको देखिन्छ ।

यसकारण उनको साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टा व्यक्तित्वमा रूपमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

---

[४६] शोधनायकबाट फोनमार्फत प्राप्त जानकारीअनुसार ।

[४७] ऐजन ।

### २.२.३.१ स्रष्टा व्यक्तित्व

साहित्याकाशलाई उज्यालो बनाउन साहित्यिक स्रष्टाहरूको मुख्य भूमिका रहेको छ । स्रष्टाहरूमा प्रतिभाको प्रखरताको कारणले गर्दा स्रष्टा व्यक्तित्वलाई प्रमुखता दिइएको हुन्छ । यसै अन्तर्गतको विविध विधामुखी स्रष्टा सिर्जनाको मुहारलाई चिनाउने मुख्य लक्ष्य वा उद्देश्य रहेको छ ।

### २.२.३.१.१ कवि व्यक्तित्व

साहित्याकाशलाई उज्ज्वल बनाउने क्रममा प्रतिस्थापित हुँदै आइरहेका डा. घनश्याम न्यौपाने 'परिश्रमी' को पहिलो अप्रकाशित हाल अप्राप्य रचना आयो वसन्त शीर्षकको वसन्ततिलका छन्दमा रचित कविता नै देखा पर्दछ ।[४८] उनको प्रथम प्रकाशित, तर हाल अप्राप्य जाग जाग शीर्षकको कविता नेपाली छात्र संघ, गोरखपुर (प्रवास) को मुखपत्र 'सिम्रिक' मा सन् १९७४ अर्थात् वि.सं. २०३१ मा छापिएको हो ।[४९] यो कविता 'परिश्रमी' पं. धरणीधर कोइरालाको 'जाग न जाग' शीर्षकको आह्वानमूलक कविताबाट प्रभावित भएर रचिएको हो ।[५०]

वि.सं. २०३० बाट साहित्यलाई सिद्धान्ततः आत्मसात् गरी वि.सं. २०३१ बाट नेपाली साहित्यमा औपचारिक रूपले पाइला सार्न थालेका न्यौपानेको काव्यलेखन र प्रकाशन फुटकर रचनाबाट प्रारम्भ भएको बुझिन्छ ।[५१] वर्तमानसम्म पचासका सङ्ख्यामा गद्य/पद्य कविताहरू प्रकाशित भए तापनि हाल तीस एकतिस वटा कविताहरू फुटकर रूपमा सङ्कलित छन् । प्राप्य कविताहरूमध्ये २/४ छन्दोबद्ध कविताबाहेक बाँकी सबै कविता गद्यमा रचिएको पाइन्छ ।[५२] छुट्टै कविता सङ्ग्रह प्रकाशित नभए पनि एक खण्डकाव्य समकक्षी कृति 'अन्त्यमा' खण्डकाव्य (२०३६) प्रकाशित भएको देखिन्छ ।[५३] मौफसलका स्रष्टाहरूको रचना प्रकाशनको पीडामा डा. घनश्याम न्यौपाने 'परिश्रमी' पनि सहभागी बन्न पुगेकामा उनका कतिपय रचना १०/१२ वर्षसम्म लगातार प्रकाशनार्थ

---

[४८] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[४९] अर्जुन पौडेल, धनश्याम न्यौपानेको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन पूर्व, पृ. : २६ ।

[५०] ऐजन ।

[५१] अर्जुनप्रसाद पौडेल, घनश्याम न्यौपाने 'परिश्रमी'को जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन, पूर्ववत्,पृ. २८ ।

[५२] ऐजन ।

[५३] ऐजन ।

पठाउँदा पनि प्रकाशित नभएपछि तीतो अनुभवसाथ आफैंले उक्त खण्डकाव्य प्रकाशन गर्न पुग्दछन् ।[५४]

यस क्रममा उनका कतिपय पूरा र अपूरा लेखन कार्यमा रहेका रचनाहरू हटाउनाले छुट्टै कविता सङ्ग्रह प्रकाशनमा आउन नसकेको देखिन्छ । अप्रकाशित रूपमा हटाउन पुगेका पूर्ण लेखनको बिलौना एवम् अपूर्ण लेखनमा रहेका सीता, द्रौपदी, एवम् बुद्धकी पत्नी शीर्षकमा खण्डकाव्य र लक्ष्मी शीर्षकको महाकाव्यात्मक, लेखन प्रयास रहेको बुझिन्छ । प्रकाशित अन्त्यमा खण्डकाव्य (२०३६) अनुष्टुप् छन्द र वियोगिनी छन्दमा रचिएको देखिन्छ ।[५५]

## २.२.३.१.२ गजलकार व्यक्तित्व

नेपाली साहित्यको माध्यमिक कालका केन्द्रीय प्रतिभा मोतीराम भट्ट (वि.सं. १९२३/१९५३) द्वारा विसं. १९४० मा शृङ्गारिक प्रवृत्तिका रूपमा देखा परेको गजल निवर्तमान समयमा कविता विधाको एक उपविधाका रूपमा देखापरेको छ । उर्दू, फारसीबाट आयातित भए पनि नेपाली भाषामा लेखिएका गजलहरूमा नेपालीपनको आभास पाइनु पनि गजलको प्रमुख विशेषता भन्न सकिन्छ ।[५६] नेपाली गजलको प्रारम्भिक लेखन शृङ्गारिकतामा केन्द्रित रहेकाले यो परम्परा उपेन्द्रबहादुर 'जिगर' सम्म यथावत् रहेको यथार्थलाई जिगरसम्मका गजलहरूको अध्ययनका आधारमा गजलकार एवम् समीक्षकहरूले पनि औंल्याएको पाइन्छ ।[५७] वि.सं. १९४० मा मोतीराम भट्टद्वारा प्रारम्भ भएको गजल विधाले अहिलेसम्म आउँदा एक सय सत्ताइस वर्षको लामो यात्रा पार गरिसकेको देखिन्छ, साथै यस समयावधिमा नेपाली कविताले प्राप्त गरेको गतिशीलताका तुलनामा गजलले त्यति गतिशीलता प्राप्त गर्न सकेको छैन । यसै क्रमा वि.सं. १९९६ सालमा उपेन्द्र बहादुर जिगरको **एक सय एक** गजलसङ्ग्रह प्रकाशित भएपछि लगभग चारदशकसम्म नेपाली गजल निष्क्रिय रूपमा रहेको देखिन्छ । यस समयावधिमा गजललाई गहन विषयवस्तु नबनाई रहरको रूपमा मात्र रचना गरिएको देखिएको छ । यसको ज्वलन्त उदाहरण त म.वी.वि. शाहको प्रकाशित कविता सङ्ग्रह **उसैको लागि**मा रहेर चार गजलहरूमध्ये केही गजल त गाइएको पनि पाइन्छ ।[५८] यसरी

---

[५४] ऐजन ।

[५५] ऐजन ।

[५६] दयाराम श्रेष्ठ 'सम्भव' नेपाली साहित्यका केही पृ. (ललितपुर : सा.प्र.,चौथो संस्करण, २०४८), पृ. ३५ ।

[५७] ललिजन रावल (सम्पादन) समकालीन नेपाली गजल, (काठमाडौं : बगर प्रकाशन), पृ. ६ ।

[५८] तोयानाथ सापकोटा, गजलकार शम्भुप्रसाद ढुङ्गेल, (कीर्तिपुरः अप्रकाशित स्नातकोत्तर, शोधपत्र, नेपाली केन्द्रीय क्याम्पस, नेपाली विभाग), पृ. ५० । ।

फेरि निष्क्रिय अवस्थामा रहेको नेपाली गजललाई ज्ञानुवाकर पौडेलको वि.सं. २०३६ सालको रूपरेखा साहित्यिक मासिक पत्रिकामा प्रकाशित गजलबाट सक्रिय गराउने काम गरेको देखिन्छ । सुषुप्त रहेको गजलयुगलाई शृङ्गारिक प्रवृत्तिको अन्त्य गर्दै नूतन विषयवस्तु र प्रस्तुतिका साथ पुनर्जागृत गर्ने काम ज्ञानुवाकर पौडेलद्वारा भएकोले उनलाई पुनर्जागरण कालको प्रथम स्रष्टा मनिएको पाइन्छ साथै यसको श्रेय पनि ज्ञानुवाकर पौडेललाई नै जान्छ र उनको गजल लेखनको समय वि.सं. २०३६ लाई अहिलेसम्म सम्पूर्ण गजलकारहरूले स्वीकारेको पाइन्छ । वि.सं. २०४०/२०४१ तिर ललिजन रावलको आगमन पश्चात् यो विधाले अझ फस्टाउने अवसर प्राप्त गरेको देखिन्छ ।[५९]

गजललाई मलजल गर्दै सक्रिय बनाउँदै लैजाने गजलकारहरूमा ज्ञानुवाकर पौडेल, ललिजन रावल, एवम् मनु ब्राजाकीकै समयमा देखापरेका गजलकार हुन्-घनश्याम न्यौपाने "परिश्रमी" । वि.सं. २०४४ माघ देखि उनको आधुनिक नेपाली गजल लेखन र प्रकाशन कार्य आरम्भ भएको पाइन्छ ।[६०]

गजल विधामा प्रवेश हुनु अघि घनश्याम न्यौपाने "परिश्रमी" ले गजललाई केवल शृङ्गारिक धाराको रूपमा लिएका थिए तर नकुल सिलवालद्वारा प्रकाशित बगर वर्ष ५, पूर्णाङ्क १० मा मनु ब्रजाकीको प्रकाशित गजल पढेपश्चात् उक्त गजलबाट अत्यन्त प्रेरित र प्रभावित भएर गजल लेखन कार्यमा "परिश्रमी" आकर्षित भएका हुन् ।उनको पहिलो गजल "जिन्दगी त जिएकै छु" वि.सं. २०४४/१०/१८ मा रचना भएको थियो भने उक्त गजल **यो मौसम** (२०५०) गजल सङ्ग्रहको पहिलो पृ. मै सङ्कलित रहेको देखिन्छ । उक्त गजल वि.सं. २०४५ माघको मधुपर्कमा प्रकाशित पहिलो गजल रचनाका रूपमा रहेको थियो । मनु ब्राजाकीको गजल लेखनबाट प्रभावित भएका "परिश्रमी" वि.सं. २०४४ बाट गजल लेखन कार्य आरम्भ गरी वि.सं. २०४५ माघको मधुपर्कमा गजल प्रकाशनपछि देखा परेका उनका पाँचवटा गजल सङ्ग्रह प्रकाशित भइसकेका छन् भने नयाँ गजल सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेका छन् । उनका कृतिहरू यस प्रकार रहेका छन् :

१. यो मौसम (२०५०)
२. **घामको छहारीमा** (२०५३)
३. जुनमामा (२०६०)
४. जून चुहेको रात (२०६०)
५. राम्रा चाचा मीठा पापा (२०६३)

---

[५९] हुबसु, क्षेत्री, समसामयिक नेपाली गजल, (काठमाडौं : वसुन्धरा प्रकाशन, २०५०), पृ. १४० ।
[६०] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

गजल सङ्ग्रह प्रकाशित हुनुका साथै कैयौं फुटकर गजलहरू विभिन्न साहित्यिक पत्रिकामा प्रकाशित हुँदै आइरहेका छन् । पहिलो गजल सङ्ग्रह **यो मौसम**ले न्यौपानेको गजलकारिता व्यक्तित्वलाई स्थापित गरेको देखिन्छ भने क्रमशः **घामको छहारीमा** गजल सङ्ग्रहले नेपाली गजलका प्रतिनिधि गजलकारका रूपमा स्थापित गरिसकेको देखिन्छ । यसै क्रममा नेपाली गजल फाँटमा महत्त्वपूर्ण योगदान पुऱ्याएबापत् उनी विभिन्न संघसंस्था, पत्रपत्रिका र साहित्यिक परिवारद्वारा सम्मानित, पुरस्कृत र अभिनन्दित पनि भएका छन् ।[६१] 'परिश्रमी'ले गजललाई आत्मसात् गर्दै गजल लेखन र प्रकाशनकार्यमा लागेको पाइन्छ । प्रथमतः गजल लेखनको सुरुवाती समयमा गजलहरू रदिफ, काफिया र लयका दृष्टिले 'परिश्रमी'का गजलहरूमा केही असन्तुलित पाइए तापनि दोस्रो गजल सङ्ग्रह **घामको छहारीमा** (२०५३) को प्रकाशनपछि उनका गजलहरू परिष्कृत र परिमार्जित रूपमा देखा परेका छन् । सन् २००१ मा विधावारिधिको अध्ययन पूरा गरिसकेका 'परिश्रमी' गजलको सैद्धान्तिक लेखनमा आफ्नो विशिष्ट पहिचान स्थापित गर्न सफल देखिन्छन् ।[६२]

पहिले पहिले गजलका विषयवस्तुहरू मात्र शृङ्गार, सुरा, सुन्दरी, यौवन आदिमा निहीत हुने गर्दथ्यो भने 'परिश्रमी'का गजलहरूले समसामयिक विविध पक्षहरूलाई विषयवस्तुका रूपमा आत्मसात् गरेको पाइन्छ । मानिस बुद्धिजीवी प्राणी भए पनि मानवीय सभ्यता फितलो हुँदै गएका, पश्चिमी सभ्यताले संस्कृतिमा ह्रास आएको, संस्कृतिको नाममा विकृति, शैक्षिक अवोन्नतिका ज्वलन्त उदाहरणहरू, हातमा डिग्री भएर पनि बेरोजगारी बहन गर्नु परेका वेदना, स्वार्थी प्रवृत्ति, राक्षसी प्रवृत्तिप्रति आजका पिँढीले गरेको उपहास, राजनैतिक अस्थिरता, वि.सं. २०४६ पछि पनि गहिरो वेदना खपेका स्वाभिमानीहरू, अनुभवजन्य जीवनका तीतामीठा प्रसङ्गहरू न्यौपानेका गजलमा विषयवस्तुका रूपमा प्रयोग भएका देखिन्छन् ।[६३] गजलकार 'परिश्रमी'को **जून चुहेको रात** शीर्षकको गजल वि.सं. २०५५।०८।०७ मा ने.टि.भि.बाट प्रसारण गरिएको थियो । समसामयिक विकृति, विसङ्गति, अन्याय अत्याचार, आदिका विरुद्ध उनका गजलहरू आक्रोशित भएर उर्लिएको पाइएको छ ।

गजल एक छन्दमा बाँधिएको छन्दोबद्ध र गेय विधा भएकाले यसको विधागत संरचनालाई सजग र सचेत रूपमा आत्मसात् गरी समयानुकूल मानवीय भावना र चाहनालाई गजलकारले आफ्नो शेरहरूमा अभिव्यक्त गरेको हुन्छ । गजलको यही

---

६१ अर्जुनप्रसाद पौडेल, घनश्याम न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व, पूर्ववत्, पृ. ६० ।

६२ ऐजन ।

६३ ऐजन ।

शास्त्रीय संरचना र गहन ज्ञानका निम्ति देश-विदेशका गजलकारहरूका गजल तथा सम्बन्धित पुस्तकहरूको अध्ययनमा व्यस्त 'परिश्रमी'ले गजललाई आफ्नै जीवनको पर्याय ठानेका छन् । प्रगतिवादी मूल्य र मान्यता अनुरूप शोषित, पीडितहरूको पक्षमा लेखिएका केही गजलहरू आलोच्य हुन गए पनि आलोचना, आलोचनाका निम्ति मात्र नभई स्रष्टाका सिर्जनात्मक कृति वा रचनाका कमिकमजोरी पहिल्याउने हुनुपर्दछ भन्ने दृष्टिकोण "परिश्रमी"को रहेको छ । "परिश्रमी"को गजलकार व्यक्तित्वमा बाह्य पक्षमा परिष्कारवादी सचेतता र आन्तरिक पक्षमा स्वच्छन्दतावादी, प्रगतिवादी रहेको देखिन्छ । उनका गजलहरू यही प्रवृत्तिलाई आत्मसात् गरी रचना भएका देखिन्छन् ।[६४]

### २.२.३.१.३ कथाकार व्यक्तित्व

आधुनिक नेपाली कथाको विकासकाल (वि.सं. १९९२ - वर्तमानसम्म) को प्रारम्भमा फ्रायडीय मनोवैज्ञानिकतालाई कथा लेखनको छुट्टै धारा एवम् प्रवृत्तिमा प्रतिस्थापित गराउन सफल कथाकार विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिताबाट प्रभावित भई "परिश्रमी" कथा लेखनमा देखिएका छन् ।[६५] कोइरालाबाट कथालेखनको लागि प्रभावित भई लागे पनि यिनको कथाको यात्रा आधुनिक नेपाली कथाको समसामयिक धारा (वि.सं. २०२७ यता) अन्तर्गत समेटिएर प्रारम्भ भएको देखिन्छ । यसै कथालेखनको सन्दर्भमा 'परिश्रमी'को प्रथम कथा-रचना **श्रद्धाञ्जली** रहे पनि प्रथम प्रकाशित कथा भने **महँगी वेश्या** (२०५२)[६६] रहेको छ । यसै कथाको प्रकाशनबाट उनको कथाकार व्यक्तित्वमा निखार आउन पुगेको हो । यति मात्र नभई उनका कथाहरू प्रकाशित नभए पनि हालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कथाहरू क्रमशः (क) चिन्तादहन (लघुकथा २०५२)[६७] (ख) मेरो अवैध छोरो (२०५२)[६८], (ग) पश्चातापका रेखाहरू (लघुकथा २०५२) र (घ) व्यापार (लघुकथा २०५६)[६९] उनको कथाका व्यक्तित्वलाई निखार्दै लगेको देखिन्छ । अप्रकाशित रूपमा पनि उनका केही कथाहरू रहेको बुझिन्छ ।[७०]

---

[६४] ऐजन ।

[६५] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[६६] ऐजन ।

[६७] डा. घनश्याम न्यौपाने 'परिश्रमी', "महँगी वेश्या", **विश्वमित्र** (वर्ष १, अङ्क २३, २४ गते असार २०५२), पृ. : ४० ।

[६८] डा. घनश्याम न्यौपाने 'परिश्रमी', "चिन्तादहन" **तन्नेरी**, (वर्ष १७, अङ्क २, असोज २०५२), पृ. ५ ।

[६९] डा. घनश्याम न्यौपाने 'परिश्रमी', "पश्चातापका रेखाहरू", **सम्प्रेषण**, (पूर्णाङ्क १, मादुकार्तिक २०५६), पृ. २ ।

[७०] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

उनका सबै कथाहरू मुख्यतः नारीसमस्यामा केन्द्रित छन् । नारी मनका अन्तर्तहसम्म पुगेर तिनका आवेग संवेग एवम् क्रिया-प्रतिक्रियामा आबद्ध पूर्ण-अपूर्ण यौनेच्छाहरूको सफल उद्घाटन गराउनु घनश्याम न्यौपाने 'परिश्रमी'का कथामा पाइने कथागत प्रवृत्ति हुन् । नारी मनभित्र उब्जने यौनदुर्बलता एवम् यौनेच्छाहरूलाई सुपाच्य र शालीनतापूर्वक कथामा अभिव्यञ्जित गर्नु उनको कथाकार वैशिष्ट्यता देखिन्छ । उनको यही विशेषताले उनलाई कथाकार व्यक्तित्वको परिपूर्णतातर्फ डोऱ्याउँदै लगेको पाइन्छ । समाजमा देखिने वैयक्तिक-निर्वैयक्तिक नारी-पुरुष यौन दुर्बलता र व्यापारको माध्यम बनी आएको नारी सौन्दर्य, वैवाहिक समस्यामा केन्द्रित यौनकुण्ठा, निराशा, पश्चाताप र धनलोलुपताका कारण हुने देहव्यापार एवम् सहरी परिवेशमा सल्बलाएका अनियन्त्रित नारी यौनविकृति आदि प्रसङ्ग नै 'परिश्रमी'का कथाको विषयवस्तु भएको देखिन्छ ।

यसरी उनका कथाका उल्लेख्य पक्षहरू कथावस्तु सुहाउँदो परिवेश, पात्र, भाषा एवम् शैलीगत विशेषता र सरल कथान्विती आदि हुन् भने मानवीय अन्तर्तहहरूसम्म पुगेर वास्तविकता प्रकट गराउन खोज्नु उनको कथागत उद्देश्य रहेको यो उद्देश्य गहन एवम् समाज सम्प्रेषणयुक्त रहेको पाइन्छ ।[७१]

### २.२.३.१.४ एकाङ्कीकार व्यक्तित्व

एउटै तर सानो घटनामा आधारित भएर छोटो समयमा एक दृश्यात्मक रूपले प्रभावकारी रूपमा प्रदर्शन गर्न सकिने नाट्यविधाको एक रूपलाई एकाङ्की भनिन्छ ।[७२] यो साहित्यको एक विधाअन्तर्गत पर्दछ । यसलाई आधुनिक युगको देन पनि मानिएको छ । नेपाली एकाङ्कीको विकासक्रमलाई हेर्दा यसको प्रारम्भकाल वि.सं. १८८९ लाई लिइएको देखिन्छ । यस विन्दुबाट गणना गर्दा नेपाली एकाङ्की साहित्यको इतिहास लगभग एकसय अठहत्तर वर्षको भइसकेको छ ।[७३] यद्यपि समसामयिक एकाङ्की नाट्य संस्थाद्वारा आयोजित प्रतियोगितात्मक नाट्य आयोजनामार्फत् गतिशीलता प्रदान गर्दै गएको र पाँचौ चरण (२०४७) देखि हालसम्म) मा पनि चौथो चरणकै स्वैरकाल्पनिक, अस्तित्वादी, विसङ्गतिवादी धारा र प्रवृत्तिको वर्चस्वमा एकाङ्कीहरू देखापरेको कुरालाई स्वीकारिएको देखिन्छ ।[७४]

---

[७१] शोधनायकका प्रकाशित कथाहरूको अध्ययनबाट ।

[७२] डा. केशवप्रसाद उपाध्याय, नेपाली एकाङ्की, भाग ३, (ललितपुर : सा.प्र., दोस्रो संस्करण, २०५८), पृ. ७ ।

[७३] घनश्याम न्यौपाने, साहित्य सन्दर्भ, (वीरगञ्ज : नारायणी बुक्स एण्ड स्टेशनर्स, २०५५) ।

[७४] शोधनायकका प्रकाशित एकाङ्कीको अध्ययनबाट ।

भिन्नता यति हो, २०४६ पछिको नेपाली साहित्यलाई पृथक ढङ्गले हेरी मूल्याङ्कन गरे झैँ नेपाली एकाङ्कीलाई पनि प्रजातन्त्र प्राप्तिपछिको सामाजिक विसङ्गति र विकृतिभित्र देखिने राजनैतिक सत्ता समीकरणको खेल विरुद्ध आक्रोशित अभिव्यक्तिअन्तर्गत बढी चरित्रोद्घाटन गरिएको आधारलाई पाचौँ चरणको प्रारम्भको रूपमा उभ्याइएको छ ।[७५] यस दृष्टिकोणले हेर्दा घनश्याम न्यौपाने 'परिश्रमी' दुवै विकासक्रम चौथो र पाँचौले लिएको समसामयिक धाराअन्तर्गत डोरिएर एकाङ्की लेखन एकाङ्कीकारका रूपमा देखिन्छन् ।

कविता सङ्ग्रह र कथासङ्ग्रहको अभाव देखिएझैँ न्यौपानेको एकाङ्की सङ्ग्रहको पनि अभाव रहेका पाइन्छ तापनि फुटकर रूपमा प्रकाशित न्यून एकाङ्कीहरूको लेखन र चर्चित नाटककारमा नाटक, एकाङ्की एवम् एकाङ्कीको सैद्धान्तिक समीक्षण अभ्यास क्षमताले उनको एकाङ्कीकार व्यक्तित्वलाई सबल रूपमा प्रस्तुत गरेको देखिन्छ । उनका प्रकाशित एकाङ्कीहरूमा समसामयिक उद्घाटनसँगै त्यसको समाधानका बाटो पहिल्याउनुका साथै जटिल बन्दै गएको मानवीय जीवनका विविधाङ्गी रूपलाई केलाउने काम भएको देखिन्छ । रचना र प्रकाशनका दृष्टिले अघिपछि भएका उनका एकाङ्कीहरूमा पहिलो प्रकाशित एकाङ्की **यतियति पानी** शीर्षकको बाल एकाङ्कीबाट उनको एकाङ्कीकार व्यक्तित्व प्रस्फुटित हुन पुगेको हो ।[७६] यसै गरी उनका थप दुई एकाङ्कीहरू (क) **मान्छे हराएको सूचना** (लेखन २०५० र प्रकाशन २०५६) एवम् (ख) **नाटकको अन्त्य** (लेखन २०५२ र प्रकाशन २०५५) ले उनमा रहेको एकाङ्कीकार व्यक्तित्वको क्षमतालाई अझ पारङ्गत बनाउँदै लगेको देखिन्छ ।[७७]

'परिश्रमी'का प्रकाशित तीनवटै एकाङ्कीहरू विधानगत देखिन्छन् । समसामयिक, समस्याबोधक र शिक्षामूलक पनि रहेका छन् । उनको पहिलो प्रकाशित बाल एकाङ्की यति यति पानी एकाङ्कीले बालमस्तिष्कमा जरा गाडेर बसेका सामाजिक विभेदको कुसंस्कारलाई बालमस्तिष्कबाट हटाउन सक्नुपर्छ भन्ने शिक्षा दिन खोजेका छ । जीवनलाई जटिल र विसङ्गतिमूलक समस्या बनाउने मानवका विभिन्न चरित्रको उद्घाटन गर्न मान्छे हराएको सूचना एकाङ्की सफल रहेको देखिन्छ भने मानवीय सामाजिक धरातलबाट उठेका मानवीयता, विद्रुपता र चेतनाप्रति तीखो व्यङ्ग्य प्रहार

---

[७५] घनश्याम न्यौपाने, "साहित्य सन्दर्भ", पूर्ववत्, पृ. ६४-६५ ।

[७६] घनश्याम न्यौपाने, "यतियति पानी", **नवपल्लव**, (वर्ष १, अङ्क १, वीरगञ्ज : नेपाल रेडक्रस सोसाइटी, २०५४), पृ. १० ।

[७७] घनश्याम न्यौपाने 'परिश्रमी' "नाटकको अन्त्य", **मिर्मिरे** (कार्तिक २०५५) पृ. ५३ ।

गर्नुका साथै चेतनाको सही रूपले प्रयोग हुनुपर्दछ भन्ने दृष्टिकोण नाटकको अन्त्य एकाङ्कीले प्रस्तुत गरेको देखिन्छ ।

यसरी नेपाली एकाङ्कीका क्षेत्रमा आफ्नो अलग पहिचानका निम्ति 'परिश्रमी'ले एकाङ्की लेखन र एकाङ्की सङ्ग्रह प्रकाशनलाई अग्रसर गर्दै लैजानु नितान्त आवश्यक रहेको देखिन्छ । साहित्य समाजको ऐना हो, जसलाई साहित्यमार्फत् जस्ताको तस्तै देखाएर समाज सुधारको अपेक्षा गर्नु न्यौपानेको लक्ष्य हुन आएको देखिन्छ ।

### २.२.३.२ द्रष्टा व्यक्तित्व

स्रष्टाको परिवर्तित रूप द्रष्टालाई मानिन्छ । आफ्ना वरिपरिका समसामयिक वातावरणको अवलोकन गरी आफ्नो साहित्यमा दर्पण सरह उतार्ने हुँदा ऊ जीवनको अवलोकन कर्ता पनि मानिन्छ । जसले उसलाई सामान्यबाट विशेष्यतर्फ परिभाषित गरेको हुन्छ । डा. घनश्याम न्यौपाने 'परिश्रमी'मा पनि द्रष्टा दृष्टिको चक्षु रहेको हुँदा आफ्ना रचनाका अतिरिक्त अन्यमा पनि जीवनका अनुभूति छाम्न पुग्ने प्रवृत्ति देखा परेकोले यहाँ उनको द्रष्टा व्यक्तित्व उल्लेख्य बन्न पुगेको हो । यसै आधारमा उनको द्रष्टा व्यक्तित्वलाई समालोचक, भूमिकाकार र टिप्पणीकार गरी तीन प्रकारबाट अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

### २.२.३.२.१ समालोचक व्यक्तित्व

समालोचनात्मक कार्य स्वयम् एक जटिल र गहन कार्य मानिन्छ । यसका लागि समालोचकमा गहन अध्ययन ज्ञान, दर्शन, चिन्तन, मनन एवम् निर्णयात्मक प्रस्तुतिको क्षमताको तीक्ष्ण विकास भएको हुनुपर्दछ । यो जटिल भएकाले गर्दा नै जो कोहीबाट पनि समालोचना कार्य प्रायः असम्भव देखिन्छ । तसर्थ यस क्षेत्रमा भएका कार्यहरू साहित्य सिर्जनाका तुलनामा फितलो देखिन्छन् । यद्यपि साहित्यलाई मूल्याङ्कित गर्ने कार्यमा समालोचनाको प्रमुख भूमिका रहन्छ र कतिपय विशिष्ट स्रष्टाहरू आफ्नो कृतिको मूल्याङ्कन समालोचकहरूबाट होस् भन्ने चाहन्छन् । तसर्थ पनि समालोचनाको महत्त्व बढ्दो छ भने समालोचनात्मक कार्य विधिमा पनि प्रशस्त नवीन दृष्टिकोणहरू देखापरेका छन् । पूर्वीय र पाश्चात्य साहित्यको पृ.भूमि र परम्परामा नेपाली समालोचनाको विजारोपण र विकास भएकाले पूर्वीय पाश्चात्य समालोचनाका क्षेत्रमा नयाँ धारणा र दृष्टिकोणले प्रभाव पारिरहेको अवस्थामा नेपाली समालोचनाका फाँटमा पनि त्यसको प्रभाव युग सापेक्ष र समय सान्दर्भिक नै मानिन्छ, तर साहित्य सिर्जना भएको धेरै समयपछि मात्र नेपाली साहित्यको समालोचनात्मक कार्य भएको पाइन्छ ।

नेपाली साहित्यमा समालोचनात्मक कार्यको आरम्भ मोतीराम भट्टद्वारा वि.सं. १९४८ मा **भानुभक्तको जीवनचरित्र** लेखेपछि भएको देखिन्छ । मोतीराम भट्टपछि क्रमशः

धरणीधर कोइराला, राममणि आ.दी., सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा तथा यदुनाथ खनालजस्ता समालोचकहरूले पूर्वीय र पाश्चात्य समालोचनाको प्रभावपरक समालोचनाका माध्यमद्वारा विकसित गर्दै लगेको देखिन्छ । वि.सं. १९४८ बाट आफ्नो यात्रा आरम्भ गरेको समालोचना विधा वर्तमानसम्म आइपुग्दा पूर्वीय र पाश्चात्य प्रभाव ग्रहण गर्दै सैद्धान्तिक र प्रभावपरक समालोचनात्मक पद्धतिबाट नेपाली समालोचना प्रभावित भएर अगाडि बढेको पाइन्छ ।[७८] नेपाली समालोचना (२०५५) का सम्पादक घनश्याम कँडेलको सम्पादकीय दृष्टिकोण अनुसार नेपाली समालोचनाको काल विभाजन गरी वि.सं. २०४७ पछि वर्तमान सम्मको समयलाई नेपाली समालोचनाको पाँचौ चरण मान्नुपर्ने धारणा व्यक्त गरेको पाइन्छ ।[७९] नेपाली समालोचनाका क्षेत्रमा घनश्याम न्यौपाने 'परिश्रमी'को पनि आगमन भएको पाइन्छ । तेस्रो र चौथो चरणका ख्यातिप्राप्त समालोचक तारानाथ शर्माको समालोचनाबाट नै अत्यन्त प्रेरित र प्रभावित भई घनश्याम न्यौपाने 'परिश्रमी' पनि समालोचना जस्तो गहन क्षेत्रमा लागेका हुन् । उनका समालोचनाका कृतिहरू **साहित्य सन्दर्भ र गजल सौन्दर्य मीमांसा** हुन् ।

नेपाली समालोचनाको गहन रूपलाई बुझेर निर्णयोन्मुख आधुनिक समालोचनाको मूल्य र मान्यतालाई आत्मसात् गरी पचासको दशकमा देखा परेका घनश्याम न्यौपाने 'परिश्रमी' आफ्नो कुशल र तीक्ष्ण दृष्टिका आधारमा व्यक्तित्व र कृतित्वको समालोचनात्मक कार्य क्षेत्रमा लगनशील भएर अहिलेको पुस्तामा सशक्त युवा समालोचक एवम् विवेकशील, र 'परिश्रमी' समालोचकका रूपमा आफ्नो नामलाई स्थायित्व गर्न सफल छन् । पूर्वीय संस्कृत साहित्यको प्रशस्त ज्ञान, हालसम्म प्राज्ञिक कार्यमा रहिरहेको संलग्नताले पाश्चात्य साहित्यको अध्ययनबाट पनि प्रशस्त अनुभव बटुल्न 'परिश्रमी' सफल भएका छन् । न्यौपानेको साहित्य सिर्जनामा प्रगतिवादी धारणा मिश्रित भएर समालोचनाका पनि यही प्रवृत्ति देखिनु स्वाभाविक पनि मानिएको पाइन्छ । यथार्थमा स्वतन्त्ररूपमा सैद्धान्तिक र व्यावहारिक समालोचना कार्यअन्तर्गत कृति र कृतिकारका बारेमा आफ्नो व्याख्या, विवेचना, विश्लेषण एवम् मूल्याङ्कन गरी आफ्ना विचारहरू अभिव्यक्त गर्न उनी सफल र सक्षम समालोचकका रूपमा देखा परिसकेका छन् । समालोचनाका क्षेत्रमा 'परिश्रमी'को गहन उपस्थिति निकै नै उपलब्धिमूलक देखापरेको छ । उनले नेपाली साहित्यका पूर्वस्थापित, एवम् नवसाहित्य साधकका कविता, गजल, नाटक, एकाङ्की, कथा एवम् निबन्धगत पुस्तकसँगै कृति समीक्षातर्फ आफ्नो समालोचकीय क्षमता प्रदर्शन गर्दै आफ्नो निजात्मक शैलीलाई प्रतिस्थापित गराउँदै

[७८] डा. ईश्वर बरालसहित अन्य (सम्पादन), **नेपाली साहित्यकोष,** काठमाडौं, पृ. १२९ ।

[७९] घनश्याम कँडेल (सम्पादक) **नेपाली समालोचना,** (ललितपुर : सा.प्र., २०५५), पृ. न ।

आएको देखिन्छ । यसरी समालोचनात्मक स्वरूप र पद्धतितर्फ पनि घनश्याम न्यौपाने 'परिश्रमी'को समालोचकीय अध्ययनको प्रशस्त ज्ञान रहेको पाइन्छ भने समालोचनात्मक कार्यमा एकदशकभन्दा बढी अनुभव, अध्ययन, चिन्तन मनन प्राप्त गरिसकेका न्यौपानेको समालोचनात्मक कार्य सरल र सघन बन्दै गएको देखिन्छ । सैद्धान्तिक परिपुष्टता, मौलिकता, मानवता, यथार्थता, साहित्यिक मूल्य र मानवताको खोजी गर्नु उनको समालोचकीय प्रवृत्तिका रूपमा ठहर्छ ।

वि.सं. २०४६ साल असोज, वर्ष १०, अङ्क ४ को प्रवृत्ति (साहित्यिक प्रधान मासिक) पत्रिकामा प्रकाशित मोतीराम भट्ट बारेको जीवनीपरक समीक्षात्मक लेख[८०] नै उनको समालोचकीय व्यक्तित्व प्रकाशनको प्रथम प्रहार हो । यसरी समालोचनात्मक अभियानअन्तर्गत विविध समालोचकीय कार्य सम्पादन गर्दै आएका न्यौपानेको वर्तमानसम्मको एकदशक लामो समयले उनको साहित्य सन्दर्भ (२०५५) समालोचनात्मक सङ्ग्रह र गजल सौन्दर्य मीमांसा (२०६४) गजलको सैद्धान्तिक समालोचनाजस्ता समालोचनापरक कृति नै न्यौपानेको प्रकाशित गरिसकेको छन् ।

यति मात्र नभई "परिश्रमी"को कृतिगत समालोचनाहरू पनि रहेको पाइन्छ । कृतिगत समालोचनाका भवानी भिक्षुको गुनकेसरी, गोपालप्रसाद रिमालको मसान, भीमनिधि तिवारीका गजलहरूको कृतिगत समीक्षण गरिसकेका छन् भने बालकृष्ण समको ऊ मरेकी छैन नाटकको पर्यावलोकन र अन्धवेग नाटकको समीक्षण गरिसकेका छन् । यिनको **साहित्य सन्दर्भ** (२०५५) कृतिमा समालोचनाका स्वरूप र पद्धति, काव्यमा प्रतीकको महत्त्व, एकाङ्की परिचय, एकाङ्कीको परम्परा, गजलको परिचयका साथै नेपाली गजलको वर्तमान स्थिति जस्ता सैद्धान्तिक समीक्षात्मक लेखहरू सङ्कलित गरिएको देखिन्छ । सैद्धान्तिक समालोचनाका रूपमा रहेको गजल सौन्दर्य मीमांसा ( २०६४) कृतिमा गजलको सैद्धान्तिक पक्षअन्तर्गत गजलको परिचय, गजलको अर्थ, गजलको परिभाषा, गजलको उद्‌भव र विकास, गजलका तत्त्वहरू, बहरको विश्लेषण, गजलका गुण र दोषहरू, गजल र मुसायराबीच अन्तः सम्बन्ध जस्ता पक्षहरू समावेश गरिएको पाइन्छ । उनले साहित्यिक आन्दोलनमा चर्चित भएको एकलाइन कविता आन्दोलन (२०४३) को चक्रावलोकन सम्बन्धी समीक्षात्मक लेख पनि लेखेको पाइन्छ । 'परिश्रमी'का फुटकर रूपमा प्रकाशित समीक्षात्मक लेखहरूमध्ये मोतीराम भट्टको संक्षिप्त जीवनी, नाटककार गोपाल पराजुलीको गोलार्द्धका दुई छेउ, राष्ट्रकवि कविवर माधवप्रसाद घिमिरेको राष्ट्रनिर्माता खण्डकाव्य, एवम् वी.पी.कोइरालाको एक रात, कथाको समीक्षण

---

[८०] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

पनि गरिसकेका न्यौपानेले नेपाली साहित्यको समालोचनात्मक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ ।

उपर्युक्त समीक्षात्मक समालोचनायुक्त कार्यबाट समालोचकका रूपमा स्थापित घनश्याम न्यौपाने 'परिश्रमी'को **साहित्य सन्दर्भ** (२०५५) र **गजल सौन्दर्य मीमांसा** (२०६४) कृति शिक्षक र विद्यार्थी दुवैका लागि उपयोगी हुने देखिन्छ । यसरी प्रतिनिधि स्रष्टा, विशिष्ट चिन्तकका रूपमा घनश्याम न्यौपाने समालोचनाको क्षेत्रमा देखा पर्नु नेपाली साहित्य समालोचना विधाका निम्ति गौरव र ठूलो उपलब्धिमूलक कुरा हो ।

घनश्याम न्यौपानेका दृष्टिमा समालोचक भनेका साहित्यिक जमीनको स्तर निर्धारण गर्ने अमीन व्यक्तित्व हुन् । कृतिको मूल्याङ्कन गर्ने विधि र शैली हरेक समालोचकहरूको फरक फरक हुने भए तापनि समीक्षा कृतिमा निहित गुण र दोषहरूलाई निष्पक्ष रूपमा केलाएर गरिएको मूल्याङ्कन नै समालोचना हो । जसमा विस्तृत अध्ययन र ज्ञान, प्रतिभा एवम् अन्तर्दृष्टि, सहृदयता, तटस्थता वा निष्पक्षता एवम् भावसम्प्रेषण क्षमता जस्ता गुण पनि समालोचकमा आवश्यक हुनुपर्ने देखाइएको छ ।

समग्रमा उनले साहित्यिक समालोचनामा पुऱ्याएको योगदानको कदर स्वरूप विभिन्न संस्थाबाट गरिएको अभिनन्दनले पनि उनको समालोचकीय व्यक्तित्वको प्रकाशमा थप सोपान थपिएको देखिन्छ ।

### २.२.३.२.२ भूमिकाकार व्यक्तित्व

कुनै पनि कृतिको प्रकाशन पूर्व गरिने कार्यलाई भूमिका भनिन्छ । यसलाई प्रकाशन पूर्वको समीक्षा पनि भनिन्छ । यो आफैमा महत्वपूर्ण र गहन छ । कतिपय कृतिहरूमा सम्बन्धित कृतिकारहरूले भूमिका लेख्ने गरेको पाइन्छ । कुनै विशिष्ट व्यक्ति र विशेषज्ञद्वारा प्रकाशोन्मुख कृतिको भूमिका लेखाउने प्रचलनले निकै व्यापकता पाएको छ ।

द्रष्टा व्यक्तित्वअन्तर्गत घनश्याम 'परिश्रमी'को भूमिकाकार व्यक्तित्व अत्यन्त सबल र सक्षम व्यक्तित्वका रूपमा देखापरेको छ । लगभग एकसय सात साहित्यिक कृतिहरूको भूमिका लेखेको कुरा स्वयं न्यौपानेको नै बताएका छन् । उनको **गजल भूमिकावली** ग्रन्थ नै प्रकाशित छ । पुनर्जागृत आधुनिक गजलको प्रतिनिधि गजलकार भएकाले अत्याधिक भूमिका गजल सङ्ग्रहको रहेको देखिन्छ । यसका अतिरिक्त कविता, कथा, उपन्यास, निबन्ध सङ्ग्रह एवम् समालोचना सङ्ग्रहको पनि भूमिका लेखेको पाइन्छ । 'परिश्रमी'को पहिलो भूमिका लेखन तनहूँका आत्माराम आचार्यको **आत्मदर्शन** (२०४५) कृतिको रहेको देखिन्छ[८१] भने त्यसपछि लमजुङका भद्रकाली न्यौपानेको जीवनी

---

[८१] ऐजन ।

पद्यकाव्यको भूमिका लेखेको पाइन्छ । वि.सं. २०५९ पछि 'परिश्रमी'ले गजलका कृतिहरूको भूमिका अत्याधिक लेखेको देखिन्छ ।[८२] भाभा पुस्तक भण्डार, काठमाडौंबाट प्रकाशित गजल भूमिकावली (२०६३) कृतिले उनको भूमिकाकार व्यक्तित्वलाई अझ बढी सशक्त र प्रभावकारी तुल्याउने काम गरेको देखिन्छ । यस कृतिमा विभिन्न गजलकारहरूका गजल सङ्ग्रहमा लेखिएका भूमिकालाई सङ्कलित गर्ने कार्य गरेको पाइन्छ । प्रस्तुत भूमिकावलीमा न्यौपानेले चन्द्रप्रसाद पोखरेल, श्रेष्ठ प्रिया पत्थर, गोपाल अश्क, देवी पन्थी, श्यामप्रसाद न्यौपाने, प्रकटकुमार शिशिर, रमेश हरिलटुक, ऋचा लुइँटेल होमशङ्कर बाँस्तोला, रामप्रसाद शाह, मीनबहादुर थापा मिलन, शुक्रप्रसाद आचार्य, तारा धुर्कापानी, गीता सापकोटा, नारायणप्रसाद शर्मा गैरे, इन्द्रकुमार विकल्प, बबी थापा, निर्मल ढुङ्गाना, राजेश खतिवडा, गोरखसागर खत्री, दीपक समीप, कृष्ण पहारी, सरोज काफ्ले, पीताम्बर चापागाइँ तथा गोर्खे साइँलोका गजल सङ्ग्रहहरूमा लेखिएका भूमिकाहरू समावेश गरेका छन् । गजल सङ्ग्रह बाहेक कविता, कथा, उपन्यास, निबन्ध, समालोचना सङ्ग्रहको भूमिका लेखनअन्तर्गत निर्मोही व्यास, शान्त बस्नेत, धर्मेन्द्र भट्टराई, राम पराजुली, अच्युत खनाल, शीतल गिरी, पदम भण्डारी, आर.आर. चौलागाई, गोविन्दनाथ तिवारी, रामविक्रम थापा आदिका कृतिहरूमा पनि भूमिका लेखिसकेका "परिश्रमी"को भूमिका लेखनमा जुन सक्रियता देखाएका छन् ती सबै प्रशंसनीय छन् ।

### २.२.३.२.३ टिप्पणीकार व्यक्तित्व

अधिकार र कर्तव्य एक सिक्काको दुई पाटा हुन् । नागरिक शिक्षित छन् भने उनीहरूले कर्तव्य गर्न जान्नुपर्छ । अधिकार खोज्नेको कर्तव्य गर्न जान्नुपर्छ । राणाशासनको अन्त्यपछि मानिसलाई विभिन्न स्वतन्त्रताको उपयोग गर्ने अधिकार छन् । सायद यही अधिकारलाई कर्तव्य मानी साहित्यकारहरू आफ्नो मनको उकुसमुकुस, समाजका विभेदीय अवस्थालाई साहित्यमा उतार्ने गर्छन् । साहित्य साधक, चिन्तनशील विद्वान् एवम् देशको सचेत नागरिक भएका नाताले पनि "परिश्रमी"बाट देशको यथार्थता लुकेको छैन । "परिश्रमी" देशका जल्दाबल्दा समस्यामा केन्द्रित भएर विभिन्न पत्रपत्रिकाका माध्यमबाट समसामयिक विषयमा आफ्ना टिप्पणीमूलक विचारहरू प्रकाशित गराउँदै आएकाले उनी एक कुशल टिप्पणीकारका रूपमा पनि देखापरेका छन् ।[८३] पचासको दशकदेखि विभिन्न पत्रिपत्रिकामा स्वतन्त्र रूपले आफ्ना विचारहरू प्रकाशित गराउँदै आएका "परिश्रमी"को टिप्पणीकार व्यक्तित्व पनि प्रशंसायोग्य देखिन्छ ।

---

[८२] ऐजन ।

[८३] शोधनायकको टिप्पणीहरूको अध्ययनअनुसार ।

आजभोलि देशको समसामयिक सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक, प्रजातान्त्रिक विकृति विसङ्गति जस्ता समस्याहरूमा केन्द्रित भएर घनश्याम न्यौपानेले आफ्नो टिप्पणीमूलक विचारहरू व्यक्त गरेका पाइन्छ । पहिला पहिलाका हामीले मनाउने चाडपर्वहरूमा जुन उत्सव थियो, त्यही रीतिरिवाज, परम्परा र चाडपर्वका नाममा देखापरेका आडम्बर, उच्चशिक्षाका क्षेत्रमा देखापरेको राजनीतिकरण, सांसद र मन्त्रीहरूको व्यक्तिगत स्वार्थमा रित्तिदै गएको देशको ढुकुटी, आधिक राष्ट्रिय र अन्तर्राष्ट्रिय ऋणभार नेपाली भाषाको पठनपाठन र प्रयोगमा देखिएका भाषिक विचलन, साहित्यमा बढ्दैगइरहेको राजनैतिक हस्तक्षेप, महँगीको भयानक रूप एवम् सत्ता प्राप्तिका लागि दलहरूको तानातान जस्ता विषयहरूमा न्यौपानेका टिप्पणीमूलक अभिव्यक्ति एवम् विचारहरूले उनको टिप्पणीकार व्यक्तित्वहरूलाई सशक्त र प्रभावकारी बनाउँदै लगेको देखिन्छ ।

## २.३ निष्कर्ष

घनश्याम न्यौपाने परिश्रमी नेपाली साहित्यका एक सशक्त सर्जकका रूपमा प्रतिष्ठित छन् । परिश्रमी समाजका एक सचेत बुद्धिजीवी, कुशल प्राध्यापक, कर्मनिष्ठ पुत्र, कर्तव्यनिष्ठ पति, जिम्मेवार, पिताका वा मायालु अभिभावकका रूपमा प्रतिष्ठापित छन् । पारिवारिक समस्या र पीडाहरू झेल्दै पढाइलाई निरन्तरता दिएर विद्यावारिधि जस्तो उच्चतम शिक्षा हासिल गर्ने परिश्रमी हाल सहप्राध्यापकका रूपमा कार्यरत छन् । विभिन्न साहित्यिक सङ्घसंस्थाको स्थापना सञ्चालन, पत्रपत्रिका सम्पादन र प्रकाशन गर्ने परिश्रमी विभिन्न सम्मान अभिनन्दन र पुरस्कारबाट सम्मानित, अभिनन्दित र पुरस्कृत पनि छन् । आफ्नै निजी शारीरिक व्यक्तित्वका धनी परिश्रमी समाजका सचेतनका दक्ष प्राध्यापक, कुशल सम्पादक पत्रकारका साथै कवि, गजलकार, कथाकार, नाटककार, समालोचक, भूमिकाकार र टिप्पणीकार व्यक्तित्व पनि उक्तिकै उच्च र सशक्त रहेको छ । परिश्रमी लगनशील, भावनाशील, कल्पनाशील, चिन्तनशील प्रकृतिका साथै मानतावादी प्रगतिवादी सर्जकका रूपमा प्रतिष्ठित छन् ।

## तेस्रो अध्याय

# गजलको सैद्धान्तिक अध्ययन

### ३.१.१ पृष्ठभूमि

साहित्यिक जगतमा स्थापित कुनै पनि मान्यता वा परिभाषा आफ्नो मूल रूपमा दिगो र सर्वस्वीकार्य हुँदैन । जीवन नै आलोचना हो भने जीवनको बाटोमा हिड्ने पात्रहरू अआलोच्य हुन सक्दैनन् । संसारमा आजसम्म यस्तो कुनै विचार जन्मन सकेको छैन जो आलोचनाहीन होओस् । यस्तो सुन्दर र विशाल संसारको स्रष्टा ईश्वरकै कृतिमा त दोष भेटिन्छ भने मानवीय कृतिहरू कसरी दोषरहित हुन सक्छन् र । तथापि यस संसारमा स्थापित अवधारणा, सिद्धान्त, विधा तथा परिभाषाहरू कमवेश राम्रानराम्रा त हुन्छन् नै ।

पूर्वीय साहित्य संसारमा काव्यविधाको पारम्परिक भए पनि हिजोआज विस्तारितता रूपलाई काव्यविधा भनिन्छ । साहित्यिक रचनालाई मुख्यतः गद्य र पद्य भनी छुट्याइयो र लामो कालखण्डसम्म त्यसकै परिधिभित्र रही अध्ययन गरियो तर आज प्रयोगका धाराहरू बग्दै छन् । पुराना मान्यताहरू भत्काइँदै नयाँनयाँ मान्यताहरूको स्थापना गरिँदै छन् ।

उपन्यासमा आजभोलि सूत्रउपन्यासको लेखन परम्परा पनि चलिरहेको छ । काव्य जगत्मा पनि सूत्रकविता लेखन आइसकेको छ । कथासंसारमा पनि नयाँ नयाँ आयामको प्रवेश भइसकेको छ । अब त लघुकथा पछिको पनि नयाँ सूत्रकथाको निर्माण भइसकेको छ । अकथाको कुरा त अब पुरानो भइसक्यो । गीत, कवितामा पनि नवअवधारणा तथा शिल्प प्रयोग भइसकेको छ । हिजोआज पाठक वर्गको रुचिगजत् अध्ययन तथा गजलगायन श्रवणतिर बढी आकर्षित भएको पाइन्छ । सरस्वती साधकहरू आफ्नो साधना समाजसम्म पुऱ्याउनको लागि अधिकाधिक लोकप्रिय विधा चयन गर्न थालेका छन् । साहित्यिक गजत्मा सर्वाधिक काव्यरचना वा कृतिहरू देखा पर्छन् । किनभने कविता र गीत पाठक मनलाई बढो संवेदनशीलतापूर्वक आफूतिर आकर्षित गर्नमा सफल भइसकेका छन् ।

वास्तविकताबाट टाढा भाग्न सकिँदैन, आज साहित्यिक जगत्मा अन्य विधाको तुलनामा अपेक्षाकृत बढी गजल नै लोकप्रिय रहेको छ । साधारण पाठक वा श्रोतालाई गजल आयातीत विधा हो वा आफ्नै माटोको उपज हो अथवा काव्यको कुनै एक स्वतन्त्र विधा हो वा कुनै विधाको उपविधा हो यी सैद्धान्तिक बहससँग सरोकार छैन । पाठकले राम्राराम्रा गजलहरू पढ्न चाहन्छन्, सुन्न चाहन्छन् ।

हो, पाठकको यही मनोदशा वा इच्छाको गलत फाइदा उठाइरहेका छन् केही गजलका नाममा फजलको खेती गर्नेहरू र गजल भनी अन्य कुनै रचना छापी सस्तो लोकप्रियता कमाइरहेका सम्पादकहरू यथार्थको धरातलमा उभिएर कुरा गर्ने हो भने आजको समय गजलका

लागि निकै चुनौतीपूर्ण रहेको छ । अज्ञानीहरूको हातमा परेर गजलको सुकोमलको सौन्दर्य भङ्ग भइरहेको छ र गजलप्रति वितृष्णा पनि उत्पन्न भइरहेको छ ।

गजललाई त्यसको मौलिक रूप प्रदान नगरी सामाजिक विसङ्गतिहरूको आलेखन मात्र गर्ने माध्यमका रूपमा प्रयोग गरिएको भेटिँदैछ । निश्चित रूपमा गजलको वर्णविन्यास अब केवल 'प्रेम' मात्र रहेको छैन । प्रेम आइमाईसँगको कुराकानी वा आइमाईको कुराको वर्णन मात्र गजलको विषय रहेको छैन तर विचारणीय कुरो के छ भने एक पुरुष र स्त्रीबीच केवल प्रेम, सौन्दर्य, मिलनकै कुरा मात्र हुँदैन । अपितु देशकालको मूल्याङ्कन, पारिवारिक, सामाजिक विसङ्गति र आर्थिक सङ्कटको पनि कुरा हुन्छ । यसर्थ गजलको विषयवस्तु भनेको संसारको प्राणी र मानवकृतिका हरेक अवयवहरू हुन् ।

गजल लेख्ने, गजलकार भनाउने, गजलसम्बन्धी नियमादि बारेमा व्याख्यान दिने चलन बढेको छ अर्थात् राम्रो गजलकार हुनु एउटा कुरा हो भने योग्य शिक्षक हुनु एक कुरा हो । गजलको बारेमा आधारभुत शिक्षा पनि हासिल नगरीकन 'प्याट्ट, प्याट्ट' र तालीसुख लिने उत्कृष्ट इच्छाको कारणले अधिसंख्यक गजलकारहरू नजानिदो किसिमले आफ्नै साहित्यिक मृत्यु स्वीकार गरिरहेका छन् किनभने आजका पाठक धेरै चलाक छन्, विद्वान् छन् र साहित्य छिन्द्रान्वेषी छन् । अज्ञानता र मूलबीचको दूरीलाई तुरुन्त पत्ता लगाउन सक्छन् ।

अहिले त गजलमा पनि प्रयोग गरिएको पाइन्छ । प्रयोगको नाउँमा प्रयोग भइरहेको छ । यस्तो विषम परिस्थितिमा गजलको सैद्धान्तिक पक्षको अध्ययन गर्नु आफैमा एक चुनौतीपूर्ण कार्य देखिन्छ तर यो कार्यको सम्पादन गर्न पनि त्यत्तिकै आवश्यक छ ।

गजल आफैमा एउटा कठोर अनुशासन पद्धति र काव्यसिद्धान्त बोकेको स्वतन्त्र काव्यविधा हो । जसमा विषयगत विविधता र मानवमनका हरेक लहरलाई समेट्ने कला सन्निहित हुन्छ ।[१]

### ३.१.२ गजल शब्दको व्युत्पत्ति

'गजल' अरबी भाषाको शब्द हो जसको शाब्दिक अर्थ प्रेमी र प्रेमिका बीचको प्रेमी र कुराकानी[२] भन्ने हुन्छ । यसरी के थाहा पाइन्छ भने गजलको प्रारम्भिक कालमा गजलमा प्रमुख रूपले रूपायित हुने विषय प्रेम र प्रेमीप्रमिकाबीच कै कुराकानी थिए । गजललाई प्रेम शायरी भनिन्छ जसको स्थायी भाव प्रेम रहेको हुन्छ ।

यो शब्द "गजल" एउटै शब्द नभएर तीनवटा अरबी शब्दहरू मिलेर बनेको संयुक्त शब्द हो । अरबी भाषामा "ग" को अर्थ वाणी, 'ज' को अर्थ स्त्री र 'अल' को अर्थ 'को' वा साथ

---

१ 'परिश्रमी' घनश्याम न्यौपाने, गजल सौन्दर्य मीमांसा, (वीरगञ्ज : सन शाइन, आवासीय उच्च मा.वि., २०६४), पृ. ११ ।

२ मनुब्राजाकी गजलगाथा: समकालीन साहित्य १० (वैशाख, २०५०) ।

हुन्छ ।[३] यसअनुसार गजलको व्युत्पतिमूलक अर्थ स्त्री वा प्रेमिकासँग सम्बन्धित प्रणयकेन्द्रित कुराकानी प्रष्टिन्छ । यसप्रकार गजल शब्दको उत्पत्ति अरबीबाट भएको हो र यसको प्रारम्भिक अर्थ नै आइमाईसँग वा आइमाईको कुराकानी हो तर हिजोआज गजलको अर्थविस्तार भएको छ । जब पराकाष्ठामा पुग्यो र कविहरूको चारित्रिक पालना हुनथाल्यो अनि यसबाट गजललाई बचाउन नयाँ मोडको खोजी सुरु भयो र यस खोजीमा नयाँ मोड भेटियो । त्यो नयाँ मोड हो जनमनको हालबयान ।[४]

गजल शब्दको व्युत्पतिकै कुरा गर्दा एकपछि अर्को मान्यताहरू उपस्थित हुन थाल्छन् । कसैले 'गजल' शब्दको उत्पत्ति 'गजाला'[५]बाट भएको भन्छन् भने कसैले 'गजल' नामक कविको सम्झनामा चलेको शब्द भन्छन् । 'गजल' शब्द अरबीको भएकोले सामान्यतः गजल अरबी साहित्यको गर्भबाट जन्मेको होला तर यो भ्रम मात्र हो किनभने अरबी साहित्यमा गजल नामक कुनै काव्य रूप छैन । अरबी साहित्यमा 'प्रेम अवयव छ तर त्यसको वर्णन कसीदाको अंश तश्वीब वा नसीबमा भएको पाइन्छ । यसको अर्थ के हो भने गजल उर्दूमा फारसीबाट एक आयातीत विधा हो[६] । पुराना मान्यतानुसार गजलमा स्त्रीहरूको चर्चा वा स्त्रीहरूसँगको कुराकानी नै वर्ण्यविषयको रूपमा प्रमुखताका साथ आउने गरेकोले नारीबिना र प्रेम बिनाको गजल लोकप्रिय हुँदैन । यस अर्थमा यो भनाइ उपयुक्त नै देखिन्छ । त्यो कविता जसमा मिलन, विरह, प्रेम, चाहना, कामना, आशा, निराशाको वर्णन हुन्छ, त्यो गजल हो ।[७]

गजलको अर्थविस्तार भए पनि गजल आफ्नो प्रारम्भिक अर्थमा पनि परिभाषित हुने गरेको छ । आज पनि यस्ता विचारको कमी छैन । जसअनुसार गजल प्रेम, प्रेमी र प्रेमिकाकै सरोकारमा वा उनीहरूकै नालीबेलीको वर्णनमा सङ्कुचित वा विस्तृत हुने गर्दछ । आज प्रत्येक भारोपेली भाषा जसमा लिखित साहित्य गजल उपलब्ध छ । तीमध्ये अधिसंख्यक भाषामा गजल लेखिँदै छ । यो गजलको विस्तार हो । यो गजलको लोकप्रियता हो तर यस लोकप्रियताको आधार भनेको गजलको सामाजिकीकरण हुनु हो अर्थात् आजका दिनमा लेखिएका गजलहरूमा प्रेम, प्रेमिका र प्रेमीहरूको कार्य व्यापारको वर्णन मात्र छैन । अपितु सामाजिक विसङ्गति सङ्गति, आशा, निराशा, प्रेम, घृणा, सन्तोष, असन्तोष, राजनीतिक, आर्थिक असङ्गत पक्षहरूको वर्णन जीवन्त रूपमा वर्णित भएछ । एक शब्दमा भन्ने हो भने आजको गजल प्रत्येक मानव मनका कथाव्यथालाई प्रस्तुत गर्ने कलात्मक र स्वतन्त्र श्रव्य रूप हो ।

---

३ ऐजन ।

४ जगन्नाथ, **गजल के शिल्प विधान** (पटना : पुस्कर प्रकाशन, सन् १९८४), पृ. २२ ।

५ डा. कुव्वर बेचैन, **समियाना काँच के** (भारत : प्रगीत प्रकाशन, सन् १९३०) पृ. : १३ ।

६ ऐजन ।

७ जगन्नाथ, **गजल के शिल्पविधा,** पूर्ववत्, पृ. : २२ ।

### ३.१.३ गजलको अर्थ र परिभाषा

कुनै पनि विचार वा अवधारणा रचना आदिलाई परिभाषित गर्नु बडो कठिन कार्य हो वा किनभने आजसम्म उपलब्ध परिभाषाहरू सर्वसम्मतिबाट स्वीकृत छैनन् । मतैक्य हुन पनि सक्दैन । मानवकृत रचना मानवीय गुणदोषबाट गुम्फित रहेका हुन्छन् । त्यस अर्थमा कुनै पनि विधालाई परिभाषित गर्नु एक किसिमले दुरूह कार्य हो र पनि हामी परिभाषित गर्छौं अर्थ लगाउँछौं ।

'गजल' को उत्पत्तिबारे अध्यायन गर्ने क्रममा हामीले के थाहा पाएका छौ भने यो अरबीमा एक स्त्रीलिङ्ग शब्द हो ।[८] जसको अर्थ स्त्रीसँग वा स्त्रीको कुराकानी हो । गजल एउटा त्यस्तो काव्य रूप हो जसमा मिलन, विरह, प्रेम, चाहना, कामना र निराशा आदिको वर्णन गरिन्छ तर त्यसको गोरेटो सङ्कीर्ण रहेको छ । त्यसका अर्थहरू गजलको प्रारम्भिक हुन् । प्रकारका परम्पराको निर्वाह गर्नु राम्रो त हो वा परम्परा निर्वाह गर्ने क्रममा वर्तमानलाई बिर्सिहाल्नु अन्याय हो । असान्दर्भिक हो । त्यसैले गजलको प्रारम्भिक र पारम्परिक अर्थ जे भए पनि त्यसको परिभाषा हिजो र आजका मान्यताहरू प्रस्तुत गर्नु सान्दर्भिक ठहर्छ ।

### ३.१३.१ गजलको अर्थ

गजलको व्युत्पत्तिमूलक अर्थको अध्ययनोपरान्त गजलको कोशीय अर्थबारे जानकारी लिन आवश्यक छ । गजललाई कोशहरूमा कुन अर्थमा अर्थ्याइएको छ, त्यसको संक्षिप्त अध्ययन यसप्रकार छ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली वृहत् शब्दकोशका अनुसार विशेषतः प्रेमका विषयमा शृङ्गार रसका कविता लेखिने एक प्रकारको फारसी छन्द वा त्यसै छन्दमा लेखिएको कविता गजल हो ।[९]

भोजपुरी हिन्दी शब्दकोशमा गजललाई एक प्रकारको छन्द जसको अधिक व्यवहार अरबी, फारसी र उर्दूमा हुन्छ भनिएको छ ।[१०]

त्यसैगरी ज्ञानमण्डल वारांणसीबाट प्रकाशित वृहत् हिन्दी शब्दकोश अनुसार गजल फारसी उर्दूमा मुक्तक काव्यको एक भेद हो जसको प्रधान विषय प्रेम हुन्छ ।[११]

---

[८] ऐजन, पृ. २३ ।

[९] प्रा. बालकृष्ण पोखरेल, **नेपाली बहृत् शब्दकोष,** (काठमाडौं : ने.रा.प्र.प्र., २०५८), पृ. : ३१८ ।

[१०] गणेश चौबे, **भोजपुरी हिन्दी कोश,** (पटना : पुस्कर प्रकाशन, सन् १९९४), पृ. : २०१ ।

[११] कालीप्रसाद, **बृहत् हिन्दी शब्दकोष,** (वाराणथीः ज्ञानमण्डल लिमिटेड, सन् १९९३०, पृ. : ३५६ ।

हिन्दी शब्दकोशका अनुसार गजल प्रेमिकासँगको कुराकानी, उर्दू फारसी कविताको एक प्रकार विशेष, जसमा प्रायः पाँचदेखि एघार शेर हुन्छन् । सबै शेर एकै प्रकारका रदीफ काफियाको हुन्छन् र हरेक शेरको दृश्य विषय फरक फरक हुन्छ ।[१२]

विभिन्न कोशहरूमा गजलको विद्यमान अर्थको अध्ययनोपरान्त एउटा कुरा के स्पष्ट हुन्छ भने गजलको प्रारम्भिक परिवेश प्रेम र शृङ्गार नै रहेको छ । गजललाई एक प्रकारको छन्द पनि भनिएको पाइन्छ तर गजल लेखनमा अनेकानेक छन्द वा बहरहरूको प्रयोग गरिन्छ । अब यस्तो अवस्थामा गजललाई एउटा छन्द मात्र भन्नु सर्वथा गलत हो किनभने गजलको आफ्नै नियम रहेको छ । गजलको स्वतन्त्र अस्तित्व रहेको छ । हिजोका दिनहरूमा गजललाई जस्तो परिभाषाले परिभाषित गरे पनि आज गजलको परिभाषा र वर्णविषयमा निकै परिवर्तन आइसकेको छ । अब गजललाई प्रेम र श्रृङ्गारको सङ्कीर्ण घेरामा मात्र सीमित राख्नु भनेको गजल विधासँग अन्याय गर्नु हो ।

गजलको व्युत्पातिगत अर्थ, कोशीय अर्थ वा शाब्दिक अर्थ जेसुकै वा जस्तोसुकै होस्, परन्तु आज यसको साहित्यिक अर्थ भने पृथक् अस्तित्वयुक्त, अत्यन्त लोकप्रिय काव्य विधा बन्न पुगेको छ ।[१३]

निश्चित रूपमा प्रयोगधर्मीहरूले वैज्ञानिक रूपमा आफूलाई सार्थक र सान्दर्भिक बनाउने गर्दछन् । अर्थ र परिभाषा समयानुसार बदलिँदै जान्छन् । पुराना मान्यताहरू आफै ढालिँदै जान्छन् र नयाँ मान्यता तथा परिभाषा स्थापित हुँदै जान्छन् । हुन त आज पनि कतिपयले गजललाई उसको प्रारम्भिक र पारस्पारिक रूपमै स्वीकार गरेका छन् । त्यस्ताहरूको विचारमा राम्रो गजल त्यही हो जसमा प्रेम, प्रेमी प्रेमिका र शृङ्गारको कुराहरू गरिएका होऊन् तर यस्ता विचार राख्नेहरूको सङ्ख्या ज्यादै न्यून छ र यस्ता विचार सबैबाट स्वीकृत पनि देखिँदैनन् । हिजोआज लेखिएका वा लेखिदै गरिएका गजलहरूमा प्रेम र शृङ्गारका साथै विविध विषयहरू वर्णित भइरहेका छन् । एक वाक्यमा भन्ने हो भने आजका गजलहरूमा सामाजिक विद्रुपता, आर्थिक, राजनैतिक सङ्कट, व्यक्तिगत भोगाइ कथा, व्यथाहरू वर्ण्यविषयको रूपमा सन्निहित रहेका छन्, यी आधारहरूमा गजलहरूलाई परिभाषित गर्ने प्रयत्न गरिँदैछ ।

### ३.१.३.२ गजलको परिभाषा

गजलको व्युत्पत्तिमूलक, कोशीय र शाब्दिक अर्थमा नै गजलको परिभाषाको आधारहरू लुकेका छन् ती आधारहरू हुन् अर्थ र विषयवस्तुका साथै लयात्मकता र स्निग्घता । यसका साथसाथै साङ्केतिकता र उक्तिवैचित्र्यादि पनि गजलका लागि आन्तरिक शर्तहरू हुन् । गजललाई परिभाषित गर्ने विद्वान्हरूको सङ्ख्यामा कमी छैन तर गजलको सर्वसम्मत एक परिभाषालाई

---

[१२] महम्मद मुस्तफा खाँ, **उर्दुहिन्दी कोश** (उत्तरप्रदेश : सूचना विभाग, सन् १९५९) पृ. : १७७ ।

[१३] डा. घनश्याम न्यौपाने, **गजल सौन्दर्य मीमांसा,** पूर्ववत्, पृ. : ८ ।

स्वीकार गर्ने विद्वान्हरूको सङ्ख्यामा न्यूनता अवश्य छ । भनाइको अर्थ गजलको परिभाषामा मतैक्य पाइँदैन । भारोपेली विद्वान्हरूले गजललाई कुन रूपमा स्वीकार गरेका छन् भन्ने परिभाषाको अध्ययन गर्नु समुचित देखिन्छ ।

- सरदार मुजावरका अनुसार गजल मनका भावहरूलाई शेरहरूका माध्यमबाट अभिव्यक्त गर्ने कलाको नाम हो । गजल एक शीतल तरङ्ग, एक उज्यालो झिल्का, एक सपना, एक खुस्बु र एक खुसी हो ।[१४]
- कुवँर बेचैनका अनुसार गजल फूलको पत्रपत्रमा फैलने सुगन्ध, भाषाद्वारा गरिने मानवताको सुरक्षा, कुनै कथ्यलाई भावद्वारा गरिने प्रत्याभूति, विचारको चौबाटामा गरिने शब्दको पदयात्रा, मानिसको अपराजित आत्माको अभिषेक एवम् उत्तेजना नभएर विचार हो ।[१५]
- ज्ञानप्रसाद विवेकका अनुसार गजल मानसिक भाव र गुण हो साथै ज्वालामुखीको आँखाबाट टप्कने आँसुको अनुवाद, फूलको पत्रपत्रमा सूर्यकिरणको हस्ताक्षर, जीवनको पारदर्शी पर्दा, हराएको अस्तित्व गवेषणामा लीन प्रकाशको पदचिह्न एवम् समयको मौन बिस्फोट हो ।[१६]
- जगन्नाथका अनुसार गजल प्रेमी-प्रेमिकाबीचको प्रणयपूर्ण कुराकानी हो साथै हृदयको तरलता, भावनाको सरलता, चेतनाको उच्चता र कल्पनाको स्वच्छन्दता गजल हो ।[१७]
- गोविन्द पुरी चाचानका अनुसार गजल उर्दू कविताको सशक्त र सर्वश्रेष्ठ काव्यरूप हो । साथै गजल चेतनाको मुक्तरूप, भावनाको स्वतन्त्र स्वरूप र अनुभूतिको सत्याभिव्यक्ति हो ।[१८]
- जगदीश शमशेर राणाका अनुसार अलिकति भित्र आँखामा पर्‍यो भने पोल्न थाल्ने, डिलदेखि बाहिर परे लत्पतिएर रूप नै बिगार्ने, औचित्यको यस्तो सूक्ष्म सङ्कलन, गाजलमा जस्तै गजलमा परिरहनुपर्ने कविताको गाजल नै गजल हो ।[१९]

---

[१४] डा. सरदार मुजावर, **हिन्दी गजलका विविध आयाम**, पूर्ववत्, पृ. १७

[१५] डा. कुँवर बेचैन, **रसियाँ पानी की**, (गाजियावादः प्रगीत प्रकाशन, सन् १९५७), पृ. १० ।

[१६] ज्ञानप्रसाद विवेक, **धुप के हस्ताक्षर**, (नई दिल्लीः कादम्बिनी प्रकाशन, सन् १९८८), पृ. ११ ।

[१७] जगन्नाथ, **गजल के शिल्प विधान**, (पटना : पुस्कर प्रकाशन, सन् १९८४) पृ. २२ ।

[१८] गोविन्द पुरी चाचान, **गजल : एक अध्ययन**, (नई दिल्लीः सीमान्त प्रकाशन, सन् १९९१) पृ. ३४ ।

[१९] जगदीश शमशेर राणा, (भूमिका), **खण्डहर नयाँ नयाँ**, ज्ञानुवाकर पौडेल, (ललितपुर : साझा प्रकाशन, २०५३) पृ. ख ।

- घटराज भट्टराईका अनुसार महाकाव्य-खण्डकाव्यमा जस्तो शृङ्खलाबद्ध विचारको प्रस्फुटन नदेखिए पनि मुक्तक रूपमा छोटा-मीठा विचारको कलात्मक अभिव्यक्ति नै गजल हो । [२०]
- रमा शर्माका अनुसार शृङ्गार र शृङ्गारइतर अभिव्यक्तिको समष्टि रूप गजल हो ।[२१]
- भरतराज पन्तका अनुसार गजल प्रणयवादी वा शृङ्गारिक भावमा रचना गरिने उर्दूबाट आएको लय वा छन्दको एउटा किसिम हो । [२२]
- वासुदेव त्रिपाठीका अनुसार गजल गीतिफाँटको एक उत्कृष्ट सृजनात्मक वस्तुका रूपमा हुर्किन पुगेका प्रेमालापको गीतिकविता हो ।[२३]
- डा. वामदेव पहाडीका अनुसार गजल भनेका त्यो पद्यबद्ध उक्ति हो जुन सुन्नमा मधुरो, निकै अर्थिलो तथा चिट्ट परेको सानो र सुगठित रूप भएको हुन्छ ।[२४]
- कृष्ण गौतमका अनुसार गजल ठूलाभन्दा ठूला कुरालाई कमभन्दा कम शब्दमा र विविध विचारका शृङ्खलाहरूलाई लाक्षणिक अभिव्यञ्जना र प्रतीकात्मक अभिव्यक्तिका साथ प्रस्तुत गरिने लयात्मक पद्य हो ।[२५]
- ज्ञानुवाकर पौडेलका अनुसार गजल अत्यन्त संवेदनशील र तीक्ष्ण विधा हो जसमा सूक्ष्म र तिख्खर अभिव्यक्ति रहेको हुन्छ ।[२६]
- डा. घनश्याम न्यौपाने 'परिश्रमी'का अनुसार गजल काव्यको एउटा अत्यन्त लोकप्रिय, प्रभावकारी र सुन्दर रूप हो । यो विभिन्न सौन्दर्यतत्त्वहरूले अलङ्कृत हुन्छ । [२७]

---

[२०] घटराज भट्टराई, "नेपाली गजल प्रयोग र परम्परा", **गरिमा**, वर्षः ३, अङ्क : १२, (ललितपुर : साझा प्रकाशन, मङ्सिर, २०४२), पृ. ६४ ।

[२१] रमा शर्मा, "गजलबारे केही कुरा", **मधुपर्क,** वर्षः १४, अङ्कः ६-७, (काठमाडौं : गोरखापत्र संस्थान, कात्तिक-मङ्सिर २०३८), पृ. ५ ।

[२२] भरतराज पन्त, "नेपाली गजलः प्रारम्भदेखि वर्तमानसम्म", **मधुपर्क,** वर्षः २७, अङ्क : ६, (काठमाडौं : गोरखापत्र संस्थान, कात्तिक २०५१), पृ. ५ ।

[२३] वासुदेव त्रिपाठी, (भूमिका), **अर्धमूदित आँखाहरू**, कृसु क्षेत्री (काठमाडौंः वसुन्धारामान प्रज्ञाप्रतिष्ठान, २०५९) पृ. २० ।

[२४] डा. वामदेव पहाडी, **आलोचनाको वृत्त** (काठमाडौं : ने.रा.प्र.प्र., २०५४), पृ. १७० ।

[२५] कृष्ण गौतम, **"नेपाली गजल साहित्य"**, पूर्ववत्, पृ. १३ ।

[२६] देवी पन्थी, **गजल सिद्धान्त र समालोचना,** (काठमाडौं : विविध वाङ्मय प्रकाशन, २०५९), पृ. २ ।

[२७] घनश्याम न्यौपाने 'परिश्रमी', "गजल", **मधुपर्क**, वर्षः ३९, अङ्कः १, (काठमाडौं : गोरखापत्र संस्थान, जेठ, २०६३), पृ. ३९ ।

- मनु ब्राजाकीका दृष्टिमा भावार्थ र गुढार्थअनुसार गजल भनेको कामना र आन्तरिक पीडाका हार्द भावहरूको सुललित अभिव्यक्ति हो जसमा हृदयस्पर्शी लयात्मक शैली, भावगाम्भीर्ययुक्त सुष्ठु प्रतीकसम्पन्नता र मनोहारी प्रस्तुतीकरण रहन्छ ।[२८]
- ललिजन रवालका दृष्टिमा अनुभूतिका ठूलाभन्दा ठूला कुरा चाहे ती कठोर हुन् वा नरम, तिनलाई कोमल, हार्दिक र कलात्मकता साथ अत्यन्तै सङ्क्षिप्त रूपमा अभिव्यक्ति गरिने काव्यको एउटा रूप गजल हो ।[२९]
- दुवसु क्षेत्रीका दृष्टिमा भावनात्मक र हार्दिक कुराहरूको शृङ्खलाव्यापकतालाई सीमित गर्दै थोरै र शिष्ट शब्दमा प्रतीकात्मक अभिव्यक्तिको लयात्मक प्रस्तुति नै गजल हो ।[३०]
- डा. कृष्णहरि बरालका दृष्टिमा भाव, कल्पना, विम्ब तथा प्रतीक आदिको प्रयोगका साथै निश्चित क्रममा प्रयोग गरिने गेय काव्यरूपलाई गजल भनिन्छ जसमा एउटै छन्दमा तीन वा तीनभन्दा बढी स्वतन्त्र शेरहरू हुन्छन् । [३१]
- राजेन्द्रको सुवेदीका दृष्टिमा उर्दू साहित्यको प्रणयमा केन्द्रित हुने र गायन क्षेत्रमा जीवन्तता प्राप्त गर्ने स्फुट रचनाविशेष गजल हो । [३२]
- देवी नेपालका दृष्टिमा अरबीमा जन्मिएर फारसीमा हुर्किएर, हिन्दी, नेपाली आदि भाषाहरूमा समेत आफ्नो अस्तित्व देखाउन सफल गजल एउटा लोकप्रिय गेय विधा हो । [३३]
- नेत्र एटमका दृष्टिमा गजल गायनसँग सम्बन्धित साहित्यिक विधा हो । कुनै विषय वा भावको असरलाई तीव्र प्रभावका साथ प्रस्तुत गरिने र सङ्क्षिप्त अंशमै पनि आफ्नो तीक्ष्ण प्रहारको झट्का दिनसक्ने विधा गजल हो । [३४]

---

[२८] मनु ब्राजाकी, "गजलगाथा", **पूर्ववत्,** पृ. ४९ ।

[२९] ललिजन रावल, "गजलको सौन्दर्यशास्त्र र नेपाली गजल", **नेपाली गजल विगत र वर्तमान** (काठमाडौँः अनाम मण्डाली, २०६४), पृ. १४ ।

[३०] दुवसु क्षेत्री (सम्पा.), **समसामयिक नेपाली गजल,** (काठमाडौँः वसुन्धारा प्रकाशन, २०५०), पृ. १२९ ।

[३१] कृष्णहरि बराल, "नेपाली गजलको विकास र आधुनिक नेपाली गजलका प्रवृत्तिहरू", (वसुन्धराराम प्रज्ञाप्रष्ठिान काठमाडौद्वारा आयोजित गजलश्री सम्मान कार्यक्रम प्रस्तुत कार्यक्रम, २०६०), पृ. २ ।

[३२] राजेन्द्र सुवेदी, "नेपाली गजल सृजनामा मोतीराम भट्टको योगदान", **नेपाली गजल विगत र वर्तमान**, (काठमाडौं : अनाममण्डली, २०६५), पृ. २६६ ।

[३३] देवी नेपाल, "गजलको शास्त्रीय स्वरूप", **नेपाली गजल, विगत र वर्तमान,** (काठमाडौं : अनाममण्डली, २०६५), पृ. २९ ।

[३४] नेत्र एटम, **भित्र कतै दुख्छ भने,** (काठमाडौं : दोभान प्रकाशन, २०६०), पृ. ६ ।

- टीकाराम उदासीका दृष्टिमा विलक्षण शैलीमा भावको तीव्र विन्यास वा विषयको केन्द्रीयता भएको सरल, सुकोमल, सङ्क्षिप्त र प्रभावकारी पङ्क्तिपुञ्जहरूद्वारा निर्मित एक किसिमको गेयात्मक पद्यरचना गजल हो ।[३५]
- अमर त्यागीका दृष्टिमा थोरै शब्दमा हृदयका सुकोमल भावहरूलाई लाक्षणिक अभिव्यञ्जना गरिने सशक्त, उन्मुक्त, आकर्षक, लोकप्रिय र गेयगुणयुक्त शास्त्रीय काव्यविधा गजल हो ।[३६]

### ३.१.४ गजलको विकास

गजलको व्युत्पत्ति सम्बन्धी तत्त्वहरूको अध्ययन गर्ने क्रममा गजल उर्दुको त्यो काव्यरूप हो जसमा प्रेमी प्रेमिकाको वार्तालाप सन्निहित रहेको हुन्छ भन्ने कुरा बुझिन्छ । तर हिजोआज लेखिने गजलको कथ्यक्षेत्र र वर्ण्य विषय विस्तृत रहेका छन् । अब गजलको न त कथ्य क्षेत्र सङ्कुचित रहेको छ, न त यसको वर्ण्य विषय । वस्तुतः गजलको जन्म कसिदाको गर्भबाट भएको हो र कसिदा उर्दुको एक यस्तो काव्यरूप हो भन्ने बुझिन्छ । जसमा कसिदा अघि तश्बीब गाइने प्रचलन रहेको छ । गजल त्यही तश्बीबबाट आएको हो भनिन्छ । यो निर्बिवाद हो कि अरबी भाषाको स्त्रीलिङ्ग शब्द गजल भए तापनि अरबी साहित्यमा गजल छैन । गजल प्रेमको सार तत्त्व भुमरीमा घुमिरहने काव्य विधा हो ।

आज दक्षिण एशियाली भारोपीय भाषाहरूमा यसले लोकप्रियता पाएको छ । नेपाली भाषामा गजल लेखिँदैछ र खुब राम्ररी लेखिँदैछ । सम्वत् १९४० तिर मोतीराम भट्टले नेपालीमा गजललाई भित्र्याए[३७] । कतिपयको मतानुसार मोतीराम भट्टले गजललाई हिन्दीबाट नेपालीमा ल्याएका हुन् भने कतिपयका मतानुसार उनले प्रत्यक्षतः उर्दू साहित्यबाट नै गजललाई नेपालीमा भित्र्याए । मोतीराम स्वयं उर्दू भाषाको ज्ञाता वा जानकार उनी हिन्दी पनि त्यत्तिकै राम्ररी जान्दथे र त्यसको साथसाथै उनी भारतेन्दु मण्डलीका एक सदस्य पनि थिए । यस आधारमा उनको सामीप्य उर्दू हिन्दीसँग रहेको देखिन्छ । यस आधारमा उनले दुवै उर्दू हिन्दीबाट प्रभावित भई गजललाई नेपालीमा भित्र्याए । त्यतातिर जे जति विवाद भए पनि यो चाहिँ निर्विवाद रहेको छ कि नेपालीमा गजललाई भित्र्याउने मोतीराम भट्ट नै हुन् र उनले सम्बत् १९४० मा भित्र्याएका हुन् ।

यस प्रकार के भन्न सकिन्छ भने मोतीराम भट्ट नेपाली गजलका प्रादुर्भावकर्ता हुन् । जुन समयमा नेपाली साहित्यमा गजलको प्रवेश भयो त्यस समयमा नेपाली साहित्यमा शृङ्गारिकताको

---

[३५] टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास,** (नेपालः अतिरिक्त प्रकाशन, २०५९), पृ. ६ ।

[३६] अमर त्यागी, "नेपाली गजलको विकासमा सगर पत्रिकाको योगदान", **सगर,** वर्षः ८, अङ्कः ३-४, (वीरगन्ज : सगर प्रकाशन समूह, कात्तिक-चैत्र, २०६०), पृ. १ ।

[३७] कृष्णहरि बराल, **गजल, सिद्धान्त र परम्परा** (ललितपुर : सा.प्र. २०६५), पृ. : १८६ ।

प्रवाह उपस्थिति थियो । सम्भवतः त्यसैले होला मोतीराम भट्टलाई गजलले नेपाली साहित्यमा भित्र्याउँदा कठिनाइको सामना भएन किनभने गजलको सर्वसम्मत वर्ण्य विषय नै शृङ्गार र प्रेम रहेको थियो । आजको स्थिति पहिलाभन्दा फरक छ । यसरी उर्दू शैलीको यो गजल नेपाली भाषामा भित्र्याउने श्रेय मोतीरामलाई नै छ। उनी बनारस लामो समयसम्म नबसेका भए सम्भवतः यो गजल शिल्प नेपाली काव्य जगत्मा यसरी व्यापक हुनसक्ने थियो कि थिएन, शङ्का छ ।[३८]

नेपालमा मोतीराम भट्टले 'मोती मण्डली'को स्थापना गरी गजल लेखन परम्पराको थालनी र त्यसको विकास गरेका थिए ।[३९] उनको मण्डलीमा नरदेव, लक्ष्मीदेत्त, गोपीनाथ आदि थिए ।[४०] मोतीयुगमा रचिएका गजलहरूको एउटा सङ्ग्रह "सङ्गीत चन्द्रोदय"[४१] नामक कृतिका रूपमा प्रकाशन पनि भएको छ। त्यसपछि भीमनीधि तिवारी, शम्भुप्रसाद ढुङ्ग्याल, उपेन्द्र बहादुर जिगर आदिले नेपाली गजलको विकासमा योगदान पुऱ्याए ।[४२] मोती युगपछि भीमनीधि तिवारी र उपेन्द्रबहादुर जिगरका क्रमशः वि.सं. १९९३ र १९९६ का बयासी र बीस गजल अनि एक सय एक गजल[४३] सङग्रहहरूको प्रकाशनपछि फाटफुट रूपमा मात्र लेखिँदै रहेको नेपाली गजल यात्रामा झण्डै चार दशकसम्म सुषुप्ति छायो । त्यसपछि २०३६ तिर ज्ञानुवाकर पौडेलले नेपाली गजलको पुनर्जागरण गरे । त्यसपछि नेपाली गजल लेखनमा बाढी नै आयो ।

हिजोआज प्रत्येक कविले एउटा न एउटा गजल लेखेकै हुन्छ । यो गजलको लोकप्रियता हो । यस आधारमा गजल आज सर्वाधिक लोकप्रिय भइसकेको छ । वर्तमान समयमा गजलकारहरूको लामो सूचि तयार भइसकेको छ। अब त गजलमा खण्डकाव्य र महाकाव्यसमेत प्रकाशित भइसकेका छन् । नेपालमा नेपाली भाषाका अतिरिक्त मैथिली, भोजपुरी, नेवारी, थारु अवधी आदि भाषामा गजल लेखनपरम्परा जीवित रहेको छ । गजलको विस्तारित काव्यरूप सृजना गर्ने लहरमा सर्वप्रथम चितवनका गजलकारद्वय केशवराज आमोदी र विमलप्रकाश देवकोटाको गजलदीपिका (२०६०) शोधकाव्य, केशवराज आमोदीकै जलतरङ्ग (२०६०) गजलकाव्य, शिव प्रणतको कुन्ती (२०६१) गजलकाव्य आयो । अब गोपाल अश्कको "प्रेमान्तर" गजल महाकाव्य नै आएको छ ।[४४]

---

[३८] शरद्चन्द्र शर्मा भट्टराई र अन्य (सं.) **मोतीराम भट्ट र संसर्गी कवि** (काठमाडौं : ने.रा.प्र.प्र. २०६०), पृ. : २४ ।

[३९] ऐजन ।

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] ऐजन ।

[४३] ऐजन ।

[४४] अमर त्यागी, **प्रेमान्तर** गोपाल अश्क (काठमाडौं : व.प्र.प्र. २०६२) पृ. :

आज असङ्ख्यक कलमले गजल लेखनलाई अङ्गीकार गरेका छन् । नेपाली गजल संसारमा चर्चित गजलकारहरूमध्ये प्रमुख हुन्- ज्ञानुवाकर पौडेल, मनु ब्राजाकी, धर्मोगत शर्मा तूफान ललिजन रावल, बूँद राना, घनश्याम न्यौपाने 'परिश्रमी' रवि प्राञ्जल, गुलाब खेतान, खगेन्द्रप्रसाद बस्याल, दुवसु क्षेत्री, अमृतलाल श्रेष्ठ, गोविन्द गिरी प्रेरणा, केशव प्रधान, चक्रव्यूह क्षेत्री, धीरेन्द्र मल्ल, कृष्णहरि बराल, दिव्य गिरी, धीरेन्द्र प्रेमर्षि, अभिनाश श्रेष्ठ, ध्रुव मधुकर्मी, प्रकट पंगेनी शिव, काली प्रसाद रिजाल, अमर त्यागी, लव गाउँले, प्रमोद प्रधान, भरत भारद्वाज, युवराज नयाँघरे, विवश पोखरेल, विजय बजिमय, वियोगी बुढाथोकी, रमेश दीक्षित, मनु पौडेल, राजेश्वर रेग्मी, नरेन्द्रराज प्रसाई, खुश्बुराज शाही । यसैगरी बलराम बञ्जारा, पुष्कर माथेमा, रमेश पौडेल, रत्न प्रजापति, पूर्ण रञ्जितकार, केशव आचार्य, सानुराजा श्रेष्ठ अन्जान, पुष्पहरि क्याम्पा राई, रत्नशमशेर थापा, मञ्जु काँचुली, वसन्तप्रकाश उपाध्याय, राम अविराम बद्रीलाल श्रेष्ठ, कुमार शिशिर, यज्ञविक्रम शाही, श्रेष्ठ प्रिया पत्थर जस्ता गजलकारहरू नेपाली गजल क्षितिजमा उदाएका छन् । ।

अर्जुन सापकोटा, भरतराज पन्त, विष्णुबहादुर सिंह, लक्ष्मण बोगटी, गोपाल अश्क, इन्द्रकुमार श्रेष्ठ, काशीराम विरस, पूर्णभण्डारी पंकज, रामलाल जोशी, ज्ञान उदास, विजय सुब्बा, जुनु क्षेत्री पनि आदि गजल साधकको रूपमा लोकप्रिय छन् ।

नेपाली साहित्यिक धरातलमा आज एकातिर गजल विधातर्फ आकर्षित कविहरूको सङ्ख्यामा दिन प्रतिदिन वृद्धि हुनुका साथै प्रचुर मात्रामा गजलका बीउहरू उम्रिरहेका छन् भने अर्कातिर साहित्यिक र साङ्गीतिक विकासहरूबाट यसको संरक्षण र सम्वर्द्धनहेतु खासै चासो देखाएको पाइँदैन । गजललाई विधागत रूपमा शैक्षणिक क्षेत्र वा संस्थाहरूले पाठ्यक्रममा स्थान नदिनु तथा साङ्गीतिक क्षेत्रले सङ्गीतबद्ध गरी रेकर्डिङ गर्ने कार्यमा कदम नचाल्नु वस्तुतः यस विधाप्रति गरिएको घोर अन्याय र उपेक्षा हो भन्दा फरक नपार्ला ।[४५]

उपेक्षा र अन्यायको घाममा पनि गजलले आफ्नो निम्ति साधकहरू खोज्दै अगाडि बढिरहेको छ । जसले जे भने पनि नेपाली साहित्यमा गजलले एउटा पृथक् स्थान बनाइसकेको छ । यसको विषयवस्तुदेखि लिएर शिल्पशैलीको क्षेत्रमा पनि विस्तार आएको देखिन्छ । आज प्रत्येक काव्यमञ्च अब त विशुद्ध गजल मञ्च नै सम्पादित हुन थालेको छ । मात्र गजल पाठ हुन्छ । प्रत्येक साहित्यिक पत्रपत्रिकामा गजल प्रकाशित भइरहेका छन् । गजलप्रधान पत्रिका पनि प्रकाशित भइरहेका छन् । गजलको विकासका निम्ति राजधानी तथा राजधानी बाहिर सङ्घ संस्थाहरू खुलेका छन् ।

यसरी नेपालीमा गजलको विकास तीव्र रूपमा भएको छ । यसको वर्तमान स्थिति सन्तोषजनक र भविष्य उज्ज्वल रहेको छ ।

[४५] डा. घनश्याम न्यौपाने 'परिश्रमी', **साहित्य सन्दर्भ,** पूर्ववत्, पृ. : ७९१ ।

### ३.१.५ गजलका आधारभूत तत्त्वहरू

गजलमा भएको प्रभावोत्पादक शक्तिले गर्दा आज प्रत्येक कवि गजल लेख्न चाहन्छ तर गजलका आवश्यक तत्त्वहरूको ज्ञानविना राम्रो गजल लेख्न सकिँदैन । गजल निर्माणको क्रममा निम्न कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ तत्त्वहरूको यहाँ सङ्क्षिप्त अध्ययन गरिँदैछ ।

गजलका आवश्यक तत्त्वहरूको निर्वाहविना गजल लेख्न गाह्रो छ । त्यसको अभिज्ञान गजल निर्माण प्रक्रियाको बाटो त्यत्ति सरल छैन । तत्त्वहरूको आधारमा साहित्यिक विधाको स्वतन्त्र पहिचान हुने गर्दछ । गजलका तत्त्वहरूका बारेमा बडो सौन्दर्यका साथ उर्दूका महाकवि गालिबको आफ्नो प्रियतमालाई सम्बोधन गरेर लेखेको शेरमा भनेका छन् । उनको मतानुसार एउटा शेरमा प्रयुक्त इबारत वा शैली इशारत वा इसारा वा सङ्केत र अदा वा हाउभाउ वा प्रस्तुतिकला नै गजलका आन्तरिक तत्त्व हुन् । गालिबको त्यो शेरः

बला -ए. जाँ है गालिब उसको हरबात

इबारत क्या, इशारत क्या, अदा क्या है[४६]

### ३.१.५.१. सेर

सेर अरबी शब्द हो । यसको अभिधा अर्थ केश अर्थात् कपाल हो ।[४७] विषयका दृष्टिले परस्पर सम्बन्धित एउटै वजन (लघु-गुरु-क्रम) का दुई पङ्क्तिलाई शेर भनिन्छ । गजलका लागि यो एउटा अपरिहार्य अङ्ग हो । वस्तुतः शेर गजलको एकाइ हो । जसरी कुनै युवतिको सौन्दर्यमा उसको कपालले बढी भूमिका खेलेको हुन्छ त्यसरी नै गजललाई रूपात्मक र भावात्मक सौन्दर्य प्रदान गर्नमा शेरले बडो महत्वपूर्ण भूमिका खेलेको हुन्छ । एउटा शेरमा दुई पङ्क्ति हुन्छन् । शेरको प्रथम वा माथिल्लो पङ्क्तिलाई सिमरा ए-उला र द्वितीय वा तल्लो पङ्क्तिलाई सिमरा-ए-सानी भनिन्छ ।[४८] हरेक शेरको मिसरा ए उलाले कुनै विषयको उपस्थापन गर्दछ र मिसरा ए सानीले त्यसलाई पुष्टि गर्दछ । यसरी के भन्न सकिन्छ भने गजल शेरहरूको योगबाट बन्दछ र त्यसमा मिसरा (पङ्क्ति)को संयोजन रहेको हुन्छ ।

हिजोआज गजलमा विषम सङ्ख्या आवश्यक देखिँदैन । गजलमा कति शेर अर्थात् शेरहरूको सङ्ख्या कति हुने भन्ने बारेमा पनि मतैक्य देखिँदैन । परम्पराअनुसार एउटा गजलमा शेरहरूको सङ्ख्या कम्तीमा ५ र बढीमा १७ हुनु पर्दछ । तर हिजोआज यो परम्परा पनि खण्डित भएको देखिन्छ । यति हुँदाहुँदै, सर्वसम्मतबाट प्रचलनमा देखिएको आधारमा के भन्न सकिन्छ भने एउटा गजलमा पाँच वा ७ वटा शेरहरूको सङ्ख्या हुनुलाई राम्रो र उचित मानिएको छ । यसो त कतिपय गजलकारहरूले अधिक शेरहरूलाई आफ्ना गजलहरूमा प्रयुक्त गरेको पाइन्छ ।

---

[४६] मनु ब्राजाकी, **गजलगाथा,** समकालीन साहित्य, पूर्ववत्, पृ. ५० ।

[४७] जगन्नाथ, **गजल के शिल्पविधान,** पूर्ववत्, पृ. : २४ ।

[४८] ऐजन ।

### ३.१.५.२. मिसरा

पङ्क्तिलाई अरबी भाषामा मिसरा भनिन्छ ।[४९] गजलका प्रत्येक पङ्क्ति नै मिसरा हो । तर एउटा मिसरा पङ्क्ति आफैमा पूर्ण हुन सक्दैन । पूर्णताको लागि दुई मिसराको एक योग हुनु आवश्यक छ । मिसराको जोडी भएपछि त्यो शेर हुन्छ । अर्को शब्दमा के भन्न सकिन्छ भने शेर दुई हमवजन वा सममात्रिक मिसराको योग हो ।[५०]

### ३.१.५.२. (क) मिसरा ए-उला

गजलमा प्रयोग भएका हरेक शेरहरूको पहिलो मिसरा पङ्क्तिलाई मिसरा ए-उला भनिन्छ ।[५१]

### ३.१.५.२. (ख) मिसरा ए सानी

गजलमा प्रयोग भएका हरेक शेरहरूको दोस्रो मिसरा वा पङ्क्तिलाई मिसरा ए सानी मानिन्छ ।[५२] उर्दू साहित्य जमातमा मिसरा-ए-उला दिएर मिसरा-ए- सानी जोड्ने पद्धति पनि रहेको पाइन्छ । नेपाली साहित्यमा यसलाई समस्यापूर्ति भनिन्छ ।

### ३.१.५.३. मतला

सामान्यतः शेरका दुइटै पङ्क्ति भिन्न तुकान्त हुन्छन् तर जुन सेरका दुवै पङ्क्तिसमतुकान्त हुन्छन् । 'मतला' भनिन्छ ।[५३] 'मतला' को कोशीय अर्थ 'प्रारम्भ' वा 'शुरुवात' हुन्छ ।[५४] मुरदफ गजलमा मतलाका दुवै हरफमा काफिया रदिफ अनिवार्य मानिन्छन् भने गैरमुरद्दफ गजलमा मतलाका दुवै हरफमा काफिया अनिवार्य मानिन्छ । गजललाई प्रभावशाली बनाउनसटिक मतलाको अहम् भूमिका रहेको हुन्छ ।

### ३.१.५.३.(क) मतला - ए- उला

गजलमा एउटा मतला पनि हुन सक्छ र एकभन्दा बढी मतला पनि हुनसक्छ वा पूरा गजल पनि मतलामा लेख्न सकिन्छ । एकभन्दा बढी प्रयोग भएका गजलको पहिलो मतलालाई मतला ए उला भनिन्छ ।[५५]

---

[४९] ऐजन ।

[५०] ऐजन ।

[५१] ऐजन ।

[५२] ऐजन ।

[५३] ऐजन

[५४] ऐजन ।

[५५] ऐजन, पृ. २५ ।

### ३.१.५.३ (ख) मतला-ए-सानी

एकभन्दा बढी मतला भएको गजलमा मतला ए-उला पछि आउने मतलालाई मतला -ए-सानी भनिन्छ । तेस्रो मतलालाई मतला ए-सोम र चौथो मतलालाई मतलाए चहारम भनिन्छ ।[५६]

तर गजलमा मतला लेख्न कठिन धर्म हो । तुक्का मिलाउने क्रममा कहिलेकाही मतलाका दुवै शेर भिन्न भिन्न अर्थबोधक हुनजान्छन् । मतला पनि शेर नै हो र शेरका दुवै पङ्क्तिमा परस्पर सम्बन्ध कायम हुनु जरुरी हुन्छ ।

### ३.१.५.४ मकता

गजलको अन्तिम शेरलाई मकता भनिन्छ तर त्यसको लागि एउटा अनिवार्य शर्त के छ भने त्यो अन्तिम शेरमा गजलकारको नाम वा उपनाम हुनुपर्दछ । जुन गजलको अन्तिम शेरमा गजलकारको नाम वा उपनाम राखिएको हुँदैन त्यसलाई मकताको शेर नभनी गजलको अन्तिम शेर भनिन्छ । यसो यो ‘मकता’ शब्द अरबी शब्द हो, र यसको कोशीय अर्थ काटेको हो ।[५७]

### ३.१.५.५ रदिफ

रदीफ अरबी शब्द हो । यसको शाब्दिक अर्थ पछि आउनेवाला हुन्छ ।[५८] गजलमा काफियाको पछि आउने शब्द वा शब्द समूह हो । यसलाई यसरी पनि भन्न सकिन्छ गजलमा मतलाका दुवै मिसराको अन्त्यमा र पछिको हरेक शेरको दोस्रो, मिसराको अन्त्यमा जुन शब्द वा शब्द समूह आउँछ त्यसलाई नै रदिफ भनिएको हो ।

### ३.१.५.५. (क) एकल रदीफ

कुनै पनि गजलका शेरहरूमा रदिफको भूमिकाका रूपमा यदि एउटा मात्रा शब्द प्रयोग भएको छ भने त्यस्तो रदिफलाई एकल रदिफ भनिन्छ ।[५९]

### ३.१.५.५. (ख) बहुल रदीफ

कुनै पनि गजलका शेरहरूमा रदिफको भूमिकाका रूपमा यदि दुई वा दुइभन्दा बढी शब्दहरूको उपेक्षा भएको छ भने त्यस्तो रदिफलाई बहुल रदीफ भनिन्छ ।[६०]

---

[५६] ऐजन ।

[५७] ऐजन ।

[५८] ऐजन ।

[५९] ऐजन ।

[६०] ऐजन ।

### ३.१.५.६ मुरद्दफ गजल

जुन गजलमा रदिफको प्रयोग हुन्छ । त्यसलाई मुरद्दफ गजल भनिन्छ ।[६१]

### ३.१.५.७ गैरमुरद्दफ गजल

जुन गजलमा काफियाको मात्र प्रयोग भएको हुन्छ र रदिफको प्रयोग भएको हुँदैन त्यसलाई गैरमुरद्दफ गजल भनिन्छ ।[६२]

एउटा कुरा, विना रदिफको त गजल निर्माण हुन सक्दछ । विना काफियाको गजल निर्माण हुन सक्दैन ।

### ३.१.५.८ काफिया

गजलका अनिवार्य घटकको रूपमा काफियालाई लिइएको छ किनभने यात्राको उपस्थिति विना गजलको निर्माण हुनै सक्दैन अर्थात् काफिया गजलको लागि नभई नहुने तत्त्व हो । यो अरबी भाषाको शब्द हो । गजलमा रदिफ अघि एउटै आवाज वा स्वरको शब्दलाई काफिया भनिन्छ ।[६३] यसको प्रयोग तुक मिलाउनका लागि गरिन्छ । काफिया तीन प्रकारका हुन्छन्:

### ३.१.५.८ (क) पूर्ण शब्द काफिया

एक वजन (भार)का अन्त्यानुप्रसायुक्त काफियाका शब्दहरूलाई सजा मुतवाजी काफिया भनिन्छ ।[६४] यस्ता काफियालाई पूर्ण शब्द काफिया पनि भनिन्छ । जस्तैः भाड्ने, माड्ने, गाड्ने, छाड्ने, हुने, छुने, रुने, भाउ, हाउ, ताउ, दाउ, घाउ आदि स्वरको समता भएका शब्दहरू नै सजा मुहवाजी अर्थात् पूर्णसमभार काफियाको रूपमा प्रयोग हुन्छन् ।

### ३.१.५.८ (ख) शब्दाशं काफिया

यस्ता शब्दहरू जुन अन्त्यानुप्रास हुन्छन् तर समभार हुँदैन सजा मुतरर्फ काफिया कहलाउँछन् ।[६५] यसलाई शब्दांश काफिया पनि भन्न सकिन्छ ।

घर, नजर बगर तथा शान, असान, वरदान आदि असमसार काफिया हुन् ।

---

[६१] ऐजन ।

[६२] ऐजन ।

[६३] जगनाथ, गजल के शिल्पविधान, पूर्वद्ध, पृ. : २६ ।

[६४] ऐजन ।

[६५] ऐजन ।

### ३.१.५.८. (ग) एकाक्षरी काफिया

एकाक्षरी काफिया पनि हुनसक्छ तर त्यसको शर्त के हो भने ती शब्दहरू स्वर शब्द हुनु पर्छ । अर्थात् आ,ई,ऊ,ए, ओ दीर्घ स्वरलाई काफियाको रूपमा प्रयुक्त गर्न सकिन्छ ।[६६]

आहाराको काफिया सामना हुनसक्छ जवानीका काफिया उदासी हुनसक्छ तर यस्तो प्रयोग नेपालीमा गरिएको पाइँदैन ।

### ३.१.५.८. (घ) मिलित काफिया

गजलको विभिन्न शेरमा काफिया हेतु उपयुक्त संरचनात्मक दुईवटा फरक शब्द वा तिनका मिलेर बन्ने काफियालाई मिलित काफिया भनिन्छ ।[६७] बन्छ, भन्छ, खन्छ जस्ता काफियामध्ये हमकाफियाका रूपमा आउने अन्त्यानुप्रास भएका मन छ, पन छ, आँगन छजस्ता पदहरू मिलित काफिया हुन् ।

### ३.१.५.९. जमीन

जमीनको शाब्दिक अर्थ धर्ती हो । गजलमा यसलाई मात्रिक समानता भनिन्छ ।[६८] कुनै गजल समान मात्रामा लेखिएको हुन्छ भने त्यसलाई एउटै जमीनको गजल भनिन्छ ।

### ३.१.५.९ (क) वजन

वजनको अर्थ भार हो । मात्रिक भार वा वजन शब्द वा शब्द समूहको लघु-गुरु-क्रम वा मात्रा हो ।[६९] गजलको पहिलो मिसरा जति वजन (मात्रा) मा हुन्छ पछिका मिसराहरू पनि त्यति वजन (मात्रा)मा हुनुपर्छ ।

### ३.१.५.९ (ख) बहर

बहर भनेको छन्द हो । यो अरबी स्त्रीलिङ्गी शब्द हो ।[७०] गजलका आवश्यक तत्त्वहरूमध्ये 'बहर' एक आवश्यक तत्त्व हो । संस्कृत परम्परामा पिङ्गल छन्दमा लागि आठ गण (ऽ।।) जग (।ऽ।) सगण (।।ऽ) यगण (।ऽऽ) रगण (ऽ।ऽ) तगण (ऽऽ।) मगण (ऽऽऽ) र नगण (।।।) भएभैं गजल लेखनको लागि आठवटा रुक्न रहेका छन् । रुक्नको तालिका यसप्रकार छ ।

---

[६६] ऐजन ।

[६७] ऐजन, पृ. २८ ।

[६८] ऐजन, पृ. ३१ ।

[६९] ऐजन, पृ. ३५ ।

[७०] ऐजन पृ. ३६ ।

**रुक्न तालिका**

| क्र.सं. | रुक्न | सङ्केत | मात्रा |
|---|---|---|---|
| १ | मफाईलुन | ISS | १,२,२,२, (ल.गु.गु.गु.) |
| २. | मुस्तफ्इलुन | SSIS | २,२,१,२, (गु,गु,ल,गु) |
| ३. | फाइलतुन | SISS | २,१,२,२, (गु.ल.गु.गु) |
| ४. | फउलुन | SIS | २,१,२ (गु.ल.गु) |
| ५. | फाइलुन | SIS | २,१,२ (गु.लु.गु.) |
| ६. | मुतफाइलुन | IISIS | १,१,२,१,२ (ल.ल.गु.ल.गु) |
| ७. | मुफाइलतुन | ISIIS | १,२,१,१,२ (लु.गु.ल.ल.गु) |
| ८. | मफ्ऊतातु | SSSI | २,२,२,१ (गु.गु.गु.ल) |

बहर तीन प्रकारका हुन्छन् ।[७१] ती मुफरद बहर (मूलछन्द) मुरक्कब वहर (मिश्रित छन्द) र मुजाहिक छन्द (परिवर्तित बहर) हुन्छ ।

संस्कृत र अरबी बहरवीच समानता पनि भेटिन्छ । केही संस्कृत परम्पराको पिङ्गल र फारसी उर्दूका समरूपी बहरहरू यसप्रकार छन् ।[७२]

| क्र.सं. | पिङ्गल छन्द | बहर |
|---|---|---|
| १ | मुजङ्गप्रयात | बहरे मुतकारिब मुसम्मन सालिम |
| २. | सोमराजी | बहरे मुतकारिब मुरब्बा सालिम |
| ३. | मुजङ्गी | बहरे मुतकारिब मुसम्मन महजुफ |
| ४. | इन्द्रवज्रा | बहरे मुतकारिब अस्त्यम मुकबुज |
| ५. | स्रग्विणी | बहरे मुल्दारिक मुसम्मन सालिम |
| ६. | विद्युत्माला | बहरे मुल्दारिक मुसम्मन सालिम |
| ७. | महालक्ष्मी | बहरे मुतदारिक मुसद्दस सालिम |
| ८. | प्रमदा | बहरे कामिल मुस्कान सालिम |
| ९. | संयुक्ता | बहरे कामिल मुरब्बा सालिम |
| १०. | विमोहा | बहरे मुतदारिक मुरब्बा सालिम |
| ११. | ताटङ्क | बहरे मुतदारिक मुक्तुअ महजुफ |
| १२. | चन्द्र | बहरे मुतदारिक मुसम्मन महजुफ |
| १३. | द्रुता | बहरे मुतदारिक मुजाहिफ |
| १४. | दिक्पाल | बहरे मुल्दारिक मुजाहिफ |

---

[७१] ऐजन पृ. ३५ ।

[७२] ऐजन, पृ. : ७१ ।

| | | |
|---|---|---|
| १५. | पञ्चचामर | बहरे मुजारे मुसम्मन अखरव |
| १६. | मधुमालती | बहरे रजज मुरब्बा सालिम |
| १७. | हरिगीतिका | बहरे रजज मुक्तुअ महजुफ |
| १८. | रूपमाला | बहरे रमल मक्तुअ महजुफ |
| १९. | मेनका गीतिका | बहरे रमल मुसम्मन महजुफ |
| २० | माधवमालती | बहरे रमल मुसम्मन सालिम |
| २१. | मनोरम | बहरे रमल मुरब्बा सालिम |
| २२. | मालिका | बहरे रमल मुरब्बा सालिम |
| २३. | विजान | बहरे हजज मुरब्बा मक्तजुम |
| २४. | चामर तुणक | बहरे हजज अख्तर मकबुज |
| २५. | सुमेरु | बहरे हजज मुसम्मन सालिम |
| २६. | विधाता | बहरे हजज मुसम्मन सालिम |
| २७. | तोटक | बहरे हजज अखरव अजतर मुसद्दस |
| २८. | सिन्धु | बहरे हजज मुसद्दत सालिम |
| २९ | दिगम्वर | बहरे हजज मुसम्मान महजफ |
| ३०. | पीयुषवर्षा | बहरे हजज मुसद्दस महजुफ |
| ३१. | प्रकाणिका | बहरे हजज मुरब्बा सालिम |

### ३.१.६ निष्कर्ष

गजल अरबी भाषाको शब्द हो । यसले साहित्यिक मान्यता फारसीमा पाएको हो र हिन्दी उर्दू हुँदै विकसित भएको छ । गजल वर्तमान समयमा भारोपेली भाषामा प्रमुखताका साथ लेखिने र सर्वाधिक पाठक मनद्वारा सहर्ष स्वीकारिने लोकप्रिय काव्य विधा हो । यसको उत्पत्ति फारसीबाट भएको मानिन्छ । 'गजल' शब्द अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो जसको कोशीय अर्थ नारीको कुराकानी वा नारीसितको कुराकानी हो । परम्पराअनुसार नारीसितको गजलका लागि नव्य विषय प्रेम, शृङ्गार, विरह र मेल हुनुपर्दछ तर वास्तविकता के हो भने हिजोआज गजल प्रेमको सेरोफेरोमा मात्र चक्कर लगाउँदैन । त्यसको विषयवस्तुमा आयाम, संरचनामा निकै विस्तार आएको छ । आज गजलको विषय सामाजिक विद्रूषता, राजनीतिक प्रदूषण, धार्मिक उन्माद, देशभक्ति, प्रेम, शृङ्गार आदि विषयवस्तुका रूपमा रेखाङकित भएको छ ।

## ३.२ नेपाली गजल परम्परा

### ३.२.१ पृष्ठभूमि

अरबी भाषाका यौगिक शब्द गजल सारसी भाषामा साहित्यिक मान्यता पाएर हिन्दी उर्दू र नेपाली भाषा हुँदै विकास र विस्तार भएको साहित्यिक पद्यविधा हो ।

गजलको साहित्यिक प्रतिष्ठा र लोकप्रियताको यथार्थलाई लगभग प्रत्येक साहित्यिक जगत्ले स्वीकार गरिसकेको छ । आज हरेक कविले गजलकार बन्ने इच्छा राखेको स्थिति छ । आज लोकप्रिय विधाहरूमध्ये एकको रूपमा आफ्नो स्थान स्थापित गराइसकेको छ । हिजोसम्म गजलको नाउँ सुन्न नचाहनेहरू पनि आज लुकिछिपिकन गजल गुनगुनाउन थालेका छन् । सार्वजनिक मञ्चमा गजलको आलोचना गर्ने स्वनामधन्य समीक्षक तथा काव्यसाधकहरू पनि एकान्तको पीडा कम गर्नका लागि आफ्नो साथीको रूपमा गजललाई अपनाउन थालेका छन् ।

यो गजलको विशेषता नै हो । हिजो कोही नर्तकी, गाउँने, नाच्ने, कोठा वा मुजरामा सीमित रहेको गजल आज प्रत्येक भावुक मन तथा कलम साधकहरूको कोठामा आफ्नो स्थान सुरक्षित बनाइसकेको छ । गजलमा रहेका कलागत, उक्तिवैचित्र्य उखानटुक्काको सार्थक प्रयोग र वर्ण्य विषयवस्तुजस्ता आन्तरिक गुणहरूको कारणले गर्दा गजललाई यो प्रतिष्ठा प्राप्त हुनसकेको छ ।

नेपाली साहित्यमा गजलको अनुकूल वातावरण थियो र नेपाली साहित्यमा गजल लेख्न परम्पराको विकास नेपाली साहित्यमा गजलको आगमनदेखि वर्तमानसम्मको समयबोध तथा गजलको यात्राबारे समुचित अध्ययन हुनु आवश्यक देखिन्छ ।

### ३.२.२ नेपाली गजलको उद्भव

कुनै पनि विचार, सिद्धान्त, धारा, विधाको आगमनका पछाडि त्यस बखतका सामाजिक र आर्थिकका साथसाथै राजनीतिक अवस्थाको भूमिका बडो महत्त्वपूर्ण रहेको हुन्छ । प्रकाशको आवश्यकता तब मात्र हुन्छ जब अँध्यारोको सीमा आफ्नो अन्तिम विन्दुसम्म पुगेको हुन्छ । कहिलेकाहीँ घोर अन्याय, अत्याचार, सामन्तवाद र शोषणको विरुद्धमा हात नउठेर आवाज नउठेर भगवानको शरणमा जाने गर्दछ । वीररसको अर्को पक्षको रूपमा भक्तिरस उठ्ने गर्दछ । नेपालमा पनि यही भएको थियो ।

नेपाली साहित्यमा गजल भित्रिने समय यस्तै खालको रहेको थियो भन्नु पर्दा कुनै अतिशयोक्ति हुँदैन । नेपालको राजनीतिक पृ.भूमिले पनि सकारात्मक भूमिका निर्वाह गरेको थियो । राणा शासकहरूको जहानियाँ सोच र विचारका कारणले नेपाली जनजीवन आक्रान्त थियो । त्यसबखत नेपालको साहित्यमा मोतीराम भट्टको लेखनीद्वारा माध्यमिक कालको शुरुवात भयो ।

गोत्रहत्या, जातिहत्या र चरम अन्यायद्वारा शासक बन्न पुगेका राणाहरू शासनका मात्र होइन, मनोरञ्जनमा पनि भोका थिए । मनोरञ्जनका लागि दरबारमा नाच, गान, शायरी, नाटक आदिको समायोजन हुने गर्दथ्यो । नेपाली जनतासँग वाक्स्वतन्त्रता थिएन । आफ्नो इच्छाअनुसार बोल्न पाइन्नथ्यो, लेख्न पाइन्नथ्यो । यस्तै खालको प्रतिकूल वातावरणमा कविसाहित्यकाहरूले आफ्नो रचनामा शृङ्गार रसको प्रयोग गर्न थाले ।

नेपाली साहित्यमा यो समय श्रृङ्गार र प्रेमपरम काव्य रचनाको समय थियो । वीर शमशेरको शासनकालमा दरबारमा सुरासुन्दरी नाच, गानको बडो महत्त्वपूर्ण स्थान रहन गयो । यसै क्रममा संस्कृत साहित्यका श्रृङ्गारिककालीन नेपाली कविता वातावरणमा राणा दरबारका भोगविलासको मानसिकता र तत्कालीन अवस्थाको प्रभाव परेको देखिन्छ । गजलपरम्परा पनि यसैको उपज हो ।[७३]

यसले प्रमाणित के गर्दछ भने प्रारम्भमा गजल केवल मनोरञ्जनको लागि लेखिन्थ्यो । यो सही पनि हो । गजल आफ्नो शुरुको दिनमा प्रेम, श्रृङ्गार र मिलन र विरहको भूमरीमा नै सीमित थियो र यसको प्रयोग मनोरञ्जनकै लागि महफिलमा जम्थ्यो ।

नेपाली साहित्यमा गजल एकाएक भित्रिइएको होइन । यसका लागि नेपाली साहित्यकारहरूको बडो परिश्रम र साधना लुकेको छ । विभिन्न रूपमा गजल नेपालीभन्दा पहिला हिन्दी साहित्यमा अवतरित भएको हो । अहिलेसम्मको शोध र अनुसन्धानअनुसार नेपालमा गजललाई भित्र्याउने र साहित्यकै मानप्रतिष्ठाको लागि सार्थक कोसिस गर्ने श्रेय युवाकवि मोतीराम भट्टलाई नै जान्छ ।

मोतीराम भट्ट त्यसबखत भारतको वनारसमा अध्ययनरत थिए । आधुनिक हिन्दी साहित्यका प्रवर्तक मानिने भारतेन्दु हरिश्चन्द्र (सन् १८५०-१८८५) का सम्पर्कमा आएर भारतेन्दु मण्डलीको राम्रो प्रभावमा परे ।[७४] हिन्दी, उर्दू, फारसी र अङ्ग्रेजी भाषाका ज्ञातासमेत रहेका[७५] नेपाली भाषी कवि मोतीराम भट्टको मनमा गजललाई नेपाली साहित्यमा भित्र्याउने इच्छा जागृत भयो र वि.सं. १९४० को समयमा मोतीराम भट्टले गजललाई नेपाली साहित्यमा भित्र्याउने काम गरे ।

मोतीराम भट्ट स्वयं गजल लेख्दथे र आफ्ना संसर्गी साहित्यकारहरूलाई पनि गजल लेख्न लगाउँथे । उनले मोतीमण्डलीको स्थापना गरी गजललाई नेपाली साहित्यमा विकसित र विस्तृत गराउने कार्यसमेत गरे । यसरी नेपाली साहित्यमा माध्यमिक कालमा अर्थात् वि.सं. १९४० तिर गजलको उद्भव भएको हो ।

### ३.२.३ नेपाली गजलको विकास

अहिलेसम्मको खोज र अनुसन्धान अनुसार नेपाली साहित्यमा उर्दू काव्य साहित्यको निकै लोकप्रिय विधा गजललाई भित्र्याउने र साहित्यिक मानसम्मान दिलाउने मोतीराम भट्ट हुन् अर्थात्

---

[७३] टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास,** (नेपाल : अतिरिक्त प्रकाश, २०५९), पृ. : ३४ ।

[७४] ऐजन ।

[७५] ऐजन ।

मोतीराम भट्ट नेपाली गजलका प्रवर्तक हुन् । वि.सं. १९४० तिर यिनले गजललाई नेपाली साहित्यमा प्रवेश गराए । मोतीराम भट्ट छोटो आयु बाँचेर आफ्नो इहलीला समाप्त गरे ।

मोतीराम भट्ट आफ्नो वनारसको प्रवासमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएको कुरा लगभग सर्वसम्मत छ । भारतेन्तु हरिश्चन्द्रले आफ्नो मण्डलीका सदस्यहरूबाट समस्यापूर्ति गराउने गर्दथे । त्यसै क्रममा एकपटक भारतेन्दु हरिश्चन्द्रले **कपडा जलाके अपना लगा आग तापने** भन्ने समस्यामा कवि भट्टले पनि **ऐसा भी बेअकल कही देखा है आपने** भनी समस्या समाधान गरेका थिए । यसबाट प्रभावित भएर भारतेन्दु हरिश्चन्द्रले कवि मोतीराम भट्टलाई रु.१० पुरस्कारसमेत दिए ।[७६] यो पुरस्कार मोतीको लागि अमूल्य सिद्ध भयो किनभने यो उनको काव्यप्रतिभाको उच्च मूल्याङ्कन थियो ।

त्यसपछि कवि भट्टको मनमा गजललाई नेपाली साहित्यमा पनि स्थापित गराउने उत्कृष्ट इच्छा भयो र उनी नेपाल आएर नेपाली साहित्यमा गजल लेखन प्रारम्भ गरे । यसको लागि उनले 'मोती मण्डली' स्थापना गरे । जसमा उनका संसर्गी कवि नरदेव पाण्डे, राजीवलोचन जोशी, गोपीनाथ लोहनी, लक्ष्मीदत्त पन्त, भोजराज पाण्डे, कालीप्रसाद, देवराज शर्मा आदि सहभागी थिए । यो सत्कार्य वि.सं. १९४४ मा कवि भट्ट काठमाडौं फर्केपछि गरेका थिए ।[७७]

मोतीमण्डलीमा वनारसमा पदमविलास पन्त, काशीनाथ, रङ्गनाथ, चेतसिंह र हेतुबहादुर राना थिए ।[७८] यी काल भने नेपाली काव्यको माध्यमिक काल थियो र यस कालमा शृङ्गाररसका कविताहरूको रचना निकै गरिन्थ्यो । समस्या समाधान वा पूर्तिको क्रम प्रारम्भ भयो र विषयको रूपमा शृङ्गार र प्रेमलाई नै आरोपित गरियो ।

नेपाली साहित्यको माध्यमिक काल युवककवि मोतीराम भट्टको र उनका संसर्गी कविहरूको अमूल्य देनको स्वर्णकाल हो । समस्यापूर्ति गजल शृङ्गारिक कविताहरूका साथै धार्मिक तथा आध्यात्मिक श्लोक पुस्तक पुस्तिकाहरू पनि यस कालमा रचना भएका छन् ।[७९] दुर्गानाथ लोहनी र दुर्गा पाण्डेको सम्पादनमा वि.सं. १९६९ मा प्रथम गजल सङ्ग्रह सङ्गीत चन्द्रोदय प्रकाशन भयो जसमा मोतीराम भट्ट, नरदेव पाण्डे, लक्ष्मीदत्त पन्त इन्दु, गोपीनाथ लोहनी, रत्नलाल हुसेन 'अन्जान' र गजबका गजलहरू समाविष्ट छन् ।[८०] यस सङ्ग्रहबाट नेपाली पाठकमन र गजलकारहरू प्रेरित भएको भान हुन्छ । त्यसपछि पहलमान सिंह स्वाँर, शम्भुप्रसाद ढुङ्ग्याल, शिखरनाथ सुवेदी, तीर्थप्रसाद आचार्य, श्यामजीप्रसाद अर्याल, दीपकेश्वर

---

[७६] नरदेव पाण्डेय, **मोतीराम भट्टको जीवन चरित्र** (काठमाडौं साझा प्रकाशन २०३७) पृ. ३९ ।

[७७] ऐजन, पृ.: ४० ।

[७८] ऐजन ।

[७९] शरदचन्द्र शर्मा भट्टराई, **मोतीराम भट्ट र सङसर्गी कवि** (काठमाडौं ने.रा.प्र.प्र. २०४४), पृ. ७० ।

[८०] गोपीनथ लोहनी र दुर्गादेव पाण्डे, **सङ्गीत चन्द्रोदय** (नेपालः सम्पादक स्वयम् १९६९) ।

लोहनी, कृष्णप्रसाद पौड्याल, चक्रपाणि चालिसे, पारसमणि प्रधान, बालकृष्ण समले पनि गजल लेख्नमा रुचि देखाए तर यीमध्ये शम्भुप्रसाद ढुङ्ग्यालको विशेष स्थान छ । यिनले विशेष रूपमा आफूलाई गजलमा केन्द्रित गरे यिनका अधिक गजलहरू प्रकाशित छन् ।[८१] यिनको योगदान विशेष रूपमै उल्लेखनीय छ ।

माध्यमिककालका साथै श्रृङ्गारिक युगसमेत भनिने मोती युगका नेपाली गजलमा प्रेम नै प्रधान भावधारा रही मूलतः अरबी, फारसी छन्द वा बहरतर्फ अनि रदिफ, काफियामा आदिका पालनतर्फ प्रायः प्रयास भइरहेको र कतिपय राष्ट्रिय सन्दर्भमा असरसमेत परिरहेको पाइन्छ ।[८२] यसपछि नेपाली गजललाई अग्रगति दिने काम भीमनिधि तिवारी र उपेन्द्र बहादुरका कलमले गरे तिवारीका बयासी र बीस गजल मेरीका साथै ६८ गजल फुटकर रूपमा गजलहरू प्रकाशित छन् भने जिगरका एकसय एक गजल प्रकाशित छन् ।[८३] त्यसपछि गजल लेखनमा सक्रियता आउन सकेन र लगभग झण्डै चार दशकजति नेपाली गजल सुषुप्तावस्थामा नै  रह्यो ।

वि.सं. २०३६ सालमा कवि ज्ञानुवाकर पौडेलको प्रयासमा नेपाली गजल पुनर्जागृत भयो ।[८४] त्यसपछि एउटा नयाँ जोसका साथ गजल लेखन अगाडि बढ्यो । २०३६ सालदेखि २०६६ सालसम्ममा गजलले आफ्नो विविध आयाम प्रस्तुत गर्न सफल भयो र सयौं गजलहरू सफल रूपमा प्रकाशन भइसकेका छन् । गजलमा नव नव प्रयोगसमेत भइसकेको छ । गजलको लोकप्रियताका प्रमाण रचयिताबाट पनि लगाउन सकिन्छ र आज प्रत्येक लेखक गजलकार बन्न चाहन्छन् । आज गजल एउटा स्वतन्त्र विधाको रूपमा स्थापित भइसकेको छ ।

नेपाली गजलको विकास एवम् विस्तारलाई राम्ररी बुझ्नका लागि यसको काल विभाजन गर्नु सान्दर्भिक ठहर्छ ।

### ३.२.४ नेपाली गजलको काल विभाजन

वि.सं. १९४० लाई लेपाली गजल लेख्न परम्पराको प्रवेशकाल मान्दा आज नेपाली गजल लेखनको अवधि १२७ वर्षको भएको छ । अब निश्चित रूपमा गजलको यो १२७ वर्षको कालखण्डमा विकासको फट्को मारिसकेको छ । अर्थात् गजलले आफ्नो यस १२७ वर्षको यात्रामा निश्चित रूपमा केही आरोह, अवरोह, आशा, निराशा, जागृत स्वरूप तथा नयाँ आयाम तथा प्राप्त गरेको छ ।

---

[८१] टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास,** पूर्ववत्, पृः ४५ ।

[८२] ऐजन, पृः ३५ ।

[८३] ऐजन, पृ. ४५-४६ ।

[८४] ऐजन, पृः ५० ।

गजलको विकासक्रम निरूपण गर्दा काल विभाजनसम्बन्धी मान्यता र विचारमा विद्वानहरूबीच मतभिन्नता रहेको पाइन्छ । कसैले यसलाई केवल दुई कालखण्डबीच विभाजित गरेका छन् भने कसैले नेपाली गजलको कालखण्डलाई तीन कालखण्डबीच विभाजन गरेका छन् । कसैले मोतीराम देखि प्राथमिक काल, भीमनीधि देखि माध्यमिक काल र ज्ञानुवाकरदेखि आधुनिक काल मान्ने गरेका छन् । ती समीक्षक तथा गजलकार दुबसु क्षेत्री रहेका हुन् ।[८५] अर्का गजलकार तथा समीक्षक विद्वान् ललिजन रावलले मोतीरामदेखि प्राथमिक काल र ज्ञानुवाकर पौडेलदेखि पुनजार्गरण काल भनी दुई कालखण्डमा विभाजन गरेका छन् ।[८६] टीकाराम उदासीले पनि नेपाली गजलको कालखण्डलाई यसै अनुसार दुई चरणमा स्वीकार गरेका छन् ।[८७]

यसैगरी डा.कृष्णहरि बरालले दुई र देवी पन्थीले तीन चरणमा नेपाली गजलको कालखण्डलाई विभाजित गरेका छन् । डा.बरालका अनुसार वि.सं. १९४० देखि २०२५ सम्मको कालखण्डलाई पहिलोचरण, वि.सं. २०२६ देखि हालसम्मको कालखण्डलाई दोस्रो चरण[८८] एवम् पन्थीले वि.सं. १०४० देखि१९९२ सम्मलाई प्राथमिक, १९९३ देखि २०३५ सम्मलाई माध्यमिक र २०३९ देखि हालसम्मलाई आधुनिक कालमा विभाजन गरेका छन् ।[८९]

माथि उल्लेखित विद्वान्हरूको विचारको अध्ययनमनन गर्दा डा.बराल, टीकाराम उदासी र ललिजन रावलको काल विभाजनलाई उपयुक्त मान्न सकिन्छ । कालखण्ड निर्धारण गर्न निश्चित रूपमा केही आधार हुन्छन् । नेपाली गजल लेखनको परम्पराका अध्ययन गर्दा प्रवर्तक मोतीराम भट्टदेखि उपेन्द्रबहादुर जिगरसम्मको कालखण्डमा रचिएका गजलहरू विषयवस्तुका दृष्टिकोणले श्रृङ्गारिक छन् । यस कालखण्डलाई प्राथमिक कालखण्ड वा प्रथम चरण मान्न सकिन्छ ।

त्यसपछि लगभग चार दशक गजल सुषुप्त अवस्थामा नै थियो । यस समयमा फाट्टफुट्टबाहेक गजल लेखिएन त्यस कालखण्डलाई पहिलो चरणमै गाभ्न सकिन्छ भने ज्ञानुवाकर पौडेलको उदयदेखि हालसम्मको कालखण्डलाई दोस्रो चरणमा मान्न सकिन्छ । यसमा पनि ज्ञानुवाकर पौडेलको गजल उदय काल २०३६ देखि २०५० सम्मलाई पूर्वार्द्ध र २०५१ देखि हालसम्मलाई उत्तरार्द्ध मान्न सकिन्छ ।

यसलाई यसरी पनि विभाजन गर्न सकिन्छ ।

१. पहिलो चरण : (१९४०-२०३५) प्रारम्भिककाल

(क) पूर्वार्द्ध : (१९४० - १९९६) सक्रियकाल

---

[८५] दुवसु क्षेत्री, **समसामयीक नेपाली गजल** (काठमाडौं: ब.प्र.प्र.२०५०) पृ: १३४ ।

[८६] ललिजन रावल, **समकालीन नेपाली गजल** (काठमाडौं: बगर प्रकाशन, २०४७) पृ: ६८ ।

[८७] टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली** पूर्ववत्, पृ: ६४ ।

[८८] कृष्णहरि बराल, **गजल सिद्धान्त र परम्परा** (ललितपुर साझा प्रकाशन, २०६६) पृ.

[८९] देवी पन्थी, **गजल सिद्धान्त र समालोचना** पूर्ववत्, पृ. : ४५ ।

(ख)	उत्तरार्द्ध (१९९७- २०३५) निष्क्रियकाल

२.	दोस्रो चरण : (२०३६- २०५०) आधुनिककाल

(क)	पूर्वार्द्ध (२०३६-२०५०) पुनर्जागरण काल

(ख)	उत्तरार्द्ध (२०५१-२०५०) उर्वरकाल

**३.२.४.१. प्रथम चरणका गजलकार र गजल कृतिहरू (सं.१९४१-२०३२)**

नेपाली गजलको प्रवेश युवाकवि मोतीराम भट्टले गरेका हुन् । यसर्थ मोतीराम भट्ट नेपाली गजलका प्रवर्तक हुन् । यिनको योगदान नेपालीमा सम्वत् १९४० तिर गजललाई भित्र्याए र आफ्नो नामधारी मण्डली मोतीमण्डलीको स्थापना गरे । त्यसमा **नरदेव पाण्डे**, **राजीव लोचन जोशी**, **गोपीनाथ लोहनी**, **लक्ष्मीदत्त पन्त**, **भोजराज पाण्डे**, **रालीप्रसाद**, **डोलेश्वर पाण्डे**, **देवराज शर्मा** आदि सम्मिलित थिए । मोतीराम भट्ट स्वयम् मात्र गजल लेख्दैनथे र आफ्ना संसर्गी कविहरूलाई पनि गजल लेख्न लगाउँथे ।

वि.सं. १९६९ मा नेपालमा गजलको प्रथम सङ्ग्रह सङ्गीत चन्द्रोदय प्रकाशित भयो र यसमा मोतीराम भट्टलगायत नरदेव पाण्डे सुधाः लक्ष्मीदत्त पन्त इन्द्र, गोपीनाथ लोहनी नाथ, रत्नलाल रत्नः अंजद हुसेन अन्जान र गजबजस्ता नेपाली गजलकारहरूका गजलहरू समाविष्ट छन् । उत्तरवर्ती युगमा पहलमान सिंह स्वाँर, शम्भुप्रसाद ढुङ्ग्याल, शिखरनाथ सुवेदी, तीर्थप्रसाद आचार्य, श्यामजीप्रसाद अर्याल, दीपकेश्वर लोहनी, कृष्णप्रसाद रेग्मी, रामप्रसाद सत्याल, लेखनाथ पौड्याल चक्रपाणि चालिसे, पारसमणि प्रधान र बालकृष्ण सम आदिले समेत गजल लेख्नमा रुचि देखाए तर यीमध्ये शम्भुप्रसाद ढुङग्यालको नाउँ विशिष्ट पङ्क्तिमा लिइन्छ ।

मोतीदेखि शम्भुका गजलहरूमा श्रृङ्गार रसको प्रधानता रहेको थियो भने विषयवस्तुको सम्म प्रेम, संयोग र वियोग प्रमुख रूपमा चित्रित रहेको छ । त्यसपछि भीमनिधि तिवारी र उपेन्द्रबहादुर रिजालले पनि नेपाली गजललाई अग्रगति प्रदान गरे ।

मोतीमण्डली र त्यसपछिका गजलकार भीमनिधि तिवारी तथा उपेन्द्रबहादुर जिगरका गजलहरू बेबहर थिएनन्, उर्दूशास्त्रका छन्द र व्याकरणअनुसार लेखिएका थिए । विषयवस्तुका दृष्टिकोणले निश्चित रूपमा प्राथमिक कालका गजलहरू प्रेमविषयक छन् । तिनीहरू श्रृङ्गार रसधाराबाट प्रवाहित छन् । यो त्यसबेलाको वातावरणको उपलब्धि हो र गजलसम्बन्धी परम्परागत मान्यताको परिणाम हो । प्राथमिक कालका गजलकार र गजल कृतिहरू यसप्रकार छन् ।[९०]

---

९० अमर त्यागी **डा.घनश्याम न्योपानेका गजलमा सामाजिक चेतनाको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः वीरेन्द्र बहमुखी क्याम्पस २०६६) पृ.: ९६ ।

### ३.२.४.२ प्रथम चरणका प्रमुख गजलकार र गजलकृतिहरू

| | गजलकार | गजलकृति | गजल सङ्ख्या |
|---|---|---|---|
| १ | मोतीराम भट्ट 'मोती' (१९२३-१९५३) | **१. सङ्गीत चन्द्रोदय (१९६९)** | बत्तीस गजल प्रकाशित |
| २. | लक्ष्मीदत्त पन्त 'इन्दु' (१९२२-१९६२) | **१. सङ्गीत चन्द्रोदय (१९६९)** | सोह्र गजल प्रकाशित |
| ३. | नरदेव पाण्डे 'सुधा' (१९२९-२००१) | **१. सङ्गीत चन्द्रोदय (१९६९)** | तीन गजल प्रकाशित |
| ४. | गोपीनाथ लोहनी 'नाथ' (१९३०-१९७४) | **१. सङ्गीत चन्द्रोदय (१९६९)** | तेत्तीस गजल प्रकाशित |
| ५. | रत्नलाल 'रत्न' | **१. सङ्गीत चन्द्रोदय (१९६९)** | उन्नाइस गजल प्रकाशित |
| ६. | मिया अंजद हुसेन 'अन्जान' | **१. सङ्गीत चन्द्रोदय (१९६९)** | एक गजल प्रकाशित |
| ७ . | अजब | **१. सङ्गीत चन्द्रोदय (१९६९)** | छ गजल प्रकाशित |
| ८. | शम्भुप्रासद ढुङ्गेल (१९४६-१९८६) | **१. नयाँ गजल (१९९१)**<br>**२. शम्भु भजनमाला (१९८३)**<br>**३. शम्भुका गजल** (२०५६) | उन्नाइस गजल प्रकाशित<br>सय गजल प्रकाशित<br>एकसय पचास गजल प्रकाशित |
| ९. | भीमनिधि तिवारी (१९६०-२०३०) | **१. मेरी बयासी गजल (१९९३)**<br>**२. बयासी र बीस गजल मेरी (२०५१) दो.सं.** | बयासी गजल प्रकाशित<br>थप बीस प्रकाशित |
| १०. | उपेन्द्रबहादुर जिगर (१९६०-२०३०) | **१. एकसय एक गजल (१९९६)** | एकसय एक गजल प्रकाशित |
| ११. | भक्त | **१. 'नव्रा गजल** | दुई गजलरचना प्रकाशित |
| १२. | बेहोसी | **१. नव्रा गजल** | एक गजल रचना प्रकाशित |
| १३. | निराला | **१. नव्रा गजल** | एक गजल रचना प्रकाशित |

| | | | |
|---|---|---|---|
| १४. | बहादुरसिंह बराल | १. **बरालको आँसु** (२०५०), **दो.सं.** | एकसय एकासी गजल प्रकाशित |
| १५. | दुर्गा मल्ल | १. **बरालको आँसु** (२०५०) **दो.सं.** | एक गजल प्रकाशित |
| १६. | मङ्गावती | १. **बरालको आँसु** (२०५०) **दो.सं.** | तीन गजल प्रकाशित |
| १७. | मैतराम | १. **बरालको आँसु** (२०५०), **दो.सं.** | एक गजल प्रकाशित |
| १८. | पवित्रादेवी | १. **बरालको आँसु** (२०५०) | एक गजल प्रकाशित |
| १९. | शम्शेरसिंह | १. **बरालको आँसु** (२०५०), **दो.सं.** | एक गजल प्रकाशित |
| २०. | दिलीप | २. **मनको विर्ह** (१९३८), **दो.सं.** | दुई गजल प्रकाशित |
| २१. | मित्रसेन | १. **बरालको आँसु** (२०५०), **दो.सं.** | तीन गजल प्रकाशित |
| | | २. **मनको विर्ह** (१९३८) | दुई गजल प्रकाशित |
| २२. | कृष्णमञ्जरी | १. **मेरो आँसु** (२००४) | उनन्तीस गजलरचनाको प्रकाशित |
| २३. | तारिणीप्रसाद कोइराला (१९७७-२०३१) | १. **झङ्कार** (२००८) | तीन गजलसंरचनाको रचना प्रकाशित |
| २४. | लेखनाथ पौड्याल (१९४१-२०२२) | १. **लक्ष्मीपूजा** (१९९४) | एक गजलसंरचनाको रचना प्रकाशित |
| | | २. **भर्तृहरि निर्वेद** (२०२०) | दुई गजलसंरचनाको रचना प्रकाशित |
| | | ३. **लालित्य भाग २** (२०३४) | आठ गजलसंरचनाको रचना प्रकाशित |
| २५. | बालकृष्ण सम | १. **मेरो कविताको आराधना** | आठ गजलसंरचनाको |

| | | | |
|---|---|---|---|
| | (१९५९-२०३८० | **(२०१३)** | रचना प्रकाशित |
| | | २. **चिसो चुल्हो** (२०३१) | एक गजलसंरचनाको रचना सङ्कलित |
| २६. | लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) | ४. **सावित्री सत्यवान्** (२०१३) | तीन गजलसंरचनाको रचना प्रकाशित |
| | | २. **चिल्ला पातहरू** (२०२१) | पाँच गजलसंरचनाको रचना प्रकाशित |
| | | ३. **मनोरञ्जन** (२०२४) | तीन गजलसंरचनाको रचना प्रकाशित |
| | | १. **सुनको बिहान** (२०३१) | एक गजलसंरचनाको रचना प्रकाशित |
| २७. | म.वि.वि.शाह (१९७७-२०२८) | १. **उसैको लागि** (२०१५) | छ गजलसंरचनाको रचना प्रकाशित |
| | | २. **फेरि उसैको लागि** (२०४५) | बाह्र गजलसंरचनाको रचना प्रकाशित |
| | | ३. **अर्कै उसैको लागि** (२०५८) | तीन गजलसंरचनाको रचना प्रकाशित |
| | | ४. **के छ र दिउँ** (२०५८) | दुई गजलसंरचनाको रचना प्रकाशित |
| २८. | भूपि शेरचन (१९९२-२०४६) | १.**कवि भूपि : विश्लेषण र मूल्याङ्कन** (२०५७) | दुई गजलसंरचनाको रचना प्रकाशित |
| २९. | छिन्नलता (१९८०-२०५७) | १. **अन्तर्तरङ्ग** (२०४७) | सोह्र गजल |
| | | २. **अन्तस्पदन** (२०४८) | पन्ध्र गजल |
| | | ३. **अन्तर्वेदना** (२०५९) | दुई गजल |
| | | ४. **अन्तर्भावना** (२०५१) | छ गजल |
| ३०. | राममान तृषित (१९९७) | १. **फूल थरीथरीको** (२०३३) | चार गजल |
| | | २. **शोरा** (२०४०) | तेत्तीस गजल |

### ३.२.४.३ नेपाली गजलको द्वितीय चरण र यस चरणका प्रमुख गजलकार तथा गजलकृतिहरू [९१]

नेपाली गजललाई कालगतमा ल्याउन सजिलो छैन । काल विभाजनको दृष्टिले पनि मतभिन्नता देखिन्छ । केहीको विचारमा जम्मा दुई चरण त केहीको विचारमा तीन चरणमा विभाजित गरी अध्ययन गरेका भए पनि विषयगत, भावगत र प्रस्तुतिगत रूपमा, दुई चरणमा विभाजन गर्नु वैज्ञानिक ठहर्छ ।

नेपाली गजलको दोस्रो चरणलाई पनि दुई भागमा विभाजित गरी अध्ययन गर्नु उचित देखिन्छ ।

(क) आरम्भ वा पुनर्जागरण काल (२०३६-२०५०)

(ख) उत्कर्ष वा विकासकाल (२०५०-हालसम्म)

नेपाली गजलको पहिलो चरणको दोस्रो कालखण्ड ज्यादै नै कमजोर रहेको छ । यस चरणका गजलकारहरूमा गजल लेखनप्रति प्रतिबद्धता गजलशिल्पविधानप्रति अगाम्भीर्य र सामाजिकीकरणप्रति न्यून रुचि रहेकोले स्तरीय गजलको प्राप्ति हुन सकेन । पूर्वार्द्ध कालको झैँ पनि हुन सकेन गजल लेखन । सामान्य गजल लेखन परम्पराको निर्वाह मात्र भयो । जसोतसो गरी परम्परालाई थामियो । झण्डै चारदशकको निष्क्रियतापछि २०३६ सालमा गजल ब्यूँझेको इतिहास छ । वि.सं. २०३६ मा मधुपर्क पत्रिकामा मुक्तक शीर्षकमा ज्ञानुवाकार पौडेलको गजलको छनक दिने खालको रचना प्रकाशित भयो । यस प्रकाशनपछि नेपाली गजलको पुनर्जागरण भयो भन्ने मान्यतामा अधिसङ्ख्यक समीक्षक र विद्वान्हरू सहमत छन् तर कसै कसैले विमति पनि जनाएका छन् । चाहे जे होस् यो निर्वावाद सत्य हो कि २०३६ सालदेखि नेपाली गजल पुनर्जागृत भएको हो । यसपछि गजल लेखन बढ्दै गयो । अब त गजलको बाढी नै आएको छ । यस चरणका प्रमुख गजलकार र गजलकृतिहरू यस प्रकार छन्-

### ३.२.४.४. द्वितीय चरणका गजलकार र गजलकृतिहरू

| | गजलकार | गजलकृति | प्रकाशक र प्रकाशन मिति |
|---|---|---|---|
| १. | रवि प्राञ्जल (२०१७) | १. तारिदेऊ न माझी दाइ | काठमाडौंः अनुराग प्रकाशन, (२०३८) |
| | | २. उही बाढी उही भेल | काठमाडौं : लेखक स्वयम्, (२०६०) |
| २. | ललिजन रावल | १. केही गजलहरू | काठमाडौं : साहित्य सन्ध्या (२०४२) |
| | (२०२१) | २. बिरानो यो देशमा | काठमाडौंः महेशविक्रम शाह (२०४६) |
| | | ३. सिरानीमा आँशु | काठमाडौं : अनुराग प्रकाशन (२०५९) |
| | | ४. बन्द खामभित्र | काठमाडौं : अनाममण्डली (२०६६) |

[९१] ऐजन ।

| | | | |
|---|---|---|---|
| ३. | धर्मोगत शर्मा तूफान (२०१३) | १. तूफानका गजलहरू | काठमाडौंः विप्लव प्रकाशन (२०४२) |
| | | २. देशको माटो दुख्ने गर्छ | काठमाडौंः विप्लव प्रकाश २०४९) |
| ४. | ज्ञानुवाकर पौडेल (२००९) | १. खण्डहर नयाँ नयाँ | काठमाडौं : साझा प्रकाशन (२०४९) |
| ५ | बद्रीलाल निराशा (२०१६) | १.केही गजलहरू निरासाका | काठमाडौं : लेखक स्वयम् (२०४९) |
| ६. | खगेन्द्रप्रसाद बस्याल (२०१६) | १. दैलातुङ फाँटबाट सुरु भएको यात्रा | नवलपरासीः देवचुली प्रकाशन (२०४९) |
| ७. | कुमार शिशिर (२०२९) | १. शिशिरका शीतहरू | काठमाडौंः प्रतिभा समूह (२०५०) |
| ८. | मनु ब्राजाकी (१९९९) | १. गजलगङ्गा | काठमाडौं : साझा प्रकाशन (२०५१) |
| | | २. काँडाका फूलहरू | काठमाडौं : साझा प्रकाशन (२०५६) |
| ९. | यज्ञविक्रम शाही (२०२७) | १. बाँच्ने रहरहरू | काठमाडौंः गोविन्द भट्टराई, (२०५०) |
| १०. | डा. घनश्याम न्यौपाने 'परिश्रमी' (२०१५) | १. यो मौसम | सौदामिनी प्रकाशन नवलपसारी (२०५०) |
| | | २. घामको छहारीमा | काठमाडौंः पम्फा नेपाल, (२०५२) |
| | | ३. जून चुहेको रात | काठमाडौं : भूँडीपुराण प्रकाशन, (२०६३) |
| | | ४. जुनुमामा | नेपाल : अतिरिक्त प्रकाशन (२०६०) |
| | | ५. राम्रा चाचा मीठा खाना | काठमाडौं : बि.सृ.प्र. (२०६३) |
| ११. | चन्द्र पोखरेल प्रभात (२०१९) | १. धर्ती र आकाश | पाँचथरः नौलो सा.वि. (२०५१) |
| १२. | वियोगी बुढाथोकी (२०११) | १. आफन्तका चोटहरू | काठमाडौंः सकुन्तला बुढाथोकी (२०५३) |
| | | २. गजल तिम्रो नाम होइन | काठमाडौंःशिवपुरी साहित्य समाज(२०६३) |
| १३. | धर्म प्रधान अकिञ्चन (२०१०) | १. मृगमरीचिका | नारायणगढ जु-च्याम्बर चितवन (२०५२) |
| १४. | श्रेष्ठ प्रिया पत्थर (२०२१) | १. पग्लिएका व्यथाहरू | कैलाली, कलश साङ्गीतिक समूह(२०५३) |
| | | २. पत्थरका प्रलापहरू | कैलाली : सुदू स.स. समाज (२०५४) |
| | | ३. आँसुको सौगात | कैलाली : सुदूर स.स. समाज (२०६०) |
| १५. | मुन पौडेल (१०१२) | १. गजलोत्सव | जनकपुरः पद्मानन्द ट्रष्ट (२०५३) |
| १६. | निमेष नेवा (२०२७) | १. याद | काठमाडौंः प्रतिभा समूह (२०५३) |
| १७. | आर.वी. फ्लेम (२०२०) | १. ज्वालाका रापहरू | पोखराः कल्पना घिमिरे (२०५४) |
| १८. | दिव्य गिरी (२०११) | १. सागर लहर किनार | ललितपुरः शकुन्तला पुरी (२०५४) |
| १९. | गोवर्धन पूजा (२०२७) | १. धर्तीको धुलो | ललितपुरः आकाश परिवार (२०५४) |
| २०. | के.वी. उदय (२०३८) | १. जेलभित्रको मुटु | दाङ : थम्मन अधिकारी (२०५४) |
| २१. | सड्गसेन ओली (२०२९) | १. बादलको गुफा | काठमाडौं :लेखक स्वयम् (२०५४) |
| २२. | विजयभक्त उपाध्याय(२०२८) | १. विजयको गजल | गोरखाः अम्बिका उपाध्याय (२०५४) |
| २३. | राजेश्वर रेग्मी | १. परिभाषा हराउँदा | विराटनगरः लेखक स्वयम् (२०५५) |
| २४. | गोविन्द नेपाल (२०२६) | १. ढुङ्गाको मन | काठमाडौंः उपेन्द्र नेपाल (२०५५) |
| २५. | बूँद राना (२००३) | १. रातो मलाई प्यारो | नेपालः रा.ज.मञ्च (२०५६) |

| | | | |
|---|---|---|---|
| | | २. चल्दै छ जिन्दगी | काठमाडौं : अनाममण्डली (२०६४) |
| २६. | काशीराम विरस (२०३३) | १. जिन्दगीका रेखाहरू | भक्तपुरः प्रवाह सा.प. (२०५६) |
| | | २. स्पर्शको अनुभूति | काभ्रेः जनमत प्रकाशन (२०५८) |
| २७. | टीकाराम उदासी (२०३०) | १. वर्तमान बाँच्न खोज्दा | दाङः भरत जङ्गम (२०५०) |
| | | २. परिवेशका धुनहरू | काठमाडौंः मध्य प.सा.प. (२०५६) |
| २८. | गोविन्दराज विनोदी(२०१०) | १. मिर्मम निर्मम घडीहरू | चितवनः चि.सा.प. (२०५६) |
| २९. | दिव्यसागर साउद (२०३३) | १. एउटा लहर सागरको | कैलाली : आर्दशदीप रावल (२०५६) |
| ३०. | भीम विराग (१९९१) | १.भीम विरागका गीतगजल | मकवानपुरः म.उ.ब.सङ्घ २०५० |
| ३१. | पूर्ण भण्डारी (२०२७) | १. सङ्कल्पका शिखा | काठमाडौंः मध्य प.स.प. (२०५६) |
| ३२. | उत्सव खरेल (२०३३) | १. टाढिएको वसन्त | काठमाडौंः ने.सा.सं. (२०५७) |
| ३३. | विजय सुब्बा (२०१५) | १. विजय सुब्बाका गीत गजलहरू | तेह्रथुमः स्वरअभियान (२०५७) |
| ३४. | रमेश हरिलट्टक | १. दबाइएका स्वरहरू | भरतपुरः बाडुली जमघट (२०५६) |
| | (२०३७-२०६२) | २. जिन्दगीको कहानीमा | बुटवल : गजल सागर (२०६१) |
| ३५. | अमर त्यागी (२०२५) | १. बाँसुरीमा आँसुको गीत | बाराः देवकोटा स्मृति सभा (२०५७) |
| ३६. | गोपाल अश्क (२०१८) | १. जीवनको लेकबेसी | पर्साः सौरभ प्रकाशन (२०५४) |
| | | २.प्रेमान्तर (गजल महाकाव्य) | पर्सा : लेखक स्वयम् (२०६२) |
| ३७. | रामलाल जोशी (२०५४) | १. टाढिएको वसन्त | काठमाडौं ने.सा.स. (२०५७) |
| ३८. | डा. राममान तृषित(१९९७) | १. प्रेमसीका आँखासित पिरतीका कुरा | काठमाडौंः वासुशशी.स्मृ.प्र. (२०५४) |
| ३९. | मधु साश्रु (२०३१) | १. पीडा अनन्त हुन्छ | बर्दियाः लेखक स्वयम् (२०५७) |
| ४०. | रासा (२०२६) | १. रात निदाएका रातमा | काठमाडौं : सायमी प्रकाशन (२०५८) |
| | | २. घाउमाथि घाउ | काठमाडौं : सायमी प्रकाशन (२०६३) |
| ४१. | माधव वियोगी (२०१८) | १. गुम्सिएका भावहरू | कास्कीः ग.सा.प. (२०५८) |
| ४२. | नारद निठुरी (२०२७) | १. चहराइरहेका घाउहरू | काठमाडौंः संस्करण प्रकाशन (२०५८) |
| ४३. | विष्णुबहादुर सिंह (२००९) | १. सल्बलाउँछन् ओठहरू | काठमाडौंः ग्रा.म.वि.समाज (२०५८) |
| ४४. | रोशनकुमार राजभण्डारी | १. पुष्पाञ्जलि१ | भक्तपुरः सत्यनारायण प्रजापति (२०५२) |
| | | २. पुष्पाञ्जलि२ | भक्तपुरः सु.क्रि.स. (२०५५) |
| | | ३. गजलान्ती | भक्तपुर : कृष्णमैयाँ राजभण्डारी (२०६०) |
| ४५. | देवी पन्थी (२०१५) | १. मनको बह | विराटनगरः वाणी प्रकाशन (२०५६) |
| ४६. | शान्तिनारायण श्रेष्ठ (१९९६) | १. स्पन्दन | पर्वतः लेखक स्वयम् (२०६०) |
| ४७. | कृसु क्षेत्री (२०३२) | १. अर्धमूदित आँखाहरू | काठमाडौंः व.मा.प्र.प्र. (२०५८) |
| ४८. | पुष्करराज भट्ट (२०६५) | १. सुनौलो बिहानी | कैलालीः सु.प.सा.स. (२०५८) |
| ४९. | मीनबहादुर थापा 'मिलन' | १. मेरा हत्केलाका रेखाहरू | कैलालीः लेखक स्वयम् (२०५८) |

| | | | |
|---|---|---|---|
| | (२०३४) | | |
| ५०. | दीर्घराज अनुराग | १. उनैको यादमा | काठमाडौंः गजल मञ्च (२०५९) |
| ५१. | गोपाल पौडेल (२०३०) | १. छातभिरि तिम्रो माया | काठमाडौंः गजल मञ्च (२०५९) |
| ५२. | शम्भुकुमार मिलन (२०५६) | तिम्रो शहरमा | काठमाडौंः निर्मला रेग्मी (२०५९) |
| ५३. | विमलप्रसाद देवकोटा (२०२७) | १. पलपलका तलतलहरू | नवलपरासीः त्रि.सा.प. (२०६३) |
| | | २. पलपलमा परिमल | चितवनः प.सा.प्र. (२०६३) |
| ५४. | श्यामप्रसाद शर्मा (२०२४) | १. बोली गजबको | बुटवलः टङ्कप्रसाद न्यौपाने (२०५९) |
| ५५. | प्रोल्लास सिन्धुलीय (२०३१) | १. आँखाभरि भुइँकुइरो | काठमाडौंः शब्दघर (२०५९) |
| ५६. | प्रकाश अधिकारी (२०३६) | १. यात्रा अधुरो छ | काठमाडौंः गोविन्द भण्डारी (२०५९) |
| ५७. | टेकबहादुर ठकुल्ला (२०२८) | १. मनभित्रको ज्वारभाटाहरू | कैलाली : सु.प.ग.मञ्च (२०५९) |
| ५८. | जीवनपानी (जीवन पोखरेल) (२०२८) | १.जीवनपानीका फोहराहरूः | काठमाडौं : दा.वा.प्र. (२०५९) |
| | | २.जीवनपानीका सुस्केराहरू | काठमाडौं : दा.वा.प्र. (२०६१) |
| | | ३. जीवनपानीका तरङ्गहरू | काठमाडौं : दा.वा.प्र. (२०६३) |
| ५९. | खगेन्द्र गिरी कोपिला (२०२२) | १. व्यग्र चाँदनी | कैलालीः सु.प.ग.म., (२०६०) |
| ६०. | रमेश समर्थन (२०१७) | १. पर्खी बसेँ | गौरः रौटहटरश्मि (२०६०) |
| ६१. | धनराज गिरी (२०१५) | १. गजलामृत | चितवन : वा.सा.स. (२०६०) |
| | | २. ढल्दैन स्वाभिमान कसै गरे पनि | चितवनः गजल मञ्च (२०६०) |
| ६२. | प्रदीप बगर (२०४४) | १. तिम्रो याद | बाग्लुङः दलबहादुर थापा (२०६०) |
| ६३. | शशी मरासिनी (२०३८) | १. नजुरेको धुन | काठमाडौंः द.म.स्मृति.प्र. (२०६०) |
| ६४. | अथाहसागर तीर्थमान (२०३९) | वर्तमान बिफाउँदा | काठमाडौंः प्रमिला श्रेष्ठ. (२०६०) |
| ६५. | चंकी श्रेष्ठ (२०२८) | १. फूलबिनाको शाखा | काठमाडौंः वि.सि.प्र. (२०६०) |
| ६६. | नवीन राई (२०३२) | १. चोटका फूलहरू | खोटाङः रा.वा.क.प्र. (२०६०) |
| ६७. | स्वागत नेपाल (२०३०) | १. धमिराको दरबार | काठमाडौं : वि.स.प्र. (२०६०) |
| ६८. | जनकराज पौडेल (२०३७) | १. एउटा कथा | झापाः पूर्वाञ्चल ग.म. (२०६०) |
| ६९. | रामगोपाल आँशुतोष (२०३०) | १. आँशुतोषका रहरहरू | काठमाडौं : वि.सि.प्र. (२०६०) |
| ७०. | पदम गौतम (२०३१) | १. एकलासको फूल | काठमाडौं : वि.सि.प्र. (२०६०) |
| ७१. | मणि कोइमी (२०३७) | १. जूनको आभा | काठमाडौं : वि.सि.प्र. (२०६०) |
| ७२. | गोपीकृष्ण ढुङ्गाना(२०३१) | १. मौनताका रातहरू | काठमाडौं : वि.सि.प्र. (२०६०) |
| ७३. | सुमित्रा बाङ्देल चेली(२०२४) | १. गङ्गाजल | दमक : दमक.सा.प्र. (२०६०) |
| ७४. | नेत्र एटम (२०२६) | १ भित्र कतै दुख्छ भने | काठमाडौं : दोभान प्रकाशन (२०६०) |
| ७५. | नारायण कौशिक (२०२७) | १. उही धर्ती उही आकाश | कञ्चनपुर : इन्टरनेशनल स्कुल (२०६०) |
| ७६. | अशोक राई (२०२९) | १. रहर | झापा : पवला राई (२०६०) |
| ७७. | केशवराज आमोदी (२०१३) | १. जलतरङ्ग | चितवन : वा.सा.स. (२०६१) |

| | | | |
|---|---|---|---|
| ७८. | रमेश सुवेदी (२०३०) | १. मनको तरेलीमा | दाङ, राप्ती साहित्य परिषद्, (२०६१) |
| ७९. | शिव प्रणत (२०२६) | १. कुन्ती (गजलकाव्य) | झापाः निर्माण व्य. सङ्घ, (२०६१) |
| ८०. | होमप्रसाद बाँस्तोला(२०२८) | १. घाम हराएको दिन | विराटनगरः वाणी प्रकाशन,(२०६१) |
| ८१. | अञ्जु अञ्जलि (२०४१) | १. च्यातिएर वर्तमान | काठमाडौं : गजलमञ्च, नेपाल (२०६१) |
| ८२. | दीपक सुवेदी | १. दीप जलेपछि | झापा : गजल मञ्च (२०६१) |
| ८३. | अनमोलमणि (२०३८) | १. नदी किनारमा उभिएर | काठमाडौंः वि.सं.प्र.प्रा.लि. (२०६१) |
| ८४. | धनकुटे कान्छा (२०२६) | १. लाशमाथि एउटा बच्चा | धनकुटाः पु.गजल मञ्ज, (२०६१) |
| ८५. | नारायणप्रसाद शर्मा गैरे (२०५०) | १. एउटा अर्को आकाश | नेपालगन्ज : मध्य.प.ग.म. (२०६३) |
| | | २. स्वप्नलोक | नेपालगन्ज : मध्य प.ग.म. (२०६३) |
| ८६. | तारा धुर्कापानी | १. बिसौनीमा | इलामः प्रभा घिमिरे (२०६१) |
| ८७. | श्यामप्रसाद न्यौपाने (२०२४) | १.फेरि पनि अचम्मको बात | नवलपरासीः त्रिवेणी सा.प. (२०६१) |
| ८८. | ऋचा लुइँटेल (२०३९) | १. भावनाको यात्रा | काठमाडौंः गजलमञ्च, (२०६१) |
| | | २. पुष्पलताः कलमका डोबहरूमा | काठमाडौं : गजल मञ्च (२०६१) |
| ८९. | घनेन्द्र ओझा (२०३६) | १. आफ्नै चिहानमा पुगेर | काठमाडौंः वि.सं.प्र.प्रा.लि. (२०६१) |
| | | २. बल्झेर याद तिम्रो | काठमाडौंः हजुरको प्रकाशन, (२०६१) |
| ९०. | अतीत ओझा (२०३६) | १. अमिशप्त आशीष | काठमाडौंः चुप्लु समाज (२०६१) |
| ९१. | छविलाल कोपिला | १. भौगर | दाङः सबिता प्रकाशनः (२०६१) |
| ९२. | बुद्धिसागर चपाइँ (२०३८) | १. रारा जलेपछि | काठमाडौंः वैरागी जेठा, (२०६१) |
| ९३. | गीता सापकोटा (२०३८) | १. इतिहासङका पानाभित्र | इलामः डा.तिलक चैतन्य (२०६१) |
| ९४. | कृष्ण पौडेल (२०३९) | १. नानी हजुरको | भोजपुर : नेत्र ढुङ्गाना, (२०६१) |
| ९५. | निर्मल ढुङ्गाना (२०४०) | १. दिन हराएको दिन | काठमाडौंः एशिया पब्लिकेशन (२०६१) |
| ९६. | लेखनाथ सापकोटा(१९८३) | १. श्रद्धाका फूलहरू | चितवनः अनामिका पब्लिकेशन (२०६१) |
| ९७. | राजेन्द्र पौडेल | १. रूप तिम्रो माधुर्य | झापाः जगत् पौडेल, (२०६१) |
| ९८. | ईश्वरी कार्की वर्षा (२०३६) | १. टुक्रटुक्रा आकाश | काठमाडौंः वि.सि.प्र. (२०६१) |
| ९९. | मिजाज तेम्बे (२०३९) | १. प्यास नजरको | काठमाडौंः वि.सि.प्र. (२०६१) |
| १०१. | उज्ज्वल जी.सी.(२०४७) | १. नखोज आँसु बर्साउन | काठमाडौंः ने.रा.प्र.प्र. (२०६१) |
| १०२. | लक्की चौधरी (२०३५) | १. सहीदान | कैलालीः सु.प.ग.म. (२०६१) |
| | | २. अन्तर्भाव | कैलालीः सु.प.ग.म. (२०६३) |
| १०३. | मीनबहादुर थापा (२०३४) | १.तिम्रो प्यार र छुटेको आँयल | कैलालीः सु.प.ग.म. (२०६१) |
| १०४. | सपनाको सहर (२०३३) | १. सपनाको सहर | बाँकेः पूर्णिमा साहित्य समूह (२०६१) |
| १०५. | रामप्रसाद साह (सन् १९४९) | १. अश्रुपूरित आँखाहरू | बाराः रामदुलारी साह (२०६१) |
| १०६. | दीपा ढकाल (२०४७) | १. शान्तिको बिगुल | कैलाली : सु.प.ग.मञ्च (२०६१) |

| | | | |
|---|---|---|---|
| १०७ . | सुबीसुधा आचार्य (२०३८) | १.समाजदेखि सगरमाथासम्म | ललितपुर र.रा.सा. परिवार (२०६१) |
| | | २. अब शहीद बोल्छ | ललितपुर र.रा.सा. परिवार (२०६३) |
| १०८ . | गोर्खे साइँलो (२००८) | १. मुस्कान | चितवनः प.सा.प्र. (२०६२) |
| | | २. सम्मोहन | चितवनः प.सा.प्र.(२०६२) |
| | | ३. सूत्रमाला | चितवनः प.सा.प्र. (२०६२) |
| १०९ . | राजेन्द्र थापा (२००८) | १. सहनेकै छाती अचानो | काठमाडौं : सा.प्र. (२०६२) |
| | | २. सूर्जे पनि अस्ताउने मात्रै | धनगढीः सु.प्र.ग.म. (२०६२) |
| ११०. | टि.एन.जोशी (२०३५) | १. देश रोएको बेला | कैलालीः सु.प.ग.म. (२०६२) |
| १११. | अनुराग अधिकारी (२०३५) | १. अनुराग | तनहुँ: विकास गुरुङ, (२०६२) |
| ११२. | रत्न प्रजापति (२०२५) | १. मधुमास | काठमाडौंः ब.मा.प्र.प. (२०६२) |
| ११३. | गोरखबहादुर खत्री (२०३७) | १. फूल मुस्कुराउँदा | परासीः न.सा.प. (२०६२) |
| ११४ . | ईश्वर 'बा' (२०३४) | १.जीवनका छालहरू | परासीः ल.सा.प, (२०६२) |
| ११५. | भरतरोदन साउद (२०३९) | १. आँखामा डुबेर आकृति | नेपालगन्ज, अ.सा.स. (२०६२) |
| ११६. | दीपक समीप (२०३३) | १. भूगोलभित्र नकोरिएको क्षेत्र | पोखराः पो.यु.सा.प. (२०६२) |
| ११७. | पुष्प अधिकारी (२०३३) | १. मनभित्रको मन | चितवनः हाम्रो म.सा.प. (२०६२) |
| ११८ . | करणसिंह गोयला (२०३०) | १. समाधिमा भक्त | गीता गोयला, (२०६२) |
| ११९. | राममाया अधिकारी(२०३३) | १. हृदयाञ्जलि | धादिङः त्रिवेणी सा.प., (२०६२) |
| १२० . | सरस्वती शर्मा जिज्ञासु (२०२५) | १. हुस्सुभित्रको घाम | पर्वतः माधुरी सा.प्र. (२०६२) |
| १२१. | लोकेन्द्र बन्जारा (२०३९) | १. आँखाभरि सपना | विनोद शिवाकोटी, (२०६२) |
| १२२. | सरोज काफ्ले (२०३९) | १. अधरामृत | पाल्पाः पोखराथोक सा.स (२०६२) |
| १२३. | शीतल कादम्बिनी (२०२५) | १. सुगन्धयात्रा | चितवनः चि.सा.प. (२०६२) |
| १२४. | इन्द्रकुमार विकल्प (२०१८) | १. लालीगुराँस फुल्ने मन | चितवनः हा.म.सा.प्र. (२०६२) |
| १२५. | शान्तिराम पोखरेल(२०३७) | १. आँखाभित्रको बस्ती | इलामः इसारा सा.प्र. (२०६२) |
| १२६. | खालिङ बन्दना विवश | १. अदृश्य व्यथा | इलाम : इशारा साहित्य परिवार (२०६२) |
| १२७. | शुक्रप्रसाद अचार्य (२०३७) | १. जनता जिन्दावाद | सिन्धुपाल्चोकः योजना खनाल (२०६२) |
| १२८. | दीपेन्द्र कार्की (२०४३) | १. तिर्खा र खोली | म्याग्दी : म्याग्दी साहित्य परिषद् (२०६२) |
| १२९. | कृष्ण पहारी (२०२७) | १. बारुदका धुँवाहरू | पाल्पाः पो.सा.सं.(२०६२) |
| १३०. | प्रकाश राजापुरी (१९९६) | १. जीवनको मुस्कान | नेपालगन्जः म.प..ग.म. (२०६२) |
| १३१. | सुनिता कार्की (२०२९) | १. सगरमाथा झुकेपछि | धनकुटा : लेखिका स्वयं (२०६२) |
| १३२. | राजेश उदासी | १. पोख्न बाध्य व्यथाहरू | नेपालः गजल मञ्च (२०६२) |
| १३३. | कृष्ण उदासी (२०२४) | १. नयन तालैमा | पोखराः गजल सन्ध्या (२०६३) |
| १३४. | सरला जोशी (२०२७) | १. शब्दको सुवास | चितवनः शिव जोशी (२०६३) |

| | | | |
|---|---|---|---|
| १३५. | रामणि ढुङ्गाना | १. पुष्पदंश | काठमाडौः शब्दघर प्रकाशन (२०६३) |
| १३६. | केशु विरही | १. दन्किएको आगो | बाराः नेपाल गजल प्रतिष्ठान, (२०६३) |
| १३७. | दीपक आचार्य (२०३९) | १. आँसुभित्रको अविरल यात्रा | वर्दिया : लेखकस्वयं (२०६३) |
| १३८. | गोपीकृष्ण काफ्ले | १. समुद्रमा आगो | काठमाडौँ : भानुभाषा प्रकाशन, (२०६३) |
| १३९. | पुष्पकराज भट्ट (२०३४) | १. सुनौलो बिहानी | कैलाली : सु.प.गजल मञ्च (२०६३) |
| १४०. | कृष्ण कुसुम | १. अमृतको प्याला | काठमाडौँ : इ.सा.स. (२०६३) |
| १४१. | सुवासचन्द्र ढुङ्गेल (२०१७) | १. भाँचिएको मन | भक्तपुर : पूर्वविद्यार्थी मञ्च (२०६३) |
| १४२. | रञ्जित ज्ञवाली | १. धराको कल्पवृक्ष | काठमाडौँ : सत्सङ्गी साहित्य सदन(२०६३) |
| १४३. | रूपक वनवासी (२०३९) | १. हल्का मद्यपान | काठमाडौँ : व. प्र. प्रतिष्ठान (२०६३) |
| | | २. ओइ इराकको मेनका | काठमाडौं : बैरागी जेठा (२०६५) |
| १४४. | प्रेमविनोद नन्दन (१९९२) | १. भीडमा एक्लै एक्लै | चितवनः मनकामना दर्शन प्रा.लि.(२०६३) |
| १४५. | किसान प्रेमी (२०१९) | १. गजब छ मान्छे | चितवनः अभिव्यञ्जन सा.प. (२०६३) |
| १४६. | कृष्णकुमारी महत | १. संयोग-वियोग | चितवनः चितवन चितवन सा.प.(२०६३) |
| १४७. | काशीराम ढुङ्गाना(२०२१) | कुर्ले ढुकुरका गजलहरू | कैलालीः मीनदत्त ढुङ्गाना (२०६३) |
| १४८. | भोजराज घिमिरे (२०१४) | १. आहत | काठमाडौः गजल गृह नेपाल (२०६३) |
| | | २. आवाजभित्रको आवाज | काठमाडौः गजल गृह नेपाल (२०६५) |
| १४९. | सरूभक्त (२०१४) | १.साइबर क्याफेमा एकदिन | पोखरा : सरुभक्त सरोकार केन्द्र (२०६४) |
| १५०. | सुरेश सुवेदी (२०३६) | १. अनुभूतिका डोबहरू | काठमाडौँ : अनाम मण्डली (२०६४) |
| १५१. | जीत कार्की (२०१६) | २. आस्थाका हिउँचुलीहरू | काठमाडौँ : अनाम मण्डली (२०६४) |
| १५२. | नारायण निराशी (२०३८) | १.तुषारोमा फुलेका फूलहरू | काठमाडौँ : अनाम मण्डली (२०६४) |
| १५३. | विक्रम विवश (२०४०) | १. जेल जिन्दगी | पर्वत : मोहनबहादुर मल्ल सा.प्र.(२०६४) |
| १५४. | श्रीजन श्री (२०३७) | १. माटो बोल्छ | काठमाडौँ : अनाममण्डली (२०६४) |
| १५५. | जय गौडेल (२०४१) | १. आशाका बयेलीहरू | काठमाडौं : अनाममण्डली (२०६४) |
| १५६. | विक्रम तिमिल्सेना (२०३९) | १. अलिअलि चोट देऊ | काठमाडौं : अनाममण्डली (२०६४) |
| १५७. | सुशील गौतम (२००९) | २. गजल रापती | दाङ : लेखक सङ्घ (२०६४) |

## ३.२.५ निष्कर्ष

सम्वत् १९४० देखि प्रारम्भ भएको नेपाली गजल यात्राको अवधि १२७ वर्ष भइसकेको छ । यस अवधिमा नेपाली गजलले निकै ओराली, उकाली, देउराली, भञ्ज्याङसमेत पार गरिसकेको छ। अहिले नेपाली गजल लेखन परम्परामा मुख्यरूपमा दुई धार देखिएको छ। एक गजललाई उसको आफ्नै व्याकरणसम्मत रूपमा लेख्नु र अर्को स्वछन्द लेख्नु , जबसम्म वर्ण्यविषयको कुरा छ । त्यसमा पनि दुई धार नै देखिएको छ । एउटा धार रूपमा गजलको प्रारम्भिक विषयअन्तर्गत प्रेम, श्रृङ्गार, नारी विषय वर्णनकै कुरामा केन्द्रित गर्न चाहन्छन् भने

अर्को धारले सामाजिक यथार्थ, राजनैतिक प्रदूषण आंशिक सङ्कट आदिलाई गजलको विषयवस्तु बनाएका छन् ।

यसरी यी भिन्नभिन्न धारहरूको अध्ययन गर्दा नेपाली गजलको वर्तमान स्वरूप जागृत एवम् उर्वर भविष्य र उज्ज्वल रहेको छ । गजलसम्बन्धी गहन अध्ययन र शास्त्रीय मान्यतामा आधारित गजल लेख्ने रुचि बढ्न थालेको छ । गजलकृतिहरू प्रकाशित भइराखेका छन् । जसको आधारमा नेपाली गजलको वर्तमान अत्यन्त शक्तिशाली र सार्थक रहेको छ भने भविष्य पनि अत्यन्त ऊर्जाशील एवम्  ओजस्वी रहेको छ । गजल जीवित र संवेदनशील भावले महत्त्वपूर्ण रहेको ठोकुवा गर्न सकिन्छ  भने नेपाली गजलको भविष्य पनि समुज्ज्वल रहेको प्रमाणित हुन्छ ।

नेपाली गजलको रूपरङ्ग फेरिएको छ । गजल साधकहरूको सङख्यामा वृद्धि भएको छ । गजल संसारमा नयाँनयाँ प्रयोग भएको छ र भइराखेको छ । नेपाली गजलमा गजल खण्डकाव्य कुन्ती (२०६१) शिव प्रणत, प्रेमान्तर (२०६२) महाकाव्य, प्रकाशित भइसकेको छ । यथार्थ गजलमा खण्डकाव्य र महाकाव्य लेखिँदैन भन्ने विचार पनि आएको छ । गजलका शेरहरूका आफ्ना विशेषता हुन्छन् र ती शेरहर एउटा पूर्ण इतिहास पनि हुन सक्छन् । त्यसैले खण्डकाव्य वा महाकाव्यको लेखन सम्भव वा समुचित छ नेपाली गजल अहिले जागृतावस्थामा रहेको छ र काव्यशास्त्रीहरूको आलोचना दृष्टिमा रहेको छ । नेपाली गजलको वर्तमान स्थिति सन्तोषजनक मात्र होइन गर्व गर्न लायक रहेको छ र भविष्य सुरक्षित हुँदै गएको छ ।

# चौथो अध्याय

# "घामको छहारीमा" गजल सङ्ग्रहका गजलहरूको विश्लेषण

## ५.१ पृष्ठभूमि

घनश्याम न्यौपाने पुनर्जागरणकालीन नेपाली गजल क्षेत्रका वरिष्ठ सर्जक हुन् । उनको गजलयात्रा सम्वत् २०४४ तिर प्रारम्भ भएको हो । सम्वत् २०४५ मंसिरको मधुपर्कमा प्रकाशित 'जिन्दगी त जिएकै छु' उनको प्रथम प्रकाशित गजल हो । उनी मनु ब्राजाकीको गजलबाट प्रभावित भएर नेपाली गजल क्षेत्रमा प्रवेश गरेका हुन् । उनले ब्राजाकीको समसामयिक विषयवस्तुका प्रभावपूर्व गलहरूको अध्ययनपश्चात् सामाजिक विसङ्गति र विकृतिजन्म परिस्थितिलाई गजलमा व्यक्त गर्न सकिने यथार्थबोध भएपछि नेपाली गजल लेखनमा प्रवृत्त भएका हुन् भन्ने तथ्य स्पष्ट हुन्छ । उनका पाँच गजलकृति क्रमशः **यो मौसम** (२०५०), **घामको छहारीमा** (२०५३), **जून चुहेको रात** (२०६०), **जुनुमामा** २०६०), **राम्रा चाचा मीठा पापा** (२०६३), एक गजल समीक्षा गजल भूमिकावली (२०६३) र एक सैद्धान्तिक ग्रन्थ 'गजल सौन्दर्य मीमांसा ( २०६४) प्रकाशित छन् । यसका अतिरिक्त उनका एक खण्डकाव्य, एक समालोचना ग्रन्थ, एक व्याकरणग्रन्थ तथा दुई सहायक पुस्तकहरू पनि प्रकाशित छन् । उनका लेखनको मूल धार भनेको गजल सृजना हो । उनी गजलमै रमाउँछन्, गजलमै कुरा गर्छन् र गजलमै बाँच्न पनि चाहन्छन् । त्यसैले उनको प्रिय विधा भनेको गजल नै हो । उनका पाँच गजल कृतिबाहेक असङ्ख्य फुटकर गजलहरू पनि प्रकाशित छन् । उनका सम्पूर्ण गजलहरू सङ्ग्रह गर्ने हो भने अझै दुईवटा सङ्ग्रह आउन सक्ने सम्भावना देखिन्छ । यस आधारमा उनी गजलका एक महत्त्वपूर्ण हस्ती र गजल सिद्धान्तका प्रखर चिन्तक हुन् भन्ने कुरा स्पष्ट हुन आउँछ ।

घनश्याम न्यौपाने परिश्रमीको **घामको छहारीमा** २०५३ आषाढमा पम्फा नेपालद्वारा प्रकाशित गजलकृति हो । यसमा २०५० देखि २०५३ सम्म रचना गरिएका डेढसय गजलबाट चयन गरिएका जम्मा ६० वटा गजलहरू सङ्ग्रहीत छन् । यस कृतिमा रमेश गोर्खालीले भूमिका लेखेका छन् । त्यस्तै पम्फा नेपालको प्रकाशकीय र परिश्रमीकै आफ्नै अन्तरङ्गका तरङ्गका साथै शिवप्रसाद भट्टराई, राजु मानन्धर, पदम गौतम, धर्मेन्द्र भट्टराई, ज्ञानेन्द्र विवश, श्रीराम सिंह बस्नेत तथा मनु ब्राजाकीका सम्मतिहरू रहेका छन् ।[1]

घनश्याम न्यौपाने परिश्रमी प्रगतिवादी चिन्तनधारामा यथार्थवादी भाव संवाहन गर्ने गजलकार हुन् । उनको गजलयात्राको प्रथम चरण (२०४४-२०५०) मा **यो मौसम** गजलकृति प्रकाशित छ । उनको गजल यात्राको यो चरण आभ्यासिक चरण हो । उनको गजल यात्राको

---

[1] घनश्याम न्यौपाने परिश्रमी, **घामको छहारीमा** (काठमाडौं : पम्फा नेपाल, २०५३), पृ. : ७ ।

दोस्रो चरण (२०५१-२०६६) **घामको छहारीमा** गजल कृतिबाट भएको हो । यो चरण उनको गजलयात्राको परिपक्व चरण हो । यस चरणमा उनका गजलहरू सिद्धान्तनिष्ठ, भाव गाम्भीर्य र शिल्पसौन्दर्यको दृष्टिले पनि परिपक्व छन् । उनका यस चरणका गजलहरूमा विषय संरचना र शिल्पमा सबलता रहेको छ । सिद्धान्त बुझेर गजल लेखन गरेको हुँदा उनको गजल यात्राको यस चरणको लेखनमा सचेतता आएको देखिन्छ । पुनर्जागरणकालीन गजलकारको रूपमा आफ्नो नाम अग्र स्थानमा राख्न उनी यस सङ्ग्रहबाट सफल भएका देखिन्छन् । यसै चरणमा उनी गजलसिद्धान्तका व्याख्याता तथा गजल भूमिकाकारका रूपमा समेत स्थापित भएका छन् ।

घनश्याम न्यौपाने परिश्रमीको **घामको छहारीमा** गजलकृतिमा सङ्कलित गजलहरूमा भौतिकवादी यथार्थ र मानवतावादी भाव संवाहित भएको देखिन्छ । खासगरी प्रगतिवादी चिन्तनधारामा मानवतावादी दृष्टिप्रक्षेप गर्नु उनको गजललेखनको मूल उद्देश्य रहेको देखिन्छ । सामाजिक विसङ्गति र राजनैतिक दुष्कृतिको झलक **घामको छहारीमा** गजलकृतिमा पाइन्छ । सञ्चेतनावादी मूल्य र मान्यतामा बौद्धिक र प्रभावपूर्ण गजल लेखन गर्ने परिश्रमीको घामको छहारीमा गजलकृति नेपाली गजल क्षेत्रको एउटा महत्त्वपूर्ण उपलब्धि हो । यस सङ्ग्रहका गजलहरूको संरचना, विषय, भाव, शिल्प र प्रस्तुतिमा सशक्तता रहेको छ ।

## ५.२ घामको छहारीमा गजलकृतिको संरचना

घामको छहारीमा परिश्रमीको गजलयात्राको दोस्रो चरणको गजलकृति हो र यस कृतिमा सङ्कलित गजलहरूमा गजल संरचनाका आधारभूत मान्यताहरू पूर्ण परिपालना गरिएको छ । गजलका आधारभूत तत्त्वहरू रदिफ, काफिया, तखल्लुस अन्दाजेबयाँको प्रयोगमा परिश्रमीले कुशलता प्रदर्शन गरेका छन् । यस सङ्ग्रहमा जम्मा साठी वटा गजलहरू सङ्कलित छन् । जसमा ५४ वटा गजलमा काफिया र रदिफको सफल संयोजन गरिएको छ भने ६ वटा गजलमा काफिया मात्र प्रयोग गरिएको छ । गजल रचनामा काफिया अनिवार्य तत्त्व मानिन्छ र रदिफ ऐच्छिक हुन्छ । रदिफयुक्त गजललाई मुरद्दफ र रदिफहीन गजललाई गैरमुरद्दफ गजल भनिन्छ । यस दृष्टिले परिश्रमीको यस सङ्ग्रहमा गैर मुरद्दफ भन्दा मुरद्दफ गजलको आधिक्य रहेको छ । गजल रचना गर्दा काफियाको प्रयोग समान वजन वा मात्राको हुँदा त्यो समभार काफिया हुन्छ भने असमान वजन वा मात्राको काफिया प्रयोग भएमा त्यो असमभार हुन्छ । यस दृष्टिले यस सङ्ग्रहभित्रका २३ गजलमा समभार काफिया र ३७ गजलमा असमभार काफिया प्रयुक्त छन् । गजल रचनामा सेर सङ्ख्या जोर बिजोर दुवै रहन सक्छ । परिश्रमीको यस सङ्ग्रहका गजलमा चारदेखि आठ सेर सङ्ख्या रहेको छ, जसअनुसार चार सेरका ४ वटा, पाँच सेरका ३३ वटा, ६ सेरका २१ वटा एवम् सात र आठ सेरका १-१ वटा, गजलहरू यस सङ्ग्रहमा रहेका छन् । गजलकारले अन्तिम सेरमा आफ्नो नाम वा उपनाम प्रयोग गरेर भाव तथा शिल्पमा चमत्कार ल्याउने कार्यलाई तखल्लुस भनिन्छ । यस अनुसार २० गजलमा उनले 'घनु' वा 'घनश्याम' तखल्लुसको प्रयोग गरेका छन् । छन्द प्रयोगमा परिश्रमीले स्वनिर्मित लय योजनालाई आधार

बनाएर मात्रिक समानतालाई विशेष ख्याल गरेका छन् । मात्रिक उच्चारण अनुसार ८, १०, १२, १४, १६ र १८ मात्रिक उच्चारण प्रक्रियाका गजलहरू अधिक रहेका छन् ।

यस सङ्ग्रहका गजलहरूमा तत्सम, तद्भव, आगन्तुक र नेपाली मूल स्रोतका शब्दहरूको आधिक्य रहेको छ । भाषिक रूपमा मूलतः स्तरीय लेख्य भाषाको प्रयोग गरिएको छ । कतिपय तत्सम शब्दहरूको प्रयोगका कारण गजलमा हुनुपर्ने कोमल भावविन्यास हुन नसके पनि गजल निर्माण प्रक्रियामा भावगत गहनता र विषयवस्तुगत विविधताले गजल सशक्त र आस्वाद्य बनेका छन् । घामको छहारीमा गजल सङ्ग्रहका गजलहरूको संरचनात्मक विवरण यस प्रकार रहेको छ ।

| गजल क्रम | गजल शीर्षक | पृ. | सेर सङ्ख्या | काफिया | | रदिफ | तखल्लुस | मात्रा | मध्य विश्राम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समभार | असमभार | | | | |
| १ | जतिबेला मेरो मुटु .... | १ | ६ | - | √ | √ | - | १६ | ८ |
| २ | इमान बचाउन खोजेको | २ | ५ | - | √ | √ | - | १६ | ९ |
| ३ | किन होला अचेल..... | ३ | ५ | √ | - | √ | - | १६ | ८ |
| ४ | टाढाटाढा पवनले... | ४ | ५ | - | √ | √ | घनु | १६ | ९ |
| ५ | नृत्यकलाको महत्त्व.... | ५ | ५ | √ | - | √ | घनु | १३ | ८ |
| ६ | सधैँ सबैको बनेर.... | ६ | ४ | √ | - | √ | - | १४ | ८ |
| ७ | माथि थिएँ आफ्नो धुनमा... | ७ | ५ | - | √ | √ | - | १४ | ८ |
| ८ | समस्याको चुनौतीले... | ८ | ६ | √ | - | √ | घनु | १३ | ८ |
| ९ | नपिएरै तिमीलाई... | ९ | ५ | - | √ | √ | - | १३ | ८ |
| १० | मेरो मनको संसारमा... | १० | ५ | √ | - | √ | - | १५ | ८ |
| ११ | तिमीसँग मनको कुरा... | ११ | ५ | √ | - | √ | - | १३ | ८ |
| १२ | बाहिर काँचै छु .... | १२ | ६ | √ | - | √ | - | १४ | ६ |
| १३ | बेखुसी बेखुसी खुसी... | १३ | ५ | √ | - | √ | - | १६ | ८ |
| १४ | मेरो महानगरीम.... | १४ | ४ | √ | - | √ | - | १५ | ७ |
| १५ | खुसी खोज्दै हिँडेको थेँ.. | १५ | ५ | - | √ | √ | घनश्याम | १६ | ८ |
| १६ | प्रकृतिको नियमबाट .... | १६ | ६ | √ | - | √ | घनश्याम | १६ | ८ |
| १७ | सुन्दा सुन्दै गुनासा .... | १७ | ५ | - | √ | √ | - | १४ | ८ |
| १८ | अन्यायको सही वस्तु... | १८ | ६ | - | √ | √ | - | १६ | ८ |
| १९ | बिपनाका दुश्मन मेरा... | १९ | ४ | √ | - | √ | घनु | १६ | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | मान्छेलाई प्रकृतिका .... | २० | ६ | - | √ | √ | - | १४ | ८ |
| २१ | पानी दिन नसक्ने... | २१ | ६ | - | √ | √ | - | १५ | ८ |
| २२ | जूनको चित्र कोर्दा... | २२ | ७ | - | √ | √ | - | १४ | ८ |
| २३ | देखेँ युगल नयनले ... | २३ | ६ | - | √ | √ | - | १२ | ७ |
| २४ | अँध्यारोमा पिल्पिलाउँदो... | २४ | ५ | - | √ | √ | घनु | १४ | ८ |
| २५ | अर्काको सहारालाई | २५ | ५ | √ | - | √ | - | १६ | ८ |
| २६ | तिनै तिम्रा हत्केलाले.. | २६ | ५ | - | √ | - | - | १६ | ८ |
| २७ | आशातन्तु चुडेपछि... | २७ | ५ | √ | √ | - | - | १६ | ८ |
| २८ | बिरामी छु बाटो... | २८ | ६ | - | √ | - | - | ८ | ४ |
| २९ | माटो मात्र होइन अब .. | २९ | ४ | - | - | - | - | १६ | ८ |
| ३० | के छ हजुरको हाल.... | ३० | ८ | - | √ | - | - | १२ | ७ |
| ३१ | जिन्दगीमा बाढी... | ३१ | ६ | √ | √ | - | घनु | १६ | ८ |
| ३२ | फुल्दा फुल्दै ओइलेका ... | ३२ | ५ | - | - | - | - | १६ | ८ |
| ३३ | राजनीतिको टुँडीखेलमा.... | ३३ | ५ | - | - | - | - | १६ | ८ |
| ३४ | जे बोल्छ त्यो.... | ३४ | ५ | - | - | √ | - | १३ | ७ |
| ३५ | शान्त सहरको ... | ३५ | ५ | - | - | √ | - | १३ | ८ |
| ३६ | टाढा तिमी भए पनि | ३६ | ५ | - | √ | √ | घनश्याम | १६ | ८ |
| ३७ | नजानेर हो कि .... | ३६ | ५ | √ | - | √ | घनु | १६ | ८ |
| ३८ | कैले डुब्न मन लाग्छ | ३८ | ६ | - | √ | - | घनु | १६ | ८ |
| ३९ | घुम्ने रहर छ ... | ३९ | ६ | - | - | - | - | १६ | ८ |
| ४० | बाहिर निकै.. | ४० | ६ | - | √ | √ | - | १६ | ८ |
| ४१ | आफैलाई थाहा छैन .. | ४१ | ५ | √ | - | - | - | १६ | ८ |
| ४२ | थियो जे जे उतै.. | ४२ | ५ | - | √ | √ | घनु | १६ | ६ |
| ४३ | बालुवाको ठडिएझैँ.... | ४३ | ५ | - | √ | √ | - | १३ | ८ |
| ४४ | घामको छहारीमा..... | ४४ | ५ | - | √ | √ | घनु | १६ | ९ |
| ४५ | खुसी छु कसरी भनूँ.. | ४५ | ६ | - | √ | - | घनु | १६ | ८ |
| ४६ | लोकप्रिय बन्न ... | ४६ | ६ | √ | - | √ | घनु | १६ | ८ |
| ४७ | धेरै व्यय थोरै आय | ४७ | ५ | - | √ | √ | - | १४ | ८ |
| ४८ | नुहाइदिने कोही भए | ४८ | ६ | √ | - | √ | - | १६ | ८ |
| ४९ | मेरो परिवेश .... | ४९ | ५ | - | √ | √ | - | १६ | ७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५० | हिसाब असुल.. | ५० | ५ | √ | - | √ | घनश्याम | १३ | ८ |
| ५१ | निकै दिनहरू .. | ५१ | ५ | - | √ | √ | - | १३ | ७ |
| ५२ | म फुल दिन्छु.. | ५२ | ६ | √ | - | √ | घनश्याम | १६ | ७ |
| ५३ | मलाई लाग्छ.. | ५३ | ५ | √ | - | √ | - | १४ | ९ |
| ५४ | घुम्ने कुर्ची.. | ५४ | ६ | - | √ | √ | घनश्याम | १६ | ८ |
| ५५ | जमेको थियो दिल .. | ५५ | ७ | - | √ | √ | - | १२ | ६ |
| ५६ | हाँसहरूको बथानमा.. | ५६ | ५ | - | √ | √ | - | १४ | ७ |
| ५७ | महल तिमी बनाऊ... | ५७ | ६ | - | √ | √ | - | १६ | ७ |
| ५८ | निराशाका बादलहरू ... | ५८ | ५ | √ | - | √ | - | १४ | ८ |
| ५९ | आनन्दमा रमाउँदै... | ५९ | ६ | - | √ | √ | घनश्याम | १६ | ८ |
| ६० | मेरो आँगनीमा .. | ६० | ५ | - | √ | √ | घनश्याम | १६ | ८ |

सङ्केत : √ चिन्हको काफिया र रदिफको सङ्केत गरिएको छ ।

## ५.३ घामको छहारीमा गजल सङ्ग्रहको विषयवस्तु

घामको छहारीमा गजलकृतिमा घनश्याम न्यौपाने परिश्रमीले जीवन, समाज, राष्ट्र र विश्वपरिवेशलाई मूलकथ्य विषय बनाएका छन् । उनले जीवनका सुख, दुःख, हर्ष, विषाद, पीडा, प्रताडना, आशा, निराशा, प्रेम, घृणाका स्वरहरू यस सङ्ग्रहमा ध्वनित गरेका छन् । त्यस्तै समाजका सङ्गति, विसङ्गति, विकृति, संस्कृति, परिणति, परिवृत्ति, मेल, बेमेल, सद्भाव, दुर्भाव, आचार, दुराचार एवम् दुर्गतिका झाँकीहरू यसमा उनले उद्घाटन गरेका छन् । त्यसैगरी राष्ट्रका राजनैतिक, आर्थिक, शैक्षिक, सांस्कृतिक विचलन, स्वाभिमान, प्रजातन्त्र, देशप्रेम र मानवतामा देखिएको ह्रास तथा विश्वमा बढ्दै गएको युद्ध, हत्या, आतङ्क, सन्त्रास एवम् सङ्कटग्रस्त अवस्थाको उद्घाटन पनि उनका गजलमा रहेका छन् । यसका साथै सामाजिक परिवर्तन र समतामूलक समाज निर्माणको सन्देश पनि उनका गजलमा सघन रूपमा पाइन्छ । एकता, सद्भाव, मानवता, देशभक्ति, स्वनिष्ठा र स्वमान्यताको प्रतिष्ठापन पनि उनका गजलका मूल विषय हुन् । उनको घामको छहारीमा गजलकृतिमा प्रयुक्त विषयवस्तुहरू प्रगतिवादी चिन्तन, मानवतावादी भावना, राष्ट्रवादी चेतना, प्रजातन्त्रप्रति निष्ठा, जीवनवादी, दृष्टिकोण, प्रणयवादी मूल्य, नारीप्रति सद्भाव, स्वाभिमानप्रति आस्था, निराशावादी स्वर, सामाजिक-राजनीतिक अवस्थाप्रति व्यङ्ग्य मूल रूपमा प्रयुक्त भएका छन् ।

### ५.३.१ प्रगतिवादी चिन्तन

राष्ट्रिय सामाजिक जनजीवनका असमान अवस्थाको अन्त्य र समतामूलक राष्ट्रिय समाज निर्माणको चिन्तन नै प्रगतिवादी चिन्तन हो र यो चिन्तनलाई रचनामा व्यक्त गर्दा त्यो

प्रगतिवादी रचना हुन्छ । घनश्याम न्यौपाने परिश्रमी पनि द्वन्द्वात्मक भौतिकवादमा विश्वास राख्ने र मार्क्सवादी सिद्धान्तका अनुयायी भएका कारण उनका गजलहरूमा मार्क्सवादी सौन्दर्य संवाहित भएको हुन्छ । उनको घामको छहारीमा भित्रको अधिकांश गजलहरूमा मार्क्सवादी सौन्दर्यको अभिव्यक्ति पाइन्छ । सामन्तवादको अन्त्य र सर्वहारा वर्गको उत्थानका लागि उनले यस सङ्ग्रहका गजलहरूमा आवाज बुलन्द गरेका छन् । शोषणरहित समाजको परिकल्पनाका आधारहरू यस सङ्ग्रहका गजलका विषयवस्तु हुन् । प्रजातन्त्र आए पनि जनताले आफ्ना पूर्ण अधिकार पाई नसकेको र त्यसका लागि स्वयम् जनता सचेत भएर पूर्ण अधिकार र स्वतन्त्रता प्राप्तिका लागि सङ्घर्ष गर्नुपर्ने आवश्यकताबोधको भाव पनि उनका गजलको प्रगतिवादी चिन्तन नै हो । कालो धनले चुलिएका महलहरू ढल्नु पर्ने र सामन्ती यथास्थितिबाट मुक्ति पाउनु पर्ने र समाजको स्वरूप बदल्नुपर्ने संचेतना उनका गजलहरूमा संवाहित छ ।

माटो मात्र होइन अब ढुंगा पनि गल्नुपर्छ
कालो धनले चुलिएका महलहरू ढल्नुपर्छ

पृ. : २९

यथास्थितिभित्र सधैं गुम्सिएर बस्नु कति
अब हाम्रो समाजको स्वरूप बदल्नु पर्छ

पृ. : २९

अन्यायका सही वस्तु अफ्र कति प्रहार सधैं
प्रजातन्त्रभित्र देख्छु खुल्ला दमनद्वार सधैं

पृ. : १८

प्रजातान्त्रिक वातावरणमा पनि सामन्ती दमन र अन्यायहरू यथावत् रहेको हुनाले यसको अन्त्यको लागि तमाम प्रगतिवादी हृदयहरू सल्बलाएर उठ्नुपर्ने उनका कतिपय गजलांशहरूमा रहेका छन् । प्रगतिवादी चिन्तनले ओतप्रोत भएका उनका यस सङ्ग्रहका गजलहरू सशक्त रहेका छन् ।

### ५.३.२ मानवतावादी भावना

मानवीय प्रेम, सद्भाव, एकता, हार्दिकता, सदाशयता, सदाचार र सहिष्णुता नै मानवतावादी भाव हुन् । मानवतावादी भावना परिश्रमीका गजलको एक मूलभूत विषयवस्तु हो । मानवमा दुर्भाव, घृणा, दुराचार, वैरभाव र प्रपञ्चको अन्त्य हुनुपर्छ र आपसी शिष्टता, समझदारी, सहयोगीपना र सद्भावहरूबाट भ्रातृत्व भावको सङ्गति गर्नुपर्छ भन्ने भावको संवाहन नै उनको घामको छहारीमा गजलकृतिका गजलहरूका विषयगत मान्यता हो । सधैं अरूको बनेर बाँच्ने र सन्तुष्टिको अनुभूतिमा हाँस्न चाहने यो मानवतावादी सोच हो । मन स्वच्छ भए अनुहार कालै भए पनि ऊ सदा सहृदयी हुन्छ । सहृदयी व्यक्ति नै मानवतावादी व्यक्ति हो । जीवनमा परिश्रम जहिले पनि मीठो हुन्छ । विना परिश्रम लोभी बन्नु मानवताहीनता हो, तसर्थ

सेवा, सद्भाव, सहृदता, परिश्रम र निर्लोभीपन घामको छहारीमा सङ्कलित कतिपय गजलमा संवाहित छन् ।

सधैँ सबैको बनेर बाँच्न पाए हुन्थ्यो
सन्तुष्टिको अनुभूतिमा हाँस्न पाए हुन्थ्यो

**घामको छहारीमा,** पृ. : ६

पसीना पवित्र हुन्छ, त्यसैले त मीठो हुन्छ
विना मिहिनेत लोभी बनेर के पो चाहनू

**घामको छहारीमा**, पृ.४५

मन पवित्र भए आफू कालै भए पनि
चेहरामा सेतै फा नघसेकै राम्रो

**घामको छहारीमा**, पृ. : ५३

परहितमा समर्पित भएर बाँच्नु जीवनको महानता भएको र परहितमै आत्मा सन्तुष्ट हुने प्रवृत्ति मानवतावादी भावना हो । परिश्रम जहिले पनि मीठो हुने र निःश्वार्थ भावनाले परिश्रम गरेर परिश्रमबाटै परहित हुने तथा पवित्र मनले परहित गर्नेको चेहरा कालै भए पनि मन सफा हुने यथार्थ मानवतावादी भावको वास्तविकता भएको तथ्य परिश्रमीका गजलमा पाइन्छ ।

### ५.३.३ राष्ट्रवादी चेतना

राष्ट्र, राष्ट्रियता, राष्ट्रिय गौरव र स्वाभिमानप्रति निष्ठा, प्रेम, समर्पण वा लगाव नै राष्ट्रवादी चेतना हो । परिश्रमीका गजलमा राष्ट्र र राष्ट्रियताप्रति निष्ठा र श्रमको भावना पनि छ, त्याग र समर्पणको भाव पनि छ र राष्ट्रिय स्वत्वको दुर्दशाप्रति चिन्ता पनि छ । यही घामको छहारीमा गजलकृतिका गजलमा व्यक्त परिश्रमीको राष्ट्रवादी चेतना हो । राष्ट्रिय अस्मितामाथि विदेशी हस्तक्षेपले देशमा अराजकता सृजना भएको छ र प्रजातन्त्र प्राप्तिपछि पनि देशमा विभेद यथावत् छ । यसले जताततै ठूलाबडाकै बोलबाला छ । वैमनस्यले आपसमा फुट र गुट सृजना भएको छ । देशको उन्नति अवरुद्ध भएको छ । माटोको ममता हराउँदै गएको छ । सबै स्वार्थमा लिप्त रहेका छन् । यसले राष्ट्रवादी मूल्य र मान्यतामा विचलन आएको छ भन्ने भाव परिश्रमीका गजलमा व्यक्त छ ।

बिरामी छ माटो यहाँ
बिग्रेको छ बाटो यहाँ
सन्धिसम्झौता भो भन्छन्
झन् बढ्दैछ फाटो यहाँ

पृ. : २८

घुम्ने कुर्ची भेटेपछि उनलाई बिर्सिदियौ
घाम पाएपछि भैगो जूनलाई बिर्सिदियौ
प्रजातन्त्र तिम्रा लागि खुला मार्ग भइदियो
जीवन दिने सहिदको खुनलाई बिर्सिदियौ

पृ. : ५४

राष्ट्रप्रति बफादार नागरिकले जहिले पनि माटोको माया गर्छ, माटोप्रति निःस्वार्थ सद्भाव राख्छ र माटोको ममतालाई अक्षुण्ण राख्छ । माटोको माया देशभक्ति हो । यहाँ माटो नै बिरामी भएको छ अथवा राष्ट्रिय अस्मितामा आँच आएको छ । आपसमा समझदारीपनको नाममा फाटो बढिरहेको छ । देशको विकास र जनताको उन्नतिका बाचा खाएर सत्तामा पुग्नेहरू सत्ता र भत्ता वा ऐसआराम पाएपछि आफ्नो बाचा र सहिदको बलिदान भुलेका छन् । त्यसले राष्ट्रिय महत्ता र गौरवमाथि आँच आएको छ भन्ने भाव व्यक्त गर्दै देशप्रति सच्चा प्रेम, त्याग र समर्पणको भाव हुनुपर्छ भन्ने भाव परिश्रमीको घामको छहारीमाका कतिपय गजलमा रहेका छन् ।

### ५.३.४ प्रजातन्त्रप्रति निष्ठा

परम्परागत निरङ्कुश तन्त्रको अन्त्य र जनताद्वारा चुनिएका प्रतिनिधिद्वारा जनइच्छाअनुसार जनतामाथि गरिने शासन व्यवस्थालाई प्रजातन्त्र र त्यस्तो शासन व्यवस्थाप्रतिको लगाव र आचरणलाई प्रजातन्त्रप्रतिको निष्ठा भनिन्छ । परिश्रमीका घामको छहारीमा गजलकृतिका गजलहरूमा प्रजातन्त्रप्रतिको निष्ठा सघन रूपमा व्यक्त भएको पाइन्छ । सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक असमानताको अन्त्य, परम्परागत शासन व्यवस्थाको अन्त्य र जनमुखी शासन व्यवस्थाको स्थापना एवम् यथास्थितिको परिवर्तनको भाव परिश्रमीका गजलमा व्यक्त प्रजातन्त्रप्रतिको निष्ठा हो ।

अर्काको सहारा लिई चल्ने बानी छोड्दै छु म
आफ्नै हातले समाएर छाता आफ्नो ओढ्दै छु म
समयले सिकाउँदै छ पाठ जिन्दगीका लागि
अघि बढ्न बाधा पर्ने दुर्गहरू लड्दै छु म

पृ. : २५

घामको छहारीमा शीतल शीतल आभास पाएँ मैले
सङ्घर्षका उपलब्धि खुल्ला आकास पाएँ मैले
यायावरी जिन्दगीमा महलहरू घृणा गर्छन्
झुपडीहरूमा श्रद्धासहित बास पाएँ मैले

पृ.: ४५

अरूको दासता स्वीकारेर अरूकै सहारामा बाँच्ने बानी पराधीनता हो, त्यस्तो बानी छोड्नु भनेको प्रजातन्त्रप्रतिको लगाव हो । आफ्नो स्वाभिमान उच्च राखेर आफूमाथि शासन गर्ने व्यक्ति आफैले चुन्नु आफ्नो छाता आफैले समाएर ओढ्नु हो । आफ्नो हक, अधिकार र स्वतन्त्रता खोज्न समयले सिकाएको र आफ्नो अधिकार हनन गर्ने सामन्ती दुर्गहरू तोड्नु भनेको आफ्नो स्वतन्त्रता प्राप्ति गर्नु हो । स्वतन्त्रता प्राप्तिपछि खुल्ला आकास र प्रजातन्त्रको छहारीमा शीतल आभास पाइन्छ नै । यायावरी जिन्दगीमा महलभन्दा झुपडीको स्वतन्त्रता नै महल हुन्छ र प्रजातान्त्रिक वातावरणमा अर्काप्रति श्रद्धा र विश्वासको वातावरण रहन्छ भन्ने भाव परिश्रमीका घामको छहारीमाका कतिपय गजलमा व्यक्त भएको पाइन्छ ।

### ५.३.५ जीवनवादी दृष्टिकोण

जीवनको स्वत्व, अस्तित्व, सार्थकता र महत्ताको पहिचान एवम् मानवता, सद्भाव र स्वधर्मबोध नै जीवनवादी दृष्टिकोण हो । जीवनको स्वत्व भनेको सत्कर्म हो, अस्तित्व भनेको सत्वृत्ति हो, सार्थकता भनेको सत्सेवा हो र महत्ता भनेको सत्गौरव हो । यसैमा जीवनको महानता झल्कन्छ । यस्तो महानताको भाव वा दृष्टिकोण परिश्रमीका घामको छहारीमा गजलकृतिको विषयगत वैविध्यमध्ये प्रमुख अङ्ग हो । मानव स्वतन्त्रता, स्वाभिमान, स्वअधिकार र स्वअस्तित्वको स्थापना नै उनको जीवनवादी दृष्टिकोण हो र यो दृष्टिकोण घामको छहारीमा गजलकृतिका अधिकांश गजलमा अभिव्यञ्जित छ । स्वस्थ, समतापूर्ण र शोषणमुक्त समाजको निर्माणबाट जीवनको सार्थकता झल्कने तथ्य उनको गजलमा अन्तर्गर्भित छ ।

जे बोल्छु त्यो विरोध बोल्ने बानी भएछ
मेरो सङ्घर्षशील जिन्दगानी भएछ

पृ. : ३४

समस्याको चुनौतीले निकै उस्तै छ
मेरो जिन्दगी भनूँ, जिन्दगी जस्तै छ

पृ. : ८

साहित्य, कला, सङ्गीत जे मान्यो त्यही
घनु तेरा लागि मीठो गजल जिन्दगी

पृ. : ४२

जीवन समस्याले घेरिएको हुन्छ र पीडाले जकडिएको हुन्छ । समस्या र पीडा मात्र जीवन होइन । जीवन सङ्घर्ष र बलिदान पनि हो । सहिदको बलिदानले देश स्वतन्त्र भएको छ । ठूलो ठूलो उपलब्धि भएको छ । जीवन त्यही उपलब्धि हो । परम्पराको विरोध र नवीनताको प्राप्ति नै जीवन हो त्यसैमा जीवन सार्थक बन्छ । जीवन साहित्य, कला र सङ्गतिमा सुन्दर हुन्छ । सार्थक र महान् हुन्छ । त्यसैले जीवनमा कुनै न कुनै सार्थक उपलब्धि हुनै पर्छ । जसरी घनुको

लागि मीठो गजल जीवन भएको छ । तसर्थ सार्थक कार्य र उपलब्धि नै जीवनवादी दृष्टिकोण हुनुपर्छ भन्ने भाव परिश्रमीका अधिकांश गजलमा पाइन्छ ।

### ५.३.६ प्रणयवादी मूल्य

आपसमा हार्दिकतापूर्ण सद्भाव सामन्जस्यमा अन्तरबाटै एक अर्काप्रति हुने अनुराग र त्यसको महत्त्व नै प्रणयवादी मूल्य हो र यो मूल्य रचनामा प्रवाहित गर्दा त्यो रचना प्रणयवादी रचना बन्छ । जीवन प्रणयमै बाँच्छ, प्रणयमै हाँस्छ र प्रणयमै सार्थक हुन्छ भन्ने भाव प्रणयवादी भाव हो । यो भाव वा मूल्य परिश्रमीको अधिकांश गजलमा अन्तगर्भित छ । गजलको मूल वर्ण्य विषय नै प्रणय भएकोले प्रणयवादी भावगर्भित गजल मिठास र सार्थक हुन्छ । नारी र पुरुषको रागात्मक प्रेम संवाहित गजल शृङ्गार रसपूर्ण हुन्छ । गायनका दृष्टिले यस्ता गजलहरू बढी लोकप्रिय हुन्छन् । परिश्रमीका गजलमा व्यक्त प्रणयवादी मूल्य पवित्र र स्वच्छ हुनुपर्ने भावमा संवाहित छ । जीवनको सार्थक पक्ष प्रेम भएकोले प्रेमको मूल्य अमर अजर हुन्छ, भन्ने भाव उनको गजलको मूल मर्म हो । प्रणयवादी मूल्य परिश्रमीका गजलका एक महत्तम भावसन्धान माध्यम बन्न पुगेको छ ।

तिमीसँग मनको कुरा गर्ने रहर छ
त्यसैले त बेसीतिर झर्ने रहर छ
खोजी खोजी हृदयले प्रीतिको फूल
रित्तै छ यो दिलको झोली झर्ने रहेछ

पृ. : ११

मेरो आँगनीमा आज बेहुली झैँ तिमी आयौ
अन्धकार चिर्देचिर्दै बिजुली झैँ तिमी आयौ
मेरो हृदयमा रङ्ग छर्दै लालीगुरास जस्तो
प्रभाती रश्मिले रक्तिम हिउँचुली झैँ हिमी आयौ

पृ. : ६०

आपसको प्रणय नै आत्मशक्ति हो । यसैमा सुख र शान्ति प्राप्त हुने गर्छ । तसर्थ मन मिलेको सँग प्रणयनिवेदन गर्ने रहर भएकोले मनको बेसीतिर प्रणयको भाव प्रवाहित गर्ने चाह छ । प्रणयको फूल फुलाएर मनको रित्तो झोली भर्ने चाह छ । प्रणयपछि हुने वैवाहिक सम्बन्धपछि जीवनमा हर्ष छाउने र प्रणयहीनताको अन्धकार हटाएर प्रणयको बिजुलीले हृदयलाई उज्यालो पार्छ । हृदयमा प्रणयकै लालीगुँरास फुल्छ र प्रभातीरश्मिले जीवन हिउँचुली झैँ सुन्दर बन्छ भन्ने भाव परिश्रमीका गजलमा अभिव्यक्त छ ।

### ५.३.७ नारीप्रति सद्भाव

नारी अस्तित्वको सम्मान र नारीप्रतिको हार्दिक साहचर्य सदाशयता नै नारीप्रति सद्भाव हो । नारीप्रतिको साहचर्य समागममा नै जीवनको यात्रा सुगम हुन्छ र परिवार सुखशान्तिपूर्ण बन्छ । नारी सृष्टिकी संवाहिका हो, राष्ट्र, समाज र परिवारको अभिन्न ऊर्जा हो । त्यसैले नारीको अस्मिता सर्वोपरि हुन्छ भन्ने भाव परिश्रमीको अधिक गजलमा संवाहित छ र घामको छहारीमा गजलकृतिका गजलमा पनि यो भाव अन्तर्भूत छ । नारीलाई भोग्या वस्तु मात्र ठान्नु पुरुषको निकृष्टता हो र नारीलाई समान अधिकार नदिनु उसको लाछीपन हो तसर्थ नारी समानता र स्वतन्त्रताप्रति सचेत रहनु पुरुषको नारीप्रति सद्भाव हो, प्रेम हो र सम्मान हो भन्ने भाव परिश्रमीको घामको छहारीमा गजलकृतिका गजलमा अभिव्यञ्जित छ ।

आनन्दमा रमाउँदै जुनेली रातमा सखी
सुम्पियौ कि आफूलाई कसैको हातमा सखी
कुँदिएकी मूर्ति तिमी कालीगढी सीप हौ
खरीद बिक्री नहुनु है सुन्दर सौगातमा सखी

पृ. : ५९

जमेको थियो दिल पगाल्यो कसैले
मलाई उतै तान्न थाल्यो कसैले
कता मिल्छ माया भनी तड्पिएथेँ
ममाथि दयादृष्टि फाल्यो कसैले

पृ. : ५५

नारी कोमल मनकी हुन्छिन् । कोमल भावनाकी हुन्छिन् । त्यसैले कसैको प्रलोभनमा परेर कसैको हातमा सुम्पन सक्छिन् । कालीगढी सीपले कुदिएको मूर्ति जस्ती सुन्दरी नारीको सुन्दरता र विज्ञापनको नाममा पुरुषहरूले सुन्दर सौगात दिएर नारीको स्वत्व खरिद विक्री गर्ने गर्छन् । यो नारीप्रतिको अपमान हो, त्यसैले नारीहरू स्वयम् सचेत हुनुपर्छ भने पुरुषले पनि नारीप्रति सद्भावपूर्ण व्यवहार गर्नुपर्छ । नारीले नै पुरुषको कठोर मन प्रणय र वात्सल्यले पगाल्छ । निराश र उराठ जीवनमा नारीले नै बहार ल्याउँछ तसर्थ नारी सदा सम्मान्य र श्रद्धेय हुन्छ भन्ने भाव परिश्रमीको घामको छहारीमा गजलकृतिका कतिपय गजलमा प्रतिध्वनित छ ।

### ५.३.८ स्वाभिमानप्रति श्रद्धा

राष्ट्रिय महत्ता र जीवनको सार्वभौम स्वत्वको सर्वोपरि गरिमाको पहिचान र त्यसप्रतिको निष्ठापूर्ण लगाव नै स्वाभिमानप्रतिको श्रद्धाभाव हो । हरेक व्यक्तिको स्वपहिचान र स्वाभिमान हुन्छ । व्यवहारगत वैयक्तिकता नै उसको स्वपहिचान हो । स्वत्वगत महत्ता नै उसको स्वाभिमान हो । हरेक राष्ट्रको सार्वभौम अस्तित्व र स्वाभिमान हुन्छ । स्वमूल्य, मान्यता, संस्कृति, सभ्यता र स्वशासन राष्ट्रको सार्वभौम अस्तित्व हो भने त्यसको गौरवपूर्ण महत्त्व नै राष्ट्रको स्वाभिमान हो ।

यो स्वाभिमानको सर्वोपरि महत्ता परिश्रमीका गजलमा अभिव्यञ्जित रहेको पाइन्छ । उनको घामको छहारीमा गजलकृतिका कतिपय गजलमा राष्ट्रिय, जातीय र मानवीय स्वाभिमानका भावहरू गुञ्जित छन् । मानवीय संचेतना र संवेदनाको संवाहनबाट जीवनको वैयक्तिक अवधारणा स्पष्ट हुने र राष्ट्रिय मूल्य एवम् महत्त्वको संवाहनबाट राष्ट्रको स्वत्व उद्बोधित हुने यथार्थ परिश्रमीको गजलमा सम्बोधित छ ।

मलाई लाग्छ झुपडीमै म बसेको राम्रो
सहानुभूतिले हजुर नडसेको राम्रो

पृ. : ५३

बेखुसी बेखुसी खुसी भए जस्तो गर्दैछु म
कसैलाई बचाउन यहाँ स्वयम् मर्दैछु म

पृ. : १३

सधैं सबैको बनेर बाँच्न पाए हुन्थ्यो
सन्तुष्टिको अनुभूतिमा हाँस्न पाए हुन्थ्यो

पृ. : ६६

कसैको लोभ लालचमा फसेर आफ्नो अस्तित्वलाई निर्मूल्य पार्नु भन्दा झुपडीमै स्वाभिमान साथ बाँच्नु र राष्ट्रिय आस्था र विश्वासलाई जीवन्त राख्नु महानता हो । जीवन छलप्रपञ्चबाट स्वच्छ राख्नु बेखुसी नै रहे पनि परहितमा जीवन अर्पण गर्नु महानता हो । सधैं सबैको बनेर बाँच्न र राष्ट्रहितमा सन्तुष्टिको अनुभूति गर्नु जीवन सार्थकता हो भन्ने भाव परिश्रमीको घामको छहारीमा गजलकृतिका कतिपय गजलमा अभिव्यक्त छ ।

### ५.३.९ निराशावादी स्वर

जीवन भोगाइका क्रममा आफ्ना इच्छा र अभिलाषा पूरा नहुँदा मन हतास हुन्छ । अन्तरमा निराशा उत्पन्न हुँदा तथा आफन्तबाट धोका वा घात पाउँदा र स्वजनबाट माया, ममता र सद्भाव नपाउँदा पनि निराशा उत्पन्न हुन्छ । यही निराशालाई रचनामा सम्प्रेषण गर्दा रचनाको भाव निराशा बन्छ । परिश्रमीका घामको छहारीमा गजलकृतिको कतिपय गजलमा निराशावादी स्वर पाइन्छ । सामन्ती प्रथाको विभेदपूर्ण वातावरणमा अनेक प्रपञ्चमा जिउँनुपर्दा, प्रजातन्त्र प्राप्तिपछि पनि सामाजिक असमानता र विभेद यथावत् रहँदा तथा परिस्थिति र परिवेशजन्य असहयोग र अमानवीय व्यवहारबाट मनमा उत्पन्न निराशाको स्वरलाई परिश्रमीले आफ्ना गजलमा उरालेका छन् ।

बाहिर काँचै छु भित्र त पाक्न थालेको छु
जिन्दगीको यात्राबाट थाक्न थालेको छु

पृ. : १९

सुन्दा सुन्दै गुनासा म दिक्दार भएको छु
मान्नै परेको छ आदेश लाचार भएको छु

पृ. : १७

बालुवाको ठडिएको महल जिन्दगी
बगेजस्तै वर्षायामको भल जिन्दगी

पृ. : ४३

जीवन भोगाइको क्रममा अनेक बाधा विरोध समस्या पीडा र प्रताडनामा पिल्सिएर भित्रभित्रै पाकेको र यस्ता समस्या र पीडाले जिन्दगी थाक्न थालेको निराशावादी स्वर परिश्रमीका गजलांशमा पाइन्छ । त्यस्तै आफ्ना दुःख, पीडा र गुनासा सुन्ने कोही नभएका र अरूकै गुनासा मात्र सुन्दा सुन्दा दिक्दार भइसकेको तथा अरूकै खटन र आदेशमा बाँच्नु पर्ने जीवन लाचार भएकोले नैराश्यता उत्पन्न भएको यथार्थ पनि उनका गजलमा व्यक्त भएको छ । त्यसैगरी जीवन बालुवाको महलजस्तै सुख्खा र अस्थायी भएको र वर्षायाममा उर्लेर बग्ने खहरे भेल जस्तै जीवन दुर्दशा र विडम्बनापूर्ण भएकोले मनमा हतास र नैराश्य भाव जागेको तथ्य पनि उनको घामको छहारीमा गजलका कतिपय गजलमा व्यक्त भएको छ ।

### ५.३.१० सामाजिक राजनीतिक दूरावस्थाप्रति कटाक्ष

समाजका असङ्गत वृत्ति र राजनीतिक विसङ्गत प्रवृत्तिलाई सर्जकले रचनामा व्यक्त गरेका हुन्छन् । त्यस्तो परिस्थितिप्रति असहमति जनाउँदै व्यङ्ग्यभाव सम्प्रेषण गरिएका सृजना प्रभावपूर्ण हुन्छ । समाज र राजनीतिका निकृष्टताप्रति व्यङ्ग्य गर्दै परिश्रमीले अनेक गजलहरू सृजना गरेका छन् । उनको घामको छहारीमा गजलकृतिका कतिपय गजलमा समाज र राजनीतिका दूरावस्थाप्रति व्यङ्ग्यभाव सम्प्रेषण गरिएको छ । नातावाद, कृपावाद, चाकडी, चालुसी, भ्रष्टाचार, झूटा, आश्वासन, छलछकान, षड्यन्त्र र धोकाबाट दूरावस्था सृजना हुन्छ र यसले सामाजिक राजनीतिक अवस्था पनि विसङ्गतिपूर्ण बन्छ । परिश्रमीका गजलमा यस्तै दूरावस्थाप्रति व्यङ्ग्य टड्कारो रूपमा पाइन्छ । भ्रष्टता, बेइमान, अनैतिकता र दुराचारजस्ता निकृष्ट वृत्तिप्रति व्यङ्ग्यात्मक चित्रण उनले गजलमा गरेका छन् । प्रजातान्त्रिक परिवेशमा पनि ठूलाबडाको बोलबाला केटाहरूको स्वार्थी मनोवृत्तिप्रति कटाक्ष गर्नु उनको मूल उद्देश्य रहेको देखिन्छ । देशलाई बन्धकी राखेर र राष्ट्रिय स्वाभिमानलाई धरापमा पारेर सर्वशक्तिमान् ठानी स्वार्थ पूरा गर्न प्रवृत्त राजनेताको निकृष्टताप्रति पनि परिश्रमीले कटाक्ष गर्दै उनले सामाजिक तथा राजनैतिक सुधारको भाव घामको छहारीमाका अनेकन गजलमा सम्प्रेषित गरेका छन् ।

अन्यायका सही बस्नु अझ कति प्रहार सधैँ
प्रजातन्त्रभित्र देख्छु खुल्ला दमनद्वार सधैँ
भोकाहरूबाट भोट लिई मन्त्री बन्नेहरू
पैले आफ्नै भुँडी भर्न गर्दा रै'छन् हतार सधैँ

पृ. : १८

राजनीतिको टुँडिखेलमा फोहर खेल भइरहेछ
सम्झौताको सही छापमा जालझेल भइरहेछ
अनुशासनको धरातल उर्वराहीन बनेकाले
घरपालुवा सुँगुर पनि बनेको बदेल भइरहेछ ।

पृ. : ३३

प्रजातन्त्रको खुल्ला वातावरणमा पनि ठूलाबडा शक्तिबालहरूको थिचोमिचो र अन्याय यथावत् रहेको र यस्तै दुरवस्थामा सही बाँच्न बाध्य अवस्थाप्रति कटाक्ष गर्दै त्यसको परिवर्तनको सन्देश परिश्रमीका कतिपय गजलमा सञ्चारण गरिएका छन् । त्यस्तै सोझासिदा, निमुखा र भोकाहरूलाई आश्वासन दिएर भोट लिई मन्त्री बन्नेहरू स्वार्थी र धोकेवाज भएको र आफ्नै स्वार्थमा पूरा गर्न प्रवृत्त भएको विभेदपूर्ण यथार्थप्रति पनि उनका गजलमा कटाक्ष पाइन्छ । त्यसैगरी राजनीतिको नाममा हुने फोहर खेल वा निकृष्ट प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै समाजका निम्न व्यक्तिहरू आज उच्च राजनेता र शक्तिसम्पन्न व्यक्ति बनेर मोटाइरहेको यथार्थ पनि उनका गजलमा उद्घाटित छ । सामाजिक राजनैतिक अनुशासनहीनताले देशको स्वाभिमान खस्केको र राष्ट्रिय महत्ता धरापमा परेको वास्तविकता पनि उनका गजलमा उद्बोधित छ ।

परिश्रमीको घामको छहारीमा गजलकृतिमा विषयगत वैविध्य रहेको छ र ती विषयहरू समयसापेक्ष रूपमा गजलमा प्रभावकारी रूपमा आएका छन् । विषयगत दृष्टिले परिश्रमीका गजलहरू गहन र ओजस्वी बनेका छन् ।

## ५.४ शैलीशिल्पको आधारमा विश्लेषण

शैली एउटा विशिष्ट कला हो । यो सृजनाको एउटा अपरिहार्य पक्ष हो । सर्जकको एउटा पहिचान हो । यसले सृजनालाई कलात्मक उच्चता प्रदान गर्छ । भाषा सृजनाको माध्यम हो भने शैली त्यसको कला हो । विचार वा भाव सम्प्रेषण गर्दा शैलीको विशिष्ट भूमिका रहन्छ । कुशल शैलीको समायोजनले सृजना उच्च र कलात्मक बन्छ । शैली लेखकीय क्षमता पनि हो । लेखकको क्षमता वा दक्षताअनुसार शैलीशिल्पमा भिन्नता अवश्य नै हुन्छ । सर्जक जति दक्ष छ उसले त्यति नै कलात्मक शैलीको समायोजन गर्छ र रचनालाई उच्चता प्रदान गर्छ । साहित्यका विभिन्न विधाहरूमध्ये नाटक सम्वादात्मक शैलीमा रचिन्छ । उपन्यास, कथा, निबन्ध आदि गद्यात्मक शैलीमा रचिन्छ । त्यस्तै कविता, गीत गजल आदि पद्यात्मक शैलीमा रचिन्छ । गजल कोमल

भावना भाषा र शैलीमा रचिने गेय विधा हो । यसमा सरल, सहज र सम्प्रेष्य भाषिक शैली समायोजित हुनुपर्छ । साथै बिम्ब र प्रतीकको कुशल प्रयोग, अलङ्कार विधानको सफल समायोजन र रसविधानको सशक्त उपभोगबाट गजल सृजना गरिन्छ । यस तथ्यअनुसार घनश्याम न्यौपाने परिश्रमीका गजलमा भाषिक शैलीशिल्प उच्च र विश्लेष्य रहेको छ । उनका घामको छहारीमा गजलकृतिका गजलमा प्रयुक्त शैलीशिल्पगत रचनाधर्मितालाई निम्नानुसारका बुँदाहरूमा विश्लेषण गर्नु सर्वमान्य देखिन्छ ।

### ५.४.१ बिम्ब र प्रतीकको प्रयोग

बिम्ब र प्रतीक भनेको शब्दार्थमा चिह्न र प्रतिरूप हो भन्ने साङ्केतिक अर्थमा लक्षण वा सङ्केत हो । विम्ब र प्रतीक प्रकृति, समाज, देश, काल, वातावरण, परिस्थिति, धर्म, इतिहास, पुराण, जनजीवन, राजनीति आदिसँग सम्बन्धित सन्दर्भहरूको सङ्केत भएको हुँदा यसको सफल प्रयोगले रचना गहन, प्रभावपूर्ण र कलात्मक बन्छ । घनश्याम न्यौपाने परिश्रमीको घामको छहारीमा गजल कृतिका गजलहरूमा विभिन्न आद्या तथा पारम्परिक विम्ब र प्रतीकहरूको कुशलतापूर्वक प्रयोग गरिएको पाइन्छ। उनका यस कृतिका गजलमा मानवजीवन भोगाइका सन्दर्भ, सामाजिक पीडा र प्रताडना, राजनैतिक विसङ्गति र विकृति, पारिस्थितिक बेमेल र विडम्बना, प्रजातान्त्रिक  मूल्य र मान्यताहीनता तथा पारम्परिक कुरीति र कुप्रवृत्तिका विभिन्न सन्दर्भहरू उद्घाटित गर्ने क्रममा पारम्पारिक वा अधुनातन साङ्केतिक बिम्ब र प्रतीकहरू प्रयुक्त भएको पाइन्छ । घाउ, माकुरा, काग, कोइली, फूल, झ्यालखाना, आकाश, काँढा, सन्दुस, शीतबिन्दु, दुवो, झुपडी, बादल, तस्वीर, भित्ता, काँढेतार, बिरुवा, पसीना, रगत, बगैंचा, गुफा, गुन्टा, ग्रहदशा, साँढेसात, लात, रात, सहर, नहर, झरपात, आँधी, डेरा, व्यापार, सैतान, सुराही, चोक, फुटपात, भीर, नीर, तीर, जन्जीर, अग्निशिखा, सिमल, सागर, घनश्याम, राधा, सङ्घार, हतियार, घुम्टो, किला, माहुरी, द्वार, तुँवालो, पहरा, बत्ती, जङ्गल, चप्पल, महल, पसल, तारा, बन्जरा, आरा, मंजिल, महाफिल, किरण जस्ता अनेकानेक विम्ब र प्रतीकहरू परिश्रमीका घामको छहारीमा गजलसुतिका गजलमा प्रयुक्त छन् ।

विपनाका दुश्मन मेरा सपनाको मित बन्छन्
असन्तोषका अभिव्यक्ति विद्रोहका गीत बन्छन्

तुँवालाले छोपेपछि खस्ने अश्रुबिन्दुहरू
जूनलाई चुहेजस्तै बिहानीका शीत बन्छन्

फुल्नु पर्दा पहरामा कहर काट्नुपर्छ साह्रो
हरेस नखा धुनु तेरा हार पनि जीत बन्छन्

पृ. : १९

यस गजलमा सङ्घर्षको मैदानमा उत्रँदा अनेक बाधा विरोधसँग लड्नुपर्ने र सधैँ हार नहुने भाव सम्प्रेषणको क्रममा बिपना, सपना, मित, असन्तोष, विद्रोह, गीत, कल्पना, छाल, तुँवालो, प्रवाह, छाल, जून, शीत, पहरा जस्ता प्राकृतिक, पारम्परिक तथा परिस्थितिजन्य विम्ब र प्रतीकहरू कुशलतापूर्वक प्रयुक्त भएका छन् ।

### ५.४.२ उखान र तुक्काको प्रयोग

उखान साङ्केतिक वा लाक्षणिक अर्थ प्रदान गर्ने भनाइ वा लोकोक्ति तथा तुक्का अभिव्यञ्जनापूर्ण अर्थ प्रदान गर्ने वाक्यांश हो । रचनामा उखान र तुक्काको सही प्रयोगले भाव गम्भीर र शैली कलात्मक बन्छ । घनश्याम न्यौपाने परिश्रमीको घामको छहारीमा गजलकृतिका गजलमा विभिन्न विषयगत सन्दर्भमा उखान वा तुक्काको यथास्थानमा प्रयुक्त भएको पाइन्छ । जीवन, जगत, परिस्थिति, भोगाइ, अनुभूतिका साथै राष्ट्रियता, स्वाभिमान, प्रजातन्त्र, गौरवका अभिव्यक्तिमा कतिपय तुक्का र उखानसमेत सटिक ढङ्गले प्रयुक्त छन् । उखान वा तुक्काको प्रयोगले रचना व्यङ्ग्यार्थ वा गूढार्थपूर्ण हुने हुँदा रचनाकारले सन्दर्भसुहाउँदो रूपमा यसको प्रयोग गरेको हुन्छ । अभिव्यक्तिका क्रममा परिश्रमीका गजलमा विभिन्न तुक्का वा उखानहरूको प्रयोगले भावाभिव्यक्ति व्यञ्जनापूर्ण बनेका छन् । गजलहरूले प्रभावकारिता वा कलात्मक उच्चता प्राप्ति गरेका छन् ।

फुल्नुपर्दा पहरामा कटर काट्नुपर्छ गाह्रो
हरेस नखा घनु तेरा हार पनि जीत बन्छन्

पृ. : १९

कहिलेकाहीँ नजाने गाउँको बाटो सोध्नुपर्छ
विश्वासबिना पनि देवता भाक्न थालेको छु ।

पृ. : १९

ग्रहदशा राम्रै बताएथ्यौ मलाई
अनायासै फेरि साढेसात लागेछ ।

पृ. : ९

उपर्युल्लिखित गजलांशमा प्रयुक्त  कटर काट्नु तुक्काले परिस्थितिको जटिलता, नजाने गाउँको बाटो उखानले परिस्थितिको बिब्ल्याँटोपन र साँढेसात लाग्नु तुक्काले परिस्थिति बिग्रेको अवस्थालाई व्यञ्जनात्क रूपमा सङ्केत गरेको छ । यस्ता उखान र टुक्काहरू परिश्रमीका घामको छहारीमा गजलकृतिका अन्य कतिपय गजलहरूमा समेत विषय प्रसङ्ग अनुकूल रूपमा प्रयुक्त भएका छन् ।

### ५.४.३ रसभावको प्रयोग

रसको अर्थ सामान्य रूपमा तरल पदार्थ भन्ने हुन्छ र यसको सम्बन्ध जिब्रोसँग रहन्छ। त्यसैगरी रसको विशिष्ट अर्थ आनन्द हुन्छ र यसको सम्बन्ध हृदयसँग रहन्छ।[२] विभिन्न रसवादी चिन्तकहरूले यसलाई काव्यको आत्मा मानेका छन्। रसवादी आचार्यहरूले विभाव, अनुभाव र व्यभिचारी वा सञ्चारी भावको संयोगबाट स्थायी भाव जाग्रत भई रसनिष्पत्ति हुने कुरा उल्लेख गरेका छन्।[३] विभाव भन्नाले विषय वा पात्र आदि अनुभाव भन्नाले रोमञ्चक, स्वरभङ्ग, कम्पन, कटाक्ष आदि तथा व्यभिचारी वा सञ्चारी भाव भन्नाले आवेग, शङ्का, उग्रता, दैन्य, मद, मोह आदि भन्ने बुझिन्छ।[४] व्यभिचारी वा सञ्चारी भावले स्थायी भावलाई जागृत गराउँछ र रसको उत्पत्ति हुन्छ। स्थायी भाव भनेको रति, उत्साह, शोक, विस्मय, क्रोध, हाँसो, घृणा, भय, शान्ति हो। स्थायी भावअनुसार रस शृङ्गार, वीर, करुणा, अद्‌भूत, रौद्र, हास्य, वीभत्स, भयानक र शान्त गरी नौ प्रकारका छन्। रसको कुशल प्रयोगबाट रचना बढी प्रभावकारी र आस्वाद्य बन्छ। तसर्थ सर्जकहरूले सृजनामा विभिन्न रसलाई विषय अनुकूल रूपमा प्रयोग गरेका हुन्छन्। घनश्याम न्यौपाने परिश्रमीले पनि **घामको छहारीमा** गजलकृतिका कतिपय गजलहरूमा केही रसको कुशलतापूर्वक प्रयोग गरेका छन्। उनका यस कृतिका गजलमा मुख्यतया, शान्त, शृङ्गार वीर र रौद्र रसको प्रयोग गरिएको पाइन्छ।

#### ५.४.३.१ शृङ्गार रस

रति स्थायी भाव हुने तथा नरनारी एवम् प्रेमीप्रेमिका बीचको संयोग र वियोगको स्थितिमा उत्पन्न हुने रसलाई शृङ्गार रस भनिन्छ। प्रेमीप्रेमिकाको संयोगको अवस्थामा रतिरागात्मक क्रियाप्रक्रियामा संयोग शृङ्गार र वियोगको अवस्थामा रतिरागविहीन छट्पटी वा विह्वलको स्थितिमा वियोग शृङ्गार रस जाग्रत हुन्छ। घनश्याम परिश्रमीको घामको छहारीमा गजलकृतिका गजलमा भावअनुकूल रूपमा रस प्रयुक्त भएको छ।

##### ५.४.३.१.१ संयोग शृङ्गार

प्रेमीप्रेमिका वा नायक नायिकाको आपसी प्रेम स्थायी भाव हुने संयोग शृङ्गार रसलाई सम्भोग शृङ्गार पनि भनिन्छ। **घामको छहारीमा** गजल कृतिका कतिपय गजलमा यो रस प्रयुक्त भएको छ।

---

[२] अमर त्यागी, **घनश्याम न्यौपाने परिश्रमीको गजलमा सामाजिक चेतना,** अप्रकाशित, स्नातकोत्तर शोधपत्र, चितवनः नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस (२०६६), पृ. : १६३।

[३] केशव उपाध्याय, **साहित्य प्रकाश,** (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. : २०४।

[४] ऐजन, पृ. २०६-२०७।

देखेँ युगल नयनले त्यो अपिल देखेँ
बाहिरबाट तिमीभित्रको दिल देखेँ

पृ. : २३

मेरो आँगनीमा आज बेहुली झैँ हिमी आयौ
अन्धकार चिर्दै चिर्दै बिजुली झैँ तिमी आयौ

पृ. : ६०

उपर्युल्लिखित गजलांशमा प्रेमीप्रेमिकाबीच रतिरागात्मक क्रियाप्रक्रिया वा प्रेमरोमाञ्चको अवस्था सृजना भएको हुँदा संयोग शृङ्गार रस निष्पत्ति भएको छ ।

### ५.४.३.१.२ वियोग शृङ्गार

प्रेम प्रेमिका वा नायकनायिकाबीच रतिरागविहीनता वा प्रेमविरहको स्थितिमा जाग्रत हुने रसलाई वियोग शृङ्गार वा विप्रलम्भ शृङ्गार रस भनिन्छ । **घामको छहारीमा** गजलकृतिका कतिपय गजलमा यो रस विषय वा प्रसङ्गअनुकूल रूपमा आएको छ ।

माथि थिएँ आफ्नै धुनमा तल झार्‍यौ किन
बोलाएर फेरि मलाई एक्लै पार्‍यौ किन ?

पृ. : ७

साथ नहुँदा घृणा गरेजस्तो लाग्यो
अब तिम्रो म प्रति माया मरेजस्तो लाग्यो

पृ. : ४९

उपर्युल्लिखित गजलांशमा प्रेमीप्रेमिका वा नायकनायिकाबीच रतिरागविहीनता वा प्रेमविरहको स्थिति रहेको हुँदा वियोग शृङ्गार रस निष्पत्ति भएको छ ।

### ५.४.३.२ शान्त रस

स्थायी भाव शान्ति हुने र नैराश्य एवम् वैराग्यपूर्ण चित्तवृत्तिमा उत्पन्न हुने रसलाई शान्त रस भनिन्छ । घनश्याम न्यौपाने परिश्रमीमा पनि सामाजिक राजनीतिक र जीवनका पारिस्थितिका असमानता, विसङ्गति र विडम्बनाबाट नैराश्य वा वैराग्यको भाव जाग्रत भएको देखिन्छ । उनमा उत्पन्न यी भाव धनको गजलकृति घामको छहारीमाका कतिपय गजलमा संवेद्यरूपमा प्रयुक्त भएका छन् । विभिन्न बेथिति, अभाव, घृणा, अपमान, उपेक्षा, निस्सारताबोध, असन्तुष्टि आदिबाट उत्पन्न नैराश्य वा वैराग्य भावलाई उनले गजलमा सशक्तता साथ व्यक्त गर्ने क्रममा शान्त रस प्रयुक्त भएको छ ।

धेरै व्यय थोरै आय यस्तै छ जिन्दगी
दु:खै दु:खको पर्याय जस्तै छ जिन्दगी

पृ. : ४७

बाहिर काँचो छु भित्र ता पाक्न थालेको छु
जिन्दगीको मात्राबाट थाक्न थालेको छु

पृ. : १२

उपर्युल्लिखित गजलांशमा जीवनको अभाव, आयभन्दा व्यय धेरै हुने प्रवृत्ति, दु:खैदु:खको भोगाइ र त्यसबाट उत्पन्न आन्तरिक पीडा एवम् जीवनमा थकानको अनुभवबाट नैराश्य वा वैराग्य भाव सम्पृक्त भएर शान्त रस निष्पत्ति भएको छ । उनका अन्य गजलहरूमा पनि यो रस विषय वा सन्दर्भ सुहाउँदो रूपमा प्रयुक्त भएको पाइन्छ ।

### ५.४.३.३ वीररस

उत्साह स्थायी भाव हुने तथा युद्ध, साहस, दया आदि अवस्थाको सक्रियताभावमा उत्पन्न हुने रसलाई वीर रस भनिन्छ । साहसपूर्ण कार्य वा युद्धावस्था वा दयाको भाव सम्वाहनको क्रममा उत्साह जाग्रत हुँदा वीर रस निष्पत्ति हुन्छ । घामको छहारीमा गजलकृतिका केही गजलहरूमा वीर रस सम्वाहित भएको पाइन्छ । घनश्याम न्यौपाने परिश्रमीको अन्तरमा सामाजिक असमानता र राष्ट्रिय यथास्थितिप्रति विद्रोह भाव टनाटन रहेको र यो विद्रोही भाव व्यक्त गर्ने क्रममा उत्साहपूर्ण अभिव्यक्त दिँदा वीररस जाग्रत भएको देखिन्छ । वर्गीय विभेदको अन्त्य र समतामूलक समाज निर्माणका लागि प्रगतिवादी चिन्तनलाई सम्वाहित गर्दा उनका गजलमा वीररस परिपाक भएको देखिन्छ ।

अन्यायका सही बस्नु अझ कति प्रहार सधैँ
प्रजातन्त्रभित्र देख्छु खुल्ला दमनद्वार सधैँ
पाउनलाई न्याय अत्याचारी किल्ला तोड्नुपर्छ
अब सहनु हुँदैन यस्ता व्यभिचार सधैँ

पृ. : १८

माटो मात्र होइन अब ढुङ्गा पनि गल्नुपर्छ
कालो धनले चुलिएका महलहरू ढल्नुपर्छ
यथास्थितिभित्र सधैँ कति गुम्सिएर बस्नु
अब हाम्रो समाजको स्वरूप बदल्नुपर्छ

पृ. : २९

उल्लिखित गजलांशमा अन्यायविरुद्ध लडेर अत्याचारीको किल्ला तोड्दै न्याय प्राप्त गर्न र व्यभिचारको अन्त्य गर्नका लागि ढुङ्गा गल्नुपर्ने कालो धनले चुलिएको महलहरू ढल्नुपर्ने यथास्थितिबाट बाहिर निस्केर समाज बदल्नु पर्ने भाव सम्वाहनका क्रममा युद्ध वा साहसपूर्ण

कार्यको स्थितिमा उत्साह स्थायी भाव जागृत भएको हुँदा वीर रस निष्पत्ति भएको छ । उनका यस गजलकृतिका अधिक गजलमा वीररसको परिपाक पाइन्छ ।

### ५.४.३.४ रौद्ररस

क्रोध स्थायी भाव हुने आत्मीयजन वा गुरुजन वा आफूप्रति पनि अन्याय, अपमान, निन्दा वा शत्रुवत् व्यवहार आदि कार्यबाट उत्पन्न हुने रसलाई रौद्र रस भनिन्छ । यो रस परिस्थितिजन्य जन्म क्रोधभावमा निष्पत्ति हुन्छ । **घामको छहारीमा** गजलकृतिका कतिपय गजलमा यो रस परिपाक भएको पाइन्छ । देश, समाज र प्रजातन्त्रवादी स्वजन वा सर्वसाधारण व्यक्तिप्रति सामन्ती अन्यायी र दुराचारीहरूले उपेक्षापूर्ण व्यवहार, निन्दा वा अपमानजन्य शत्रुवत् कार्य गर्दा परिश्रमीको गजलमा यो रसको उपस्थिति भएको देखिन्छ । साथै देशका दलाल, फटाहा, बेइमान, भ्रष्ट र अन्यायीविरुद्ध रोष प्रकट गर्दा उनका गजलमा यो रस सञ्चार भएको पाइन्छ ।

बिरामी छ माटो यहाँ, बिग्रेको छ बाटो यहाँ
बाठो मोजमज्जा गर्छ, भोकै मर्छ लाटो यहाँ,

पृ. : २८

के छ अचेल हजुरको हाल श्रीमान्
जम्दै होला कि जुवाको खाल श्रीमान्
कसरी सक्नु भो गर्न उन्नति यस्तो
हुनुहुन्छ कि विदेशी दलाल श्रीमान्

पृ. : ३०

उल्लिखित गजलमा सीमा मिच्ने कामले माटो बिरामी परेको, देशको न्यायको बाटो बिग्रेको, बाठाले मोजमज्जा गरेको र सोझा भोकै मरेको अवस्थाप्रति क्रोध उत्पन्न भएको अवस्थाको चित्रण तथा देश, जनता र प्रजातन्त्रको उपेक्षा गर्दै विदेशी दलाल बनेर देश बेची आफ्नो उन्नति गर्ने र जुवाको खालमा रमाउने देशका शासक वर्गप्रति रोष प्रकट गर्दा रौद्र रस निष्पत्ति भएको छ । परिश्रमीका अन्य गजलमा पनि यो रसको उपस्थिति रहेको देखिन्छ ।

### ५.४.४ अलङ्कारभावको प्रयोग

अलङ्कारको शाब्दिक अर्थ गहना वा आभूषण भन्ने हुन्छ । गहना वा आभूषणले शरीरको सौन्दर्य बढाउँछ र आँखामा मनलाई आनन्द दिन्छ । अलङ्कारको विशिष्ट अर्थ सौन्दर्य वा चामत्कारिक वैदग्ध्य भन्ने हुन्छ । यसले हृदय वा अनुभूतिलाई आप्लावित पार्छ । अलङ्कार सिद्धान्तका विभिन्न आचार्यहरूले अलङ्कारका व्याख्या गर्ने क्रममा यसका अनेक रूपस्वरूपको उल्लेख गर्दै भेद उपभेदहरू र तिनका महत्त्व र महत्ताका बारेका अनेक चर्चा गरेका छन् । अलङ्कारलाई काव्यको मुख्य तत्त्व मानेका छन् भने अन्य आलङ्कारवादीहरूले अलङ्कारविरोधीहरूले पनि परोक्ष रूपमा यसलाई काव्यका शोभाका रूपमा ग्रहण भन्ने गरेकै छन् । संस्कृतको कृ धातुमा अलम् उपसर्ग तथा धञ् प्रत्यय लागेर अलम+कृ+ धञबाट अलङ्कार

शब्दको व्युत्पत्ति भएको देखिन्छ । अलङ्कारलाई अलङ्कारवादी चिन्तकहरूले शब्दालङ्कार र अर्थलङ्कार वर्गमा विभाजित गरी शब्दालङ्कारलाई पाँच भेद तथा अर्थालङ्कारलाई चारदेखि बत्तीस भेदसम्ममा विभाजन गरेका छन् ।[५] शब्दालङ्कारले काव्यलाई वैदग्ध्यपूर्ण र चामात्कारिक बनाउँछ भने अर्थालङ्कारले व्यञ्जनापूर्ण वा गूढार्थपूर्ण बनाउँछ । काव्यमा अलङ्कारको समुचित उपस्थिति भएमा त्यो श्रुति माधुर्यपूर्ण, भावगाम्भीर्यपूर्ण र शिल्पसौन्दर्य बन्छ । त्यसैले काव्यमा अलङ्कारको ठूलो भूमिका रहन्छ । काव्यसर्जकहरूले काव्य वा कवितालाई प्रभावपूर्ण र चमत्कारपूर्ण बनाउन अलङ्कारभावको कुशल समायोजन गरेका हुन्छन् । नेपाली साहित्यका आधुनिक समसामयिक सञ्चेतनावादी प्रगतिवादी धाराका प्रसिद्ध गजलकार घनश्याम न्यौपाने परिश्रमीले पनि आफ्ना गजलहरूमा अलङ्कारभावलाई समायोजित गरेका छन् ।

### ५.४.४.१ शब्दालङ्कार

शब्दगत सामर्थ्यको माध्यमबाट काव्यलाई विचित्रतापूर्ण पार्ने वा सुशोभित पार्ने साधनलाई शब्दालङ्कार भनिन्छ । शब्दालङ्कार अनुप्रास, यमक, श्लेष, वक्रोक्ति र पुनरुक्तवदाभास अलङ्कार पर्दछन् ।[६] शब्दागत चमत्कारको माध्यमबाट काव्यलाई सजाउने काम शब्दालङ्कारले गर्दछ । घामको छहारीमा गजलकृतिका गजलहरूमा शब्दालङ्कार केही भेदहरूको प्रयोग गरिएको देखिन्छ । यस्ता शब्दालङ्कारले परिश्रमीका गजललाई प्रभावपूर्ण पारेको पाइन्छ ।

### ५.४.४.१.१ अनुप्रास अलङ्कार

एउटै ध्वनिका वर्ण वा वर्णसमूह पुनरावृत्ति भएर काव्यलाई श्रुतिमधुर बनाउने अलङ्कारलाई अनुप्रास अलङ्कार भनिन्छ । समतुकबन्दी वर्णसमूहको पुनरावृत्ति प्रक्रियाबाट यो अलङ्कारको उपस्थिति हुन्छ । गजलमा काफिया र रदिफको संयुक्त मेल र पुनरावृत्ति वा हमकाफिया प्रक्रियाबाट अनुप्रास अलङ्कार सृजना हुन्छ । घामको छहारीमा गजलकृतिका गजलमा यो अनुप्रासको समन्विति रहेको देखिन्छ ।

la/fdL 5 df6f] oxfF

बिग्रेको छ बाटो यहाँ
हटेन किन हो किन
कालोकालो टाटो यहाँ
बाठो मोजमज्जा गर्छन्
भोकै मर्छ लाटो यहाँ

पृ. : २८

---

[५] ऐजन, पृ. ११६-११७ ।

[६] ऐजन, पृ. ११७ ।

प्रस्तुत गजलमा उस्तै ध्वनि वा वर्णसमूहका शब्दहरू माटो, बाटो, टाटो, लाटोमा प्रयुक्त 'टो' को पुनरावृत्ति भएको हुँदा समश्रुतिमधुरता उत्पन्न भएर शाब्दिक चमत्कार सृजना गरेकाले यहाँ अनुप्रास अलङ्कारको उपस्थिति भएको छ । गजलमा मत्लाको काफिया र रदिफको समतुकान्त वर्ण वा वर्णसमूह हरेक सेरको मिसरा ए उल्लामा हमकाफिया हुँदै जाने प्रक्रिया नै अनुप्रास अलङ्कारअन्तर्गत अन्त्यानुप्रासको सुन्दर दृष्टान्त हो । यो अलङ्कार घामको छहारीमा गजलकृतिका सम्पूर्ण गजलमा प्रयुक्त छ ।

### ५.४.४.१.२ यमक अलङ्कार

उही क्रमका उस्तै ध्वनि वा वर्णसमूहका शब्दको आवृत्ति हुँदा यमक अलङ्कार हुन्छ । शब्दावृत्ति हुँदा शब्दका आकारगत वर्णसमूहमा समानता हुन्छ तर अर्थमा भने अन्तर हुन्छ भने यमक अलङ्कार संयोजित हुन्छ । घामको छहारीमा गजलकृतिका केही गजलमा यमक अलङ्कारको उपस्थिति रहेको पाइन्छ ।

बेखुसी बेखुसी खुसी भए जस्तो गर्दै छु म
कसैलाई बचाउँन यहाँ स्वयम् गर्देछु म

पृ. : १३

विपनाका दुश्मन मेरा सपनाका मित बन्छन्
असन्तोषका अभिव्यक्ति विद्रोहका गीत बन्छन् ।

पृ. : १८

उल्लिखित गजलांशमा प्रयुक्त बेखुशी र खुशी तथा विपना र सपना जस्ता उस्तै वर्णसमूहका शब्दको प्रयुक्ति र पुनरावृत्तिबाट यमक अलङ्कार सामान्य उपस्थिति भएको छ ।

### ५.४.४.१.३ पुनरुक्तवदाभास अलङ्कार

उही अर्थका भिन्नभिन्न आकारका पर्यायवाची शब्दहरू पुनरावृत्ति भए जस्तो प्रतीति भएमा पुनरुक्तवदभास अलङ्कार हुन्छ । यसमा पर्यायवाची शब्दको पुनरावृत्ति भएको प्रतीति हुन्छ तर अर्थ भने भिन्नभिन्न रूपमा समायोजित भएको हुन्छ । घामको छहारीमा गजलकृतिका केही गजलमा यो अलङ्कार प्रयुक्त छ ।

प्रदूषण बढेको छ मानवताको बस्तीमा
कञ्चन पानी बाढी यसी धमिलो भेल भइरहेछ

पृ. : ३३

जिन्दगी समरको पात्र हो युद्ध लड्नै पर्छ
तिमी जितेर मर या हारेर बाँच जेसुकै गर

पृ. : ५२

प्रस्तुत गजलांशमा प्रयुक्त बाढी र भेल एवम् समर र युद्ध उही अर्थका भिन्न भिन्न आकारमा पर्यार्यवाची शब्दहरू पुनरावृत्ति भएका छन् तर भिन्न भिन्न अर्थमा समायोजित भएका हुन्, त्यसैले यहाँ पुनरुक्तावदमास अलङ्कारको सामान्य उपस्थिति भएको छ ।

### ५.४.४.२ अर्थालङ्कार

अर्थगत चमत्कृतिको माध्यमबाट काव्यलाई सुशोभित पार्ने प्रशाधनलाई अर्थालङ्कार भन्ने गरिन्छ। शब्दले ग्रहण गरेको अर्थको माध्यमबाट काव्यलाई विचित्रतापूर्ण बनाएर काव्यको भावलाई चमत्कार पूर्ण बनाउने कार्य अर्थालङ्कारले गर्छ । अलङ्कारवादी चिन्तकहरूले अर्थालङ्कारका विभिन्न भेदहरूको चर्चा गर्दै यसलाई चारदेखि बयासठ्ठीसम्मको भेदमा विभाजन गरेका छन् ।[७]

काव्य सर्जकहरूले आफ्ना काव्यकृतिलाई शिल्प सौन्दर्यपूर्ण र भावगाम्मीयपूर्ण बनाउन विभिन्न अलङ्कारहरू प्रयोग गर्ने गर्छन् । गजलकार धनश्याम न्यौपाने परिश्रमीले पनि आफ्नो गजलकृति घामको छहारीमा गजल कृतिका गजलहरूमा केही प्रचलित अलङ्कारहरूको प्रयोग गरेका छन् । उनका यस कृतिका गजलमा मुख्यतः उपमा, उत्प्रेक्षा, लोकोक्ति, स्वभावोक्ति, सम्भावना, संसृष्टि र प्रश्नालङ्कार प्रयुक्त छ ।

#### ५.४.४.२.१ उपमा अलङ्कार

कुनै वस्तु वा व्यक्तिको अर्को वस्तु वा व्यक्तिसँग तुलना गर्दा उपमा अलङ्कार हुन्छ । उपमा अलङ्कारका चार पक्षहरू उपमेय, उपमान, वाचक र धर्म हुन्छन् ।[८]

यसमा जुन वस्तु वा व्यक्तिको तुलना हुन्छ त्यो उपमेय, जोसँग तुलना गरिन्छ त्यो उपमाना र उपमेय र उपमानबीचको समभाव धर्म तथा समभाव बोधक झैँ, जस्तै, समान शब्दहरू वाचक मानिन्छन् ।[९] यस तथ्यअनुसार उपमेय र उपमानबीच रूप, गुण, क्रिया, आदिमा समानता देखाइएमा उपमा अलङ्कार हुन्छ ।

घामको छहारीमा गजलकृतिका केही गजलमा उपमा अलङ्कारको प्रयुक्ति पाइन्छ ।

पानी दिन नसक्ने म बादल जस्तै भएछु
चर्किएको चारैतिर महल जस्तै भएछ ।

पृ. : २१

---

७ ऐजन, पृ. : ११६-११७ ।

८ ऐजन, पृ. ११७ ।

९ ऐजन ।

मेरो आँगनीमा आज बेहुली झैँ आयौ तिमी
अन्धकार चिर्दै चिर्दै बिजुली झैँ आयौ तिमी

पृ. : ६०

प्रस्तुत गजलांशमा म र तिमी उपमेय, बादल वा चर्किएको महल तथा बेहुली बिजुली उपमान, पानी दिन नसक्नु वा चर्किनु तथा अन्धकार चिर्नु धर्म एवम् जस्तै वा झैँ वाचकको रूपमा प्रयुक्ति भएर उपमा अलङ्कारको उपस्थिति भएको छ । घामको छहारीमा गजलकृतिका अन्य गजलांशहरूमा पनि यो अलङ्कारको उपस्थिति रहेको छ ।

### ५.४.४.२.२ उत्प्रेक्षा अलङ्कार

कुनै तुलना गरिने वस्तु वा व्यक्तिमा तुल्य वस्तु वा व्यक्तिको अर्थात् उपमेयमा उपमानको सम्भावना कल्पित गरिन्छ भने उत्प्रेक्षा अलङ्कार हुन्छ ।[१०] यस अलङ्कारमा मानौं, कि, प्राय, जस्ता, सम्भवतः जस्ता वाचक पदको माध्यमबाट उपमेयमा उपमानको सम्भावना कल्पित गरिन्छ । **घामको छहारीमा** गजलकृतिका कतिपय गजलमा उत्प्रेक्षा अलङ्कारको उपस्थिति रहेको छ ।

आनन्दमा रमाउँदै जुनेली रातमा सखी
सुम्पियौ कि आफूलाई कसैको हातमा सखी

पृ. : ५९

नजानेर हो कि जानी जानी तल झर्छ मान्छे
प्रायः किन शकुनीको नजिकमा पर्छ मान्छे

पृ. : ३७

प्रस्तुत गजलांशमा नायिका वा उपमेयमा अर्केको हातमा वा उपमानको सम्भावना कल्पित गरिएको छ । त्यस्तै मान्छे वा उपमेयमा शकुनी वा उपमानको सम्भावना कल्पित गरिएको छ । सम्भावना कल्पित गर्ने वाचक पद कि र प्रायः पद प्रयुक्त भएको छ र यहाँ उत्पेक्षा अलङ्कार उपस्थित भएको छ । **घामको छहारीमा**का अन्य गजलांशहरूमा पनि यो अलङ्कारको उपस्थिति रहेको छ ।

### ५.४.४.२.३ लोकोक्ति अलङ्कार

सामाजिक जनजीवनमा प्रचलित भावमय उक्तिलाई रचनामा प्रसङ्गअनुकूल रूपमा प्रयोग गर्दा लोकोक्ति अलङ्कार हुन्छ । लोकोक्ति भन्नाले सूत्रात्मक उक्ति, उखान तुक्कात्मक अभिव्यक्ति

---

[१०] अमर त्यागी, **घनश्याम न्यौपाने 'परिश्रमी'** ..... पूर्ववत्, पृ. : १७० ।

भन्ने बुझिन्छ । लोकोक्तिको कुशल प्रयोगले काव्यको भाव र शिल्प चमत्कारपूर्ण बन्छ । **घामको छहारीमा** गजलकृतिका गजलमा लोकोक्तिको पनि प्रयोग भएको पाइन्छ । यसको प्रयोगले गजललाई चामत्कारिक बनाएको छ । गजलमा लोकोक्तिको प्रयोगलाई मुहबराबन्दी भनिन्छ ।[११]

सर्वे भवन्तु सुखिनः भनिन्छ तर
बहुजन दुःखाय जस्तै छ जिन्दगी

पृ. : ४७

हाँसको बथानमा बकुल्ला घुस्तै छ
चरित्र मात्र हो फरक देख्ता त उस्तै छ ,

पृ. : ५६

प्रस्तुत गजलांशमा सबै सुखी रहन भनिए पनि धेरैको जिन्दगी दुःखमा रहेको र उस्तै देखिए पनि चरित्रमा रहेको भिन्नतालाई देखाउने अर्थमा प्रयुक्त भएका सर्वे भवन्तु सुखिन र हाँसको बथानमा बकुल्ला लोकोक्तिको प्रयुक्ति लोकोक्ति अलङ्कारको उपस्थिति हो । घामको छहारीमा कृतिका अन्य कतिपय गजलांशमा लोकोक्ति अलङ्कारको प्रयुक्ति पाइन्छ ।

### ५.४.४.२.४ स्वभावोक्ति अलङ्कार

कुनै पनि प्राणी, वस्तु, व्यक्ति, परिस्थितिको सुहाउँदो रूपमा यथार्थपरक वा चित्रात्मक अभिव्यक्ति वा वर्णन भए स्वभावोक्ति अलङ्कार हुन्छ । यस अलङ्कारमा सामाजिक जनजीवन, स्थिति परिस्थिति, विकृति विसङ्गति, वस्तु प्राणी आदिको मिल्दोजुल्दो वा सुहाउँदो वर्णन गरिन्छ । घामको छहारीमा गजलकृतिका गजलहरूमा वर्गीय विभाजन परिस्थिति, आर्थिक विषमताजन्य यथास्थिति र मानवीय प्राणीले भोग्नु परेका असमान स्थितिहरूको वर्णन गर्ने क्रममा स्वभावोक्ति अलङ्कारको उपस्थिति भएको छ ।

राजनीतिको टुँडिखेलमा फोहर खेल भइरहेछ
सम्झौताको सही छापमा जालझेल भइरहेछ
अनुशासनको धरातल उर्वराहीन बनेकोले
घरपालुवा सुगुर पनि बँदेल भइरहेछ

पृ. : ३३

प्रकृतिको नियमबाट प्रकृति नै चुक्दो रैछ
कहिलेकाहीँ बास जस्तै सिमल पनि झुक्दो रैछ
आफू भोकै भए पनि जो दुःखीको पीडा बुझ्छ
उसको धुकधुकीमा प्यारो मानवता लुक्दो रैछ

पृ. : १६

[११] ऐजन ।

प्रस्तुत गजलांशमा वर्तमानको राजनीतिक परिस्थितिको यथार्थपरक वर्णन गरिएको तथा प्राकृतिक असमानता र त्यसबाट उत्पन्न समस्यामा पनि मानवले मानवतालाई बचाइराख्ने भाव सुहाउँदो रूपमा चित्रात्मक वर्णन गरिएको हुँदा स्वभाविक अलङ्कारको उपस्थिति भएको छ । घामको छहारीमा गजलकृतिका अन्य गजलमा पनि यो अलङ्कारको उपस्थिति रहेको छ ।

### ५.४.४.२.५ सम्भावना अलङ्कार

कुनै स्थिति, परिस्थिति वा अवस्थाको कार्य वा कारणको सम्भावनाको परिकल्पना गरिँदा सम्भावना अलङ्कार हुन्छ । यस अलङ्कारमा यसो भए यसो हुने थियो भन्ने कल्पना गरिएको हुन्छ । घामको छहारीमा गजलकृतिका केही गजलमा यो अलङ्कारको उपस्थिति रहेको छ :

सधैँ सबैको बनेर बाँच्न पाए हुन्थ्यो
सन्तुष्टिको अनुभूतिमा हाँस्न पाए हुन्थ्यो

झुपडी वरिपरिको बादल हटाएर
उज्यालोमा रमाउँदै नाच्न पाए हुन्थ्यो

पृ. : ६

प्रस्तुत गजलांशमा लोकहित, असमानता, आत्मसन्तुष्टि र स्वतन्त्रताको भाव व्यक्त गर्ने सन्दर्भमा सबै बनेर बाँच्न पाए, सन्तुष्टिको अनुभूतिमा हाँस्न पाए वा उज्यालो रमाउँदै नाँच्न पाए हुन्थ्यो भन्ने सम्भावना परिकल्पना गरिएको हुँदा सम्भावना अलङ्कार समुपस्थित भएको छ ।

### ५.४.४.२.६ प्रश्नालङ्कार

शब्दगत र अर्थगत मेलबाट अभिव्यक्तिबाट प्रश्नबोधक भाव सम्प्रेषण भएमा प्रश्नालङ्कार हुन्छ । यस अलङ्कारमा हृदयमा तरंगित जिज्ञासाको प्रकटन प्रश्नात्मक रूपमा हुन्छ भाव र शिल्पमा सशक्तता थप्छ । घामको छहारीमा गजलकृतिका कतिपय गजलमा प्रश्नालङ्कार प्रयुक्त भएको छ ।

माथि थिएँ आफ्नै धुनमा तल झार्‍यौ किन ?
बोलाएर फेरि मलाई एक्लै पार्‍यौ किन ?

जहाँ उम्म्रो उही फुल्ने रहर थियो होला
हुर्किएको बिरुवालाई टाढा सार्‍यौ किन ?

पृ. : ७

आफ्नै क्रममा बाँच्नेका जीवनलाई प्रलोभनमा पारेर धोका दिने र आफ्नै अवस्थामा बाँच्न चाहनेलाई स्थान परिवर्तन गरिदिएर अन्यौल र अनिश्चितताको भूमरीमा हाल्ने वर्तमान मानवीय ईर्ष्यालु स्वभाव र परिस्थितिजन्य उत्पीडन र बेमेलको स्थितिलाई चित्रण गर्ने सन्दर्भमा

शब्दगत र अर्थगत भावमा प्रश्नात्मक अभिव्यक्तिको प्रकटन भएको हुँदा यहाँ प्रश्नालङ्कारको प्रयुक्ति भएको छ । यस कृतिका अन्य कतिपय गजलमा पनि प्रश्नालङ्कार प्रयुक्त छ ।

### ५.४.४.२.७ संसृष्टि अलङ्कार

शब्द र अर्थको अलङ्कारहरूको मेल एकै रूपमा तर भिन्न भिन्न छुट्टिने गरी प्रयोग भएमा त्यसलाई संसृष्टि अलङ्कार भनिन्छ । यस अलङ्कारमा शब्दगत र अर्थगत अलांकारिक भावको सामन्जस्य रहन्छ प्रतीकात्मक अर्थ सम्वाहित हुन्छ । घामको छहारीमा गजलकृतिका गजलमा यो अलङ्कारको सफल प्रयुक्ति भएको पाइन्छ । वर्तमानको अमिल्दोपन र परिस्थितिको बिब्ल्याइटोपनको चित्रणको क्रममा यस कृतिका गजलमा संसृष्टि अलङ्कार प्रयोग भएको छ ।

अन्धाहरू डोऱ्याउँछन् आँखा देख्नेलाई
कुँजाहरू दुवै खुट्टा टेक्नेलाई बोक्ने गर्छन्

पृ. : ४६

अन्यायमा सही बस्नु अझ कति प्रहार सधैँ
प्रजातन्त्रभित्र देख्छु खुल्ला दमन द्वार सधैँ

पृ. : १८

प्रस्तुत गजलांशमा अन्धाहरूले आँखा देख्नेलाई डोऱ्याउने कुँजाहरूले खुट्टा टेक्नेलाई बोक्ने अभिव्यक्तिले परस्पर विरोधको अलङ्कार र यस्तो अभिव्यक्ति प्रतीकात्मक रूपमा अतिशयोक्ति भएको हुँदा अतिशयोक्ति अलङ्कार आपसमा मेल हुँदा संसृष्टि अलङ्कार संयोजित भएको छ । त्यस्तै प्रजातन्त्रको स्वतन्त्र वातावरणमा पनि अन्यायको प्रहार सहनु पर्ने र दमनमा बाँच्नु पर्ने अवस्थाले विरोध अलङ्कार र यस्तो अवस्था अतिशयोक्ति भएको हुँदा अतिशयोक्ति अलङ्कारको छुट्टाछुट्टै रूपमा एकसाथ भएकोले अतिशयोक्ति अलङ्कार संयोजित भएको छ । घामको छहारीमा गजलकृतिका अन्य गजलांशमा पनि यो अलङ्कार संयोजित छ ।

## ५.५ भाषिक प्रयोगको आधारमा विश्लेषण

गजल कोमल भाव, भाषा र शैलीमा रचिने गेयात्मक काव्यविधा हो । गजल अरबी भाषाको यौगिक शब्द हो । यसको शाब्दिक अर्थ नारीको बोली वा नारीसँगको वार्तालाप हुन्छ भने र साहित्यिक अर्थ जीवन, जगत र भोगाइका विविधाङ्गी अनुभव-अनुभूतिका भाषिक अभिव्यञ्जना गर्ने काव्यिक विधा हुन्छ । गजल अरबी शब्द भए पनि साहित्यिक विधाको रूपमा यसको उद्‌भव फारसी भाषामा भएको हो । फारसी भाषाबाट अन्य भाषामा विस्तार हुने क्रममा हिन्दी उर्दू हुँदै नेपाली भाषामा गजलको उद्‌भव विक्रम सम्बत् १९४० मा माध्यमिक कालीन शृङ्गारिक कवि मोतीराम भट्टबाट शृङ्गारिक विधाको रूपमा भएको हो । मोतीराम भट्टपछि शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र उपेन्द्रबहादुर जिगरले नेपाली गजललाई विकासको गति

दिए पनि जिगरपछि चारदशकसम्म नेपाली गजलको खासै उन्नति हुन सकेन । विक्रमको ३६ औं दशकमा ज्ञानुवाकर पौडेलले पुनर्जागरण गरेपछि नेपाली गजल लेखनमा नयाँ लहर आयो र त्यही लहरका एक सशक्त गजलकार घनश्याम न्यौपाने परिश्रमी हुन् । परिश्रमी प्रगतिवादी मूल्य र मान्यताका यथार्थवादी गजलकार हुन् । उनका गजलमा मानवीय जीवन भोगाइ, सामाजिक मूल्य र महत्ता, राष्ट्रिय गौरव र सार्वभौमिकता, मानवतावादी मान्यता, समाजवादी दृष्टिकोण मार्क्सवादी भौतिकवादी चिन्तनको विषयगत अभिव्यक्ति रहेका हुन् । उनका गजलमा विविध विषयगत भावाभिव्यक्तिको क्रममा प्रयुक्त भाषाशैली सान्दर्भिक र सुबोध्य रहेको छ । उनका **घामको छहारी**मा गजलकृतिमा जम्मा साठीवटा गजलहरू सङ्ग्रहीत छन् । प्रत्येकमा गजलको भाषिक संरचना सर्वग्राह्य र सर्वमान्य रहेको छ । गजल गेय विधा भएको हुँदा प्रत्येक गजल गेयात्मक पद्य शैलीमा रचिएको छ । कम्तीमा नौ आक्षरिक संरचनादेख बढीमा बिस आक्षरिक सङ्ख्या स्वरूप रहेका छ । केही गजलमा उर्दू बहरको प्रयोग रहेको छ भने अधिकांश गजल स्वनिर्मित वहरमा रचिएको छ । गजलमा प्रथम द्वितीय र तृतीय तिनै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । प्रत्येक गजल गाउन उपयुक्त हुने गेय छन् । प्रत्येक गजलको भाषिक योजना मध्यम खालको छ । एकदमै जटिल वाक्य संरचना नरहे पनि एकदमै कोमल भाषिक योजना पनि नरहेको यस सङ्ग्रहका गजलहरूमा कथ्य र स्तरीय भाषिक स्वरूप रहेको छ । गजलमा कवि स्वयम् म बनेर तिमीसँग बोलेका छन् भने कतै ऊ को रूप प्रयोग गरेर रैखिक अभिव्यक्ति पनि प्रकट गरेका छन् । केही गजल वर्णनात्मक शैलीमा संरचित छन् भने केही चिन्तनपरक र तार्किक शैलीमा समेत संरचित छन् । यस कृतिका गजलहरूमा प्रयुक्त शाब्दिक स्वरूप पनि तत्सम, तद्भव र आगन्तुकका साथै नेपाली मूलका शब्दहरू पनि प्रयुक्त छन् यद्यपि तत्सम शब्दहरूको आधिक्य रहेको छ । अभिव्यक्तिको स्वरूपमा अविधा, व्यञ्जना र लक्षणा तीनै प्रकृतिका भाषिक योजना रहेको छ । जीवन, जगत, प्रकृति र परम्परागत विम्ब र प्रतीकहरू गजलमा प्रभावकारी रूपमा प्रयोग भएका छन् । केही गजल शृङ्गारिक र बढी जीवन, जगत, समाज र राष्ट्रिय भावधाराका छन् । केही गजल व्यङ्ग्यात्मक प्रस्तुतिका पनि छन् । यस कृतिका अधिक गजलहरू समाजवादी-प्रगतिवादी भावधारामा संरचित छन् । परिश्रमीका अन्य गजल कृतिमा झैं यस कृतिमा पनि तत्सम शाब्दिक योजना अधिक रहेका छन् । उनका गजलमा निर्दोष, अस्तित्वकलङ्क, अपमान, अस्मिता, निर्भय, प्रतिबिम्ब, सज्जन, सन्ध्या, स्वच्छ, आकाश, आवास, उल्लास, कृत्रिम, गाथा, इतिहास, पवन, नयन, विन्दु, राव, नृत्य, हाँस्य, महत्, धरातल, सन्तुष्टि, अनुभूति, बादल, व्यथा, हर्ष, पथ, शरद, अनुशासन, व्यभिचार, मस्तिष्क, दुर्भाव, संस्कार, उपेक्षा, मुस्कान, हृदय, सुगन्ध, प्रवाह, स्वाभिमान, नैतिकता, दिव्य, सहर, सर्प, शक्ति, प्रकृति, वृन्दावन, राधा, घनश्याम, स्वार्थ, समाज, आत्मा, असत्य, विरोधी, विकृति, सङ्घर्ष, मृत्यु, धर्ती, जल, नदी,

प्रीत, प्रेम, मित्र, संस्कृति, प्रतिष्ठा, संसार, विचार, विवेक, न्याय, द्वार, शृङ्गार, मुक्ति, निर्जन, वर, पर, षड्यन्त्र, आत्मीय जस्ता अनेक तत्सम शब्दहरू प्रयोग भएका छन् । त्यस्तै रुख, रात, रगत, गुन, दुध, घर, नाता, विहान, साँझ, चैत, गाउँ, खाटो, टाटो, रातो, बाटो, फाटो, लाटो, फूल, छाती, बाङ्गो, आँखा, आँसु, जित, महिना, नजिक, मेहनत, चोखो, तीखो, अल्छी, चोर, खोट, बोट, पानी बिरानो, साउन, भिख, देवता, दाँत, बिरुवा जस्ता अनेक तद्भव शब्दहरू पनि प्रयुक्त छन् । त्यसै गरी आगन्तुक शब्दहरूमा इमान, इज्जत, सायद, जरुरी, चैन, पर्दा, कानुन, हर्दम्, गजल, दुनियाँ, रुपियाँ, जरुर, इन्तजाम, जबर्जस्ती, धनी, गरिब, दिमाग, दोकान, दुबाब, बतास, सधैँ, रकम, छल, जागिर, चोक, धोक, डेरा, भाउ, ताला, गमला, खाला, निगाह, तरिका, बजार इत्यादि प्रयुक्त छन् । परिश्रमीका **घामको छहारी**मा प्रयुक्त भाषाशैली मिश्रित वा उच्च र मध्यम स्तरको रहेको छ ।

## ५.६ निष्कर्ष

नेपाली साहित्यमा गजलको प्रादुर्भाव मोतीराम भट्टबाट वि.सं. १९४० मा भएको हो । भट्टले मोती मण्डली गठन गरी आफ्ना अनेक समकालीन कविहरूलाई गजल लेखनमा उन्मुख गराए । भीमनिधि तिवारी र उपेन्द्रबहादुर जिगरले नेपाली गजलको विकासलाई गति प्रदान गरे । जिगरपछि चारदशकसम्म नेपाली गजलले उपयुक्त गजलसर्जक पाउन सकेन । कसैकसैले फाट्टफुट्ट मात्र यस अवधिमा गजल सृजना गरेको पाइन्छ । २०३६ तिर ज्ञानुवाकर पौडेलले गजलको पुनर्जागरण गरेको भन्ने सर्वमान्य मान्यता रहेको छ। पुनर्जागरणकालमै अनेक गजलकारहरू देखा परे । यही कालमा देखा पर्ने एक सशक्त गजलकारको रूपमा घनश्याम न्यौपाने प्रतिष्ठित छन् । उनी मनु ब्राजाकीको गजलबाट प्रभावित भएर यस विधामा होमिएका हुन् । त्यसपछि उनका गजलहरू विभिन्न पत्रपत्रिकामा भटाभट प्रकाशित हुन थालेको देखिन्छ । उनको पहिलो गजलकृति यो मौसम २०५० सालमा प्रकाशित भयो । यसपछि उनी स्थापित गजलकारका रूपमा परिचित भए । उनको गजलविषयक सैद्धान्तिक आलेखहरू पनि प्रकाशित हुन थाले । गजल सृजना मै प्रवृत्त उनका अनेक गजलहरू अनेक पत्रिकाहरूमा क्रमशः प्रकाशित हुँदै गए । २०५३ सालमा उनको दोस्रो गजलकृति घामको छहारीमा प्रकाशित भयो । यसपछि उनका **जून चुहेको रात** (२०६०), **जुनुमामा** (२०६०) र **राम्रा चाचा मीठा पापा** (२०६२) गजल कृतिहरू प्रकाशित हुँदै गए ।

**घामको छहारीमा** उनका गजल यात्राको पूर्वार्द्ध चरणको गजलकृति हो । यसको प्रकाशन २०५३ सालमा पम्फा नेपालबाट भएको हो । यसमा जम्मा साठी थप गजलहरू सङ्कलित छन् । गजलसिद्धान्तको अध्ययन र तत्सम्बन्धी आलेख लेखनको क्रमसँगै रचिएका यस कृतिका गजलहरूको संरचना सबल रहेको छ । गजलका आधारभूत तत्त्वहरूको कुशल समायोजन गरिएको छ । विषयगत विविधतालाई ग्रहण गरेर रचिएका अधिकांश गजलहरू प्रगतिवादी

चिन्तनधारामा संरचित छन् । यस कृतिका गजलहरू विम्ब, प्रतीक, रस, अलङ्कारको सक्षमता साथ समायोजन गरिएको छ । त्यस्तै भाषिक योजनामा कथ्य र स्तरीय भाषाशैली प्रयुक्त छ । भाषिक योजनामा कथ्य र स्तरीय भाषाशैली प्रयुक्त छ । तत्सम, तद्भव र आगन्तुकका साथै नेपाली जनभाषाका शब्दहरू विषय तथा सन्दर्भ अनुकूल रूपमा प्रयुक्त छन् । गजलमा स्वकथन र परकथन दुवै शैलीको उपयोग गरिएको छ । उनका प्रत्येक गजलहरूमा गेयात्मकताको विद्यमानता छ । प्रस्तुति हृदयस्पर्शी र प्रवाहमय रहेको छ । यावत् सामाजिक विभेदजन्य परिस्थितिको अन्त्य र समतामूलक समाज निर्माण सन्देश नै उनका गजलका मूल भाव वा आशय हो । घनश्याम न्यौपाने परिश्रमी नेपाली गजल क्षेत्रका पुनर्जागरण कालका एक प्रसिद्ध गजलकार, गजल शिक्षक, गजलविद्, गजलसिद्धान्तका व्याख्याता, गजल भूमिकाकार र गजल समीक्षकका रूपमा प्रतिष्ठित रहेका छन् । उनको दोस्रो गजलकृति **घामको छहारीमा** विषयगत विविधता, संरचनागत सबलता शिल्पगत सशक्तता भावगत गहनता र प्रस्तुतिगत उच्चता भएको एक प्रसिद्ध गजलकृति हो । नेपाली गजलको विकासमा यस कृतिको पनि महत्त्वपूर्ण भूमिका रहेको छ ।

# पाँचौं अध्याय

# घामको छहारीमा गजलसङ्ग्रहका गजलहरूको सैद्धान्तिक अध्ययन

## ६.१ जति बेला मेरो मुटु

'जति बेला मेरो मुटुभित्र घाउ आलो थियो' घामको छहारीमा गजल कृतिको पहिलो गजल हो । लेखनका दृष्टिले यो गजल परिश्रमीको गजलयात्राको दोस्रो चरणमा लेखिएको हो । यस गजलको छुट्टै शीर्षक दिइएको छैन, किनकि गजलका हरेक सेरमा छुट्टाछुट्टै भाव हुने हुँदा गजलको शीर्षक दिइँदैन । यस गजलमा आलो, कालो, टालो, सालो, पालो, जालो र ओरालोजस्ता काफिया र थियो रदिफको प्रयोग गरिएको छ । तसर्थ रदिफयुक्त भएकोले यो मुरद्दफ गजल हो । प्रत्येक सेरमा छुट्टाछुट्टै विषय र भाव भएकोले यो गजल गैरमुसलसल गजल हो । यस गजलमा जम्मा छ सेरहरू रहेका छन् र प्रत्येक मिसरामा १६ अक्षरको संरचना विधान रहेको छ । पहिलो शेरमा १३, दोस्रोमा १३, तेस्रोमा १५ चौथोमा १५, पाँचौमा १० र छैटौंमा १२ शब्दहरू रहेका छन् । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । यो गजल गजलकारको स्वकथन शैली वा प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । यस गजलमा मुटु, मन, अस्तित्व, हृदय, स्वच्छ, रिपु, मृगजस्ता तत्सम तथा बेला, जबजस्ती, कलङ्क, जमानाजस्ता आगन्तुक शब्दहरू रहेका छन् ।

यो गजलको पहिलो सेरमा गजलकारले निराशाजनक स्वर प्रस्तुत गरेका छन् । आफ्नो मुटुभित्रको घाउ आलो रहेको बेला स्वार्थी मानिसहरूको मन कालो रहेको कुरा गजलकारले व्यक्त गरेका छन् । दोस्रो सेरमा गजलकारले आफू निर्दोष हुँदाहुँदै पनि जबर्जस्ती कलङ्कित हुन पुगेको कुरा व्यक्त गरेका छन् । गजलको तेस्रो सेरमा नाता, कुटुम्बको व्यवहार आफूतिर पैसा भएपछि बदलिएको साथै गजलकारले जसलाई ज्वाइँ भनेका छन् हिजोसम्म उही सालो रहेको कुरालाई व्यङ्ग्य गरेका छन् ।

स्वार्थी र कठोर समाजलाई इङ्गित गर्दै गजलको चौथो सेरमा गजलकारले समाजका शासकलाई व्यङ्ग्य गर्दै नेता भनाउँदाहरूको मात्र पालो रहेको कुरा व्यक्त गरेका छन् । पाँचौं सेरमा समाजमा जताततै षड्यन्त्र भएको र चारैतिर नानाथरीका जालझेल चलिरहेको देखेर गजलकारले त्यस्ता वातावरणलाई माकुरोको जालो नामकरण गरेका छन् । यसरी नै अन्तिम सेरमा गजलकारले आफूलाई ओरालो लागेको मृग ठान्दै ठालु भनाउँदाहरूले आफ्नो खुट्टा तान्न खोजेको र राम्रो गर्छु भन्नेहरूको पछि नै धेरै बैरी लाग्ने गर्छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

## ६.२ इमान बचाउन खोज्नेको

**घामको छहारीमा** गजल सङ्ग्रहको पृ. २ मा सङ्कलित यो दोस्रो गजल हो । पाँच सेरमा संरचित यस गजलमा अपमान, जयगान, भान, महान्, आसान, झ्यालखानजस्ता असमभार काफियाको प्रयोग गरिएको छ । त्यस्तै हुन्छ रदिफको प्रयुक्ति रहेको छ । त्यसैले यो मुरद्दफ गजल हो । यस गजलको प्रत्येक शेरको विषय र भाव फरक भएको हुँदा यो गैरमुसलसल गजल हो । यस गजलमा गजलकारले तखल्लुसको प्रयोग गरेका छैनन् । उच्चारणको आधारमा १६ अक्षरको

लयविधानको प्रयुक्ति यसमा रहेको छ । स्वतन्त्र विषय वर्णन वा तृतीय पुरुष दृष्टिविन्दुमा रचिएको यस गजलको पहिलो सेरमा १२, दोस्रो सेरमा १३, तेस्रो सेरमा ११, चौथो सेरमा १४ र पाँचौं सेरमा १४ गरी जम्मा ६४ शब्दहरू रहेका छन् । शब्द प्रयोगका दृष्टिले अस्मिता, सज्जन, अनुभूतिजस्ता तत्सम र इमान, अपमान, आसान, अक्सर र झ्यालखानजस्ता आगन्तुक शब्दहरूको आधिक्य रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले जसले आफ्नो इमान, इज्जत वा भनौं अस्मिता बेच्ने गरेको हुन्छ दुनियाँले उसैको जयगान गर्छ तर त्यसको विपरीत जसले मानिसको सबैभन्दा ठूलो कुरा इमान बचाउन खोज्छ समाजले उसैलाई अपमान गरी लज्जित गरिदिन्छ भन्ने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा समकालिन समाजलाई सङ्केत गर्दै समाजका शोषकहरू निर्भय आफ्नो कालो बजार गर्छन् र समाजका सुधारकहरू वसन्तऋतुमा मात्र कुहुकुहु गर्न पाउने वा भनौं प्रतिवन्धित कोइली बनेर खुरुखुरु निरीह प्राणी भएर आफनो काम गर्छन् र जमाना पनि यसरी चलिरहेछ भनेर गजलकारले समाजका शोषकलाई काग र सुधारकलाई कोइली भनेर सङ्केत गरेका छन् । तेस्रो सेरमा जो सज्जन छ, उनीहरू नै कलङ्कित बन्नु पर्ने र दुई नम्बरी धन्धा गर्नेहरू शिर ठाडो पारी आफ्नो चरित्रलाई महान् ठान्दै डुल्ने गर्छन् । समाजले पनि त्यस्ताकै चरित्रको गुणगान गाउँदै हिँड्छन् भन्ने कुरालाई गजलकारले यस सेरमा व्यक्त गरेका छन् ।

विकसित र प्रगति हुने खालका प्रतिभाहरू हाम्रो समाजमा भए पनि उनीहरू फक्रिन नपाएका कोपिलाहरू र कोपिलामै बिरामी हुन पुगेको अवस्था आएको छ तर खराब मानिसहरू प्रतिभाको विकास सजिलै हुन सक्ने दावा गर्छन् । यो एक हास्यास्पद विषय हो भनी गजलकारले उक्त कुरालाई चौथो सेरमा व्यक्त गरेका छन् । यहाँ कोपिला भनेर युवा प्रतिभालाई सङ्केत गरिएको छ र यसमा प्रतीकात्मक भनाइलाई प्रस्तुत गरिएको छ ।

अन्तिम सेरमा आफूले हरेक सुनौलो बिहानीलाई पनि सन्ध्याजस्तै अनुभव गर्नुका साथै आफू बस्ने सुन्दर कोठा पनि आफ्नै लागि झ्यालखाना साबित भएको कुरा व्यक्त गर्दै जे गर्न पनि स्वतन्त्र नभएको भन्दै निराशाजक स्वर प्रस्तुत गरेका छन् ।

### ६.३ किन होला अचेल

'किन होला अचेल स्वच्छ आकाश हराएझैँ लाग्छ' **घामको छहारीमा** गजलकृतिको तेस्रो गजल हो । यसमा पाँच सेरहरू रहेका छन् । अठार अक्षरको मिसराविधानमा संरचित यस गजलको पहिलो सेरमा १५ शब्द, दोस्रो सेरमा १२ शब्द, तेस्रो सेरमा १२ शब्द, चौथो सेरमा १३ शब्द र पाँचौ सेरमा १२ शब्द गरी जम्मा ६४ शब्दहरू रहेका छन् । यस गजलमा आकाश, आवास, उल्लास, आभास, विश्वास र इतिहास जस्ता विषमभार काफिया प्रयुक्त छन् । काफिया प्रयोगका दृष्टिले हराएझैँ लाग्छ रदिफ रहेको यो मुरद्दफ गजल हो । त्यस्तै विषयवस्तुको प्रयोगका दृष्टिले हरेक सेरमा फरक फरक विषयवस्तु रहेकोले यो गैरमुरद्दफ गजल हो । यस गजलमा पनि गजलकारले तखल्लुसको प्रयोग गरेका छैनन् ।

गजलको पहिलो सेरमा गजलकार आफूले आजभोलि स्वच्छ र निर्मल आकाश हराइरहेको अनुभव गरेका छन्, साथै आफ्नो सुरक्षित बस्तीभित्रै पनि आफ्नो बास हराएको भ्कैँ लागिरहेको वा भनौँ बाहिर हेर्दा वातावरण राजनीतिक, सामाजिक र आर्थिक रूपले असहज भएको र आफू भीडमा पनि एक्लो र असुरक्षित भएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा कुनै रामनगर नामक स्थान विशेषको बयान गर्दै त्यहाँको रमाइलोपन, हर्षोल्लास सबै बनावटी रहेको कुरा, व्यक्त गरेका छन् साथै ऋतुराज वसन्त ऋतुको आगमन हुँदा पनि परिवेश शून्य भएर उल्लासमय वातावरण क्रमशः निरस भएर जाने कुरा व्यक्त गरेका छन् । गजलकारले तेस्रो सेरमा निराशाजनक स्वर प्रस्तुत गर्दै काँडा पन्छाउँदै हिँड्दा कदमहरू बेलाबेलामा रोकिने गरेको र देशमा केही परिवर्तन हुन्छ कि भनेर आशा गरिरहेको बेला समाजको खराब आचरणले गर्दा गजलकारले आशाखेतीको अभियानमा आभास गुमाएको कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा गजलकारले कसैले कसैलाई विश्वास गर्न नहुने जताततै विश्वासघातको वातावरण भएको जमाना आएको र सम्झौताको बाकसबाट विश्वास हराएको साथै कसैलाई विश्वास गर्नु मूर्खता हो भनेर व्यङ्ग्य गरेका छन् । एक अर्कामा विश्वासै भएन भने कोही पनि सुरक्षित नहुने कुरा पनि यस सेरमा व्यक्त भएको छ । अन्तिम सेरमा वास्तविक इतिहास लेखिन पनि मानिसले अरूको चाकरी गर्नु पर्ने व्यङ्ग्य हानेका छन् । वास्तविक इतिहास आफैँ रचिनुपर्छ, तर यहाँ त्यो असम्भव भएकाले आफ्नो जीवन गाथा आफैँ लेख्नुपर्छ भनी गजलकारले आवाज उठाएका छन् । स्वार्थी भनाउँदाहरूले इतिहासमा आफ्नो नाम लेखाउन पछि नहटेको र यस्तो अवस्थामा आफैंले इतिहास लेख्नुपर्ने कुरालाई सरल शब्द र सुन्दर भावका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

## ६.४ टाढा-टाढा पवनले

'टाढा टाढा पवनले यो दिल उडाउँछ घरीघरी' **घामको छहारीमा** गजलकृतिको चौथो गजल हो । पाँच सेरमा संरचित यस गजलमा उडाउँछ, फुटाउँछ, आउँछ, गाउँछ, छट्पटाउँछ सताउँछजस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । घरीघरी रदिफको प्रयुक्ति भएकोले मुरद्दफ गजलअन्तर्गत पर्दछ । 'घनु' तखल्लुस प्रयोग भएको यो गजल स्वतन्त्र तृतीय पुरुष कथन पद्धतिमा रचिएको छ । परिस्थितिगत यथार्थको चित्राङ्कन गरिएको यस गजलको विषयवस्तु गैरमुसलसल रहेको छ । यसका सेरहरूमा क्रमशः १२, १३, १२, १०, १४ गरी जम्मा ६१ शब्दहरूको प्रयोग गरिएको छ ।

गजलको पहिलो सेरमा गजलकारले मनमा चलेको बिरहले गर्दा मनमा आँधी चलेको र मन उडाएर विरक्त बनाउनुका साथै नयनबाट वेदनाको मूल फुटेर आँसुरूपी बह घरिघरि बगेको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफू जन्मभूमि छाडेर कर्मभूमिमा कहिले यता र कहिले उता हिँड्नु परेको बेला आफ्नो जन्मभूमिलाई कहिल्यै बिर्सन नसक्ने कुरा अभिव्यक्त गरेका छन् । तेस्रो सेरमा कञ्चन शितका थोपाहरू बिहान झुल्किने घामका रापले सुकिदिने अर्थात् असल कुरा खराबका अगाडि सङ्घर्ष गर्न नसकेको र यही कुराले आफ्नो मनले दिक्दार अनुभव गरेकाले मनको चरीले मनमा घरिघरि बिरहका गीत गाएको कुरा व्यक्त गरेका छन् ।

गजलको चौथो सेरमा जीवनमा खुसीको लहर नफैलिँदै जीवन आँसुमय भएर घरिघरि छटपटाइरहेको कुरा व्यक्त गरेका छन् भने अन्तिम सेरमा गजलकार घनुलाई मनको उजाड बारी सधैँ बाँझो रहला कि भन्ने चिन्ताले घरिघरि सताएको कुरा सुन्दर ढङ्गबाट अभिव्यक्त गरेका छन् ।

## ६.५ नृत्यकलाको महत्त्व

'नृत्यकलाको महत्त्व नाचेर बुझ' घामको छहारीमा गजल सङ्ग्रहको पाँचौं पृ.मा सङ्कलित पाँचौं नम्बरको गजल हो । यस गजलमा पाँच सेरहरू रहेका छन् र प्रत्येक सेरका विषय फरक फरक भएकोले यसलाई गैरमुसलसल गजल मानिन्छ । नाचेर, हाँसेर, बाँचेर, गाँसेर, जाँचेर र राखेरजस्ता समभार काफिया र बुझ रदिफ प्रयोग गरिएकोले यस गजललाई मुरद्दफ गजल भनिन्छ। समय सत्यबोधलाई मूल विषय बनाई रचिएको यस गजल परिस्थिति यथार्थको बोध गर्ने सन्देश दिएको छ । 'घनु' तखलुसको प्रयोग गरिएको यस गजलमा १३ अक्षरको मिसराको निर्मिति रहेको छ । शब्दप्रयोगका दृष्टिले ८, ८, ११, ११ र ११ गरी ४९ शब्दहरू समाविष्ट छन् । नृत्यकला, हाँस्यकला, परिभाषा, मानवीय सत्यजस्ता तत्सम शब्दहरूको सफल प्रयुक्ति पनि यस गजलमा रहेका छन् ।

यो गजलको पहिलो सेरमा गजलकारले जीवनमा जे गर्छौं त्यो हृदयदेखि गर्नुपर्ने कुरा अघि सारेका छन् । नृत्यकै कुरा गर्ने हो भने नृत्यकलाको महत्त्व गहन तरिकाले नाचेर बुझ्नुपर्ने र हाँस्नको लागि हास्यकलाको महत्त्व वा भनौं अर्थ भएको हाँसो हाँस्नु पर्ने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा जीवनको परिभाषा आफूलाई नसोध्नका लागि अनुरोध गरेका छन्, यदि परिभाषा बुझ्नु नै छ भने मानवीय धरातलमा बाँचेपछि स्वतः जीवनको परिभाषा सबैले बुझ्न सक्छन् भन्ने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा हरेक प्राकृतिक कुराको महत्त्व बुझ्न गजलकारले सबैलाई आह्वान् गरेका छन्, जसमा छरिएका फूलहरू त्यसै फाल्न नहुने त्यसलाई बरू माला गाँसेर एउटा रूप दिँदा धागोमा उनिएका ती फूलहरूले मालाको रूप लिन पुग्दा बल्ल छरिएर फालिएका फूलको महत्त्व माला बनिसकेपछि बुझ्न सकिने कुरा सुन्दर अभिव्यक्तिबाट व्यक्त गरेका छन् ।

गजलको चौथो सेरमा अर्का मानिसलाई छिट्टै विश्वासको पात्र नबनाउन र छिट्टै अरूले भनेको कुरालाई सत्य नमान्न आग्रह गर्दै सबैलाई बेलैमा सचेत पनि गराएका छन् । अरूको कुरालाई सत्य मान्नु अघि सोचेर, बुझेर मात्र कदम चाल्नु पर्ने कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा गजलकारले निकै मीठो तरिकाले गजलको समाप्ति गरेका छन्, जसमा गजलकार ललिजन रावल, ज्ञानुवाकर पौडेल र मनु ब्राजाकीको बारेमा यदि जान्न इच्छुक कोही छ भने त्यसको बारेमा गजलकारले आफैसँग सम्पर्क राख्न अनुरोध गरेका छन् ।

## ६.६ सधैँ सबैको बनेर

'सधैँ सबैको बनेर बाँच्न पाए हुन्थ्यो' **घामको छहारीमा** गजल सङ्ग्रहको छैँटौ नम्बरको गजल हो । यसमा चार सेरहरू रहेका हुन् र पहिलो सेरमा ११ शब्द, दोस्रो सेरमा १० शब्द, तेस्रो सेरमा ९ शब्द र चौधो सेरमा १० शब्द गरी ४० शब्दहरू रासमा रहेका छन् । हाँस्न, बाँच्न, गाँस्न,

नाँच्न, टाँस्न जस्ता समभार काफियाको प्रयुक्ति यसमा रहेको छ । सम्भावना अलङ्कारको माध्यमबाट आन्तरिक मनोचाहको उद्घाटन प्रक्रियाका हरेक सेरमा फरक फरक विषय र भाव संसृष्ट यस गजलको विषयवस्तुका आधारमा गैरमुसलसल गजल हो । रदिफ युक्त यो गजल मुरद्दफ गजल हो । यसमा तखल्लुसको प्रयुक्ति छैन । १४ अक्षरको लय योजना रहेको यस गजलमा मानवीय अन्तर्चाहलाई उद्घाटन गर्नु र एउटा सुन्दर भविष्य निर्माणको परिकल्पना मूल भावको रूपमा आएको छ । यो गजलको पहिलो सेरमा गजलकारले मानवीय भावनालाई निकै सुन्दर रूपमा अभिव्यक्त गरेका छन् । जसमा जीवनभर बाँचुन्जेल सधैँ सबैको बन्नका लागि लायित बनेका र थोरै चिजमा पनि सन्तवटको अनुभव गर्दै हाँस्नका लागि इच्छुक भएका छन् । दोस्रो सेरमा मनमा रहेका थुप्रै रङ्गीचङ्गी भावनारूपी फूलहरूलाई एकत्रित गरी कुनै कुराको सृजना गरेर आफ्नो निष्कर्षलाई साकार रूप दिन चाहने अभिव्यक्ति व्यक्त गरेका छन् । तेस्रो सेरमा जीवनमा छाएका निराशारूपी बादल हटाएर सहर्ष उज्यालोमा वा भनौँ बाँचुञ्जेल खुसीसाथ नाच्न र हाँस्न चाहेको भाव व्यक्त गरेका छन् ।

चौथो सेरमा निकै गहन तरिकाले गजलकारले मनमा भएका तीता, नराम्रा अनुभवहरू बिर्सनका लागि जीवनमा राम्रा, सुन्दर र अविस्मरणीय क्षणहरूलाई आफ्नो हृदयरूपी भित्तामा टाँसेर मनमा रहेका दुःख र व्यथाहरूलाई सधैँको लागि आफ्नो हृदय र मानसपटलबाट हटाउन चाहेका छन् ।

## ६.७ माथि थिएँ आफ्नै धुनमा

'माथि थिएँ आफ्नै धुनमा तल झार्‍यौ किन' **घामको छहारीमा** गजल कृतिको सात पृ.मा रहेको सातौं नम्बरको गलल हो । पाँच सेरको यस गजलमा १५ अक्षरको मिसरा संयोजन गरिएको छ र यसमा क्रमशः १३, १३, ११, १२ र ११ गरी जम्मा ६० शब्दहरूको प्रयुक्ति रहेको छ । झार्‍यो, पार्‍यौ, बार्‍यौ, सार्‍यौ हार्‍यौ र पछ्यार्‍यौ जस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । किन रदिफ प्रयुक्तिका आधारमा यसलाई मुरद्दफ गजल भनिन्छ । हरेक सेरमा भिन्नभिन्न विषय संयोजन प्रक्रियाका दृष्टिले यसलाई गैरमुरद्दफ गजल भनिन्छ । सामाजिक विसङ्गतिको उद्घाटन गर्दै जीवनको सार्थकलाई सन्देश दिने यस गजलमा प्रश्नबोधक कथन पद्धतिको प्रयोग गरिएको छ ।

आफ्नो धुनमा हिँडिरहेको व्यक्तिलाई बोलाइ प्रेमको जाल बिछ्याएर पथबाट भ्रष्ट गर्न खोजिएको यस गजलको पहिलो सेरमा आफ्नो सुरमा रहन पनि शत्रुहरूको देखि नसहने र माया देखाएर पछि एक्लो पारिने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा मान्छे भएर पनि आफ्नो घर वरिपरि काँढे तारले बारेको देख्दा मान्छे भन्दा फरक बन्न खोजेको समाजलाई व्यङ्ग्य गरेका छन् । तेस्रो सेरमा जता पनि जित्ने बाजी राखी जित्ने गरेको स्वार्थी र मै हुँ भन्ने मानिसहरू आदर नैतिकताको दौडमा फेरि किन हार्‍यौ त ? भन्ने व्यङ्ग्य प्रश्न पनि गरेका छन् ।

चौथो सेरमा जहाँ जसलाई फल्ने, फुल्ने रहर हुन्छ त्यस्तो व्यक्ति वा बिरुवालाई आफूभन्दा टाढा किन राख्यौ ? भन्ने प्रश्न पनि गरेका छन् । पाँचौं सेरमा आजको जमानामा जसले अरूको भलाइमा आफ्नो विवेक खर्च गरेको हुन्छ उसैलाई मानिस चिन्न सक्दैनन् र आफ्नो स्वार्थ पूरा

भएपछि सहयोग गर्ने मानिसलाई नै पछि बेवास्ता गर्ने कुरा उल्लेख गरेका छन्, साथै अरूको भलो गर्छु भन्ने यदि कोही छ भने पनि उसलाई समाजले आफ्नो स्वार्थको लागि मात्र उपयोग गर्ने र पछि चिन्न र बोल्न पनि गाह्रो मान्ने कुरालाई यहाँ प्रकट गरिएको छ ।

### ६.८ समस्याको चुनौतीले

'समस्याको चुनैतीले निकै जस्तै छ' **घामको छहारीमा** भित्रको आठौं गजल हो । १३ अक्षरको लयविधान रहेको यसमा ६ सेरहरू संयोजित छन् । उस्तै, जस्तै, सस्तै, खस्तै, यस्तै, पस्तै र कस्तै समान वजनका काफिया र छ रदिफ रहेको यस गजल मुरद्दफअन्तर्गत पर्दछ । सामाजिक र मानवीय विसङ्गतिप्रति व्यङ्ग्य र विरोधाभासपूर्ण अवस्थाको चित्रण गरिएको यस गजलको विषयवस्तुको आधारमा गैरमुसलसल गजल अन्तर्गत पर्दछ । 'घनु' तरवल्लुसको प्रयुक्ति रहेको यस गजलका सेरहरूमा क्रमशः ११, १०, ९, ११, १०, १० गरी जम्मा ६१ शब्दहरू रहेका छन् । सामाजिक विसङ्गतिको उद्घाटन गर्दै मानवीय मूल्यको प्रतिस्थापनको सन्देश यस गजलको मूल भाव हो ।

गजलको पहिलो सेरमा गजलकारले आफ्नो जिन्दगीलाई चुनौती र समस्याको नाम दिएका छन् । आफ्नो जिन्दगीलाई चुनौती र समस्याले डसेको र जिन्दगी वास्तवमै जिन्दगी जस्तै सङ्घर्ष र बाधाहरूले घेरिएको र जिन्दगी वास्तवमै जिन्दगी जस्तै सङ्घर्ष र बाधाहरूले घेरिएको छ भनेर उल्लेख गरेका छन् । दोस्रो सेरमा जीवनको कटु सत्यको उजागर गर्दै जीवनको यथार्थ बताउँदै गजलकारले मानिसको पसिना, परिश्रम, लगन र विवेकको महत्त्व नभएर यहाँ भरेको पशुको मासु सस्तो छ भन्ने व्यङ्ग्य गरेका छन् । तेस्रो सेरमा यी सारा दुःखद वातावरण देखेर आफ्नो छातीभित्र दुःखको बादल मडारिएको र त्यो वेदना आँखारूपी आकाशबाट आँसु बनेर झरेको पीडा व्यक्त गरेका छन् ।

चौथो सेरमा आफ्नो मनमा कुनै खुसी फुल्न नपाएको र जमाना कहाँदेखि कहाँ पुगिसकेको तर आफ्नो जीवन सङ्घर्षरत नै रहेको कुरा व्यक्त गरेका छन् । पाँचौं सेरमा आदर्शको अर्थ खोज्न शब्दकोष नै पल्टाउनुपर्ने अर्थात् आदर्श मानिसको व्यवहारमा नभएर शब्दकोशमा बाँचिरहेको कटुसत्य उजागर गर्दै समाजबाट मानवता हटिसकेको र दुनियाँ, समाजको दिक्दार लाग्दो परिस्थिति देखेर मानवता पनि लजाएर लुक्न गुफा पस्न जाँदै गरेको यथार्थ व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा विकसित र सभ्य भनेर धाक लाउने समाजमा वास्तविक सभ्यता नभेटेर गजलकार आफ्नो गाउँतिर जान गुन्टा कस्तै गरेको वास्तविकता प्रकट गरेका छन् ।

### ६.९ नपिएरै तिमीलाई

'नपिएरै तिमीलाई मात लागेछ' **घामको छहारीमा** गजल सङ्ग्रहको नवौं पृ.मा संग्रहित नवौं नम्बरको गजल हो । यस गजलमा पाँच सेरहरू रहेका छन् । यसमा मात, वात, सात, हात, लात, रातजस्ता समभार वजनका काफियाको प्रयुक्तिपछि लागेछ रदिफको प्रयुक्ति रहेकाले यसलाई मुरद्दफ गजल भनिन्छ । सामयिक जटिलता बिब्ल्याँटे परिस्थितिको चित्रण गरिएको यस गजलको विषयगत

दृष्टिले गैरमुसलमान गजल हो । १३ अक्षरको मात्रिक वजनमा रचिएको यस गजलका सेरहरमा क्रमशः १०, ८, १०, १०, १२ शब्द गरी जम्मा ५० शब्दहरू प्रयोग भएका छन् । द्वितीय पुरुष दृष्टिबिन्दुमा समय परिस्थिति र यथास्थितिको यथार्थ चित्राङ्कन गर्दै धैर्य र सङ्घर्षको सन्देश सम्वाहन गर्नु यस गजलको मूलभाव हो ।

गजलको पहिलो सेरमा गजलकारले द्वितीय पुरुषलाई सम्बोधन गर्दै कसैलाई नपिएरै मात लागेको वा भनौं मान्छेलाई मात लागेको र आफू निर्दोष हुँदाहुँदै पनि दोषी भएको तर दोषी हुन केही गल्ती गर्नु पर्नेमा आफूले केही गल्ती नगरेरै बात लागेको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफ्नो ग्रहदशा राम्रो रहेको बताउँदै अन्धविश्वासी मान्छेलाई व्यङ्ग्य गर्दै ग्रहदशा राम्रो छ भनेर खुसी रहेको मान्छेलाई पनि अनायासै साढेसातको दशा लाग्न सक्ने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा जीवनमा जति सङ्घर्ष गरे पनि थोरै उपलब्धि मात्र कति लागेको कुरा व्यक्त गरको छन् ।

चौथो सेरमा कसैको मान, इज्जत र प्रतिष्ठामा अनादरको दाग लागेपछि खुसीका फूलहरू खसेर जान्छन् भनेर उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा कुनै पनि व्यक्तिको उद्देश्य अँध्यारोलाई चिरेर उज्यालो पाउने लक्ष्य हुन्छ तर विडम्बना उल्टै उज्यालोको बदलामा अँध्यारोले नै उसलाई पछ्याइरहेको हुन्छ । जति गरे पनि अँध्यारोलाई चिर्न नसकेकोले यहाँ मुख्य लक्ष्य पूरा हुन नसकेको कुरा व्यक्त गरेका छन् ।

### ६.१० मेरो मनको संसारमा

'मेरो मनको संसारमा एउटा शून्य सहर छ' **घामको छहारीमा** रहेका गजलहरूमा दसौं स्थानमा रहेको गजल हो । यसमा सहर, नहर, कहर, रहर, जहर, ठहर जस्ता समभार कफियाको प्रयोग गरिएको छ । छ एकाक्षरी रदिफको प्रयुक्ति भएकोले यो मुरद्दफ गजल हो । विषयवस्तुको प्रस्तुतिका अनुसार यो गैरमुसलसल गजल हो । आत्मपरक शैलीमा लेखिएको यस जलजल प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । १८ अक्षरको मात्रिक वजनमा रचिएको यस गजलका सेरहरूमा क्रमशः १६, १३, १२, १३ र १४ गरी ६८ शब्दहरूको प्रयोग गरिएको छ । तखल्लुसको प्रयुक्ति नरहेको यस गजलमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । जीवन भोगाइका यथार्थ र परिस्थितिका विभेदलाई चित्रण गर्दै आत्मबोधको अभिव्यक्ति दिनु यस गजल रचनाको मूल उद्देश्य हो ।

गजलको पहिलो सेरमा गजलकारले आफ्नो मनमा रहेको शून्य, उजाड र कोही पनि नबसेको शहरको कल्पना गर्दै त्यो सहरमा जताततै पानी नभएर ठूलो ठूलो अर्थात् पानीको सुविधा नभएको भन्दै जलस्रोतको दोस्रो धनी देश नेपाल मात्र नाममा सीमित रहेको भनेका छन । दोस्रो सेरमाजिन्दगीलाई सङ्घर्ष र दुःखको सङ्गम् मान्दै यो जिन्दगीमा बाँच्नलाई धेरै चुनौतीहरूको सामना गर्नुपर्ने बताएका छन् । तेस्रो सेरमा गजलकारले सामन्ती वर्गले कहिल्यै सोझा, साझा निमुखाहरूका दुःख नबुझिदिएको भन्दै उनीहरूलाई पनि माया र अवसरको खाँचो छ र सुखद जीवन बाँच्ने हक उनीहरूलाई पनि छ भन्दै यस सेरमार्फत् व्यक्त गरेका छन् ।

चौथो सेरमा गजलकारले असल कुराको खोजी गर्न वा भनौँ असल साथी खोज्न निकै ठाउँमा धाएको तर जताततै निराशा मात्र हात लागेकोले सबै मानिसले अमृत होइन जहरको व्यापार गर्छन् भनेर तीतो सत्यलाई प्रकट गरेका छन् । गजलको अन्तिम सेरमा गजलकार प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र आएको नेपालमा उन्मुक्त भएर हिँड्न खोजेका छन् । तर समाजका विसङ्गतिहरूले गर्दा स्वतन्त्र हुन असमर्थ छन् उनका स्वतन्त्र पखेटा कुँजिएका छन् र कतै पनि आराम र शान्ति छैन भदै यहाँ बस्न पनि ठाउँ छैन भन्दै आक्रोशित बनेका छन् ।

## ६.११ तिमीसँग मनका कुरा

'तिमीसँग मनका कुरा गर्ने रहर छ' **घामको छहारीमा** गजल सङ्ग्रहको एघारौं पृ.मा सङ्कलित गजल हो । यसमा गर्ने झर्ने, मर्ने, छर्ने, तर्ने र सर्ने जस्ता समान मात्राका फाफियाहरू हरेका छन् । रहर ट दृश्यशाब्दिक काफियाको प्रयोग भएको यस गजल मुरद्दफ अन्तर्गत पर्दछ । त्यस्तै विषयवस्तुको प्रयोगका दृष्टिले यसलाई गैरमुसलसल गजल भनिन्छ । तखल्लुस प्रयोग नभएको यस गजलमा १५ अक्षरिक लयविधान रहेको छ र क्रमशः १२, १२, १०, १२ र १२ गरी ५८ शब्दहरूका पाँच सेरहरू यसमा संयोजित छन् । जीवनको सङ्घर्ष र मानसिक उद्वेलनको उद्‌बोधन गरिएको यस गजलमा नवीनता, परिवर्तन प्राप्तिको भाव व्यक्त गरिएको छ ।

अलिअलि प्रेम प्रसङ्ग झैँ लाग्ने यो गजलको पहिलो सेरमा गजलकारले कसैसँग मनका कुरा गर्न चाहने इच्छा व्यक्त गर्दै मनका कुरा गर्न बेसीतिर झर्ने रहर भएको भाव उल्लेख गरेका छन् । दोस्रो सेरमा प्रीतिका फूल खोजेर आफ्नो रितो दिलको झोली भर्ने रहर व्यक्त गरेका छन् । तेस्रो सेरमा उजाड र झारपात भएको उर्वर माटोलाई सफा सुग्घर गरी विभिन्न फूलका बीउ छर्ने रहर गरेका छन् अर्थात् दुःखमा पनि सुखका कल्पना गर्दै यस सेरमा गजलकारले आशावादी स्वर प्रस्तुत गरेका छन् ।

चौथो सेरमा झन् आँटिलो र साहसी भाव व्यक्त गर्दै जीवन कहिले सुख र कहिले दुःखको यात्रा हो भन्दै सुख सँगै दुःखलाई पनि आत्मसात् गर्दै जति सङ्घर्ष गर्नुपर्ने पनि यसलाई पार गरिछाड्ने दृढ अठोट व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा गजलकार एकै ठाउँमा बसेर दिक्क भएको भन्दै अब नयाँ डेरा नयाँ काम, नयाँ सोच राखेर जीवनलाई अझ सुन्दर ढङ्गबाट जिउने रहर राख्दै जीवनमा जहिले पनि सकारात्मक सोच राख्नु पर्ने भावलाई यस सेरमार्फत व्यक्त गरेका छन् ।

## ६.१२ बाहिर काँचै छु

'बाहिर काँचै छु भित्र ता पाक्न थालेको छु' **घामको छहारीमा** गजल सङ्ग्रहभित्रको बाह्रौ पृ.मा रहेको बाहौं नम्बरको गजल हो । यसमा ६ सेर रहेका छन् । १५ अक्षरको वजनमा रचिएको यस गजलका सेरहरूमा क्रमशः १३ १४, १५, ११, ११ र १२ शब्द गरी जममा ७६ शब्यहरू रहेका छन् । पाक्न, थाक्न, चाख्न, राख्न, डाक्न, भाक्न र ढाक्न जस्ता समभार काफिया रहेको यस गजलमा थालेको छु रदिफको प्रयोगका आधारमा यो मुरद्दफ गलल हो । त्यस्तै विसङ्गत यथार्थको

उद्घाटन गर्ने यस गजल विषयवस्तुको आधारमा गैर मुसलसल गजल हो । प्रथम पुरुष कथन पद्धति रहेको यस गजलमा विसङ्गत यथार्थको सुन्दर चित्राङ्कन गरिएको छ र यथार्थलाई आत्मसात् गरेर कर्मशील रहने सन्देश दिइएको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले आफू बाहिर काँचो रहेको तर भित्री हृदयबाट परिपक्व रहेको अर्थात् अरू जो सुकैले उनलाई केही जानेको छैन भने पनि यसको विपरीत उनी भित्री मनबाट सबै कुरा छर्लङ्ग बुझ्न सक्छन् भन्दै सङ्घर्षरत जीवनको यात्राबाट आजित हुन थालेको कुरा पनि व्यक्त गरेका छन् । दोस्रो सेरमा बाँच्नका लागि अमृत अर्थात् सहज वातावरण खोजेको तर त्यो कतै नपाएपछि जहर अर्थात् जस्तो समाज छ त्यस्तै समाजमा आफूलाई केही मन नपरे पनि त्यसैमा बाँच्ने आधार खोजेको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा आफ्नो दुःख पोख्ने साथी एउटा पनि नभेटिएकाले आजभोलि आफ्नै बुद्धि विवेकले बठ्याई गरेर बाँच्दै गरेको यथार्थ प्रस्तुत गरेका छन् ।

गजलको चौथो सेरमा कुनै पनि साथीहरू इमानको अर्थ बुझ्ने खालको नभेटिएकाले असल साथीको ठाउँमा गजलकारले सैलान अर्थात् शत्रुहरूलाई नै डाक्न थालेको यथार्थ प्रस्तुत गरेका छन् । गजलको पाँचौ सेरमा कहिलेकाहीँ नजाने गाउँको पनि बाटो सोध्न आवश्यक हुन्छ भन्दै भगवानमाथि विश्वास नभए पनि विषम परिस्थितिले गर्दा अरूले जस्तै आफूले पनि देउता भाक्नु परेको विडम्बना प्रस्तुत गरेका छन् । गजलको अन्तिम सेरमा निष्पक्ष व्यवहार राख्ने मान्छेलाई समाजमा खिल्ली उडाइने भन्दै गजलकारले पनि आफ्नो क्रियाकलाप देखेर मानिसहरू हाँस्ने गरेको र त्यो देखेर गजलकार आफैँले वास्तविक र यथार्थ कुरालाई आजभोलि समाजको निन्दाबाट बचाउन डाकेर हिँड्न थालेको कुरा सुन्दर ढङ्गबाट अभिव्यक्त गरेका छन् ।

## ६.१३ बेखुसी बेखुसी खुसी

'बेखुसी बेखुसी खुसी भएजस्तो गर्दैछु म' **घामको छहारीमा** रहेका गजलहरूमा तेह्रौं नम्बरको गजल हो । पाँच सेरमा संरचित यस गजलमा गर्दैछु, मर्दैछु, सर्दैछु, पर्दैछु, मर्दैछु र झर्दैछु जस काफियाको समन्विति रहेको छ भने म एकाक्षरी रदिफको प्रयुक्ति रहेको छ । यसर्थ यो मुरद्दफ गजल हो । विषयवस्तुगत प्रयुक्ति अनुसार यो गैरमुसलसल गजल हो । १६ अक्षरको आक्षरिक मात्रात्मकता रचिएको यो गजलमा सेरहरूमा क्रमशः १२, ११, १५, १४ र १२ गरी ६४ शब्दहरू रहेका छन् । आत्मालापीय प्रथम पुरुष कथन पद्धति रहेको यस गजलमा जीव भोगाइका विविधतापूर्ण यथार्थको भावनात्मक प्रस्तुत रहेको छ ।

मनमनै गजलकार खुसी नभए पनि बाहिर खुसी भएको अभिनय गर्दै कसैलाई बचाउन स्वयं आफू मर्दै गरेको वा भनौं कसैका भलोको लागि आफू पिल्सिन पनि पछि नपरेको कुरा पहिलो सेरमा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफूलाई कसैले देखावटी माया, दया देखाउन नपर्ने बरु आफैँ त्यस्ता स्वार्थी मानिसहरूभन्दा टाढा रहन रुचाउने कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा आफूले स्वार्थी र अन्धाविश्वासी समाजका कुरा बल्ल बुझेको र त्यसबाट उम्कन छिटोछिटो हिँड्दा पनि समाजमा खुट्टा तान्ने प्रवृत्तिले गर्दा आफू पछि परेको कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा आफू सङ्घर्ष गर्दा गर्दा तिर्खाएर तड्पी तड्पी हिँडेको तर पनि नथाकी अघि बढ्न मनको रित्तो सुराहीमा कञ्चन पानी भर्न खोजेको अर्थात् जस्तोसुकै विषम परिस्थितिमा पनि आफू र आफ्नो मनले कहिल्यै हरेस नखाने कुरा उल्लेख गरेका छन् । गजलको अन्तिम सेरमा पश्चिमी सभ्यताको विकृत रूप देखेर त्यो भन्दा आफ्नै नेपाली संस्कृतितिरको मोहलाई सुन्दर ढङ्गबाट अभिव्यक्त गरेका छन् ।

## ६.१४ मेरो महानगरीमा

'मेरो महानगरीमा शान्त कुनै चोक छैन' **घामको छहारीमा** चौधो पृ.मा सङ्कलित भावनात्मक गजल हो । चार सेरको यस गजल १६ अक्षरको संरचनात्मक स्वरूप रहेको छ । चोक, रोक, शोक, भोक र थोकजस्ता समान मात्राका काफियाको प्रयुक्तिपछि छैन रदिफलको प्रयुक्तिको आधारमा यो मुरद्दफ गजल हो । हरेक सेरका विषय फरक भएको हुँदा यो गजल गैरसलमल अन्तर्गत पर्छ । प्रथम पुरुष दृष्टिबिन्दु प्रयुक्त यसमा तत्सम, तद्भाव र आगन्तुक शब्दहरूको समेत प्रयुक्ति रहेको छ र यसका शेरहरूमा क्रमशः १३, १३, १३ र १३ गरी जम्मा ५२ शब्दहरू रहेका छन् । युग जन्य पीडा, प्रताडना र विडम्वनाप्रति असन्तुष्टि र परिवर्तनको आग्रह नै यस गजलको संरचनागत विषयवस्तु हो ।

पहिलो सेरमा गजलकारले आफ्नो महानगरी कहलाउने ठाउँमा कतै पनि कुनै पनि ठाउँमा शान्त चोक नरहेको बताउँदै जो सुकैले जे गर्दा पनि रोकटोक नभएको कुरा गर्दै समाजको शान्ति सुरक्षाको जिम्मा लिएकाहरूलाई व्यङ्ग्यवाण हानेका छन् । दोस्रो सेरमा मानवता नभएको हाम्रो समाजमा यदि कुनै बाटोमा बेवारिसे लास भेटियो भने त्यसलाई तमासा बनाएर हर्नेको ठूलो भीड जम्मा हुन्छ तर विडम्बना कसैको पनि हृदयमा शोक र सन्तप्तको भाव देख्न नसकिने कुरा प्रकट गरेका छन् ।

तेस्रो सेरमा सहरमा बाँच्न निकै सङ्घर्ष गर्दागर्दा पेट भर्न पनि नपाएको अर्थात् खाना पनि राम्ररी खान नपाएको भन्दै फेरि सहरको हण्डर खाएर नै भोक हराएको कुरा व्यक्त गर्दै सहरमा केक नै पाइन्छ भन्ने सपमा बोकेर आएकालाई हण्डर नै बेसी खानुपर्ने कुरा यहाँ व्यक्त गरेका छन् । अन्तिम सेरमा आफू जस्तै स्वार्थी अरूलाई देख्ने यो समाजलाई सङ्केत गर्दै गजलकारले आफ्नो बन्द मुट्ठी हेरेर मैले प्रहार गर्छु कि भनेर त्रसित नहुनु किनकि आफ्नो मुट्ठी भित्र अरूलाई प्रहार गर्ने ढुङ्गा होइन कि मात्र हातको रेखाहरू मात्र छन् भन्ने मानवतावादी भाव प्रकट गरेका छन् ।

## ६.१५ खुशी खोज्दै हिँडेको थैं

'खुसी खोज्दै हिँडेको थैं जे पाएँ त्यो पीर रहेछ' **घामको छहारीमा** रहेका गजलहरूमा पन्ध्रौँ नम्बरको गजल हो । यसमा पाँच सेरहरू रहेका छन् । हरेक सेरमा भिन्नभिन्नै भावसंयोजित यस गजलको विषयवस्तुअनुसार यसलाई गैरमुसलसल गजल अन्तर्गत राख्न सकिन्छ । त्यस्तै रदिफ र काफिया संयोजित भए अनुसार यसलाई मुरद्दफ गजल भनिन्छ । पीर, भीर, नीर, तीर, जन्जीर, तस्वीरजस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ भने रहेछ रदिफको रूपमा आएको छ । १७

अक्षरको पङ्क्तिपुञ्ज रहेको यस गजलका सेरहरूमा क्रमशः १७, १४, १४, १२, ११ गरी जम्मा ६८ शब्दहरू रहेको हुन् भने घनश्याम तरवल्लुसको रूपमा आएको छ । सामाजिक विसङ्गतिको यथार्थ अङ्कन नै यस गजलको संरचनागत विषय हो ।

पहिलो सेरमा गजलकारले आफूले खुसी खोज्दै हिँडेको तर पाउँदा त त्यो पीर रहेछ भन्दै थाकेर सुसाउन समथर मैदान र खोज्दा त झन्डै खस्न सकिने ओरालो भीर पाइएको भनर सोचे र खोजे जस्तो पाउन र मिल्नु गाह्रो हुने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफ्नो प्रियको मुस्कुराउँदाको चित्र कोर्ने रहर भएको तर उनको युगल नयनमा आँसु देखेर गजलकार आहत भएको कुरा प्रकट गरको छन् । तेस्रो सेरमा आफू जोसँग नजिक रहेका थिए उसैबाट घात पाएको र प्रियको देखावटी मधुर बोलीभित्र वचनवाण रहेछ भनेर हरेक सुन्दर वस्तु वास्तवमै सुन्दर हुँदैन त्यसैले अरूलाई सजिलै विश्वास गर्न नहुने र अरूको कुरालाई सजिलै विश्वास गर्न नहुने कुरा यहाँ अभिव्यक्त गरिएको छ ।

चौथो सेरमा आफ्नो प्रियले आफूलाई तिरस्कार गरेपनि आफूले उनलाई साँचो माया गरेकाले कहिल्यै भुल्न नसकेको भन्दै पिरतीको डोरीलाई जन्जीर ठान्न पुगेका छन् । अन्तिम सेरमा गजलकारले बाटामा कागजको टुक्रा देखेर के रहेछ भनी उठाएर हेर्दा आफ्नै तस्बिर देखेपछि यो दुनियाँ यस्तै रहेछ जसले अरूलाई विश्वास गर्छ, उसैलाई दुनियाँले विश्वासघात गर्छ भन्ने सोच्दै उक्त भावलाई गजलमा सरल शब्द र सुन्दर भावका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

### ६.१६ प्रकृतिको नियमबाट

'प्रकृतिको नियमबाट प्रकृति नै चुक्दो रैछ' **घामको छहारीमा** गजल सङ्ग्रह सङ्कतित साह्रौं गजल हो । पाँच सेरमा संरचित यस गजलमा दिक्दार, लाचार, बेकार, झार, हतियार र सङ्घारजस्ता मिश्रित काफियाको प्रयोग गरिएको छ । भएको छु रदिफ प्रयोग भएकोले यो गजल रमुरघफ अन्तर्गत पर्दछ । त्यस्तै विषयगत विविधताको प्रयुक्तिको दृष्टिले यो गजल गैरमुसलसल गजल हो । १५ अक्षरको पंक्तिपुञ्जहरू रहेको यो गजलका सेरहरूमा क्रमशः १५, ११, १२, १२ र १३ गरी जम्मा ६३ शब्दहरू रहेका छन् । प्रथम पुरुष आत्मालापीय कथन पद्धतिमा संरचित यस गजलमा सामाजिक असङ्गति र मानवीय दुर्गति विषयगत संरचनाको रूपमा आएको छ ।

प्रकृतिको कहिल्यै नचुक्ने नियम हुँदाहुँदै पनि कैले काहीँ प्रकृतिले नै आफ्नो नियम पूरा गर्न असमर्थ हुन्छ वा भनौ प्रकृति पनि आफ्नोनियम विपरीत चल्नु पर्ने अवस्था आउँछ । त्यसैले त सिमलको बलियो शाखादार रूख अपवादमा परेर बाँस जस्तै झुक्न सक्छ भन्ने कुरा पुष्टि गर्न गजलकारले उक्त कुरालाई पहिलो सेरमा व्यक्त गरको छन् । दोस्रो सेरमा मानिसभित्र घमण्डको आगो दन्क्यो भने हृदयमा भएको कोमल र तरल भाव त्यही आगोको रापमा परेर सुक्न सक्छ भनेर गजलकारले घमण्डले मानिसलाई निर्दयी र बज्रझैं कठोर बनाइदिन्छ भन्ने आफू भोको रहे पनि अरूको पीडा मर्म बुझ्छ, उसको हृदयस्पन्दनमा मानवता बाँचेको हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा मानिसको छाती खुला आकाशजस्तो र हृदय कमलो भएपछि वा भनौं मानिस धनकै नभएर मनकै मात्र धनी भएपछि चारैतिर उसले माया बाँड्न सक्छ र अर्कालाई सजिलै आफ्नो बनाउन सक्छ भन्ने भाव प्रकट गरेका छन् । पाँचौं सेरमा गजलकारले गजलरूपी भावनामा डुबुल्की लिँदा उन्मुक्त भएको आभास गर्दै आफ्नो वरिपरिका सबै बन्धनबाट आफू मुक्त रहेको अनुभव गर्नुका साथै गजल लेखनलाई बन्धनको ताल्चा तोड्ने साँचोका रूपमा अभिव्यक्त गरेका छन् । अन्तिम सेरमा गजलकारले सबैसित आफूलाई कसैले वचनवाण नहान्न आग्रह गर्दै यदि वचनवाण आफूलाई लागेमा स्वयम् त्यो गजलकारलाई मात्र नभई आफ्नी अर्धाङ्गिनी राधाको दिलसम्म दुख्न सक्छ भनेर आफ्नी राधालाई समेत अरूको वचनबाणबाट बचाउन खोजेका छन् ।

### ६.१७ सुन्दा सुन्दै गुनासा

'सुन्दासुन्दै गुनासा म दिक्दार भएको छु' **घामको छहारीमा** गजलकृतिको सत्रौं नम्बरको गजल हो । यसमा छ सेर रहेका छन् । यसमा 'घनश्याम' तखल्लुसको रूपमा प्रयाग भएको छ । चुक्दो, झुक्दो, सुक्दो, लुक्दो पुग्दो, फुक्दो, दुख्दोजस्ता समान मात्राको काफिया प्रयोग गरिएको छ । रैछ रदिफको रूपमा आएको हुँदा यो मुरद्दफ गजल हो । त्यसै हरेक सेरमा फरक फरक विषयवस्तु रहेको हुँदा यो गैरमुसलसल गजल हो । १७ अक्षरको मिसरा रहेको यस गजलका सेरहरूमा क्रमशः १३, ९, १४, १३, ११ र १४ गरी जम्मा ७४ शब्दहरू रहेका छन् । मानवीय प्रवृत्ति र भावनात्मक अनुभूतिलाई तृतीय पुरुष दृष्टिविन्दुमा व्यक्त यस गजलको विषय जीवन, प्रकृति, भोगाइ र अनुभूति रहेको छ ।

पहिलो सेरमा गजलकार आफू नानाथरीका गुनासाहरू सुन्दासुन्दा हैरान हुनुका साथै माथिबाट जेजस्तो आदेशहरू आउँछन् त्यसलाई मनले नमाने पनि मान्न लाचार भएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा जीवनमा सधैँ व्यस्त रहेको तर व्यस्त भएअनुसार उपलब्धि केही पनि नभएको र बेकार भएको अन्य यहाँ मानिसको परिश्रम र सीपको कुनै कदर नभएको कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा जिन्दगीको केही गर्नु भनेर होइन कि बरू सधैँ भरि पिल्सिनु भनेर बरदान पाएको भन्दै आफूलाई खुला मैदानको काम नलाग्ने झार मानेका छन् ।

चौथो सेरमा गजलकार आफूलाई सोकेसमा मात्र सजाइराख्न बनाएको भन्दै आफैलाई केही काम नलाग्ने निरीह जड वस्तु मान्दै जीवनमा केही गर्न नसक्ने वा भनौं आफू हतियार भए पनि धार नभएकाले कोही पनि आफूसित नडराउने र अरूले बेवास्ता गरेको भाव व्यक्त गरेका छन् । अन्तिम सेरमा आफूलाई सधैँ खुला रहेको ढोकाको सङ्घार मान्दै जो कोहीले पनि आफूलाई कुल्चे पनि दुख्नै छाडेको भन्दै जीवनका तीता अनुभव र सङ्घर्षले आफूलाई केही असर गर्न नसक्ने यथार्थ व्यक्त गरेका छन् ।

### ६.१८ अन्यायका सही बस्नु

'अन्यायका सही बस्नु अझ कति प्रहार सधैँ' **घामको छहारीमा** गजल सङ्ग्रहको अठारौं गजल हो । यसमा ६ वटा सेरहरू रहेका छन् । प्रहार, द्वार, हतार, घार, असार, टक्सार र

व्यभिचारजस्ता मिश्रित कफिया सधैं रदिफ प्रयोग गरिएको छ । यो काफिया र रदिफयुक्त मुरद्दफ गजल हो । हरेक सेरको विषयवस्तु फरक फरक रहेको हुँदा यो गैरमुसलसल गजलअन्तर्गत पर्दछ । १७ अक्षरको सिमरा संरचना रहेको यस गजलको सेरहरूमा क्रमशः १३, १३, १३, १६, १५ र १० शब्द गरी जममा ८० शब्दहरू रहेका छन् । स्वतन्त्र वर्णनात्मक कथन पद्धति रहेको यस गजलमा प्रगतिशील भावनाको प्रस्तुति नै संरचनात्मक विषयवस्तु रहेको छ ।

प्रजातन्त्रलाई मुख्य विषयवस्तु बनाएर लेखिएको यो गजलको पहिलो सेरमा देशमा प्रजातन्त्र आए पनि अझसम्म निमुखाहरूले अन्यायका प्रहार सम्झँदै गरेको र प्रजातन्त्र आएर सबैले हक र न्याय पाउनुपर्नेमा प्रजातन्त्रको नाममा सधैं दमन भइरहेको कुरा व्यक्त गरको छन् । दोस्रो सेरमा भोकाहरूलाई भोजनको लोभ देखाइ भोट लिएर सबैभन्दा पहिले आफ्नो नै भुँडी भने वा भनौं सम्पत्ति जम्मा गर्ने हतार गर्ने नेताहरूलाई यस सेरमा व्यङ्ग्य गरिएको छ । तेस्रो सेरमा विचरा गरिबहरूले मरिमेटी खाइनखाइ जम्मा गरेको सम्पत्ति पनि दुष्टहरूले कब्जा गरेर उनीहरूलाई सधैं दुःख दिने गरेको कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा देशमा जति नै परिवर्तन आए पनि न त यहाँ वसन्त ऋतुको आगमन रूपी खुसी आउन सकेको छ न त शरद् ऋतुरूपी दसैं, तिहार नै आउन सकेको छ । खुसीयालीमय वातावरणमा पनि हर्षोल्लास नछाएको तर सधैं परिवर्तनको जयजयकार गरे पनि वास्तविक परिवर्तन कहीँ कतै नभएकोले हाम्रो समाज देशको यथास्थिति, दयनीय, भएको भन्दै आजसम्म पनि चारैतिर हत्या, हिंसा, भ्रष्टाचार र खुट्टा तान्ने प्रवृत्तिले हामी जहाँको तहीँ हुन बाध्य भएको र धनी झनै धनी र गरीब झनै गरीब भई दुःख, कष्टमा नै सधैं रोएर बाँचिरहनु पर्ने यथार्थ प्रकट गरेका छन् । पाँचौं सेरमा एकतामा अटुट शक्ति रहेको हुन्छ भन्दै देशमा परिवर्तन ल्याउन सबै श्रमिक वा जनता एक हुनुपर्नेमा यिनीहरू आफैं आफैंमा विनाकारण लड्ने गरेकाले दुश्मन झनै बलियो भएको यथार्थ व्यक्त गरेका छन् । गजलको अन्तिम सेरमा सबैलाई एक जुट हुन आह्वान गर्दै अब अति सहेर नबस्न साथै आफ्नो नैसर्गिक हक र अधिकार लिन कसैसँग लड्नु परे पनि पछि हट्न नहुने र बाँचुन्जेल कसैबाट पनि शोषित नबन्ने कुरा उल्लेख गरेका छन् ।

### ६.१९ बिपनाका दुश्मन मेरा

'बिपनाका दुश्मन मेरा सपनाका मित बन्छन्' **घामको छहारीमा** गजल कृतिको उन्नाइस पृ.मा सङ्कलित उन्नाइसौं नम्बरको गजल हो । यसमा चार सेर र ८ मिसरा रहेका छन् र हरेक मिसरामा १६ आक्षरिक मात्राहरू रहेका छन् । मित, गीत, रीत, शीत र जीतजस्ता समान मात्राको काफिया रहेको यस गजलमा बन्छन् रदिफको प्रयुक्ति रहेको छ । काफिया र रदिफ भएको यो मुरद्दफ गजल हो । हरेक सेरका भिन्नाभिन्नै भावअनुसार यो गैरमुसलसल गजल हो । 'घनु' तखल्लुस प्रयोग भएको यस गजलका सेरहरूमा क्रमशः ११, १९, १० र १३ शब्द गरी जम्मा ४४ शब्दहरू रहेका छन् । प्रथम पुरुष दृष्टिबिन्दु रहेको यस गजलको संरचनात्मक विषय जीवन, भोगाइ, कल्पना, भावना र आत्मचेतना रहेको छ ।

गजलको पहिलो सेरमा गजलकारले जो विपनामा आफूलाई असल नलाग्ने साथी छन् त्यही साथी फेरि सपनामा आएर मीत बन्न खोजेको र आफूलाई चित्त नबुझेको कुरा व्यक्त गर्दा त्यो अभिव्यक्तिले विद्रोहको रूप लिएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफूले कल्पना गरेको कुरा नै जिन्दगीको रीत बनेको कुरा व्यक्त गरेका छन् ।

तेस्रो सेरमा तुँवालोबाट निर्मित भएर खस्ने शीतरूपी दुःखकको आँसुका थोपाहरू रातको जूनबाट खसेर बिहानीपखको शीत बनेको कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा गगलकारले कुनै पनि काम गर्द कठिन अवश्य हुने तर काम कठिन भयो भन्दैमा आत्तिनु हुँदैन । कहिले काहीँ सङ्घर्ष गर्दा गर्दै पराजित पनि हुनुपर्छ तर त्यही पराजयलाई जीतको रूपमा लिनुपर्छ हारलाई पनि आफ्नो सकारात्मक सोचले जीतमा परिणत गर्न जान्नुपर्छ तब मात्र जीवन सरल हुन्छ भनी 'घनु' तखल्लसको प्रयोग गर्दै अन्तिम सेरमा गजलकारले आफैलाई सम्बोधन गरेका छन् ।

## ६.२० मान्छेलाई प्रकृतिको

'मान्छेलाई प्रकृतिको माया दिन्छ इलाम' **घामको छहारीमा** गजलकृतिको बीसौं नम्बरको गजल हो । यसमा ६ सेर रहेका छन् । यसमा दिन्छ, लिन्छ, देखिन्छ, निसासिन्छ, भौतारिन्छ, किन्छ र बुझिन्छ जस्ता मिश्रित काफियाको प्रयोग गरिएका छ । रदिफका रूपमा स्थान वाचक नाम, इलाम प्रयोगगरिएको छ । कफिया र रदिफ प्रयोगका दृष्टिले यो मुरद्दफ गजल हो । त्यस्तै समग्रतामा इलामको प्राकृतिक सौन्दर्यको वर्णन गरिएको हुँदा यो मुसलसल गजलको रूपमा रहेको छ । पन्ध्र आक्षरिक मात्रामा रचिएको यस गजलका सेरहरूमा क्रमशः १२, १२, ११, ११, १२, १२ गरी जम्मा ७० शब्द गुच्छहरू प्रयोग गरिएका छन् । तखल्लुस प्रयोग नभएको यस गजलमा, तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरू प्रयोग गरिएका छन् । इलामको प्राकृतिक छटाको वर्णन यस गजलको विषयगत संरचनात्मक स्वरूप हो ।

समग्रमा इलामलाई भव्य विषयवस्तु बनाएर लेखिएको यस गजलको पहिलो सेरमा इलामले आफ्नो प्राकृतिक जादूले सबैलाई माया दिने र माया पनि सित्तैमा नदिएर साथसाथै सुटुक्क व्यापार पनि गर्ने कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा इलामको प्राकृतिक वातावरणको बयान गर्दै घाम लागेको बेला इलाम रमणीय र हाँसेको जस्तो अनुभव हुने र मौसम परिवर्तन भएर शलद लागेपछि सम्पूर्ण इलाम रोएजस्तै लाग्ने कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा पर्यटकीय दृष्टिकोणले सहरझैं लाग्ने इलामले वास्तवमा सङ्घर्ष गरेको कुरा व्यक्त गरिएको छ ।

चौथो सेरमा गजलकारले प्रकृतिको सुन्दर स्थल भएको इलाममा जहिले सुकै अँध्यारो रहिरहने र बाटाहरू पनि पक्की नरहेको दयनीय अवस्थाको वर्णन गरेका छन् । गजलकारले त्यो बेलामा यो गजल लेख्दासम्म प्राकृतिक रूपमा इलाम सुन्दर र आकर्षित भए पनि त्यहाँको व्यवस्था र सुविधाको दृष्टिकोणले इलाम ठगिएको कुरालाई व्यक्त गरेका छन् । पाँचौं सेरमा पुनः इलामको प्रशंसा गर्दै इलामको चियाबगानलाई हरियो दोसल्ला नामकरण गर्दै गजलकारले इलामलाई व्यापारी भनेर लेनदेन किनमेल र कोसेली आदानप्रदान गर्ने व्यापारी मानेका छन् । अन्तिम सेरमा इलामलाई जान्न, बुझ्न र प्रकृतिको यो सुन्दर रूपलाई हेर्न स्वयम् इलाम नै जानुपर्ने र त्यो दृश्यलाई आँखामा

कैद गरेपछि मात्र इलामको महत्त्व बुझ्न सकिने कुरालाई सरल शब्द र सुन्दर ढङ्गले व्यक्त गरेका छन् ।

### ६.२१ पानी दिन नसक्ने म

'पानी दिन नसक्ने म बादल जस्तै भएछ' **घामको छहारीमा** गजलकृतिको पृ. २१ मा रहेको र प्रथम पुरुष कथन पद्धतिमा रचिएको भावनात्मक स्वरूपको गजल हो । यसमा ६ सेरहरू रहेका छन् र १६ आक्षरिक मात्रामा संरचित छन् । बादल, महल, जङ्गल, नक्कल चप्पल पसल र गजल जस्ता मिश्रित काफिया तथा जस्तै भएछु रदिफको प्रयुक्ति रहेको यो गल मुरद्दफ गजल हो भने विषय वस्तुगत दृष्टिले यसलाई गैरमुसलसल गजल भनिन्छ । यसका सेरहरूमा १२, १०, १४, १२, १ र ११ गरी ७० शब्द गुच्छहरू रहेका छन् । तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग रहेको यस गजलको मानवीय जीवनभोगाइका झाँकीहरूको उद्घाटन नै विषयगत संरचना हो ।

गजलको पहिलो सेरमा गजलकारले आफूलाई केही गर्न असमर्थ मान्दै पानी नबोकेको र पानी पार्न नसकेको बादल ठानेमा र चारैतिर चर्किएर काम नलाग्ने साथै बस्न नमिल्ने महल ठानेका छन् । दोस्रो सेरमा आफ्नो अस्तित्व खोज्न र आफ्नो छाया हेर्न हतपत तलाउ पुगेको अनि अझ शिशिर ऋतुको उदाङ्गमय, जङ्गल भएको भन्दै निराशाजनक स्वर प्रस्तुत गरेका छन् । तेस्रो सेरमा आफू आफ्नो मनले बाँच्न चाहँदा चाहँदै पनि बाध्यताले गर्दा अरूको नक्कल गर्नुपर्ने अवस्थाको चित्रण गरेका छन् ।

चौथो सेरमा गजलकारले आफ्नो जिन्दगीमा जीवनको अर्थ खोज्ने उद्देश्य रहेको भने तापनि त्यसमा आफू असमर्थ रहेको कुरा व्यक्त गरेका छन् । पाँचौं सेरमा आफूले जति सङ्घर्ष गरे पनि जीवनमा केही प्रगति नभएको भन्दै आफूलाई व्यापार गर्न नमिल्ने बन्द गल्ली भित्रको पसल ठानेका छन् । अन्तिम सेरमा गजलकारको इच्छा कुनै कलाकारको गलाबाट मीठो र सुरिलो लय बनेर निस्कूँ भन्ने रहेको छ, तर विडम्बना ! गजलकार आफू काफियाहीन भएको भाव व्यक्त गर्छन् । काफिया गजलको लागि नभई नहुने तत्त्व हो । काफियाले नसक्ने भाव यहाँ गजलमार्फत् प्रस्तुत गरिएको छ ।

### ६.२२ जूनको चित्र कोर्दा कोर्दै

'जूनको चित्र कोर्दा कोर्दाकोर्दै तारा पो भए' **घामको छहारीमा** गजलकृतिको २२ पृ.मा रहेको ७ सेरको गजल हो । यसमा तारा, नारा, पारा, धारा, बनजारा, आए, सहारा र इसारा जस्ता काफिया र पो भएछ रदिफको प्रयोग गरिएकोले यसलाएं मुरद्दफ गजल भनिन्छ । विषयवस्तुको प्रयोगका दृष्टिले यो गैरमुसलसल गजल हो । १५ आक्षरिक मात्रामा संरचित यस गजलका सेरहरूमा १४, १३, १४, १२, १५, १३ र १२ गरी ९० शब्दहरू रहेका छन् । शब्दगत र भावगत विविधता रहेको यस गजलको विषयगत संरचना मनोभावको उद्घाटन रहेको छ ।

एउटा कार्य गर्ने आफ्नो उद्देश्य रहेको तर अनजानमा अर्को कार्य भइदिने भाव प्रकट गर्दै गजलकारले पहिलो सेरमा आफूले जूनको चित्र बनाउन खोजेको तर त्यो त तारा पो बनेको भन्दै आफ्नो मनको व्यथा मात्र पोखेको तर त्यसले विद्रोही नाराको स्वरूप लिएको भन्दै गुनासो प्रकट

गरेका छन् । दोस्रो सेरमा नयाँ फूल फुलाउने अर्थात् नयाँ परिवर्तन ल्याउन खोजेका तर फेरि पुरानै ताल देखिएकोमा दिक्क भएको  स्वर प्रकट गरेका छन् । तेस्रो सेरमा आफूले कसैप्रति विश्वास गरेको तर उसको भने हृदय कति पनि नपग्लिने कठोर रहेछ भन्ने भाव व्यक्त गरेका छन् । चौथो सेरमा आफ्नो जीवनको वन हराभरा हुन्छ भनेर आशा गर्दा त त्यसको विपरीत आफ्नो जीवन भट्किँदै हिँड्दै कहिले यता कहिले उता गरिरहने बन्जारा पो भयो भन्ने भाव व्यक्त गरेका स्थिर हुन नसकेको भाव प्रकट गरेका छन् । पाँचौं सेरमा आफूले माया पाउन कसैलाई मीठो बोलेर पुष्पवाण प्रहार गरेको तर त्यो पुष्पवाणले कसैको मन दुखाएको भन्दै एउटा कार्य गर्न खोज्दा अनायासै गाल परेको भन्दै चित्त दुखेको भाव प्रकट गरेका छन् । छैटौं सेरमा आफू एक्लो भएको अवस्थामा मानिसहरू टाढिएको र त्यसबेला गजलकारको सहारा केवल गजलमात्र रहेको भाव व्यक्त गरेका छन् । अन्तिम सेरमा पुनः चहकिलो जूनको चित्र कोर्न खोज्दा त्यो त तारामा परिणत भएको भन्दै आफूले त्यसै आँखा चिम्लिँदा त्यसलाई अरूले इशारा ठानेका भन्दै फूलको आँखामा फुलै संसार देखिने र काँडाको आखामा काडै संसार देखिने यथार्थ प्रस्तुत गरेका छन् ।

## ६.२३ देखेँ युगल नयनले त्यो

'देखेँ युगल नयनले त्यो अपिल देखेँ' **घामको छहारीमा** भित्रको तेइसौं गजल हो । ६ सेरसंख्याको यस गजलमा अपिल, दिन, घुमिल, कोकिल, मिजिल र महफिलजस्ता मिश्रित काफिया र देखेँ शाब्दिक रदिफको प्रयोग गरिएको छ । यो राफिया र रदिफयुक्त मुरद्दफ गजल हो भने यो हरेक सेरमा फरक फरक विषय रहेकोले गैरमुसलसल गजल हो । पन्ध्र अक्षरको मिसरा रहेको यस गजलको सेरहरूमा क्रमशः १०, ११, ९, १३, १२ र १२ गरी ६७ शब्दहरू रहेका छन् । आगन्तुक, संस्कृत र झर्रा शब्दहरूको प्रयोग रहेको यस गजलमा जीवन भोगाइको यथार्थ विषयगत संरचनात्मक स्वरूप रहेको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले कसैको आँखामा अनुरोध देखेका छन्, साथै बाहिरैबाट कसैको मनलाई बुझ्न सकेको भाव प्रकट गरेका छन् । दोस्रो सेरमा आफूले विश्वास गरेको मान्छेको मन धमिलो देखेपछि वसन्त बहार पनि नरमाइलो लागेको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा विचरा कोइली पनि वसन्त ॠतुमा कुहुकुहु सुरिलो भाका गाउन छाडेर रोइरहेको भाव व्यक्त गर्दै खुसीमा पनि आफ्नो मनमा बिरह चलेको कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा जीवनको लक्ष्य निकै टाढा रहेको र लक्ष्यसम्म पुग्न कठिन रहेको कुरा प्रकट गरेका छन् । पाँचौं सेरमा आफ्नो उद्देश्य टाढा रहेको देख्दै त्यहाँ पुग्न केही विश्राम गरूँ कि नगरूँ भनेर दोधारमा परेको भाव उल्लेख गरेका छन् । अन्तिम सेरमा आफ्नो पिउने बानी नरहेको तर गजल गाउनेहरूको महफिल देखेर आफू स्वतः उतैतिर तानिएको र गजल आफ्नो कमजोरी रहेको कुरा सरल शब्द र सुन्दर ढङ्गबाट प्रस्तुत गरेका छन् ।

### ६.२४ अँध्यारोमा पिल्पिलाउँदो

'अँध्यारोमा पिल्पिलाउँदो बत्ती बाल्दै छु म' **घामको छहारीमा** गजलकृतिको चौबिसौ पृ.मा रहेको प्रथम पुरुषशैलीमा संरचित गजल हो । पाँच सेरको यस गजलमा बाल्दै, हाल्दै, पगाल्दै, फाल्दै र ढाल्दै र चाल्दै जस्ता काफिया र छु म द्विअक्षरी काफियाको प्रयोग गरिएको छ, तसर्थ यो मुरद्दफ गजल हो । सेरहरूमा भिन्न भिन्न विषयवस्तु रहेको नै यो गैरमुसलसल गजल हो । १६ अक्षरका मिसरा रहेको यसका सेरहरूमा क्रमशः १४, १३, १४, १२ र १३ गरी ६६ शब्दहरू प्रयोग भएए छन् । 'घनु'तरवल्लुसको प्रयोग रहेको यस गजलमा शब्दविविधता रहेको छ भने समय र परिस्थितिको वास्तविकताको उद्‌बोधन यसको संरचनात्मक स्वरूप रहेको छ ।

यस गजलको पहिलो सेरमा गजलकारले जस्तोसुकै विषम परिस्थितिमा पनि आफूले हरेस नखाने र सङ्घर्ष गरिरहने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा भित्री वेदना सहेर आँसुमार्फत आफ्नो वेदना पोखेको कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा आफूले देशमा परिवर्तन चाहेकोले नयाँ योजना अघि सार्न खोजेको कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा मन फाटेपछि अझ विचलित हुन सकिने र परिणाम नराम्रो हुने अवस्था सिर्जना हुने भएकाले विचलित मनलाई नियन्त्रणमा लिइहाल्नु पर्ने कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा आफ्ना भित्र वा आफन्तहरूले आफूलाई खोजेका होलान् भन्दै आफ्नो प्रिय मित्र मनुलाई पनि सम्बोधन गर्दै गजलको महफिलमा जाँदै गरेको सबै सजिलै भेट्न सक्ने कुरा व्यक्त गरेका छन् ।

### ६.२५ अर्काको सहारा लिई

'अर्काको सहारा लिई चल्ने बानी छोड्दैछु म' **घामको छहारीमा** गजलकृतिको पृ. २५ मा रहेको ५ सेरको गजल हो । यसमा छोड्दै आड्दै, तोड्दै, जाड्दै, गोड्दै र मोड्दैजस्ता पूर्णपद काफियाको प्रयोग गरिएको छ भने छु म द्विअक्षरी रदिफको प्रयोग रहेको छ । यसर्थ यो मुरद्दफ गजल हो । हरेक सेरमा भिन्न भिन्न विषयवस्तु रहेकोले यो गैरमुसलसल गजल हो । मूल, आगन्तुक र झर्रा शब्दहरूसमेत रहेको यस गजलमा १६ अक्षरका मिसरा र सेरहरूमा क्रमशः १६, १३, १७, १० र १४ गरी जम्मा ७० शब्दहरू प्रयुक्त छन् भने मानवीय संवेदनाको प्रस्तुति यसको विषयगत संरचना रहेको छ ।

पहिलो सेरमा गजलकार आफूले अब अर्काको सहारा कहिल्यै नलिने र आफ्नो खुट्टामा उभिएर स्वावलम्बनी बन्न कुरा प्रकट गरेका छन् ।

दोस्रो सेरमा जिन्दगीले आफूलाई धेरै पाठहरू सिकाएको र जीवनमा आउने बाधा व्यवधानलाई त्यही शिक्षाले तोडेर अघि बढ्ने कुरा उल्लेख गरेका छन् ।

तेस्रो सेरमा गहन तरिकाले गजलकारले आफ्नी प्रेमिकाले पठाएको पत्रलाई पहिला आफूले त्यसको महत्त्व नबुझ्नाले च्यातेर फालिदिएको तर पछि बल्ल प्रेम र प्रेमपत्रको महत्त्व बुझेकाले च्यातिएको चिठी पढ्न मन लागेकाले फेरि चिठीको टुक्राटुक्रा जोड्न चाहेको कुरा प्रकट गरेका छन् र चौथो सेरमा आफूले जीवनमा सफलता प्राप्त गर्न हरहमेशा प्रयासरत रहेको कुरा उल्लेख गरेका

छन् । अन्तिम सेरमा आफूले हिँड्दाहिँड्दै कतै बाटो बिराएर निराशा प्राप्त गरेकाले पुनः कति पनि हार नमानेर जीवनसँग सङ्घर्ष गरी आफू सफल निष्कर्ष र लक्ष्यमा पुग्नाका लागि प्रयत्नरत रहेको कुरा यहाँ व्यक्त गरिएको छ ।

## ६.२६ तिनै तिम्रा हत्केलाले

'तिनै तिम्रा हत्केलाले हिजो मलाई गाली दियो' **घामको छहारीमा** गजल सङ्ग्रहमा सङ्कलित छब्बिसौं गजल हो । यसमा पाँच सेरहरू रहेका छन् । द्वितीय पुरुषलाई सम्बोधन गरी रचिएको यसमा ताली, गाली, नाली, माली, थाली र खुसियालीजस्ता मिश्रित काफिया एवम् 'दियौ' शब्द रदिफ प्रयोग गरिएको छ । तसर्थ यो मुरद्दफ गजल हो । हरेक सेरमा विषय र भाव फरकफरक रहेकोले यो गैरमुसलसल गजल हो । सत्र अक्षरको मिसरा प्रयुक्त यस गजलका सेरहरूमा क्रमशः १५, १५, १५, १३ र १३ गरी जम्मा ७१ शब्दहरू रहेका छन् । तत्सम मूलका शाब्दिक प्रयुक्ति रहेको यस गजलको संरचनात्मक विषय मानवीय पीडा र प्रताडना रहेको छ ।

पहिलो सेरमा यहाँ गजलकारले आफ्ना भनाउँदाहरूलाई सङ्केत गर्दै पहिले उनीहरले नै सुखमा आफूलाई साथ दिएको, आफ्नो मित्र बन्न खोजेको र धैर्य अनि साहस बढाइरहेको तर आज आफ्नो समय खराब भएको बेला उनीहरूले नै साथ छोडेर मुटु दुखाएर गएको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा यो जमाना नै स्वार्थी रहेको भन्दै सबैलाई उन्नति, प्रगति र पैसा चाहिएको र बलेको आगो मात्र ताप्न खोज्ने यस्तो संसारमा भलाद्मीहरू सधैं पछि पर्ने कुरा व्यक्त गरेका छन् ।

तेस्रो सेरमा आफूले सधै अरूको सहयोग गरेको र पछि परेकालाई अगाडि उसको पहिचान देखाएर दुनियाँ सामु उभ्याएको तर पछि उसैले आफूलाई नचिनेझैं गरेको यहाँसम्म मानव भएर अरूले गरेको गुनसम्म गऱ्यो उसैलाई चिन्न गाह्रो मान्नेलाई यहाँ व्यङ्ग्य गरिएको छ ।

चौथो सेरमा आफू आदर्श र मानवताको पुजारी भएकाले सधैं मानवताको पूजा गर्ने रहर भएको तर त्यसको लागि आफू सधैं एक्लो भएको कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा आफ्नो मनभित्र पीडा भए पनि बाहिर कसैलाई प्रकट नगरेको र आफन्तहरूले नै मन दुखाएको भन्दै त्यो वेदनालाई पनि खुसी सम्झेर स्विकारेका छन् ।

## ६.२७ आशातन्तु चुँडेपछि

'आशातन्तु चुँडेपछि कसले भन्छ गाँस्नु हुन्न' **घामको छहारीमा** गजल सङ्ग्रहको २७ पृ.मा रहेको प्रभावपूर्ण गजल हो । पाँच सेरको यस गजलमा गाँस्नु, बाँच्नु, मात्नु, हाँस्नु, भाँच्नु र नाच्नुजस्ता शब्दांश काफिया र हुन्न शब्दगत रदिफको प्रयोग गरिएको छ । तसर्थ यो मुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले यो गैरमुसलसल गजल हो । भावनात्मक अभिव्यक्तिको यस गजलमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दसमेत प्रयुक्त छन् । साथै १७ अक्षरको वजनमा रचिएको यसका सेरहरूमा क्रमशः १३, १३, १५, १० र ११ गरी जम्मा ६२ शब्दहरू रहेका छन् । अन्तर्मनोदशाको अभिव्यक्ति यस गजलको विषयात्मक संरचना रहेको छ ।

जीवनमा कहिल्यै विचलित भई आत्तिनु हुँदैन भन्ने मूल विषय भएको यस गजलको पहिलो सेरमा गजलकारले जीवनमा कहिलेकाहीँ दुःखद अवस्था आए पनि कहिल्यै आशा मार्नु हुन्न त्यही मूल आशालाई कायम राखेर बाँच्ने बहाना खोज्नपर्छ, जीवनसँग हराएर काँतर भई डराएर भाग्नुहुन्न भन्दै आफूले पनि जीवन निराशामा नबाँच्ने अठोट गरेका छन् । दोस्रो सेरमा जीवन हाम्रो यात्रा हो जहाँ कहिले दुःख र कहिले सुखको लुकामारी चलिरहन्छ भन्दै दुःखमा आत्तिनु हुँदैन र सुखमा मात्तिनु हुँदैन भनेर जस्तो सुकै अवस्थामा पनि हामी संयमित रहनु पर्छ भन्ने भाव व्यक्त गरेका छन् । तेस्रो सेरमा गोरो छाला भएकाहरूले कालो छाला भएकाहरूलाई रङको आधारमा हेप्नु हुँदैन, हामी सबै प्राकृतिक हौँ, हामी सबैमा एउटै रङको रगत हुन्छ र सबैको हृदय एकै तरिकाले स्पन्दन गर्छ भनेर गजलमार्फत गजलकारले सबैलाई एकताको सूत्रमा आबद्ध हुन आह्वान गरेका छन् ।

चौथो सेरमा सुन्दरतामा आकर्षित भई लोभिएर कुनै पनि कोपिलालाई फुल्नु अघि चुँड्नु हुन्न वा भनौँ एकैछिनको रमझममा भुलेर कसैलाई चोट पुऱ्याउनु हुन्न भन्ने भाव उल्लेख गरेका छन् । अन्तिम सेरमा अर्काले आफ्नो मनोरञ्जनका लागि यदि कसैलाई त्यत्तिकै हाँसोको पात्र बनाउन झूठो प्रशंसा गरेर उक्साउँछ भने त्यो कुरालाई बुझेर मात्र आफू सुहाउँदो काम गर्नुपर्छ । अर्काको बहकाउमा सजिलै आउन नहुने भन्दै जुन कुरामा आफूलाई कुनै ज्ञान र अनुभव नै राम्ररी छैन भने त्यो कुरालाई जान्न खोज्नु पर्छ र मै हुँ भनी बेतालमा अघि सर्नु हुँदैन भन्दै आधा जानकारी खतरनाक हुन्छ भन्ने कुरालाई उल्लेख गरेका छन् ।

## ६.२८ बिरामी छ माटो यहाँ

'बिरामी छ माटो यहाँ' **घामको छहारीमा** गजल सङ्ग्रहको २८ पृ.मा रहेको राष्ट्रिय चेतनामूलक गजल हो । यसमा ६ सेर रहेका छन् । ८ अक्षरको वजन र प्रत्येक सेरमा क्रमशः ८, ८, ९, ६ र ७ गरी जम्मा ३८ शब्दहरू रहेका छ । माटो, बाटो, टाटो, फाटो, पाटो, साटो र लाटोजस्ता पूर्ण शब्द काफिया र यहाँ शाब्दिक रदिफको प्रयुक्ति रहेको यो मुरद्दफ गजल हो । हरेक सेरको भाव फरक रहेकाले यो गैरमुसलसल गजल हो । शब्दगत स्वरूपको भिननता र भावगत सशक्तता रहेको र स्वतन्त्र कथनपद्धतिमा रचिएको यस गजलको विषयगत संरचना देशभक्ति र विसङ्गति रहेको छ ।

पहिलो सेरमा यहाँ देशको स्थिति बिरामी रहेको र चारैतिर हेर्दा अस्तव्यस्त भएको अवस्था व्यक्त गरेका छन । दोस्रो सेरमा देशमा शासन गर्नेहरूले प्रजातन्त्र ल्यायौ भनेर जनतालाई ठगे पनि अझसम्म राणाशासनको जस्तै दमन भइरहेको र परिवर्तन कुरामा मात्र आएर व्यवहारमा कार्यान्वयन नभएको कुरालाई उल्लेख गरेका छन् । तेस्रो सेरमा नेता भनाउँदाहरूले देशको भलोको लागि छिमेकी र अन्तर्राष्ट्रिय देशहरूसँग सन्धि सम्झौता गरेको भनेर समाचारमा आफू छाउने गरेको तर त्यो सम्झौतामा वास्तविकता नभएर भित्रभित्रै एकअर्कामा मनमुटाव हुने गरेको र जनतालाई झुक्याउने गरेको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा 'जति जोगी आए पनि कानै चिरेको' उखानलाई सङ्केत गर्दै देशलाई कुनै पनि नेताले विकासको बाटोमा हाँक्न नसकेको र धेरै गरिब र निमुखाहरूको जीवन कहिल्यै फेरिन नसकेको कुरा प्रकट गरेका छन् ।

पाँचौं सेरमा जनताहरूले निकै दुःख पाएर पिल्सिएका र त्यो दुःखलाई कसैले पनि आत्मसात् नगरेको र उनीहरूको सुखका दिन कहिल्यै आउन नसक्ने कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा जो बाठो छ उसले नै सधैँ मोजमजा गर्ने र लाटो चाहिने नै सधैँ ठगिएर पछि पर्नुपर्ने र अन्यायमा मर्नु पर्ने कुरालाई यहाँ सरल शब्द र सुन्दर ढङ्गले व्यक्त गरेका छन् ।

## ६.२९ माटो मात्र होइन अब

'माटो मात्र होइन अब ढुङ्गा पनि गल्नुपर्छ' **घामको छहारीमा** गजल सङ्ग्रहको पृ. २९ मा रहेको चार सेरको प्रगतिवादी मूल्यको गजल हो । यसमा गल्नुपर्छ, फल्नुपर्छ, ढल्नुपर्छ, बल्नुपर्छ र बदल्नुपर्छ मिश्रित काफिमा मात्र प्रयुक्त यस गजलमा रदिफ नरहेकाले गैरमुरद्दफ गजलअन्तर्गत पर्छ । विषयवस्तुका दृष्टिले यो गैरमुसलसल गजल हो । १६ अक्षरको मिसरा संयोजित यसका सेरहरूमा १२, ९, १२, १० गरी जम्मा ४३ शब्दहरू प्रयुक्त हुन् । प्रगतिवादी संचेतनाको संवाहक यस गजलको विषयगत संरचना हो ।

सामन्तवादको अन्त्य र सर्वहारा वर्गको उत्थानका लागि गजलकारले यस गजलमा आवाज बुलन्द गरेका छन् । पहिलो सेरमा कालो धनले चुलिएका महलहरू ढल्नु पर्ने र सामन्ती यथास्थितिबाट मुक्ति पाउनु पर्ने साथै समाजको संरचना बदल्नुपर्ने सङ्केत उल्लेख गरेका छन् ।

दोस्रो सेरमा जनतालाई आँसु देखाएर मात्र नहुने उनीहरूको पनि मर्मलाई बुझेर ओठमा हाँसो ल्याइदिएर उनीहरलाई पनि नयाँ योजनाको जिम्मा दिएर दायित्ववहन गराउनु पर्ने कुरा व्यक्त गर्न खोजिएको छ । तेस्रो सेरमा जनतालाई शासकवर्गले सधैँ अँध्यारोमा राख्न नहुने उनीहरूलाई पनि उचित गाँस, बाँस र कपासका साथै चेतनाको दीप बाल्ने शिक्षा पनि प्रदान गरेर सारा जनतालाई हरेक परिस्थितिका लागि सक्षम बनाउनुपर्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

अन्तिम सेरमा आफ्नो देशमा कहिलेसम्म अन्याय र अत्याचार सहेर बस्ने भन्दै देशमा आमूल परिवर्तन ल्याएर समाजको मुहार फेर्नु पर्छ र यो कार्य सबै एकजुट भएमा सम्भव छ भन्दै सम्पूर्ण नेपालीहरूलाई एकताको मालामा गाँस्न खोजेको भाव व्यक्त गरिएको छ ।

## ६.३० के छ अचेल हजुरको हाल

'के छ अचेल हजुरको हाल श्रीमान्' **घामको छहारीमा** गजल सङ्ग्रहको तीसौं नम्बरको गजल हो । यसमा जम्मा र सेरहरू रहेका छन् र १३ अक्षरका मिसरा रहेको यस गजलका सेरहरमा १२, ८, १०, ८, १०, १०, १० र ८ गरी ७६ शब्दहरू रहेका छन् । हाल, खाल, माल, विशाल, कमाल, दलाल, नाल, काल, जालजस्ता मिश्रित काफिया रहेको यस गजलमा श्रीमान् रदिफको रूपमा आएको हुँदा यो मुरद्दफ गजलअन्तर्गत पर्दछ । त्यस्तै विषयवस्तुका दृष्टिले यो गैरमुसलसल गजल हो । तत्सम अधिक र तद्भव, आगन्तुक र झर्रा शब्दसमेतको प्रयुक्ति रहेको यस गजल द्वितीय पुरुष सम्बोधन कथममा संरचित छ । मानवीय छद्म आडम्बरको प्रस्तुति यस गजलको विषयगत संरचना हो ।

प्रजातन्त्रलाई दुरुपयोग गर्दै देश र जनतालाई बेवास्ता गरी विदेशी दलाल बनेर आफ्नै मातृभूमि बेची उन्नति गर्ने र कमाएको धेरै पैसा जुवा खेल्ने देशमा शासक वर्गप्रति यहाँ पहिलो सेरमा रौद्र रसको प्रयोग गर्दै उनीहरूप्रति क्रुद्ध भएको भाव व्यक्त गरेका छन् । दोस्रोसेरमा हिजोसम्म सानो झुपडीमा चिया पकाएर बेच्ने मानिस आज कालो बजार र भ्रष्टाचार गरेर मालामाल भएको कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा भ्रष्टाचार गरेको पैसाले गरिबको झुप्रो नजिक भव्य महल बनाउन थालेको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा रातारात घृणित र अमानवीय काम गरेको पैसाले एकैछिनमा भौतिक वस्तु प्राप्त गरेकाले गजलकारले भ्रष्टाचारीहरूलाई जादूगरको उपमा दिएका छन् । पाँचौं सेरमा यसरी उन्नति त सामान्य मध्यम वर्गीय नेपालीले गर्न नसक्ने हुनाले उनीहरूलाई पक्कै पनि विदेशी दलाल रहेको कुरा व्यक्त गरेका छन् ।

छैटौं सेरमा भ्रष्टाचारी र देश बेच्नेको विरुद्धमा उत्रिएकाहरूलाई नष्ट गर्न बन्दुक नताक्न बरू आफै बेलैमा सचेत हुन आग्रह गरेका छन् । सातौं सेरमा मानिसको चोला लिएर जन्मिएपछि एक न एक दिन अवश्य मर्नुपर्छ सधैं भरि कोही बाँच्न नसक्ने र कसैले पनि अमृत खाएर नआएकाले मृत्युलाई एकदिन सबैले अँगाल्नुपर्छ भन्दै देशद्रोहीलाई पैसाको धाकले नउफ्रिन चेतावनी दिएका छन् । अन्तिम सेरमा देशको सुरक्षा, शान्ति, उन्नति र प्रगतिको जिम्मा लिएका शासक वर्गहरूले देशको जनताहरूलाई पनि केही जिम्मा दिनुपर्ने, जनहरूलाई हेप्न नहुने र जनताहरूको पनि योजनाहरूलाई आत्मसात् गर्नुपर्ने कुरा बताउँदै फुल्न खोज्ने फूललाई स्वतन्त्र भएर फुल्न दिनुपर्ने र कसैले कसैप्रति षड्यन्त्रको जाल बुन्न नहुने भाव व्यक्त गरेका छन् ।

### ६.३१ जिन्दगीमा बाढी आउँदा

'जिन्दगीमा बाढी आउँदा खोलानाला तरेको छु' **घामको छहारीमा** गजल सङ्ग्रहको एकतीसौं गजल हो । यसमा ६ सेरहरू रहेको छ  र प्रत्येक सेरमा क्रमशः १२, ११, १२, १३, १३ र १४ गरी ७५ शब्दहरू रहेका छन् । तरेको, झरेको, गरेको, परेको, भरेको, छुटेको र सरेको पूर्ण काफिया र छु एकाक्षरी रदिफको प्रयोग गरिएको यो गजल संरचनाका दृष्टिले मुरद्दफ र विषयवस्तुका दृष्टिले गैरमुसलसल गजल हो । जीवनका पीडा र प्रताडना भावपूर्ण प्रस्तुति यस गजलको आन्तरिक संरचना हो भने तत्सम, तद्भव र आगन्तुक शब्दको संयोजनबाट ६ सेरको पूर्ण गजलको निर्मिति यसको बाह्य संरचना हो । 'घनु' तखल्लुसयुक्त यस गजल जीवनभोगाइको यथार्थ प्रतिबिम्बित छ ।

पहिलो सेरमा यहाँ गजलकारले जीवनमा आउने उतारचढावहरूको चर्चा गर्दै कहिले सुख त कहिले दुःखको सामना गरेको तर कहिल्यै हार नखाएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा जीवनको शाश्वत सत्य मृत्युलाई सकारात्मक रूपले हेर्ने गरेको, जन्मेपछि मर्नु त अवश्य नै पर्छ भनेर कालसँग आफू कहिल्ये नडराएको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा गजलकार आफूले अरूको हाँसेमा सन्तुष्टि देखेको तर आफू भने अभावमा वा भनौं ठगिएको कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा परिश्रमको पसीनामा धेरै तागत र विश्वास हुन्छ भन्दै आफूले भने शीतको थोपा बटुलेर अर्थात् सङ्घर्ष गर्दै आफ्ना चाहनाहरू पूरा गरेको कुरा व्यक्त गरेका छन् । पाँचौं

सेरमा आफ्नो गजल पढेर सारा देशवासीहरूले सत्मार्गमा हिँड्नु पर्ने कुरा व्यक्त गरेका छन् । गजलकारको यो गजल मात्र नभएर सारा देशका नागरिकहरूलाई सचेत बनाउनु सारा देशका नागरिकहरूलाई सचेत बनाउनु पनि यो सेरको उद्देश्य रहेको छ ।

अन्तिम सेरमा आफूले बढी भाडा तिरी अर्कै कोठामा सरेको र पुरानो कोठामा गई आफूलाई नबोलाउनु भन्दै गजलकारले आफू कुण्ठित भएर बस्न नसकेकाले स्वतन्त्रता सबैलाई प्यारो हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् ।

### ६.३२ फुल्दा फुल्दै वैलेका छन्

'फुल्दा फुल्दै वैलेका छन् यो मौसमका फूलहरू' **घामको छहारीमा** गजल सङ्ग्रहका बत्तीसौ गजल हो । यसमा पाँच सेरहरू रहेका छन् । यस गजलमा फूलहरू, शूलहरू, तुलहरू, काकाकुलहरू, मूलहरू, भूलहरूजस्ता शब्दांश काफियाहरू प्रयोग भएका छन् । यस गजलमा रदिफ प्रयोग नभएकाले गैर मुरद्दफ गजल हो । त्यस्तै विषयवस्तुको आधारमा गैरमुसलसल गजल हो । यसमा तखल्लुसको प्रयुक्ति छैन । तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएको यस गजलमा जीवनको समस्या, पीडा र चाहनाको मुक्त अभिव्यक्ति आन्तरिक संरचनाको रूपमा आएको छ भने तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोगबाट पूर्ण गजल रचना बाह्य संरचनाको रूपमा रहेको छ । यस गजलका सेरहरूमा क्रमशः १२, १०, ११, १० ९ गरी ५२ शब्दहरू रहेका छन् । मानवीय जीवनको यथार्थबोधको प्रस्तुति यस गजलको समग्र संरचना  हो ।

निराशाजनक स्वर प्रकट भएको यस गजलको पहिलो सेरमा फुल्नु अघि नै फूलहरू वैलेको र देशमा जताततै षड्यन्त्र रचिँदै गरेको कुरा व्यक्त गरेका छन् ।  दोस्रो सेरमा आफ्नो सत्ताको प्रचारको लागि यत्रतत्र सर्वत्र विज्ञापन र तुलहरू टाँसेर सहरको स्वरूप नै फोहोर बनाउनपछि नपर्ने सत्ताधारीहरू देशलाई कुरुप बनाउन अघि सर्ने तर स्वरूप फेर्न भनेपछि लुक्दै हिँड्ने कुरालाई व्यक्त गरेका छन् ।  तेस्रो सेरमा नानाथरीका कुरा गर्दै देशका जनताहरूलाई आशा देखाएर पछि फेरि यथास्थितिमै नबसिर्ने बादल र निमुखा जनताहरू काकाकुल भनेको उल्लेख गरेका छन् ।

चौथो सेरमा जीर्ण अवस्थामा रहेको यस देशमा आमूल परिवर्तन नआउँदै पुनः विनाश र विध्वंसतिर धकेलिइरहेको कुरालाई उल्लेख गरेका छन् । अन्तिम सेरमा सोझा साझा जनताहरू शासकको षड्यन्त्रमा फस्नुपर्ने बाध्यता रहेको तर शासक भनाउँदाहरूको भूल भने कसैले पनि डरले औंल्याउन नसकेको बाध्यता व्यक्त गरेका छन् ।

### ६.३३ राजनीतिको टुँडिखेलमा

'राजनीतिको टुँडिखेलमा फोहर खेल भइरहेछ' **घामको छहारीमा** गजल सङ्ग्रहको तेत्तीसौं गजल हो । यसमा जम्मा पाँच सेरहरू रहेका छन् । खेल, जालझेल, भेल, बँदेल, बेमेल, ठेलमठेल जस्ता शब्दांश काफियाहरू एवं भइरहेछ रदिफको प्रयोग गरिएको छ । तसर्थ यो गजल मुरद्दफ गजल हो । विषयवस्तुका आधारमा यो गजल गैरमुसलसल गजल हो । राजनैतिक विसङ्गतिको उद्घाटन यस गजल आन्तरिक संरचना हो भने विभिन्न वर्गका शब्दहरूको प्रयोगबाट एउटा पूर्ण

गजलको रचना यसको बाह्य संरचना हो । तखल्लुस नभएको यस गजलका सेरहरूमा क्रमशः १०, १२, ११, १२, १० गरी ५५ शब्दहरू प्रयोग भएका छन् । राजनैतिक विकृति र विभेदको चित्रण यस गजलको समग्र संरचना हो ।

राजनीतिलाई मुख्य विषयवस्तु बनाइएको यस गजलको पहिलो सेरमा राजनीतिको नाममा देशमा घोर षड्यन्त्र रचिने गरेको र एक देशले अर्को देशसँग गरेको सम्झौतामा पनि जालझेल हुने गरेको कुरालाई उल्लेख गरिएको छ । दोस्रो सेरमा कोही कोही मानिस आदर्शवादी र मानवतावादी भएपनि त्यसलाई देशको अवस्था र लोभ लालचले गर्दा स्वार्थी बनाइदिन सक्ने अवस्थालाई व्यक्त गरेका छन् । तेस्रो सेरमा मानिस अनुशासनको धरातलमा उभिन असमर्थ भएको र कोही होइन मै हुँ भन्ने भावनाले मानिस घमण्डी हुनाका साथै आफ्नो सभ्यता, कर्तव्य र अनुशासन भुल्दै गई आधुनिकताको नाममा चरित्रहीन हुँदै गएको कुरालाई व्यक्त गरेका छन् ।

चौथो सेरमा राजनीतिजस्तो गहन विषयलाई फोहोरी खेल बनाएको र त्यही फोहोरी खेलमा रम्न मन पराउने नेताहरू एकताका नाममा लडिरहने यथार्थ व्यक्त गरेका छन् । अन्तिम सेरमा चोरेर खाने ठग बगलीमाराहरूलाई पनि गाडीभित्र ठेलमठेल भएकाले नेताहरूजस्तै उनीहरूलाई पनि चोर्न राम्रै मौका परेको कुरा व्यङ्ग्यद्वारा व्यक्त गरेका छन् ।

### ६.३४ जे बोल्छु त्यो विरोध बोल्ने

'जे बोल्छु त्यो विरोध बोल्ने बानी भएछ' **घामको छहारीमा** गजल सङ्ग्रहको चौतिस पृ.मा रहेको प्रगतिवादी गजल हो । यसमा पाँच सेर र प्रत्येक सेरमा क्रमशः १०, ९, ८, ११ र ११ गरी जम्मा ४९ शब्दहरू रहेका छन् । बानी, जिन्दागानी, पानी, कहानी र खानी जस्ता शब्दांश काफिया र भएछ शाब्दिक रदिफको प्रयोग रहेको यो गजल मुरद्दफ गजल हो । विषयवस्तुले विविधताको आधारमा यस गजललाई गैरमुसलसल गजल भनिन्छ । तखल्लुस प्रयोग नभएको यस गजलमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । आन्तरिक रूपमा सामन्ती संस्कारको अन्त्यको आह्वान छ भने बाह्य रूपमा अनेक शब्दहरू प्रयोगबाट एउटा स्वतन्त्र संरचनात्मक सुगठन रहेको यो गजलमा प्रगतिशील चेत झङ्कृत छ ।

पहिलो सेरमा गजलकार आफूले जे बोले पनि त्यो विद्रोह बन्ने र आफ्नो जीवन सङ्घर्षशील रहेको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा विचरा भोको माग्नेलाई आफ्नो जुठो खानेकुरा थालको साटोमा पातमा दिएर सामन्तीवर्गले आफूलाई महादानी ठानेको भन्दै हास्यास्पद र लज्जास्पद विषयलाई यहाँ उजागर गरेका छन् । तेस्रो सेरमा सत्ताको मोहले मात्तिएका नेताहरू ठूलो कुर्सीमा बसेर जनताको पीडा नबुझ्ने र उनीहरूको अमूल्य रगतलाई मूल्यहीन ठानेर चुस्ने गरेको कुरालाई उल्लेख गरेका छन् ।

चौथो सेरमा देशमा प्रजातन्त्र ल्याउन र देशको मुहार फेर्न जस जसले आफ्नो रगत र पसीना बगाए आज तिनीहरूको अवस्था दुःखद भएको कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा

भ्रष्टाचार र कालो बजारले कमाएको पैसामा राजधानीमा रातारात महल भएछ भन्दै राजधानीलाई अरू केही नभनी भ्रष्टाचारको खानी भएको कुरा मार्मिक ढङ्गबाट व्यक्त गरेका छन् ।

### ६.३५ शान्त सडकको सहरमा

'शान्त सहरको सडकमा नारा नखोज' **घामको छहारीमा** गजल सङ्ग्रहको पैंतीसौं गजल हो । यसमा पाँच सेरहरू रहेका छन् । नारा, धारा, तारा, इसारा, रारा र सहाराजस्ता शब्दांश काफिया नखोज शाब्दिक रदिफ युक्त यो मुरद्दफ गजल हो । विषयवस्तुगत रूपमा यो गैरमुसलसल गजल हो । यसका सेरहरूमा क्रमशः ९, ९, ९, ८, ९ गरी ४४ शब्दहरू प्रयुक्त छन् । मानवीय भोगाइ र संवेदनाको प्रस्तुति यस गजलको आन्तरिक संरचना हो । त्यस्तै विभिन्न वर्गका शब्दहरूको प्रयोगबाट एउटा संचेतनामूलक गजलको निर्माण यसको बाह्य संरचना हो । जीवनको संवेदन र संचेतनाको समग्र प्रस्तुति यसको पूर्ण संरचनात्मक स्वरूप हो

पहिलो सेरमा यदि कुनै कुरा असम्भव नै छ भने त्यसको आशा गर्न नहुने भन्दै शान्त सडकमा नारा नखोज्न र आफू तिर्खाएको भए पनि मरूभूमिमय स्थलमा पानी नखोल्न आग्रह गर्दै बालुवाको महल बनाउँछु भन्नेहरू मूर्ख हुन् भन्ने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा दिउँसैको तारा खोज्नू मूर्खता हो भनेर तारा हेर्न भने रातको पहर नै पर्खनुपर्ने कुरा व्यक्त गर्दै जे कुराको लागि उचित समयलाई पर्खनुपर्छ, समय अगावै हामी आत्तिएर कुनै पनि उपलब्धि हुँदैन भन्ने कुरालाई व्यक्त गरेका छन् ।

तेस्रो सेरमा सत्य कुरालाई कहिल्यै लुकाउन नहुने र स्पष्टवक्ता हुनुपर्ने कुरालाई जोड दिएका छन् । चौथो सेरमा कुनै पनि लक्ष्य पाउन त्यसको मूल कुरोलाई पहिले बुझ्नुपर्छ भन्दै फेवातालमा बसेर त्यसलाई रारासँग तुलना नगर्न अनुरोध गर्दै राराको सौन्दर्य हेर्न रारा नै पुग्नुपर्ने अनि बल्ल त्यसको वास्तविकता बुझ्न सकिने र नपुगेको ठाउँमा आफैँ काल्पनिक अनुमान, अन्दाज गर्न नहुने कुरा व्यक्त गरेका छन् ।

अन्तिम सेरमा गजलकारले निकै गहन कुरा उल्लेख गर्दै सबैलाई स्वावलम्बी बन्न आग्रह गरेका छन् । स्वावलम्बनमा नै जिन्दगी रम्छ र फुल्छ भन्दै बाँच्नको लागि अर्काको सहारा खोज्न नहुने र आफू सपाङ्ग हुँदाहुँदै पनि अपाङ्ग नबन्न आग्रह गरेका छन् ।

### ६.३६ टाढा तिमी भए पनि

टाढा तिमी भए पनि चिठीले ओठ खोल्ने गर्छ' **घामको छहारीमा** गजल सङ्ग्रहको छत्तीसौं गजल हो । यसमा पाँच सेर र दश मिसरा रहेका छन् । घनश्याम तखल्लुस रहेको यस गजलमा खोल्ने, बोल्ने, पोल्ने, बिथोल्ने, पिरोल्ने र पोल्ने शब्दांश काफिया र गर्छ शाब्दिक रदिफको प्रयोग रहेको छ र यसलाई मुरद्दफ गजल भनिन्छ । विषयवस्तुका आधारमा यो गैरमुसलसल गजल हो । प्रणयविरहको भावनात्मक प्रस्तुति यसको आन्तरिक स्वरूप हो भने विभिन्न रूप र वर्गका शब्दहरूको संयोजनबाट एउटा पूर्ण गजलको निर्माण यसको बाह्य संरचना हो । यसका सेरहरूमा

क्रमशः १४, १४, ९, १२ र १३ गरी ६२ शब्दहरू रहेका छन् । प्रणयपरक आन्तरिक मनोदशाको चित्रण यस गजलको सग्लो स्वरूप हो ।

प्रेम प्रसङ्गको विषयवस्तु रहेको यस गजलको पहिलो सेरमा आफ्नी प्रेमिका टाढा रहे पनि उनको चिठीले सबै कुरा भन्ने गरेको र अक्षरमार्फत् भनेको कुरा खोल्ने गरेको कुरा उल्लेख गर्दै आफ्नी प्रेमिका आफूनजिक नभए पनि चिठी पढेर प्रेमिकाको हाल बुझ्न सकेको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा टाढा रहनु पर्ने गजलकारको बाध्यता रहेको र आफ्नी प्रेयसीको मुहारको कोमल मुस्कान हेर्न नपाएर तड्पिएपछि त्यो मुस्कान पनि पत्रमार्फत् पठाइदेऊ भनेर आग्रह गरेका छन् ।

तेस्रो सेरमा गजलकारले आफ्नी प्रेयसीलाई कुनै पनि दुःखद समाचार नपठाउन आग्रह गर्दै दुःखद समाचारले आफ्नो मनको शान्तिलाई बिथोल्ने र आफूलाई विचलित बनाउँछ भन्ने कुरा व्यक्त गरेका छन् । चौथो सेरमा आफूलाई आफ्नी प्रियतमको खितखिताउँदो हाँसो मन पर्ने तर सपनामा प्रेयसी रोएको देख्दा पनि आफ्नो मन पिरोलिने कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा पिरतीको सत्यकथा मुखले होइन दिलले बोल्छ भन्दै आफू टाढा रहँदा आफ्नी अर्धाङ्गिनी राधाको मन पोल्ने कुरा व्यक्त गरेका छन् ।

## ६.३७ नजानेर हो कि जानी जानी

'नजानेर हो कि जानीजानी तल झर्छ मान्छे' **घामको छहारीमा** गजल सङ्ग्रहको सैंतीसौं गजल हो । यसमा पाँच सेर र दश मिसरा रहेका छन् । झर्छ, पर्छ, छर्छ, गर्छ, पर्छ, र मर्छजस्ता समभार शाब्दिक काफिया र मान्छे  शब्दगत रदिफप्रयुक्त यो गल मुरद्दफ अन्तर्गत पर्छ भन्ने विषयवस्तुका आधारमा यो गजल गैरमुसलसलअन्तर्गत पर्दछ । मानवीय निकृष्टताको चित्रण यस गजलको आन्तरिक स्वरूप हो भने विभिन्न वर्ग र रूपगत शाब्दिक सामन्जस्यताबाट एउटा पूर्ण गजलको निर्मिति यसको बाह्य स्वरूप हो । यसका सेरहरूमा क्रमशः १४, १३, ११, १२, १३ गरी ६२ शब्दहरू रहेका छन् । मानवीय प्रवृत्तिको प्रस्तुति यस गजलको पूर्ण स्वरूप  हो ।

पहिलो सेरमा मानिस विवेकी हुँदाहुँदै पनि खै जानेर हो कि नजानेर हो अमानवीय बन्ने र स्वबुद्धि विवेकको प्रयोग गर्न नसकेर षड्यन्त्रको जालमा फस्ने कुरा व्यक्त गरेका छन् ।  दोस्रो सेरमा मानवताको नाममा दानवता मौलाउँदै गएको र सोझा, साझा हिँड्ने बाटोमा समाजका दानवहरूले बाधा खडा गर्ने कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा नाङ्गै हिँड्न पनि नलजाउने र आफ्नो विवेकलाई बन्धक राखेर पशुजस्तै बन्न तयार रहेको आजका विवेकहीन मानिसलाई मुटुसम्म घोच्ने र यथार्थको विपनामा ल्याउन प्रयासरत रहेको कुरा उल्लेख गरिएको छ ।

चौथो सेरमा सर्वधर्म एक भन्दै सबैतिर विश्वबन्धुत्वको देखावटी भावना फैलाउँदै र जप्दै हिँड्ने तर मानव भएर मानवताको हत्या गर्न पछि नपर्ने त्यस्ता ढोँगी मानिसहरूलाई व्यङ्ग्य प्रहार गरेका छन् । अन्तिम सेरमा गजलकारले आफ्नो मानवतावादी परम मित्र मनुलाई खोज्दै भौंतारिरहेको तर आफ्नै अगाडि मान्छेले जीवनबाट हरेस खाएर मर्ने गरेको वा भनौं आत्महत्या गर्ने गरेको यथार्थ व्यक्त गरेका छन् ।

## ६.३८ कैले डुब्न मन लाग्छ

'कैले डुल्न मन लाग्छ भावनाको पोखरीमा' **घामको छहारीमा** गजल सङ्ग्रहको अठतीसौं गजल हो । यसमा ६ सेर र १२ मिसरा रहेका छन् । प्रत्ये सेरमा क्रमशः १२, १०, १४, १४, १५ र ११ गरी ७६ शब्दहरू रहेका छन् । पोखरीमा, नगरीमा, भुमरीमा, झरीमा, दरीरमा, रालबारीमा, चुनरीमा जस्ता शब्दांश काफिया मात्र रहेको यो गैरमुद्दफ गजल हो । विषयवस्तुका आधारमा यो गैरमुसलल गजलअन्तर्गत पर्छ । आन्तरिक मनोभावको प्रस्तुत यस गजलको आन्तरिक संरचनात्मक स्वरूप हो भने विभिन्न स्रोत, वर्ग र बनोटका शब्दहरूको अन्वय गरी सग्लो गजल रचना यसको बाह्य संरचनात्मक स्वरूप हो । मानवीय मनोभावको स्वतन्त्र प्रस्तुति यस गजलको पूर्ण संरचनात्मक स्वरूप हो । घनु तखल्लुस रहेको यो गजल प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित छ ।

पहिलो सेरमा गजलकार आफूलाई कहिले भावनाको त कहिले कल्पनाको सागरमा डुब्न र घुम्न मन लाग्ने चञ्चलता व्यक्त गरेका छन् । दोस्रो सेरमा आफू कल्पनाको सपनामा रम्दै, टाढा पुगको तर बीचैमा भुमरी अर्थात् समस्यामा पुगेको भन्दै कल्पना गर्न वा सपना देख्न पनि अपवाद रहेको कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा आफूले त्यो सुख माथि आघात परेको कुरा प्रतीकात्मक ढङ्गमा व्यक्त गरेका छन् । चौथो सेरमा जीवनमा सबै कुरा समावेश भएको तर जीवन सबैका लागि जीवन जस्तो नभएको यहाँसम्म कि जीवनमा कसैकसैले वास्तविक जीवनको अनुभूति गर्न पनि नपाएको कुरा व्यक्त गर्दै आफ्नोनजिकै कोमल शैय्या रहे तापनि दरीमा सुत्नुपर्ने विडम्बना व्यक्त गर्दै यस विषयलाई पनि प्रतीकात्मक ढङ्गबाट व्यक्त गरेका छन् ।

पाँचौ सेरमा आफ्नो मनले उडेर खुला आकाशमा बिहार गर्न चाहेको तर पवन नै नचलेर मनरूपी चङ्गा धर्तीमा नै रहन् बाध्य भएको भन्दै सबैले उपयुक्त अवसर पाउन नसकेको र मनमा गुम्सिएर बसेको चाहना साकार हुन निकै सङ्घर्षरत हुनुपर्ने कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा गजलकार स्वयम्‌को मन प्रकृतिको रमणीय दृश्य हेरेर साथै सन्ध्याकी परीले रातको घुम्टो ओढेको देखेर पनि गजलकार स्वतः त्यही बल्झिएको कुरा व्यक्त गर्दै प्राकृतिक दृश्यले जो कोहीलाई मोहित बनाइदिन्छ वा भनौं यस्ता मोहित दृश्यले सबैको दुःख बिर्साइदिने तागत हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् ।

## ६.३९ घुम्ने रहर छ यो मनमा

'घुम्ने रहर यो मनमा अवसर पाउँदाखेरि' **घामको छहारीमा** गजल सङ्ग्रहको उनन्चालीसौं गजल हो । यसमा ६ सेर र १२ मिसरा रहेका छन् । पाउँदाखेरि, आउँदाखेरि छाउँदाखेरि, लाउँदाखेरि सुनाउँदखेरि, गाउँदाखेरि र धाउँदाखेरि जस्ता बहुआक्षरिक काफिया मात्र प्रयोग भएको यो गजल गैरमुरद्दफअन्तर्गत पर्दछ । विषयवस्तुगत आधारमा यो गैरमुसलसल गजलअन्तर्गत पर्दछ । तखल्लुस नरहेको यो गजल प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित छ । जीवन भोगाइका सुखदुःखको भावनात्मक प्रस्तुति यस गजलको आन्तरिक भावविम्ब हो भने विभिन्न स्वरूप र वर्गका शाब्दिक संगठनका माध्यमबाट एउटा सिङ्गो गजलको रचना यसको बाह्य भावविम्ब हो । यसका सेरहरूमा क्रमशः

१४, १३, १२, १३, १४ र १४ गरी जम्मा ८० शब्यहरू संयोजित छन् । जीवनका सुखदु:खको यथार्थपरक प्रस्तुति यस गजलको समग्र भावविम्ब हो ।

पहिलो सेरमा यहाँ गजलकारले समय पाउँदा आफूलाई घुम्ने रहर भएको र घुम्न जाँदा आफन्तलाई भेट्न सहजै आउने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफूलाई समस्याले सताउँदा केही अनुकूल नभएको र चिन्तित भएको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा जिन्दगीका मोडहरूमा अनगिनत चुनौतीहरू रहेको र आफूले ती चुनौतीहरूको सामना गरेर जीवनमा सफलता र खुसी पाउँदा पनि अरूले रिस गर्ने र आफ्नो सफलता छिमेकी र आफन्तले पनि देखि नसहने कुरालाई व्यक्त गरेका छन् । चौथो सेरमा आजको समाजमा कसैको पनि दु:ख रवेदना कसैले पनि सुन्न नखोज्ने र सुख बाँड्नका लागि जति पनि आफन्त र इष्टमित्र पाइने तर मनका दु:खहरू बाँडौ भने पछि कोही नजिक आउन हिच्किचाउने कुरा व्यक्त गरेका छन् ।

पाँचौं सेरमा आफूले कसैको मधुर गजल सुनेपछि मनको पीर पनि शान्त हुने कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा आफूले आफ्नो अनुसार नै जीवन व्यतीत गरिहेको, आफ्नो पेसामा सधैं गर्वको अनुभव गरेको, कहिले सुख त कहिले दु:खको आँसु पिएको भन्दै आफूले अहिलेसम्म कसैको चाकरी नगरेकाले चाकरी भनेको के हो र कस्तो हुन्छ अझैसम्म भोग्नु नपरेको कुरा बताउँदै आजका जमानाका चाकरीबाजहरूलाई व्यङ्ग्य प्रहार गरेका छन् ।

## ६.४० बाहिर निकै सहमतिका कुरा

'बाहिर निकै सहमितका कुरा हुने गर्छन् यहाँ' **घामको छहारीमा** गजल सङ्ग्रहको चालीसौं गजल हो । यसमा छ सेर १२ मिसरा रहेका छन् । कुरा, छुरा, अधुरा, पूरा, सुरा, साँगुरा र मुजुराजस्ता शब्दांश काफिया र हुने गर्छन् यहाँजस्ता बहुल रदिफ युक्त यो गजल मुरद्दफअन्तर्गत पर्दछ । त्यस्तै विषयवस्तुका दृष्टिले यो गैर मुसलसल गजलअन्तर्गत पर्दछ । स्वतन्त्र कथनपद्धतिमा रचिएको यस गजलको मानवीय द्वैत चरित्रचित्रण आन्तरिक संरचनात्मक स्वरूप हो । त्यस्तै विभिन्न स्रोत र बनोटका शाब्दिक सामन्जस्यबाट भावपूर्ण सग्लो गजलको रचना यसको बाह्य संरचनात्मक स्वरूप हो । यस गजलका सेरहरूमा क्रमश: १४, १३, १२, ११, १४ र ११ गरी ७५ शब्दहरू रहेका छन् । युगनी पीडा र मानवीय वितण्डाको प्रस्तुति यस गजलको समग्र रचनाधर्मिता हो ।

पहिलो सेरमा निराशावादी स्वर प्रकट गर्दै खराब समाज र राजनीतिको अस्तव्यस्त खेलमा देखावटी सहमति हुने र सबै मीठो बोली बोल्ने स्वाङ गर्ने तर मित्र भने एकअर्कामा मनमुटाव र खुट्टा तान्ने प्रवृत्ति रहेको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा कसैले केही गरौं न भनेर राम्रा राम्रा विकासका योजनाहरू तयार गरे पनि त्यो अघि नै ती योजना र सपनाहरू ध्वस्त हुन्छन् भन्ने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा नेताहरूले युवावर्गलाई सपना देखाएर आफूतिर भाषणको मीठो र झुठो बोलीले आकर्षित गर्ने र उनीहरूलाई उपयोग गरी स्वार्थ पूरा भएपछि बेवास्ता गर्ने कुरा उल्लेख गरेका छन् । चौथो सेरमा जो निडर, साहसी र दृढनिश्चयी व्यक्तिहरू छन् । उनीहरूलाई कहिल्यै उठ्न र उनीहरूका योजनाहरूलाई फल्न, फुल्न दिइँदैन बरु यसका विपरीत कायरहरू भने शक्तिशालीका बलमा उफ्रिने कुरा उल्लेख गरेका छन् ।

पाँचौं सेरमा दुनियाँ थरीका सपना देखाएर विकट गाउँमा भोट माग्दै हिँड्ने र जितेर कुर्सीमा पुगेपछि विकट गाउँको बाटो भुल्ने र राजनीतिमा आफैँ आफैँ लड्ने त्यस्ता स्वार्थी नेताहरूलाई व्यङ्ग्य प्रहार गरेका छन् । अन्तिम सेरमा गजलकारले देशको संस्कृतिमा पश्चिमी विदेशी संस्कृतिलाई आत्मसात् गरेको तर आफ्नो देशको पुरानो रीति, रिवाज, परम्परा, बाजा गाजालाई तिरस्कार गरेको भन्दै आफ्नो मातृभूमिको महत्त्व बुझ्न र विदेशी संस्कृतिको एकैछिनको आफ्नो संस्कृतिलाई नभुल्न आग्रह गरेका छन् ।

## ६.४१ आफैँलाई थाहा छैन

'आफैलाई थाहा छैन कस्तो यात्रा गरिएछ' **घामको छहारीमा** गजल सङ्ग्रहको एकचालीसौं गजल  हो । यसमा ५ सेर १० मिसरा रहेका छन् । यसमा गरिएछ, झरिएछ, तरिएछ, मरिएछ र दरिएछ जस्ता समसार शाब्दिक काफिया मात्र पुयुक्त भएको हुँदा यो गैरमुरद्दफ गजल हो । विषयवस्तुगत विविधताको कारण यो गैरमुसलमान गजल हो । घनु तखल्लुस रहेको यो गजल तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित छ। यस गजलका सेरहरूमा क्रमशः १२, १४, १५, १० र १५ गरी जम्मा ६६ शब्दहरू रहेका छन् । मनका भावना र चाहनाको प्रतिविम्बन यस गजल आन्तरिक बनोट हो भने शब्दगत विविधताको संगठनबाट एउटा सग्लो गजल रचना यसको बाह्य बनोट हो । मानवीय मनोदशाको अभिव्यञ्जन यस गजलको समग्रताको बनोट हो ।

पहिलो सेरमा गजलकारले आफूले नै गरिरहेको यात्रा आफैलाई थाहा नभएको र आफ्नो उद्देश्य शिखर चुम्ने रहे पनि त्यो पूरा नभएर उदास भएको कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा जीवनका चुनौतीहरू विकट रहेको र त्यस्तो अवस्थामा कसैको सहारा नलिएर सङ्घर्ष गरेर सफल भएको कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा जीवन निर्जन वन होइन यहाँ अनेकौं सहयात्रीहरू छन् भन्दै आवश्यकतामा भने आफू सधैं एक्लो पर्ने यथार्थ बताएका छन् । चौथो सेरमा आफू थकित भएर बसेको बेला क्षणिक भावनाको संसारमा आराम गरिरहेको बेला मनमा सुन्दर कल्पनाले आफूलाई मग्न गराएको कुरा व्यक्त गरेका छन् ।

अन्तिम सेरमा गजलकारले आफू गजलको पारखी र गजलमा निपुण हुँदाहुँदै पनि कति पनि घमण्ड नगर्दै आफूमा भाव भएर गजलकार हुन सफल भएको र अहिलेको पुस्तामा आफ्नो परिचय गजलकार भनेर स्थापित हुन सफल भएको कुरा उल्लेख गरेका छन् ।

## ६.४२ थियो जे जे सबै उतै दिएर आएँ

'थियो जे जे सबै उतै दिएर आएँ' **घामको छहारीमा** गजल सङ्ग्रहको बयालीसौं गजल  हो । यसमा पाँच सेर र १० मिसरा रहेका छन् ।दिएर, रित्तिएर, लिएर, लुटिएर, पिएर र सिएरजस्ता शब्दांश काफियाको प्रयुक्ति र आएँ रदिफको उपस्थिति रहेको यो गजल गैरमुरद्दफ गजलअन्तर्गत पर्दछ । विषयवस्तुका आधारमा गैरमुसलसल गजल हो । यस गजलका सेरहरूमा क्रमशः १३, ११, ८, १० र ११ गरी जम्मा ५३ शब्दहरू रहेका छन् । आसामबाट लखेटिएका रिक्सा चालकको विरहलाई व्यक्त गर्नु यसको मुख्य संरचनात्मक स्वरूप हो । शब्दगत विविधताको प्रयुक्तिमा सग्लो भावपूर्ण

गजल रचना यसको बाह्य स्वरूप हो । यस गजललाई दीपक पाठकले स्वर र सङ्गीत दिएर रेकर्ड भइसकेको यस गजलमा आसामबाट धपाइएको नेपालीको ऐतिहासिक पीडाको प्रस्तुति रहेको छ ।

पहिलो सेरमा गजलकारले आसामबाट धपाइएका नेपालीहरूको कल्पना गर्दै आफूसँग जेजे थियो त्यो सबै सिर्जिएको सम्पत्ति आफूले जहाँ खाइनखाइ जोडेको तर ती सबै उतै छोडेर आएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफूले जहाँ जीवन बाँच्न सुरू गरिएको थियो त्यहीँ ठाउँ छोड्नु पर्दाको पीडा देखाउन त्यत्ति सजिलो नहुने र त्यो घटना सधैँभरि आलो घाउ बनेर दुखिरहने कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा आफ्नो अस्तित्व केही नरहेको भन्दै दिनदहाडै लुटिएको वा भनौँ सबै कुरा खोसिएर आफू रित्तो भएको कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा सबै कुरा आफूले गुमाएपछि कुनै पनि लक्ष्य र उद्देश्य विना भोकभोकै हिँडेको तर मर्मको आँसु पिएकाले प्यास नलागेको कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा एक मानवले अर्को मानवसँग गर्ने अमानवीय व्यवहारमा आफू लछारपछार र तानातान भई च्यातिएको र आफ्नो फाटेको तन र मनलाई जसोतसो सिएर बाँच्ने सङ्घर्ष गरिरहेको कुरालाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

## ६.४३ बालुवाको ठडिएझैँ महल जीन्दगी

'बालुवाको ठडिएझैँ महल जिन्दगी' **घामको छहारीमा** गजल सङ्ग्रहको त्रिचालीसौं गलल हो । यसमा पाँच सेर दस मिसरा रहेका छन् । महल, मल, जङगल, तलतल, हरपल र गजलजस्ता शब्दांश काफिया र जिन्दगी रदिफको प्रयोग रहेको यो गजल मुरद्दफअन्तर्गत पर्दछन् । विषयवस्तुका आधारमा यो गैरमुसलसल गजल हो । यस गजलका सेरहरूमा क्रमशः ८, ९, ८, ११, १२ गरी ४८ शब्दहरू रहेका छन् । तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित यस गजलमा घनु तखल्लुस प्रयोग गरिएको छ । जीवनका आरोह-अवरोहको प्रस्तुति यस गजलको आन्तरिक बनोट हो भने तत्सम, तद्भव आगन्तुक र झर्रा शब्दसमेतको योगबाट पूर्ण प्रभावपूर्ण गजलको निर्मिति बाह्य बनोट हो । जीवनको उतारचढाव र पूर्णता अपूर्णताको अङ्कन यस गजलको पूर्ण संरचनात्मक स्वरूप हो ।

यस गजलको पहिलो सेरमा जीवन बालुवाको महल भएको र जुनसुकै बेला पनि ढल्न सक्ने भन्दै जन्म पछि मृत्युको सत्यलाई सङ्केत गरेका छन् र जीवनमा कहिलेकाँही दुःखको बाढी पनि आउन सक्नेछ भन्दै त्यसका लागि आफू सचेत हुनुपर्छ भन्ने भाव व्यक्त गरेका छन् । दोस्रो सेरमा जीवनमा कहिले वसन्तऋतुरूपी वहार आउने त कहिले शिशिरऋतुरूपी दुःख आउने कुरा सङ्केत गर्दै आफू हरहमेशा जुनसुकै परिस्थितिका लागि पनि सजग रहने कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा जिन्दगी वास्तवमा कहिल्यै एकै किसिमले नचल्ने र मानिसको इच्छा, आकाङ्क्षा सधैँ बढिरहने हुनाले मानिस जीवनमा कहिल्यै सन्तुष्ट हुन नसक्ने, आफ्नो जीवनलाई सधैँ दिक्क मानेर जीउने तर जुनै अवस्थामा पनि जिउन चाहिँ हरेस नखाने कुरा व्यक्त गरेका छन् ।

चौथो सेरमा मानिसको असन्तोष बानीले उसले आफ्नो जीवनमा सधैँ कमी र दोष देख्ने गर्छ भन्ने भाव व्यक्त गरिएको छ । अन्तिम सेरमा गजलकारले गजललाई साहित्य, सङ्गीत, कला जे भने पनि गजललाई नै आफ्नो जिन्दगी मानेका कुरा उल्लेख गरेका छन् ।

## ६.४४ घामको छहारीमा शीतलशीतल

'घामको छहारीमा शीतलशीतल आभास पाएँ मैले' **घामको छहारीमा** गजल सङ्ग्रहको चवालीसौं गजल हो । यसमा ५ सेर १० मिसरा रहेका छन् । प्रथम पुरुष दृष्टिबिन्दुमा रचिएको यस गजलमा आभास, आकाश, विश्वास, सन्त्रास वास र लासजस्ता शब्दांश काफिया र पाएँ मैले बहुल रदिफको प्रयुक्ति रहेको यो गैरमुरद्दफ गजल हो भने विषयवस्तुको आधारमा गैरमुसलसल गजल हो । यसका सेरहरूमा क्रमशः १३, १३, १२, १० र ११ गरी जम्मा ५९ शब्दहरू रहेका छन् । युगीन यथार्थको प्रस्तुति यस गजलको आन्तरिक स्वरूप हो भने विविध शाब्दिक संगठनबाट पूर्ण गजलको निर्मिति बाह्य स्वरूप हो । मानवीय जीवन भोगाइका उपलब्धि र यथार्थको अभिरेखाङ्कन यस गजलको समग्र स्वरूप हो ।

पहिलो सेरमा गजलकार आफूले दुःख र सङ्घर्षमा पनि सुखको आभास गरेको र दुःखमा कति पनि विचलित नभएको कुरा गर्दै दुःखमा सङ्घर्ष गर्दाको उपलब्धि आफूले खुला आकाश पाएको अर्थात् दुःख पछि अवश्य सुख आउँछ त्यसैले कोही पनि सङ्कटमा आत्तिनु हुँदैन भन्ने कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफ्ना रगतका नातेदारहरू आपत्विपत्मा तर्किएर हिँड्ने गर्छन् भन्दै बरु रगतको नाता मात्र गाढा हुँदैन कि लगाएको नाता, साथी भाइले पनि आपत् पर्दा साथ दिने गर्छन् र मित्रता गाढा भन्ने कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा धनाजङ्गलमा बरु हिंस्रक जनावरहरूसँग आफूँ नडारउने तर गजलकार आफू मान्छे मान्छेहरूको बीचमा डराएको अर्थात् सबै भन्दा हिंस्रक जनावर मानिसलाई तोकेर आफू बरू मानवहरूसँगै डराएको भाव व्यक्त गरको छन् ।

चौथो सेरमा जो दुःखी हुन्छन् जसले जीवनमा धेरै हण्डर खाएको छ र जो गरिब छ, त्यसलाई महलमा बस्ने मानिसहरूले घृणा गर्ने र उनीहरूसँग अमानवीय व्यवहार गर्न पछि नहट्ने कुरा गर्दै बरू आफूले झुपडीमा अर्थात् धनका धनी नभएर मनका धनीहरको घरमा श्रद्धा र सम्मान पाएको कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा गजलकारले राजधानीमा भएको दुःखद घटनाको स्मरण गर्दै राजधानीका आमाहरूले बच्चा जन्माउने तर बच्चाको उचित हेरचाह गर्न नसकेर आफैले जन्माएको बच्चाको गला रेट्नसम्म पनि पछि नहटेको तीतो यथार्थ व्यक्त गर्दै आफूले घृणित कार्य गरेर एकैछिनको रमाइलोमा भुलेर सन्तान जन्माउने तर पछि लोकनिन्दाले आफ्नो नवजात शिशुको हत्या गरेर नदी किनारमा फाल्दा पनि मन छियाछिया नभएको भन्दै त्यस्ता नारीहरू आमाको नाममा ठूलो कलङ्क भएको कुरा मार्मिक ढङ्गबाट व्यक्त गरेका छन् ।

## ६.४५ खुसी छु कसरी भनूँ

'खुसी छु कसरी भनूँ दुःखी छु पो किन भनूँ' **घामको छहारीमा** गजल सङ्ग्रहको पैतालीसौं गजल हो । यसमा ६ सेर १२ मिसरा रहेका छन् । भनूँ, बनूँ, कहनूँ, खनूँ, चाहनूँ, मनु र घनु काफिया मात्र रहेको र रदिफ नरहेकोले यो मुरद्दफ गजलअन्तर्गत पर्छ । विषयवस्तुका दृष्टिले यो गैरमुसलसल गजल अन्तर्गत पर्छ । विषयवस्तुका दृष्टिले यो गैरमुसलसल गजलअन्तर्गत पर्छ । प्रथम पुरुष दृष्टिबिन्दुमा रचिएको यो गजलमा घनु र तखल्लुसको रूपमा आएको छ । यसका सेरहरूमा क्रमशः १६, ११, १४, १४, १२ र ११ गरी जम्मा ७८ शब्दहरू रहेका छन् । जीवनका सत्यतथ्यको

अङ्कन यस गजलको आन्तरिक भाव हो । त्यस्तै शाब्दिक विविधताको प्रयुक्तिबाट एउटा पूर्ण गजलको रचना यसको बाह्यस्वरूप हो । जीवनका बाह्यान्तरिक यथार्थको प्रस्तुति यस गजलको पूर्ण संरचनात्मक स्वरूप हो ।

पहिलो सेरमा गजलकारले आफू खुसी नरहेको तर दुःखी पनि नभएको भन्दै आफ्नो वेदना आफैँसँग राख्न खोज्दै कसैको अघि आँसु झारेर हुतिहारा बन्न नखोजेको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा लाक्षणिक भाव प्रयोग गर्दै आफ्नो वेदना पानीले अर्थात् एक पक्षले सुनिर्दिदैन भने आगो अर्थात् अर्को पक्षलाई किन पानीको बिरह कहने भन्दै आफ्नो वेदना आफन्तले बुझ्न चाहँदैनन् भने अर्कालाई आफ्नो बिरह किन व्यक्त गर्नु ? भन्ने भाव उल्लेख गरेका छन् । तेस्रो सेरमा आफ्नो जीवनको कथा व्यथा बन्दा पनि आफूले हार नमान्ने कुरा व्यक्त गरेका छन् । चौथो सेरमा परिश्रमको पसिना निकै मीठो हुन्छ भन्दै विना मिहिनेतको फल गजलकार आफूले नचाहेको कुरा व्यक्त गरेका छन् ।

पाँचौं सेरमा गाउँका सोझा साझा मानिस पनि सहरभित्र पसेपछि सहरिया बनेको र त्यहाँ उनीहरूको हार्दिक भावना हराउँन थाल्छ भन्दै सहरिया मानिसको मनमा हृदयता नहुने र कसैले उसलाई उसैको घरमा गएर श्रद्धा गर्दा पनि सहरिया कालो हृदयले त्यो चोखो श्रद्धा बुझ्न नसक्ने कुरा प्रतीकात्मक अर्थमा प्रस्तुत गरिएको छ । अन्तिम सेरमा आजको जमानामा कसैले पनि कसैमाथि विश्वास गर्ने अवस्था नभएको भन्दै गजलकारले आफू पनि मानिसभन्दा टाढा बस्न रुचाउने कुरा उल्लेख गरेका छन् ।

### ६.४६ लोकप्रिय बन्न यहाँ

'लोकप्रिय बन्धन यहाँ जाँड रक्सी घोक्ने गर्छन्' **घामको छहारीमा** गजल सङ्ग्रहको छयालीसौं गजल हो । यसमा ६ सेर १२ मिसरा रहेका छन् । घोक्ने, धोक्ने, टोक्ने, ठोक्ने, पोख्ने, रोक्ने र बोक्ने जस्ता समभार शब्दगत काफिया र गर्छन् क्रियात्मक शाब्दिक रदिफ युक्त यो गजल मुरद्दफ गजल हो । विषयवस्तुका आधारमा यो गैरमुसलसल गजल हो । तृतीय पुरुष दृष्टिबिन्दुमा यो रचिएको छ । यसका सेरहरूमा क्रमशः १४, १२, ११, १४, १३ र ११ गरी जम्मा ८५ शब्दहरू रहेका छन् । मानवीय जीवनको विसङ्गत अवस्थाको चित्रण यस गजलको आन्तरिक स्वरूप हो भन्ने शाब्दिक विविधताका माध्यमबाट पूर्ण गजलको रचना यसका बाह्य स्वरूप हो । परिस्थितिका विभिदपनको प्रस्तुति यस गजलको समग्र स्वरूप हो ।

पहिलो सेरमा मानिसहरू जाँड रक्सी पिएर मात्तिएर लोकप्रिय बन्न खोजेको भन्दै लोकप्रिय बन्नका लागि यस्ता मादक पदार्थ पिउँनेलाई व्यङ्ग्य प्रहार गर्दै त्यो सँगसँगै अश्लील गीत पनि कण्ठै गर्ने त्यस्ता दानवरूपी मानवलाई व्यङ्ग्यवाण हानेका छन् । दोस्रो सेरमा चोखो प्रेमको मीठो चुम्बनलाई आज महत्त्वहीन ठानिएको भन्दै प्रेम गर्नेहरूले मीठो चुम्बनको साटो आफ्नो प्रेमीप्रेमिकालाई दुख्ने गरी टोक्ने कुरा गर्दै जुन कुरा प्रीतको मीठो चुम्बनमा हुन्छ त्यो अश्लील टोकाइमा कति पनि हुँदैन भन्ने कुरा व्यक्त गर्दै आजका आधुनिक युवाहरूलाई व्यङ्ग्य गरेका छन् ।

तेस्रो सेरमा जोसँग सीप योजना र जाँगर हुन्छ उही परीक्षामा पछि पर्ने तर चाकरीवालहरू भने ठूलाको चाकरी गरेर अघि सर्छन् र ताल न बेतालको काम गर्छन् भन्दै बाँदरको हातमा नरिवल भन्ने उखानलाई सार्थक तुल्याएका छन् । चौथो सेरमा दुःखी जनताको टाउको टेक्दै कुर्सी प्राप्त गरेका नेताहरू आफू कुर्सीमा पुगेपछि ठूलो सपना पूरा भएको ठान्छन् र देश र जनताप्रति गर्ने कर्तव्यबाट च्युत हुन्छन् तर जनताहरू भने आफूले पाउँने हक र अधिकारको लागि सडकमा ओर्लिएर नारा पोख्ने गरेको यथार्थ व्यक्त गरेका छन् ।

पाँचौ सेरमा जसले घुसको लोभ र तागतको डर देखाएर भन्सार छल्दै सामान ओसारपसार गर्छ त्यसलाई कसैले कतै रोक्न, छेक्न र जाँचसम्म पनि नगर्ने तर जो इमानदार र सोझा हुन्छन्, त्यसलाई भने विनाकसूर रोक्ने, अनेकौं प्रश्न गर्ने गर्छन् भन्दै जो कसुरवाल हुन्छन् उसैलाई सलाम ठोक्ने र जो निर्दोष हुन्छन् उनीहरूलाई दुःख दिएर आफूले निकै काम गरेछौँ भनेर सरकारलाई झुक्याउँन खोज्ने ती भ्रष्टाचारीहरूलाई औँला ठड्याएका छन् । अन्तिम सेरमा गजलकारले ठूलो व्यङ्ग्य गर्दै आजभोलि त जसले आँखा देख्दैन उसैले आँखा देख्नेलाई डोऱ्याउनुपर्ने स्थिति सिर्जना भएको कुरा उल्लेख गर्दै बरु आँखा देख्नेले पो अन्धाहरूलाई डोऱ्याउनु पर्ने यस्तो विडम्बना भएको कुरा उल्लेख गरेका छन् । अझ यति मात्र नभएर जो कुर्जाहरू छन् उसलाई खुट्टा टेक्नेहरूले बोक्नुपर्नेमा यहाँ पनि उल्टै कुजाहरूले पो खुट्टा टेक्नेहरूलाई बोक्नु पर्ने उल्टो परिस्थितिको आगमन भएको भन्दै आजभोलिका स्वार्थी मानिस आँखा भएर पनि अन्धो भएको र सपाङ्ग मानिसहरू पनि लोभ लालचमा फसेर अपाङ्ग भएको कुरालाई व्यङ्ग्य गरेका छन् ।

## ६.४७ धेरै व्यय थोरै आय

'धेरै व्यय थोरै आयजस्तै छ जिन्दगी' **घामको छहारीमा** गजल सङ्ग्रहको सतचालीसौं गजल हो । यसमा ५ सेर १० मिसरा रहेका छन् । आय, पर्याय, दुःखाय, असहाय, निरूपाय र सङ्कायजस्ता शब्दांश काफिया र जस्तै छ जिन्दगी बहुल, रदिफयुक्त यो गजल गैरमुरद्दफ गजलअन्तर्गत पर्दछ । त्यसै विषयवस्तुका आधारमा यो गैरमुसलसल गजलअन्तर्गत पर्दछ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग यसमा गरिएको छ । यसका सेरहरूमा क्रमशः १२, १०, १२, ११ र ११ गरी जम्मा ५६ शब्दहरू रहेका छन् । जीवनको सुखदुःखको वास्तविकता प्रकटन यस गजलको आन्तरिक सङ्गठन हो भने विविध शब्दको सामन्जस्यतामा एउटा पूर्ण भावपूर्ण गजलको निर्माण बाह्यसङ्गठन हो । त्यस्तै जीवनभोगाइको यथार्थको अङ्कन समग्र सङ्गठन हो ।

पहिलो सेरमा यहाँ मानिसको जीवनमा धेरै खर्च र थोरै आय रहेको भन्दै सबैको जीवन दुःखैदुःखको समानार्थी हुन पुगेको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा भन्नलाई त शास्त्रमा "सबै सुखी होऊन्" भनिन्छ तर धेरैको जीवन आजसम्म दुःखमय नै रहेको कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा कसैलाई तिरस्कृत गर्न मानिस सधैँ अघि भएकाले हरेकको जीवन आफन्तहरू भएर पनि असहाय भएको कुरालाई व्यङ्ग्य गरेका छन् ।

चौथो सेरमा मानिसहरूले इज्जत र पैसाका लागि हरदम सङ्घर्ष गर्छन् त केही गर्दा पनि मानिस सन्तुष्ट नभएकाले जीवन उपायविहीन छ भन्ने कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा

विज्ञान तथ्यपरक हुन्छ भन्दै आफ्नो लागि विज्ञान प्रविधि पनि काम नलागेको र मानिसको वास्तविक जीवन भद्रगोल कलासङ्काय जस्तै छ भनेर जीवनभित्र सुख, दुःख, हाँसो, रोदन, आदर, अनादर, माया, घृणा, रिस, डाह, लोभ आदि अनेकौं कुराहरू समावेश भएकाले जीवन मानवीय जीवन रहेको कुरा अति सुन्दर ढङ्गबाट व्यक्त गरेका छन् ।

### ६.४८ जुधाइदिने कोही भए

'नुहाइदिने कोही भए रूखको डाली हुन्थ्यौ होला' **घामको छहारीमा** गजल सङ्ग्रहको अठचालीसौं गजल हो । यसमा ६ सेर १२ मिसरा रहेका छन् । हुन्थ्यौ, बुन्थ्यौ, रुन्थ्यौ, हुन्थ्यौ, धुन्थ्यौ, सुन्थ्यौ र गुन्थ्यौ जस्ता समभार शाब्दिक काफिया र होला शब्दगत रदिफयुक्त यो गैरमुरद्दफ गजल हो । विषयवस्तुको आधारमा यो गैरमुसलसल गजलअन्तर्गत पर्दछ । द्वितीय पुरुष दृष्टिबिन्दुमा रचिएको यस गजलमा मानवीय चानाको यथार्थ अड्कन आन्तरिक सङ्गठनको रूपमा आएको छ भने अनेक वर्गगत शब्दहरूको प्रयोगरी एउटा प्रभावशाली गजलको सृजना बाह्यसङ्गठनको रूपमा आएको छ । त्यस्तै मानवीय चरित्रप्रतिको दृष्टिकोणको अङ्कन समग्र सङ्गठनको रूपमा प्रतिस्थापित भएको छ ।

पहिलो सेरमा गजलकारले मानिस आफैँले केही गर्न नसक्ने तर कसैको सहयोग पाएमा सजिलै माथि चढ्न सक्ने कुरा उल्लेख गर्दै आफूसँग केही ज्ञान नभएको तर अर्काको विद्वतामा डाहा गरेर उसलाई फँसाउने जाली बुन्ने खाल्का मानिसहरूको कुप्रवृत्तिको उजागर गरेका छन् । दोस्रो सेरमा महलमा बस्नेहरूले झोपडीको पीडा बुझ्न नसक्ने कुरा गर्दै धनीहरूले गरिबहरूका वेदना बुझ्न असमर्थ हुने कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा मानिस जनप्रिय बन्दा खुसी हुने र कतै पराजित भएमा चित्त दुखाउने उसको बानीलाई सङ्केत गर्दै दुःखलाई पनि मानिसले अपनाउन जान्नुपर्छ र विषम परिस्थितिमा पनि मानिस बाँच्न सक्नुपर्छ भन्दै सुखमा नमात्तिन र दुःखमा नआत्तिन सन्देश दिएका छन् । चौथो सेरमा गजलकारले सबै मानिसहरूको मन तिर्खाएको देख्दै यदि पानी दिएमा पिउनको साटो मैलिएको अनुहार धोएर पानीको मूल अर्थ नबुझ्ने मानिसलाई सङ्केत गर्दै त्यस्ता मानिस भनाउँदाहरूले झन् मानवताको अर्थ कसरी पो बुझ्लान् भनेर व्यङ्ग्य गरेका छन् ।

पाँचौं सेरमा आफ्नो मातृभूमिसँग सम्बन्धित गौरवान्वित राष्ट्रिय गान रेडियोमा गुञ्जिरहेको बेला कसैले त्यतातिर सम्मान त के चासोसम्म पनि नदिने तर यदि चलचित्रका गीत भए सबैले ध्यान दिएर सुन्ने गरेको यथार्थ प्रकट गर्दै देशप्रति कसैलाई माया र सम्मान नभएको भाव व्यक्त गरेका छन् । अन्तिम सेरमा मानिसको हृदय ढुङ्गा जस्तो भएको भन्दै कसैले कसैको प्रगति देखी नसहने, खुट्टा तान्ने प्रवृत्ति यहाँसम्म कि मौका पाए खेतबारीमा माटो सिँच्ने पानी मुहान पनि थुन्न पछि नपर्ने र त्यही निहुँमा मारकाट गर्ने त्यस्ता उद्दण्ड स्वभाव भएका मानिसलाई व्यङ्ग्य बाण हानेका छन् ।

### ६.४९ मेरो परिवेश बदल्यो

'मेरो परिवेश बदल्यो हावा बदल्यो पानी बद्ल्यो' **घामको छहारीमा** गजल सङ्ग्रहको उनन्चासौं गजल हो । यसमा ५ सेर १० मिसरा रहेका छन् । प्रथम पुरुष दृष्टिबिन्दु र घनश्याम तखल्लुस रहेको यस गजलमा पानी, जवानी, आनीबानी, कहानी, जिन्दगानी र रूमानी जस्ता शब्दांश काफिया र बद्ल्यो रदिफको प्रयोग भएको छ । यो गैरमुरद्दफ गजल हो । विषयवस्तुका दृष्टिले यो गैरमुसलसल गजलअन्तर्गत पर्दछ । यसका सेरहरूमा क्रमशः १४, ११, १३, १२ र १२ गरी जम्मा ६२ शब्दहरू रहेका छन् । समय र परिस्थितिबाट परिवर्तनशीलताको प्रस्तुति आन्तरिक स्वरूप र अनेक शब्दगत सामन्जस्यताबाट एउटा पूर्ण भावनात्मक गजल सृजना बाह्य स्वरूप यस गजलको संरचनात्मक सङ्गठन हो ।

पहिलो सेरमा गजलकारले आफ्नो वरिपरिको वातावरण पहिलाको जस्तो रोमाञ्चक नभएको भन्दै आफूले छत्तीसौं वसन्त पार गरेपछि आफ्नो फुर्तिलो जवानी पहिलाजस्तै नभएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा गजलकार आफूले जीवन र चिन्तनको गहिराइ बुझ्न खोजेको र त्यो बुझ्दाबुझ्दै आफ्नो आनीबानीमा परिवर्तन आएको र आफू जीवनप्रति गम्भीर भएको कुरा उल्लेख गरेका छन् । तेस्रो सेरमा आफूले आफ्नो जीवनमा परिवर्तन चाहेको र त्योसँगसँगै आफ्नो आँखामा नवीन स्वप्नहरूले जन्म लिएको भन्दै आफ्नो जीवनको कथा पहिलाजस्तो नरहेको कुरा व्यक्त गर्दै अब आफ्नो जीवनले नयाँ कथा रच्न थालेको कुरा उल्लेख गरेका छन् ।

चौथो सेरमा गजलकारले आफ्नो यौवनावस्थामा पनि केही रहरहरू पूरा गर्न बाँकी रहेको भन्दै अब आफ्नो जिन्दगी पूर्वावस्थामा फर्किन नसक्ने भन्दै अब वास्तवमा आफ्नो जीवन ढल्किँदै गएको कुरा व्यक्त गर्नाका साथै समयले कसैलाई नपर्खिने र समयको महत्त्व सबैले बुझ्नुपर्ने कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा गजलकारले आफू पुनः जवान बनी आउन नसक्ने भन्दै उमेरसँगै आफ्नो बानी, व्यवहार, शौख, इच्छा चाहना परिवर्तन भएको कुरा गम्भीर ढङ्गबाट व्यक्त गरेका छन् ।

### ६.५० हिसाब असूल भैसकेको

'हिसाब असुल भइसकेको खाताको के काम' **घामको छहारीमा** गजल सङ्ग्रहको पचासौं गजल हो । यसमा ५ सेर १० मिसरा रहेका छन् । यसमा खाताको, छाताको, गाताको, नाताको बाताको र दाताको जस्ता समय र शाब्दिक काफिया र के कामजस्ता रदिफको प्रयुक्ति रहेको हुँदा यो गैरमुरद्दफ गजल अन्तर्गत पर्दछ । विषयवस्तुगत आधारमा यौ गैरमुसल गजलअन्तर्गत पर्दछ । तखल्लसविहीन यो गजल तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित छ । परिस्थितिगत वास्तविकताको प्रकट यस गजलको आन्तरिक स्वरूप हो भने शाब्दिक विविधताको प्रयोगबाट पूर्ण गजलको निर्माण बाह्य स्वरूप हो । जीवन, भोगाइ र परिस्थितिको अङ्कन यस गजलको समग्रताको सङ्गठन हो । यस गजलका सेरहरूमा क्रमशः १२, ९, ११, ११ र ११ गरी जम्मा ५४ शब्दहरू रहेका छन् ।

पहिलो सेरमा सारा हिसाब किताबहरू स्पष्ट भएर असुल भइसकेको छ भने त्यो खाताको केही काम नहुने भन्दै त्यसैगरी ठुलो हुरी वतासमा पनि छाताको केही काम नहुने कुरा व्यक्त गरेका

छन् । दोस्रो सेरमा पुस्तकमा रहेको महत्त्वपूर्ण पाना च्यातिएर रङ्गी चङ्गी बाहिरी खोल मात्र राखेर त्यो पुस्तकको गरिमा नबढ्ने कुरा व्यक्त गर्दै जे सुकैको पनि मूल सारतत्त्व भएन भने त्यसको अस्तित्व रहदैन भन्दै कृत्रिम जति प्राकृतिक बन्न खोजे पनि त्यो असमर्थ नै रहन्छ भन्ने कुरा व्यक्त गरिएको छ ।

तेस्रो सेरमा यो स्वार्थी समाजमा पराइले बरु आफ्नो वेदना बुझ्ने गरेको तर आफन्तहरू भनाउँदा भने मात्र नातामा सीमित रहेको कुरा व्यक्त गर्दै आफुलाई विपत् पर्दा उनीहरूबाट केही सहायता पाइँदैन भने त्यस्ता भत्किएका नाताहरूको केही काम नभएको कुरा उल्लेख गरेका छन् । चौथो सेरमा कुनै पनि वस्तु बलियो भयो भने मात्र मूल्यवान् ठानिने भन्दै साना साना कुराहरूको पनि ठूलो महत्त्व हुने कुरा बताएका छन् ।

अन्तिम सेरमा आफूले सुनेअनुसार दान भन्ने कुरा जसलाई आवश्यक छ उसैलाई दिनुपर्ने दाताको कर्तव्य हो तर त्यस्ता दाताहरूले यदि कुपात्रलाई दान दिन्छन् भने त्यो उनीहरूकै दृष्टिदोष हो भन्दै दातालाई दान सत्पात्रलाई दिनुपर्छ वा कुपात्रलाई दिने भन्ने ज्ञानै छैन भने त्यस्ता दाताले सत्पात्रलाई अन्यायमा पारेको कुरा व्यक्त गरेका छन् ।

### ६.५१ निकै दिनहरू बिते

'निकै दिनहरू बिते' **घामको छहारीमा** गजल सङ्ग्रहको एकाउन्नौँ गजल हो । यसमा ५ सेर र १० मिसरा रहेका छन् । घामको, आरामको, कामको, दामको, सर्जामको र घनश्यामको शब्दांश काफिया र खोजीमा शब्दगत रदिफको प्रयोग रहेको यो गजल गैरमुरद्दफअन्तर्गत पर्दछ । त्यस्तै विषयवस्तुको आधारमा यो गैरमुसलसल गजल हो । तृतीय पुरुष दृष्टिबिन्दु र घनश्याम तखल्लुस रहेको यो गजल एउटा भावनात्मक गजल हो । नवीनता यथार्थको अङ्कन यस गजलको आन्तरिक स्वरूप हो । त्यस्तै शब्दगत विविधताको प्रयोगबाट एउटा पूर्ण गजलको निर्माण यसको बाह्य स्वरूप हो । यस गजलका सेरहरूमा क्रमशः १०, ११, १३, ९ र ८ गरी जम्मा ५० शब्दहरू रहेका छन् ।

पहिलो सेरमा यहाँ मानिसका निकै दिन सुखको खोजीमा बितेपनि कहिल्यै सुख पाउन नसकेको र मानिसले जहिले जीवनमा आराम पाउने ध्येयले सङ्घर्ष गरे तापनि उसले आराम नपाएको र सधैँ बेफुर्सदी रहेको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा देशमा बेरोजारीको समस्या झन् झन् चर्किँदै गएको र कामको खोजीले गर्दा सहरहरूलाई मान्छे मान्छेकै भीड रहेको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा मानिस पैसाकै पछि भाग्नुको कारण नाम र पैसाको लागि हो भन्दै हरेक मानिस दामको खोजीमा व्यस्त भएको कुरा उल्लेख गरेका छन् ।

चौथो सेरमा पेटको भोक र पैसाको प्यास मेटाउन नै यहाँ सृष्टि संरक्षिका नारीहरू पनि आफ्नो देह बेच्न बाध्य हुनुपरेको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा नजिकको देवता हेला भने झैँ कान्तिपुरवासीले आफ्नै आँगनमा अवस्थित पशुपतिनाथको कदर गर्न नजानेरै खोजीमा वृन्दावन धाउने गरेको तीतो यथार्थ व्यक्त गरेका छन् ।

### ६.५२ म फूल दिन्छु फ्याँक या माला

'म फूल दिन्छु फ्याँक या माला गाँस जे सुकै गर' **घामको छहारीमा** गजल सङ्ग्रहको बाउन्नौं गजल हो । यसमा ६ सेर १२ मिसरा रहेका छन् । गाँस, नाच, टाँस माच, हास, मास, मास, बाँच मिश्रित समभार काफिया र जेसुकै गर बहुल रदिफयुक्त यो मुरद्दफ गजल हो । विषयवस्तुको आधारमा यो गैरमुसलसल गजलअन्तर्गत पर्दछ । प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित यस गजलमा सेरहरूमा क्रमशः २०, १५? १६, १८, १४, १५ गरी ९७ शब्दहरू रहेका छन् । आत्मबोधको अभिव्यक्ति यस गजलको भित्री स्वरूप हो भने शब्दागत विविधताको प्रयोगबाट यथार्थपरक गजलको रचना यसको बाहिरी स्वरूप हो भने शब्दगत विविधताको प्रयोगबाट यथार्थपरक गजलको रचना यसको बाहिरी स्वरूप हो । अन्तर्बोधका साथै भोगाइको यथार्थको विम्बाङ्कन यस गजलको समग्र स्वरूप हो ।

पहिलो सेरमा गजलकार आफूले यो स्वार्थी समाजमा पनि सबैलाई फूल अर्थात् माया दिएको तर यसलाई आफ्नो दृष्टिकोणले जेसुकै गरेपनि गर तर आफूले सबैलाई मानवीय व्यवहार गरिहरने कुरा गर्दै यो संसार एउटा रङ्गमञ्च हो यसमा तिमी जसरी बाँच्न चाहन्छौं बाँच भन्दै क्षणिक भरको जीवनमा आफूखुसी गाऊँ, नाच, रोऊ, हाँस भने पनि जीवनलाई सकारात्मक दृष्टिकोणले हेर्ने गर्नुपर्छ भन्ने भाव व्यक्त गरेका छन् । दोस्रो सेरमा आफू एउटा अखबारमा छापिएको तस्वीर हो भन्दै त्यो आफूखुसी हेर, च्यात वा हृदयमा टाँस भन्ने भाव व्यक्त गरको छन् । तेस्रो सेरमा आफूले सबैका लागि सहयोग गरिदिने तर त्यसको बदलामा अरूले आफूप्रति जेजस्तो व्यवहार गरे पनि फरक नपर्ने भन्दै आफू अरूका लागि जुनसुकै बेला बाँसुरी बन्न तत्पर रहेको तर अरूले बजाए पनि भाँचे पनि आफ्नो केही नबिग्रिने कुरा व्यक्त गरेका छन् । चौथो सेरमा गजलकार आफू कसैका लागि खुसी पनि होइन र पीर पनि होइन भन्दै आफूले कसैलाई खुसी पनि दिन नसक्ने र कसैको मन पनि दुखाउँन नसक्नेकुरा व्यक्त गरेका छन् ।

पाँचौं सेरमा आफूले कसैलाई माया र प्रेमको चिनो दिएको तर त्यसलाई पनि श्रद्धा गर्छौ भने गर वा तिरस्कार गर्छौ भने पनि गर भन्दै स्वतन्त्र मानिसलाई आफूखुसी गर्ने अधिकार हुन्छ भन्दै अधिकारको सही उपयोग गर भन्ने भाव व्यक्त गर्न खोजेका छन् । अन्तिम सेरमा जिन्दगी वास्तवमा संग्राम हो जसमा सबैले युद्ध लड्नै पर्छ भन्दै यसमा सबैलाई जितेर मर या हारेर बाँच भनेर जीवन वास्तवमा सङ्घर्ष हो यसमा लडेर मर्‍यौ भने तिमी विजयी कहलाउने छौ यदि हारेर बाँच्यौ भने दुःख पाउँने छौ साथै कायर र कहलाउँनेछौ भन्दै गजलकारले गजलको माध्यमबाट सबैलाई विजयी हुने उपाय बताएका छन् ।

### ६.५३ मलाई लाग्छ झुपडीमै

'मलाई लाग्छ झुपडीमै म यसको राम्रो' **घामको छहारीमा** गजल सङ्ग्रहको त्रिपन्नौं गजल हो । यसमा ५ सेर ६ मिसरा रहेका छन् । बसेको नडसेको, नपसेको, नघसेको, नखसेको र नफसेको जस्ता शब्दगत काफिया र राम्रा शाब्दिक रदिफयुक्त यो गैरमुरद्दफ गजल हो । विषयवस्तुगत दृष्टिले यो गैरमुसलसल गजलअन्तर्गत पर्दछ । प्रथम पुरुष दृष्टिबिन्दु र घनश्याम तखल्लुस प्रयुक्त यस

गजलका सेरहरूमा क्रमशः १०, ९, १२, १२ र ९ गरी ५२ शब्दहरू प्रयोग गरिएका छन् । जीवनको यथार्थबोधको प्रस्तुति यस गजलको आन्तरिक भावबिम्ब हो भने विविध वर्ग र आकारगत शब्दहरूको मेलबाट सिङ्गो गजल सृजना बाह्य स्वरूप हो । जीवनको वास्तविकताको अभिव्यक्ति यस गजलको समग्र स्वरूप हो ।

पहिलो सेरमा गजलकार आफूलाई स्वावलम्बीरूपी झुपडीमै बसेकोमा भाग्यमानी ठान्दै कसैले आफूलाई सहानुभूतिको नजरले नहेरेकोमा आपत्ति जनाएका छन् । दोस्रो सेरमा आफ्नो मनको भावनामा कैयौं योजना र सपनाहरू खेलिरहेको भन्दै ती सपनाहरू तोड्ने साहस कसैले पनि नगरून् भन्ने भाव व्यक्त गरेका छन् । तेस्रो सेरमा आफ्नो बाहिरी वर्णन कालो छ तर मन मञ्चन पानीझैँ पवित्र छ भने दुनियाँको लाजले कुनै पनि सौन्दर्य साधन घस्नै नपर्ने कुरा व्यक्त गरेका छन् । चौथो सेरमा मानिसलाई दुःख पर्दा जति सक्दो रुनुपर्छ, मन हलुङ्गो हुन्छ भन्ने आफूले सुनेको तर सानो सानो दुःखमा पनि आँसु झारेर आफूलाई कमजोर बनाउने मानिसको बानीलाई गजलमार्फत् गजलकारले सुधार्न खोजेको भाव व्यक्त भएको छ । अन्तिम सेरमा गजलकार आफू आफ्नी राधासँग फसेजस्तै पिरतिको बन्धनमा कोही पनि फस्न नहुने र पितरीको बन्धनले मानिस स्वतन्त्र हुन नसक्ने भाव व्यक्त गरेका छन् ।

### ६.५४ घुम्ने कुर्ची भेटेपछि

'घुम्ने कुर्ची भेटेपछि उनलाई बिर्सिदियौ' **घामको छहारीमा** गजल सङ्ग्रहको चउन्नौ गजल हो । यसमा ६ सेर र १२ मिसरा रहेका छन् । उनलाई, जुनलाई, खुनलाई, गुनलाई, कानुनलाई, रुनलाई र घुनलाई जस्ता मिश्रित काफिया र बिर्सिदियौ शब्दगत रदिफयुक्त यो गजल गैरमुरद्दफ गजल हो । विषयवस्तुका आधारमा यो गैरमुसलसल गजलअन्तर्गत पर्दछ । द्वितीय पुरुष दृष्टिबिन्दुमा संरचित यस गजलका सेरहरूमा क्रमशः ११, १०, ११, ९, १२ र १२ गरीजम ६५ शब्दहरू रहेका छन् । आजका नेताको निकृष्ट प्रवृत्तिको चित्रण यस गजलको आन्तरिक सङ्गठन हो । त्यस्तै विविधवर्ग र आकारगत शाब्दिक सामन्जस्यमा एउटा सग्लो गजलको निर्माण यसको बाह्य सङ्गठन हो । मानवीय निकृष्ट प्रवृत्तिको चित्राङ्कन यस गजलको पूर्ण सङ्गठन हो ।

देशका राजनीतिज्ञहरूलाई व्यङ्ग्य गर्दै लेखिएको यस गजलको पहिलो सेरमा नेताहरूले घुम्ने कुर्ची अर्थात् शक्ति पाएपछि सबैलाई भुलिदिने र सुख पाउने बित्तिकै दुःखलाई बिर्सिदिएको भनेर व्यङ्ग्य गरेका छन् । दोस्रो सेरमा नेताहरूका लागि प्रजातन्त्र आफूखुसी गर्ने खुला मार्ग भएको भन्दै प्रजातन्त्र ल्याउन सहिदहरूले गरेको त्याग र बलिदानलाई सजिलै बिर्सिदिएको भन्दै जनताको खुनलाई पानी सम्झने नेताहरूलाई धिक्कारेका छन् ।

तेस्रो सेरमा पहिला मानिस सहाराहीन भएर अलपत्र परेको तर सहयोगीले सहयोग गरेर उसलाई माथि चढाएको बिर्सिएको कुरा गर्दै आजभोलि कसैले कसैलाई सहयोग गर्ने जमाना नै छैन भन्ने भाव व्यक्त गरेका छन् । चौथो सेरमा मानिस आजभोलि अन्यायको पुजारी भएको र रुपियाँको धाकमा कानुनलाई पनि मिच्न खोज्ने र जरुरी पर्दा किन्न खोज्ने जस्ता व्यभिचारी भावलाई व्यङ्ग्य वाण हानेका छन् ।

पाँचौ सेरमा मानिस आफू चारैतिरबाट सफल भएपछि निकै खुसी रहेको, मनको बगैंचामा निकै सपनाका फूलहरू फुलाउने गरेको भन्दै सुख पाएपछि सधैँभरि पुग्ने तर कहिलेकाहीँ रुनुपनि पर्छ भन्ने यथार्थ मानवले भुलेको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा बाहिरी व्यक्तित्वमा मात्र ध्यान दिने आजका विकसित र सभ्य भनाउँदा मानिसहरूको मन भने भित्रबाट मैलो भएको र जति आधुनिक भए पनि हृदयको कालो मैलो धुन नसकेको यथार्थ व्यक्त गरेका छन् ।

## ६.५५ जमेको थियो दिल पगाल्यो कसैले

'जमेको थियो दिल पगाल्यो कसैले' **घामको छहारीमा** गजल सङ्ग्रहको पचपन्नौ गजल हो । बहरबद्ध यस गजलमा ६ सेर र १२ मिसरा रहेका छन् । पगाल्यो, थाल्यो, निकालो बाल्यो, फाल्यो, हाल्यो र ढाल्यो जस्ता मिश्रित काफिया र कसैले एकल रदिफको प्रयुक्ति रहेको यो गजल गैरमुरद्दफ अन्तर्गत पर्छ । विषयवस्तुका आधारमा यो गैर मुसलसल गजल हो । तृतीय पुरुष दृष्टिविन्दु रहेको यस गजलमा क्रमशः १०, ८, १०, ९, ११ र १० गरी जम्मा ५८ शब्दहरू रहेका छन् । जीवन र भोगाइको वास्तविकताको अङ्कन यस गजलको आन्तरिक सङ्गठन हो । त्यस्तै शब्दगत विविध स्वरूप र वर्गको समन्वितिबाट सिङ्गो गजलको रचना यसको बाह्य सङ्गठन हो ।

जीवन भोगाइको यथार्थको अभिव्यक्ति यस गजलको समग्र संगठन हो । प्रेमप्रसङ्गको अनुभूति पाइने यस गजलको पहिलो सेरमा गजलकारले आफ्नो हृदय पहिला जमेको अर्थात् हृदयले प्रेमको आभास कहिल्यै नगरेको तर कसैले प्रेमको निमन्त्रणा दिँदै आफ्नो हृदय पनि हृदय पगाल्नेप्रति तानिएको कुरा व्यक्त गरेका छन् । दोस्रो सेरमा आफूले पनि उसलाई लाज नमानी हेरेको र पुनः कसैले आफूलाई बोलाएको आवाज सुनेको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा गजलकार आफू हिँडेको बाटो अँध्यारो रहेको र कसैले प्रेमरूपी रोशनी दीप बालेर उनलाई आफूतिर आकर्षित गर्न खोजेको र गजलकारको मन पनि स्वतः हर्षित भएको कुरा उल्लेख गरेका छन् ।

चौथो सेरमा गजलकार आफू कसैको माया पाउन तड्पिएको र त्यसैबेला कसैले उनीमाथि दयादृष्टि राखेर प्रेमको हात र हृदय अघि बढाएको भाव व्यक्त गरेका छन् । पाँचौं सेरमा आफूले प्रेमको लागि सधैँ हृदय खुला राखिरहेको र त्यसैबेला कसैले आफूलाई प्रेमको प्रस्ताव राखेको कुरा उललेख गरेका छन् ।  अन्तिम सेरमा प्रेममय वातावरण पाएपछि आफू हर्षित भएको र मनमा उल्लासको वृक्ष बढ्दै गएको बेला कसैले फेरि धोखा दिएको भन्दै प्रेमको बाटोमा आफूले नराम्ररी चोट पाएको कुरा व्यक्त गरेका छन् ।

## ६.५६ हाँसहरूको बथानमा

'हाँसहरूको बथानमा बकुल्ला घुस्तै छन्' **घामको छहारीमा** गजल सङ्ग्रहको छपन्नौँ गजल हो । यसमा ५ सेर १० मिसरा रहेका छन् । जस्तै, उस्तै, सुस्तै, दुरुस्तै, चुस्तै र पुस्तैजस्ता शब्दगत काफिया र छन् एकाक्षरी रदिफयुक्त यो गजल गैरमुरद्दफअन्तर्गत पर्दछ । वस्तुका दृष्टिले यो गैरमुसलसलअन्तर्गत पर्छ । तृतीय पुरुष दृष्टिविन्दुमा रचिएको यस गजलमा क्रमशः १३, १२, १०, १२ र १० शब्द गरी जम्मा ५७ शब्दहरू रहेका छन् । परिस्थितिगत विसंगतिको चित्रण यस गजलको

आन्तरिक संरचनात्मक स्वरूप हो । त्यस्तै विभिन्न वर्ग, स्रोत र बनोटका शब्दगत सामन्जस्यतामा एउटा यथार्थवादी गजलको रचना यसको बाह्य संरचनागत स्वरूप हो । परिस्थितिगत यथार्थको अभिव्यक्ति यस गजलको समग्र संरचनात्मक स्वरूप हो ।

पहिलो सेरमा हाँसहरूको बथानमा बकुल्ला घुस्तै गरेको यथार्थ बताउँदै राम्रा मानिसहरूको भीडमा नराम्रा स्वभाव भएकाहरू सजिलै घुस्न सक्ने भन्दै उनीहरू दुवैको रङ एउटै रहेको तर चरित्र भने फरक हुने कुरा उल्लेख गरेका छन् । दोस्रो सेरमा मानिसहरूको यहाँ आस्था र विश्वास कहिल्यै पूरा नभएको भन्दै जहिले पनि पिल्सिएका जनताहरूले परिवर्तनको भाषण सुनेर सपना देखेका तर कतै परिवर्तन हुन नसकेको देख्दा हरेस मानव मनले हरेक खाएको कुरा व्यक्त गरेका छन् । तेस्रो सेरमा आजभोलि निःस्वार्थी मानिस र स्वार्थी मानिस, प्राकृतिक सामान वा कृत्रिम सामान आदि मिलाएर हेर्दा दुरुस्त रहेको भन्दै असल र खराब छुट्याउनै अन्योल परेको र यत्रतत्र सर्वत्र जालझेल, ठगी र षड्यन्त्र भइरहेको कुरा उल्लेख गरेका छन् ।

चौथो सेरमा देशमा निरङ्कुश शासनको अन्त्य भयो भनिए तापनि भित्रभित्र सामन्ती वर्गले आफ्नो शासन जमाइरहेको र जनतालाई अझ पनि शोषण गरिरहेको कुरा व्यक्त गरेका छन् । अन्तिम सेरमा आफू टनन खाएर करोडौं सम्पत्ति जम्मा गरेर थाकेकाहरू पङ्खामुनि आराम गर्न रुचाउने तर गरिब, निमुखाहरू भने पसिना, भोको पेट लिएर सडकमा सुत्ने गरेको यथार्थ व्यक्त गरेका छन् ।

### ६.५७ महल तिमी बनाऊ

महल तिमी बनाऊ मैले कटेरो नै बारेको छु **घामको छहारीमा** गजल सङ्ग्रहको सन्ताउनौं गजल हो । यसमा पाँच सेर दस मिसरा छन् । बारेको, तारेको, पारेको, मारेको, सिँगारेको हारेको र सारेको जस्ता मिश्रित काफिया र छु एकल रदिफको प्रयोग गरिएको यो गजल गैरमुरद्दफ गजल हो । विषयवस्तु दृष्टिले यो गैरमुसलसल गजलअन्तर्गत पर्दछ । प्रथम पुरुष दृष्टिबिन्दु प्रयुक्त यस गजलका सेरहरूमा क्रमशः १४, १४, १४, १२, १२ र १२ गरी जम्मा ७८ शब्दहरू रहेका छन् । मानवीय कथा, व्यथा र निष्ठाको अभिव्यक्ति यस गजलको आन्तरिक सङ्गठन हो भने विभिन्न आकार वर्ग र स्वरूपका शब्द संयोजनका माध्यमबाट एउटा पूर्ण गजल रचना यसको बाह्य सङ्गठन हो । जीवन भोगाइका वास्तविकताको प्रकटीकरण यस गजलको पूर्ण सङ्गठन हो ।

स्वाभिमानी स्वर प्रस्तुत भएको यस गजलको पहिलो सेरमा गजलकारले द्वितीय पुरुषलाई सम्बोधन गर्दै कसैले महल नै बनाएर धाक लगाउँछ भने आफूले सानो कटेरो बारेर बसेकोमा सन्तुष्ट भएको भन्दै आफूले कसैलाई सहयोग गरेकाले ऊ अघि भएको र आफू पछि परेको भाव व्यक्त गरेका छन् । दोस्रो सेरमा गुन गरेको नदेख्ने आजको समाजमा सबै बैगुनी हुने रहेछन् भन्दै स्वार्थ पूरा भएपछि जो कोही पनि टाढा हुने र गजलकार आफू उपकारी भएर आफ्नै जीवन बर्बाद पारेको कुरा व्यक्त गरेका छन् ।

तेस्रो सेरमा आफूले मनका इच्छा पूरा गर्न कसैको पनि केही नचोरेको र नलुटेको भन्दै बरु आफ्ना स्वच्छन्द हुन खोज्ने रहरलाई आर्थिक अवस्थाले गर्दा दबाएर राखेको कुरा व्यक्त गरेका

छन् । चौथो सेरमा आफूले पत्थरको दिन पगाल्नु व्यर्थै आँसु बगाएको र आफूलाई कमजोर बनाएको कुरा उल्लेख गरेका छन् ।

पाँचौं सेरमा आजभोलि एक अर्कामाथि चक्रव्यूह वा षड्यन्त्र रच्ने मानिसहरू नै उँभो लाग्ने गरेको भन्दै यस्तो षड्यन्त्रको युद्धमा आफूँ सधैं पराजित रहेको कुरा उल्लेख गरेका छन् । अन्तिम सेरमा आफूले सङ्घर्ष गर्दा पनि भावनाको प्रेम मन्दिर भत्किएपछि त्यही सम्झनामा गजलकारले एउटा पुष्पलता भूमिमा रोपेको कुरा व्यक्त गरेका छन् ।

### ६.५८ निराशाका बादलहरू

'निराशाका बादलहरू हटाउने मन छ' **घामको छहारीमा** गजल सङ्ग्रहको अन्ठाउन्नौं गजल हो । यसमा ५ सेर र १० मिसरा रहेका छन् । हटाउने चुँडाउने सुकाउँने, बनाउँने, फुलाउँने र बजाउँने जस्ता काफिया र मन छ बहुल रदिफयुक्त यो गजल गैरमुद्दफअन्तर्गत पर्छ । विषयवस्तुको आधारमा यो गैरमुसलसलअन्तर्गत पर्छ । प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित यस गजलका सेरहरूमा १०, १०, १२, १० र ११ गरी जम्मा ५३ शब्दहरू रहेका छन् । आन्तरिक चाहनाको उद्बोधन यस गजलको भित्री सङ्गठन हो भने विभिन्न वर्ग, स्रोत र आकारगत शब्दहरूको समन्वितिका माध्यमबाट एउटा पूर्ण रचनाको निर्माण यसको बाह्य सङ्गठन हो । आन्तरिक मनोभावको सम्प्रेषण यस गजलको पूर्ण सङ्गठन हो ।

आशावादी स्वर भएको यस गजलको पहिलो सेरमा देशमा सर्वत्र छाएको निराशारूपी बादल हटाएर नयाँ युगको स्वागत गर्ने र देशमा भएका जुन कमी कमजोरीहरू छन् जसले देशलाई अघि बढ्न दिएका छैनन् ती कमजोरीहरूको डोरी चुँडाएर देशलाई आफूले नयाँ ढङ्गबाट लैजान खोजेको भाव व्यक्त गरेका छन् । दोस्रो सेरमा देशका जनतामा वास्तवमा आँट र साहसको कमी रहेको भन्दै त्यो चिसिएको जोशलाई आफूले तताउन खोजेको भाव व्यक्त गरेका छन् । तेस्रो सेरमा देश पुरानो नीति नियमले मक्किएको र चारैतिर अस्तव्यस्त राजनीतिक फोहरी खेल खेलिने गरेकाले त्यसलाई सफा गर्न सबै जनता मिलेर आन्दोलनरूपी बाढी ल्याई बगाएर सारा नीति नियमलाई पुनः नयाँ ढाँचाबाट बनाउन चाहेको भाव उल्लेख गरेका छन् ।

चौथो सेरमा गजलकारले अपशगुन र सबैलाई घात हुन सक्ने काँढे सिउँडीलाई उखेलेर हृदयको गमलामा सुनाखरी फूल फुलाउने इच्छा व्यक्त गर्दै निरंकुशता र सामन्ती वर्गको शासनको अन्त्य गरेर स्वतन्त्रतारूपी उन्मुक्त वातावरणको आगमन होस् भन्ने चाहेको भाव व्यक्त गरेका छन् । अन्तिम सेरमा गजलकारले यो देशलाई र यहाँका जनतालाई शोषित हुने बानी भएको र यो अवस्थालाई तोड्नुपर्छ यसलाई घोर निद्रा ठानेर सुति नराख भन्दै सारा देशवासीलाई त्यो अन्यायरूपी निद्राबाट उठाउन पाञ्चजन्य बजाएर स्वतन्त्रताको बिगुल सर्वत्र बजाउन चाहेको भाव व्यक्त गरेका छन् ।

### ६.५९ आनन्दमा रमाउँदै

'आनन्दमा रमाउँदै जुनेली रातमा सखी' **घामको छहारीमा** गजल सङ्ग्रहको उनन्साठीऔं गजल हो । यसमा ६ सेर र १२ मिसरा रहेका छन् । रातमा, हातमा, प्रभातमा, सौगातमा, पातमा, मातमा र चक्रवातमा जस्ता मिश्रित काफिया र सखीजस्ता एकल शाब्दिक रपदफयुक्त यो गजल गैरमुरद्दफअन्तर्गत पर्दछ । विषयवस्तुका आधारमा यो गैरमुसलसल गजल हो । द्वितीय पुरुष दृष्टिबिन्दुमा संरचित यस गजलका सेरहरूमा क्रमशः ११, ११, १४, १६, १२ र १० गरी ७४ शब्दहरू रहेका छन् । प्रणयपरक अभिव्यक्ति यस गजलको आन्तरिक स्वरूप हो भने विभिन्न वर्ग, आकार र स्रोतका शब्दहरूको मेलबाट एउटा पूर्ण भावपरक गजलको निर्माण यसको बाह्य संरचनात्मक स्वरूप हो । प्रणयको रूपप्रतिरूपको अङ्कन यस गजलको सग्लो संरचनात्मक विशेषता हो । यस गजलमा घनश्याम तखल्लुसको समेत प्रयोग गरिएको छ ।

प्रेम प्रसङ्गको अनुभूति पाइने यस गजलको पहिलो सेरमा गजलकारले आफ्नी महिला साथीलाई सखी भनेर सम्बोधन गरेका छन् । आफ्नी प्रेमिका जुनेली रातमा रमाउँदै स्वइच्छाले आफूलाई कसैको हातमा सुम्पिन चाहेको हो कि भन्ने प्रेम र अनुरागको भाव व्यक्त गरेका छन् । दोस्रो सेरमा आफ्नी प्रेयसी निकै सुन्दरी रहेको भन्दै उनको मनको उपवनमा प्रभातको समयमा रङ्गीचङ्गी बास्नादार फूलहरू अर्थात् यौवनको उमङ्ग विभिन्न चाहनाहरूले चाञ्चल्यता खेलेको कुरा व्यक्त गरेका यौवनाको उन्माद सुखद हुने कुरा उल्लेख गरेका छन् ।

तेस्रो सेरमा आफ्नी प्रेमिकाको शारीरिक ढाँचा आकर्षित भएको र त्यो ढाँचा कुनै कालिगढीले कुँदेको भन्दै त्यो सुन्दर रूप र यौवन कसैलाई पनि सजिलै नदिनू र बिक्री पनि नहुनु भनेर कसैको बहकाउमा आउनु अघि सचेत हुन आग्रह गरेका छन् । चौथो सेरमा यौवन क्षणिक केही समयको लागि हुन्छ, त्यसैले यसमा घमण्ड गर्न नहुने भन्दै क्षणिक समयको यौवनमा पनि आफ्नी प्रेमिका अति सुन्दर रहेको भाव वर्णन गरेका छन् र जीवन कर्कलाको पानी झैँ केही समयको जिन्दगानी हो भन्ने भाव उल्लेख गरेका छन् ।

पाँचौं सेरमा आफ्नी प्रेयसीलाई सङ्केत गर्दै सम्पूर्ण नारी जातिलाई उनीहरू आफू कञ्चन पानी झैँ हुनुपर्छ कसैको बहकाउ र लालसामा आएर प्रदूषित हुनु हुँदैन भन्दै सौन्दर्यको मातमा कोही पनि मात्तिनु हुँदैन भन्ने भाव व्यक्त गरेका छन् । अन्तिम सेरमा आफ्नी प्रेमिकालाई पनि आफूले जस्तै साथ दिन नसकेको र सधैँ चक्रवातमा परेको हो कि भन्ने भाव व्यक्त गरेको छ ।

### ६.६० मेरो आँगनीमा आज

'मेरो आँगनीमा आज बेहुली झैँ तिमी आयौ' **घामको छहारीमा** गजल सङ्ग्रह कृतिको साठी औँ गजल हो । यसमा ५ सेर र १० मिसार रहेका छन् । बेहुली, बिजुली, बाडुली, हिउँचुली, अञ्जुली र गोधुलिजस्ता मिश्रित काफिया र झैँ तिमी आयौ जस्ता बहुल शाब्दिक रदिफको प्रयोग गरिएको यो गैरमुरद्दफ गजल हो । विषयवस्तुमा आधारमा यो गैरमुसलसल गजल हो । तृतीय पुरुष दृष्टिबिन्दु र घनश्याम तखल्लुस प्रयोग गरिएको यस गजलका सेरहरूमा क्रमशः १४, १५, १३, १२ र १३ गरी जम्मा ६७ शब्दहरू रहेका छन् । प्रणय मिलनको अभिव्यक्ति यस गजलको आन्तरिक संरचनात्मक

स्वरूप हो । त्यस्तै विभिन्न वर्ग, आकार र स्रोतका शब्दहरूको मेलबाट पूर्ण गजलको रचना यस गजलको बाह्य संरचनात्मक स्वरूप हो । प्रणयपरक अभिव्यक्ति यस गजलको सग्लो संरचनात्मक स्वरूप हो ।

पहिलो सेरमा गजलकारले आफ्नी प्रेमिका बेहुली बनेर आफ्नो आँगन आउँदा हर्ष र सुख आफूसँगै लिएर आएको र उनी आउँदा सारा अन्धकार हटेर उज्यालो किरण भित्रिएको भाव व्यक्त गरेका छन् । दोस्रो सेरमा आफ्नी प्रेयसीले आफूलाई याद गर्दा आफूलाई बाडुली लागेको र गजलकार आफूले पनि प्रेयसीको आगमनको सपना देख्ने गरेको भाव व्यक्त गरेका छन् । तेस्रो सेरमा प्रेयसीले आफ्नो हृदयमा लालिगुराँस रूपी रङ्ग छरेको भन्दै प्रभातको किरणले हिउँचुलीलाई चुम्दाको रक्तिम अनुभवको आभास भएको कुरा उल्लेख गरेका छन् ।

चौथो सेरमा गजलकार आफू प्रेमिकाविना वियोगी भई एक्लो भएको र त्यसै समयमा आफ्नी प्रेयसीले अञ्जुलीमा श्रद्धाभाव लिएर आउँदा आफू पूर्ण भएको भाव व्यक्त गरेका छन् । अन्तिम सेरमा आफ्नी प्रेमिकाले गजलकार आफू उनकै प्रतीक्षामा बसिरहने छन् भनेर एकान्त गोधुलि प्रहरमा आफूलाई भेट्न आएको कुरा व्यक्त गरेका छन् ।

# छैटौँ अध्याय

# सारसङ्क्षेप र शोध निष्कर्ष

## ७.१ सारसङ्क्षेप

नेपाली साहित्यमा आधुनिक कालका प्रसिद्ध गजलकार घनश्याम्म न्यौपाने परिश्रमीको दोस्रो गजलकृति घामको छहारीमाको अध्ययन गर्ने उद्देश्यले अभिप्रेरित यस शोधपत्रलाई सहज, सरल र वस्तुनिष्ठ बनाउन सात अध्यायमा विभाजन गरिएको छ । जसअनुसार पहिलो अध्याय शोधपरिचय रहेको छ । यसमा शोधकार्यको पृ.भूमि, शोधप्रयोजन, समस्याकथन, शोधउद्देश्य अध्ययनको औचित्य, पूर्वकार्यको समीक्षा, अध्ययनको सीमा, शोधविधि, शोधकार्यको रूपरेखा जस्ता उपशीर्षकहरू रहेका छन् । दोस्रो अध्याय घनश्याम न्यौपाने परिश्रमीको जीवनी र व्यक्तित्व खण्ड रहेको छ । यसमा परिश्रमीको जन्मपुर्ख्यौली, शिक्षादीक्षा र सेवाप्रवेश, लेखन, तथा प्रकाशन प्रारम्भ, सम्मान अभिनन्दन र पुरस्कार, दर्शन र रुचिका साथै बाह्यान्तरिक व्यक्तित्वका पाटाहरू पारिवारिक, सामाजिक, प्राध्यापक, सम्पादक, पत्रकार व्यक्तित्व एवम् साहित्यिक व्यक्तित्वका दुई पक्षहरू स्रष्टा व्यक्तित्वमा कवि व्यक्तित्व, गजलकार व्यक्तित्व, कथाकार व्यक्तित्व एकाङ्कीकार व्यक्तित्व तथा द्रष्टा व्यक्तित्वअन्तर्गत समालोचक व्यक्तित्व भूमिकाकार व्यक्तित्व, टिप्पणीकार व्यक्तित्वका झलकहरू प्रस्तुत गरिएका छन् । तेस्रो अध्याय गजलसिद्धान्तको परिचय र नेपाली गजल परम्परा रहेको छ । यसमा गजलको व्युत्पत्ति, परिभाषा अर्थ, विस्तार तत्त्व, बहर, यसको पिङ्गलछन्दसँगको साम्यता र रुक्नको परिचय समावेश गरिएको छ । त्यसैगरी नेपाली गजलको विकास नेपाली गजलको उद्भव, विकास, कालविभाजन, प्राथमिक कालका प्रमुख गजलकार र गजलकृतिहरू, पुनर्जागरणकालका प्रमुख गजलकार र गजल कृतिहरू, नेपाली गजलको वर्तमान र भविष्य तथा अन्य विधासँग गजलको तुलनाजस्ता उपशीर्षकहरू रहेका छन् । चौँथो अध्याय घामको छहारीमा गजल सङ्ग्रहको विश्लेषण रहेको छ । यसमा परिश्रमीको **घामको छहारीमा** गजलकृतिलाई विभिन्न कोणबाट विश्लेषण गर्ने क्रममा संरचनात्मक आधारमा, विषयवस्तुका आधारमा, शैली शिल्पको आधारमा भाषिक प्रयोगका आधारमा विश्लेषण गरिएको छ । पाँचौं अध्याय घामको छहारीमा गजलसङ्ग्रहका गजलहरूको सैद्धान्तिक अध्ययन रहेको छ । यसमा ६० वटा गजलहरूको विषयवस्तुका आधारमा विश्लेषण गरिएको छ ।

छैटौँ अध्यायमा उपसंहार रहेको छ र यसमा गजलको उद्भव, नेपाली गजलको विकास प्रक्रिया, घनश्याम न्यौपाने परिश्रमीको आगमन, उनको जीवनी र व्यक्तित्वका पक्षहरू र **घामको छहारीमा** गजलकृतिका विभिन्न पक्षहरूलाई सार संक्षेपमा विवेचना गरिएको छ र यस शोधपत्रको प्रत्येक अध्यायको सारसंक्षेप पनि प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

गजल साहित्यको एउटा प्रसिद्ध विधा हो । गजलमा कोमल भावनाको कोमल अभिव्यक्ति कोमल पदपदावलीमा हुनुपर्छ भन्ने मान्यता रहेको छ । यो अनुभूतिपूर्ण रागात्मक, रसात्मक र गेयात्मक विधा अन्तर्गत पर्दछ । यसमा कल्पना, भावना, विचार, चेतना र अनुभूतिको प्रतीकात्मक सूक्तिमय, सुकुमार र प्राञ्जल अभिव्यक्ति दिइन्छ । गजलको उद्भव अरबी भूमिमा भएको हो र यसले साहित्यिक विधाको मान्यता फारसी भूमिमा पाएको हो । फारसी पछि नै गजलले अन्य भाषामा प्रभाव विस्तार गरेको तर्क गजलशास्त्रीले दिएका छन् । फारसीपछि विश्वका विभिन्न भाषामा गजलले प्रभाव विस्तार गर्ने क्रममा हिन्दी भाषामा अमिर खुसरोले तेह्रौं शताब्दीमा गजलको उद्भव गरेका हुन् । तत्पश्चात् सत्रौं शताब्दीमा जनाव वलीले उर्दू भाषमा गजलको प्रादुर्भाव गरे । हिन्दी उर्दूको प्रभावबाट मोतीराम भट्टले विक्रम संवत् १९४० मा नेपाली भाषामा गजलको उद्भव गरे । उनले मोती मण्डली गठन गरी गजल लेखनलाई निरन्तरता मात्र दिएनन् कि यसलाई विकासको नवीन मार्ग पनि प्रदान गरे । मोतीराम भट्टपछि शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र उपेन्द्रबहादुर जिगरले गजल लेखनलाई निरन्तरता दिए जिगरपछि नेपाली गजल लेखनमा शिथिलता देखा पऱ्यो । त्यस्तो उल्लेख्य गजलकारको उपस्थिति भएन । विक्रम संवत् २०३६ सालमा ज्ञानुवाकर पौडेलले नेपाली गजलको पुनर्जागरण गरे । त्यसपछि ललिजन रावल धर्मोगत शर्मा तुफान, मनु ब्राजाकी, रवि गञ्जन, घनश्याम न्यौपानेले पुनर्जागृत नेपाली गजललाई विकासको नयाँ गति प्रदान गरे । त्यसपछि नेपाली गजल लेखनमा नयाँ भेल आउन थाल्यो । असङ्ख्य व्यक्तिहरू गजल लेखनमा आकृष्ट भए । मोतीराम भट्टदेखि जिगरसम्मको नेपाली गजल लेखन परम्परालाई प्राथमिक काल मानियो । त्यसपछि गजल लेखनमा सुषुप्तता देखा पऱ्यो । भट्टदेखि ज्ञानुपूर्वको समयका गजलका विषय भाव र प्रस्तुतिको आधारमा प्राथमिक काल मानियो । ज्ञानुदेखि वर्तमानसम्मको समयलाई गजल लेखनमा आधुनिक काल मानिएको छ । प्राथमिक काल पूर्वार्द्ध र उत्तरार्द्ध चरण गरी दुई भागमा विभाजन गरी सक्रिय र निक्रिय काल मानियो । त्यसैगरी आधुनिक काललाई पनि पूर्वार्द्ध र उत्तरार्द्ध चरणमा विभाजन गरी २०३६ देखि २०५० सम्मको समयावधिलाई पुनर्जागरण काल र २०५१ देखि हालसम्मलाई उत्कर्ष काल मानियो । उत्कर्ष कालमा गजल लेखनमा व्यापकता आएको छ । विभिन्न सङ्घसंस्थाहरू खुलेका छन् । विभिन्न गजल पत्रिकाहरू प्रकाशन भएका छन् र विभिन्न गजल पुरस्कारहरू स्थापना र सञ्चालन भएका छन् । वर्तमानमा नेपाली गजल उत्कर्षोन्मुख अवस्थामा रहेको छ ।

नेपाली गजलको पुनर्जागरणका एक सचेत र सिद्धान्तनिष्ठ गजलकारको रूपमा घनश्याम न्यौपाने 'परिश्रमी' प्रसिद्ध रहेका छन् । उनको जन्म विक्रसम्वत् २०१५ असार १४ गते स्याङ्जा जिल्लाको बलाम नित्यडाँडामा भएको हो । उनका पिताको नाम रूकमाङ्गद न्यौपाने र माताको नाम तारादेवी न्यौपाने हो । उनको विवाह १९ वर्षको उमेरमा राधा भट्टराईसँग २०३४ सालमा

भएको हो । उनका दुई छोराहरू सुवर्ण न्यौपाने र सुशील न्यौपानेको पनि विवाह भइसकेको र न्यौपाने नातिनातिनीका हजुरबा बनिसकेका छन् । सरल, शान्त र विनम्र स्वभावका परिश्रमीको बाल्यकाल त्यति सुखद रहेन । स्याङ्जाकै स्थानीय विद्यालयमा शिक्षा प्रारम्भ गरेका परिश्रमीले नेपाली विषयमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर र बाबा भीमराव अम्वेडकर विहार विश्वविद्यालयबाट **नेपाली र हिन्दी गजलको विश्लेषाणात्मक अध्ययन** शीर्षकमा विद्यावारिधि उपाधि हासिल गरेका छन् । परिश्रमीले २०४२ सालदेखि प्राध्यापन पेसामा प्रवेश गरेका हुन् र हाल उनी भैरहवा बहुमुखी क्याम्पसमा सहप्राध्यापक पदमा कार्यरत छन् । उनी त्यस क्याम्पसमा सहायक क्याम्पस प्रमुख र नेपाली विषयको स्नातकोत्तर तहको संयोजक समेत रहेका छन् । **आयो वसन्त** कविताबाट सृजनामा प्रवेश गरेका परिश्रमीको जाग जाग कविता पहिलो पटक नेपाली छात्र सङ्घ गोरखपुरको मुखपत्र **सिम्रिक**मा सन् १९७४ प्रकाशित भएको थियो । उनका हालसम्म पाँर गजल कृतिका अतिरिक्त एक खण्डकाव्य, दुई समालोचना ग्रन्थ, एक भूमिका ग्रन्थ प्रकाशित छन् ।

पहिले गजललाई शृङ्गारिक विधा मान्ने परिश्रमी मनु ब्राजाकीको समसामायिक विषयको गजलबाट प्रभावित भएर रचना गरिएको पहिलो गजल **जिन्दगी त जिएकै छु** (२०४४) साल माघको मधुपर्कमा सर्वप्रथम प्रकाशित भएको हो । त्यसपछि उनी गजल विधालाई सृजनाको प्रमुख क्षेत्र बनाएर निरन्तर गजल सृजनामा तल्लीन रहेका छन् । उनको पाँच गजल सङ्ग्रहहरू **यो मौसम** (२०५०) **घामको छहारीमा** (२०५३), **जून चुहेको रात** (२०६०), **जुनुमाया** (२०६०) र **राम्रो चाचा मीठा पापा** (२०६३) हुन् । घामको छहारीमा उनको दोस्रो गजलकृति हो । परिश्रमीको गजलयात्राको मध्यचरणका गजलहरू यस कृतिमा सङ्कलित छन् । यसमा जम्मा ६० वटा गजलहरू छन् । यस सङ्ग्रहका प्रत्येक गजलहरू गजल सिद्धान्तका आधारभूत मान्यतालाई ग्रहण गरेर रचिएका छन् ।

**घामको छहारीमा** गजलकृतिका गजलहरूमा प्रगतिवादी चेतना, मानवतावादी भावना, राष्ट्रवादी मान्यता, प्रजातन्त्रप्रति निष्ठा, जीवनवादी दृष्टिकोण, प्रणयवादी मूल्य, नारीप्रति सद्भाव, निराशावादी स्वर, सामाजिक राजनीतिक विकृतिप्रति व्यङ्ग्य तथा स्वाभिमानप्रति आस्थाजस्ता विषयगत भावहरू समेटिएका छन् । त्यस्तै केही फारसी बहर र केही स्वनिर्मित बहर विधानमा रचिएका यस सङ्ग्रहका गजलहरूमा विम्ब र प्रतीक, उखान र तुक्का पनि सशक्तरूपमा प्रयोग गरिएको छ । त्यसैगरी रसभावअन्तर्गत शृङ्गार, शान्त, वीर, रौद्र तथा अद्भूत रसको समायोजन गरिएको देखिन्छ भने अलङ्कार विधानअन्तर्गत शब्दालङ्कारमा अनुप्रास, यमक, पुनरुक्तबदाभास अलङ्कार र अर्थालङ्कारमा उपमा, उत्प्रेक्षा, लोकोक्ति, स्वाभावोक्ति, सम्भावना, संसृष्टि प्रश्नालङ्कारको कुशल समायोजन गरिएको पाइन्छ । गेयगुणयुक्त भाषिक योजना रहेको यस सङ्ग्रहका गजलहरूमा कथ्य र स्तरीय भाषाको प्रयोग पाइन्छ भने विभिन्न तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग सहज रूपमा गरिएको पाइन्छ । स्वकथन र परकथन दुवै शैलीमा अभिधा, लक्षणा र व्यञ्जना तीनै प्रकारका अभिव्यक्ति यस सङ्ग्रहको गजलमा प्रयुक्त छ ।

विषयवस्तु, भाव, शैलीशिल्प, संरचना र भाषिक प्रयोगका आधारमा घामको छहारीमा एक सफल गजल कृति हो । यो सङ्ग्रह परिश्रमीको एक महत्त्वपूर्ण उपलब्धि हो भने नेपाली गजल क्षेत्रको एक उल्लेख्य गजल कृति हो ।

घनश्याम न्यौपाने परिश्रमीको जीवनी व्यक्तित्व र कृतित्त्व शीर्षकमा नेपाली विषयको स्नातकोत्तर तहको प्रयोजनका लागि अर्जुनप्रसाद पौडेलले शोधपत्र लेखेका छन् । त्यसैगरी कृष्णप्रसाद बस्यालले घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता, बालिका आचार्यले घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्तित्व र जून चुहेको रात गजल सङ्ग्रहको अध्ययन, प्रतिभा पुनले घनश्याम न्यौपाने परिश्रमीको समालोचनाकारिता, अमरबहादुर श्रेष्ठले घनश्याम न्यौपाने परिश्रमीको गजलमा सामाजिक चेतना रचना विधानका **जून चुहेको रात**का गजलहरूको अध्ययन शीर्षकमा स्नातकोत्तर तह नेपाली विषयको प्रयोजनको लागि शोधपत्रहरू लेखिसकेका छन् भने यो **घामको छहारीमा** गजल सङ्ग्रहको कृतिपरक अध्ययन शीर्षक शोधपत्र लेखन पनि समाप्त भइसकेको छ । त्यसैगरी सृजना पाण्डेले **यो मौसम** गजल सङ्ग्रहको कृतिपरक अध्ययन र घनश्याम न्यौपाने परिश्रमीका गजलमा प्रगतिवाद शीर्षकमा शोधपत्र लेखिसकेकी छिन् ।

निष्कर्षमा भन्नुपर्दा गजल अरबी भाषामा व्युत्पन्न भएको शब्द हो र यसले साहित्यिक मान्यता फारसी भाषामा पाएको हो । फारसी पछि हिन्दी उर्दू हुँदै नेपाली भाषामा मोतीराम भट्टबाट प्रादुर्भूत भएको हो । नेपाली गजलको पुनर्जागरणकालका एक प्रसिद्ध गजलकारको रूपमा घनश्याम न्यौपाने 'परिश्रमी' पनि प्रख्यात छन् । उनका पाँच गजलकृतिमध्ये **घामको छहारीमा** एक चर्चित कृति हो । यस कृतिमा प्रगतिवादी, मानवतावादी यथार्थवादी भाव सम्प्रेषित गरिएको छ । घनश्याम न्यौपाने परिश्रमी प्रगतिवादी-यथार्थवादी भावधारामा गजल रचना गर्ने वर्तमान युगका एक सशक्त र सचेत गजलकार हुन् ।

घनश्याम न्यौपाने परिश्रमीका गजलकारिताबारे भावी शोधकार्यका लागि सम्भावित शोध शीर्षकहरू:

१. घनश्याम न्यौपाने परिश्रमीका गजलमा प्रगतिवादी चिन्तन

२. घनश्याम न्यौपाने परिश्रमीका गजलमा राष्ट्रिय चेतना

३. घनश्याम न्यौपाने परिश्रमीका गजलमा व्यङ्ग्य चेतना

४. घनश्याम न्यौपाने परिश्रमीका गजलको शैली वैज्ञानिक अध्ययन

५. घनश्याम परिश्रमीका बाल गजलकृतिहरूको अध्ययन

# सन्दर्भसामग्रीसूची

क. पुस्तक


अज्ञात, कपिल, **समालोचना सन्दर्भ** चितवन : चितवन साहित्य परिषद्, २०५६ ।

अधिकारी, हेमाङ्गराज, (सम्पा.) **प्रयोगात्मक नेपाली शब्दकोश** काठमाडौं : विद्यार्थी प्रकाशन, २०६१ ।

अश्क, गोपाल, **अभी बाँकी बा** वीरगन्ज : रेखा प्रकाशन, २०५४ ।

अस्थाना, रोहिताश्व, **हिन्दी गजल : उद्‌भव और विकास** दरियागन्जः सामयिक प्रकाशन, सन् १९८७ ।

उदासी, टीकाराम, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास** दाङ : अतिरिक्त प्रकाशन, २०५९ ।

एटम, नेत्र, **भित्र कतै दुख्छ भने** काठमाडौं : दोभान प्रकाशन, २०६० ।

ओझा, घनेन्द्र, **बहरमाला** काठमाडौं : अनाममण्डली, २०६३, पृ. : १-१२

ओझा, घनेन्द्र र अन्य (सम्पा.), **गजलमाला** काठमाडौं : विपिन मिश्र र राधा कँडेल, २०६५ ।

कालीप्रसाद र अन्य (सम्पा.), **बृहद् हिन्दीकोश** बनारस : ज्ञानमण्डल लिमिटेड, सन् १९९३ ।

किरण, प्रभाती (सम्पा.), **नेपाली गजलः विगत र वर्तमान** काठमाडौं : अनाममण्डली, २०६४ ।

कुलकर्मी, कृपा (सम्पा.), **मराठी व्युत्पत्ति कोश** गुणे : ठोलक भवन प्रकाशन, सन् १९६४ ।

क्षेत्री, कृसु, **प्रतिनिधि नेपाली राजल** काठमाडौं : वसुन्धरामान प्रकाशन, २०५८ ।

क्षेत्री, दुवसु , **समसामयिक नेपाली गजल** काठमाडौं, वसुन्धरा प्रकाशन, २०५० ।

खाँ, मुद्दाह मुहम्मद मुस्तफा (सम्पा.) **उर्दूहिन्दी शब्दकोश** लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान, सन् १९९२ ।

गोरखपुरी, फिराक : **उर्दू भाषा और साहित्य** (द्वि.सं.), भारतः विश्वनाथ शर्मा, सन् १९९२ ।

जगन्नाथ, **गजल के शिल्प विधान** पटना : पुस्कर प्रकाशन, सन् १९८४ ।

ढकाल, घनश्याम (सम्पा.), **यथार्थवादी नेपाली समालोचना** पोखरा : गण्डकी साहित्य सङ्गम, २०६२ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) **नेपाली कविता भाग ४** ललितपुर : साझा प्रकाशन, २०५३ ।

नरेश, **गजल शिल्प और संरचना** महेशपुर : पृथ्वीराज कालिया, सन् १९९१ ।

नरेश, **हिन्दी गजलः दशा और दिशा** नईदिल्ली, वाणी प्रकाशन, सन् २००४ ।

नेपाल, देवी, **छन्दपराग** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६२ ।

नेपाल, देवी र अन्य, **गजल कसरी लेख्ने ?** काठमाडौं : अनाममण्डली, २०६६ ।

पन्थी, देवी, **गजल सिद्धान्त र समालोचना** काठमाडौं : विविध वाङ्मय प्रकाशन, २०५६ ।

परिश्रमी, घनश्याम न्यौपाने, **गजल सौन्दर्य मीमांसा** रूपन्देहीः सनसाइन विद्यालय, २०६४ ।

परिश्रमी, घनश्याम न्यौपाने, **साहित्य सन्दर्भ** वीरगन्ज : नारायणी बुक्स स्टेशनर्स, २०५५ ।

परिश्रमी, घनश्याम न्यौपाने, **जुनुमामा** नेपाल : विविध वाङ्मय प्रकाशन, २०६० ।

परिश्रमी, घनश्याम न्यौपाने, **राम्रो चाचा मीठो पापा** काठमाडौं : विवेक सृजनशील प्रकाशन, २०६२ ।

पहाडी, वामदेव, **समालोचनाको वृत्त** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५० ।

पुरी, गोविन्द चानन, **गजल : एक अध्ययन** दिल्ली : सि.आर. प्रकाशन, सन् १९८४ ।

पोखरेल, पोखरेल (निर्देशक), **नेपाली बृहत् शब्दकोश** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५२ ।

बेचैन, कुँवर, **रस्सिया पानी की**, नईदिल्ली : प्रगीत प्रकाशन, सन् १९९७ ।

बराल, कृष्णहरि, **गजल सिद्धान्त र परम्परा** काठमाडौं : साझा प्रकाशन, २०६४ ।

बेचैन, कुमार, **समियाने काँच के** गाजियावाद : प्रगीत प्रकाशन, सन् १९८३ ।

भट्टराई, धर्मेन्द्र, **सृष्टि-दृष्टि** वीरगन्जः प्रतीक प्रकाशन, २०५४ ।

रावल, ललिजन (सम्पा.), **समकालीन नेपाली गजल**, काठमाडौं : बगर प्रकाशन , २०४७ ।

रावल, ललिजन (सम्पा.), **प्रतिनिधि नेपाली गजल** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन प्रा.लि. २०६५।

लामिछाने, कपिल, **घनश्याम न्यौपाने परिश्रमीका गजलको अन्तर्वस्तु, यथार्थवादी समालोचना**, पोखरा : गण्डकी साहित्य सङ्गम २०६२ ।

वर्मा, वीरेन्द्र (सम्पा.), **हिन्दी साहित्यकोश** वाराणसी : ज्ञानमण्डल प्रकाशन, सन् १९९० ।

वर्मा, रामचन्द्र (सम्पा.) **प्रामाणिक हिन्दी कोश** बनारस : साहित्य रत्नमाला कार्यालय,

सन् १९०८ ।

वियोगी, बुढाथोकी र कृसु क्षेत्री, **प्रतिनिधि नेपाली गजल** काठमाडौं : वसुन्धरामान प्रकाशन, २०५७ ।

विवेक, ज्ञानप्रसाद, **धूप के हस्ताक्षर** नईदिल्ली : कादम्बिनी प्रकाशन, सन् १९९१ ।

सरदार, मुजावर, **हिन्दी गजलके विविध आयाम** भारत : भूमिका प्रकाशन, सन् १९९३ ।

सिंह, रमा, **हिन्दी गजलका नवम दशक** नईदिल्ली : अयन प्रकाशन, सन् १९९६ ।

**ख. पत्रपत्रिकासूची**

गर्ग, लक्ष्मीनारायण, **सङ्गीत** (वर्ष २, अङ्क ६, सन् १९८३)

गिरी, मधुसूदन, **"घामको छहारीमा तुषारोको अनुभूति" मिर्मिरे** (वर्षः२५, अङ्कः ९, २०५३) ।

गोर्खाली, रमेश, "विकासवादी नेपाली गजल र अब्बल प्रतिभा घनश्याम परिश्रमी" **गजल** (पूर्णाङ्क : ४, २०५४)।

गौतम, कृष्ण, "नेपाली गजल : पृ.भूमि, परम्परा र मूल्याङ्कन" **गरिमा** (वर्ष :१२, अङ्क : ५,२०५१) ।

त्यागी, अमर, "नेपाली गजलको परम्परा प्रवृत्ति", **मधुपर्क** (वर्षः ३१ अङ्क ४, २०५५) ।

त्यागी, अमर, "साक्षात्कार घनश्याम न्यौपाने परिश्रमीसँग" **मूर्च्छना** (वर्ष : १, अङ्क : १, २०५७) ।

त्यागी अमर, "नेपाली गजलको विकासमा सगर पत्रिकाको योगदान", **सगर** (वर्ष : ८, अङ्कः ३४, २०५९) ।

नीरव, रोशन थापा, "नेपाली गजलको विकास एक चर्चा" **गजल** (वर्ष : १, अङ्कः२ २०५३)।

पन्त, भरतराज, "नेपाली गजल प्रारम्भदेखि वर्तमानसम्म" **मधुपर्क** (वर्षः२७, अङ्कः ६, २०५१) ।

परिश्रमी, घनश्याम न्यौपाने, 'गजलको सैद्धान्तिक चिनारी' **सगर** (वर्ष ४, अङ्क १, २०६०) ।

ब्राजाकी, मनु, "गजलगाथा" **समकालीन साहित्य** (वर्ष : ३, अङ्क : २, २०५०) ।

ब्राजाकी, मनु, "नेपाली गजलको विषय र स्वरूप" **मिर्मिरे** (वर्ष : २४, अङ्क : ११, २०५२) ।

भट्टराई, घटराज, नेपाली गजल प्रयोग र परम्परा" **गरिमा** (वर्ष : ३, अङ्क : ११, २०४२) ।

रेग्मी, शिव, "नेपाली साहित्यमा गजल" **गजल** (पूर्णाङ्क ४, २०५४) ।

शर्मा, रमा, "गजलबारे केही कुरा" **मधुपर्क** (वर्ष : ४, अङ्क : ६-७, २०३८) ।

शर्मा, सुकुम, **"घामको छहारीमा** उभिएका गजलहरूको गाँठो फकाउँदा" **गोलार्द्ध** (वर्षः४,

अङ्क:७, २०५६) ।

## ग. शोधपत्र सूची

त्यागी, अमर, **घनश्याम न्यौपाने 'परिश्रमी'को गजलमा सामाजिक चेतनाको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, २०६६ ।

पाण्डे, सृजना, **यो मौसम गजलसङ्ग्रहको कृतिपरक अध्ययन**, त्रिभुवन विश्वविद्यालय, भैरहवा बहुमखी क्याम्पस, भैरहवा, २०६७ ।

वस्ती, सनतकुमार, **सबेरै आएँ**, अप्रकाशित स्नातकोत्तर सृजनापत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर, २०५३ ।

रिजाल, दामोदर, **गजलकार भीमनिधि तिवारी**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर, २०४५ ।

सापकोटा, तोयनाथ, **गजलकार शम्भुप्रसाद ढुङ्गेल**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर, २०५४ ।

## घ. कार्यपत्र सूची

परिश्रमी, घनश्याम न्यौपाने, "गजलको स्वरूप र बहरको चिनारी तथा नेपाली गजल परम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन" नेपाल राजकीय, प्रज्ञाप्रतिष्ठान तथा भेरी साहित्य समाज, नेपालगन्जको संयुक्त तत्त्वाधानमा आयोजित गजल सन्ध्यामा प्रस्तुत कार्यपत्र, २०६२ ।